

प्रकाशक
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

सहकार्य
जर्मन नेपाल सहयोग सङ्घ
(GNHA)
काठमाडौं

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ (MGML Methodology) शिक्षक स्रोत सामग्री २०८१

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ

(MGML Methodology)

शिक्षक स्रोत सामग्री

२०८१

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ
शिक्षक स्रोत सामग्री
२०८१

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© : प्रकाशकमा

संस्करण : वि.सं. २०८१

सल्लाहकार

श्री वैकुण्ठप्रसाद अर्याल

श्री दीपक शर्मा

लेखन समूह

■ परिचय, कक्षाकोठा व्यवस्थापन र विद्यार्थी मूल्याङ्कन

श्री टुकराज अधिकारी

श्री मनुजा बराल

श्री चन्द्रकुमार श्रेष्ठ

■ नेपाली समूह

श्री इन्दु खनाल

श्री ठाकुरप्रसाद पौडेल

■ अङ्ग्रेजी समूह

श्री कुन्ती अधिकारी

श्री नवीनकुमार खड्का

श्री केदार तामाङ

श्री प्रदीप हुमागाइ

■ गणित समूह

श्री रीतु श्रेष्ठ

श्री रामचन्द्र ढकाल

श्री चन्द्रकुमार श्रेष्ठ

■ हाम्रो सेरोफेरो/सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा समूह

श्री हेमराज खतिवडा

श्री विमला मिश्र

श्री यशोदा दाहाल

श्री दीपक रोक्का

■ विज्ञान तथा प्रविधि समूह

श्री लवदेव भट्ट

श्री केदार द्योला

■ स्वास्थ्य, शारीरिक तथा सि.क. समूह

श्री सुमन सिलवाल

श्रीहरि श्रेष्ठ

■ भाषा सम्पादन

श्री चिनाकुमारी निरौला

■ लेआउट

श्री सुयश मताङ्गी

हाम्रो भनाइ

आधारभूत तहअन्तर्गत (कक्षा १ देखि ५) को शैक्षणिक कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न प्रयोग भइरहेको परम्परागत रूपमा शिक्षण सिकाइ विधिका अतिरिक्त एक विधिका रूपमा रहेको बहुकक्षा बहुस्तर (Multi Grade Multi Level - MGML) शिक्षण विधि हो । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ एउटा यस्तो विधि हो, जहाँ बालबालिकाहरूको व्यक्तिगत सिकाइ क्षमतालाई ध्यान दिएर शिक्षण सिकाइ क्रियाकलापहरू गरिन्छ । विद्यार्थीको सहभागिता, समावेशी सिकाइको वातावरण, शैक्षिक सामग्रीको प्रयोगमा विविधता, स्वतन्त्र र सहज वातावरण, वैयक्तिक सिकाइमा जोड, अर्थपूर्ण सिकाइ, स्थानीय परिवेशमा आधारित सिकाइ, शारीरिक, मानसिक, बौद्धिक, सवेंगात्मक विकासमा आधारित सिकाइ जस्ता विभिन्न पक्षहरूले गर्दा बहुकक्षा बहुस्तर शिक्षण पद्धति प्रभावकारी सिकाइ विधिका रूपमा रहेको छ । यो विद्यार्थी आफैँले गरेर सिक्ने सिकाइ विधि हो । पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धिहरूका आधारमा विभिन्न माइलस्टोनहरूको निर्धारण गरी सिकाइ उपलब्धि हासिल गर्न सान्दर्भिक सामग्रीहरू तयार गरिएका छन् । तिनै सिकाइ सामग्रीलाई लोगोका माध्यमबाट विद्यार्थी आफैँले बुझ्न सक्ने गरी तयार गरिएको छ । यी सामग्रीहरू निर्धारित सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थी स्वयम्ले प्रयोग गर्न, उपयोग गर्न र आवश्यकताअनुसार शिक्षकबाट सहयोग लिने व्यवस्था यस विधिले गरेको छ ।

आधारभूत तह कक्षा १-३ (२०७६) को पाठ्यक्रम नेपाली अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो तथा कक्षा ४-५ (२०७८) को पाठ्यक्रम नेपाली अङ्ग्रेजी, गणित, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयलाई मूल आधार मानी सिकाइका माइलस्टोन तयार गरिएका छन् । तिनै माइलस्टोनमा हरेक विषयका चेकलिस्ट, लोगोका आधारमा सिकाइ कार्ड, सिकाइ सिँढी जस्ता सामग्रीहरू विकास गरिएका छन् । विकसित सामग्रीको प्रभावकारी प्रयोगबाट शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन यो शिक्षक स्रोत सामग्री तयार गरिएको हो । यस सामग्रीमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइको परिचय, कक्षाकोठा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन प्रक्रिया तथा नेपाली, अङ्ग्रेजी, गणित, हाम्रो सेरोफेरो/सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित सिकाइ क्रियाकलापहरू समावेश गरिएका छन् ।

यस सामग्रीमा नेपाली, अङ्ग्रेजी, गणित, हाम्रो सेरोफेरो/सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित भई समावेश गरिएका सिकाइ क्रियाकलापहरू नमुना मात्र हुन् । शिक्षकहरूले सिकाइ सहजीकरणका क्रममा हरेक विषयका लोगोसँग सम्बन्धित सिकाइ क्रियाकलापलाई आवश्यकताअनुसार थपघट गरी परिवर्तन गर्न सक्नुहुने छ । विषयअनुसारका सिकाइ सहजीकरणका क्रममा कक्षाकोठाको वातावरण र विद्यार्थीको आवश्यकतानुसार अन्य क्रियाकलापहरू सञ्चालन गर्न सकिने छ । यस सामग्री विकास गर्दा बहुकक्षा बहुस्तर शिक्षण पद्धतिमा आधारीत शिक्षण सिकाइमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यसका साथै हाल देशव्यापी रूपमा कार्यान्वयनमा रहेको एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइमा समेत सहयोग पुग्ने विश्वास लिइएको छ ।

यस सामग्रीको विकास कार्यमा सल्लाह र सुझाव दिनुहुने सल्लाहकारहरू तथा सामग्री विकासमा संलग्न विषयविज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ । यो सामग्री विकास तथा प्रकाशनमा प्राविधिक सहयोग उपलब्ध गराउने जर्मन नेपाल सहयोग सङ्घ (GNHA) सहित सम्बद्ध सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । यसलाई अझै परिष्कृत पार्नका लागि सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०८१

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

भाग १. बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि परिचय १

भाग २. कक्षाकोठा व्यवस्थापन पक्ष १३

भाग ३. नेपाली विषय २९

भाग ४. अङ्ग्रेजी विषय ८५

भाग ५. गणित विषय १४६

भाग ६. हाम्रो सेरोफेरो / सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा २०१

भाग ७. विज्ञान तथा प्रविधि २४५

भाग ८. स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (Health Physical and Creative Art- HPC) .. २७१

भाग ९. विद्यार्थी मूल्याङ्कन ३०१

भाग - १

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि परिचय

१. परिचय

शिक्षा पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । गुणस्तरयुक्त शिक्षा दिनु राज्यको दायित्व हो । गुणस्तरीय शिक्षाका लागि पर्याप्त स्रोत र साधनको आवश्यकता पर्छ। २१ औं शताब्दीको सिकाइ सिद्धान्तअनुसार शिक्षण पद्धतिलाई परिष्कृत गर्नु आजको आवश्यकता हो । बदलिँदो परिस्थितिमा शिक्षण सिकाइलाई बढीभन्दा बढी प्रभावकारी बनाउनका लागि विश्वमा विभिन्न प्रकारका शिक्षण सिकाइका विधि र प्रविधिहरू प्रयोगमा ल्याइएका छन् । यस्ता नवीनतम विधि र प्रविधिहरूले विद्यार्थीको सिकाइ स्तर, क्षमता र आधुनिक सिकाइ सिद्धान्तअनुसार सहज एवम् सरल सिकाइको वातावरण सिर्जना गरी प्रभावकारी तथा बालमैत्री सिकाइका वातावरण तयार पार्न मदत गर्दछ। कक्षाकोठाभित्र शिक्षण सिकाइमा वास्तविक रूपमा नै नवीनता ल्याउने खालका विद्यार्थी केन्द्रित, सिपमूलक, क्रियाकलापमुखी, तथा गररे सिक्ने (Learning by doing) अवधारणाको प्रयोग गर्नु समयको आवश्यकता हो । यसैबिच विद्यालयको शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि (Multi Grade Multi Level Methodology- MGML) प्रचलनमा आएको छ ।

१.१. अवधारणा

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि भन्नाले दुई वा दुईभन्दा बढी कक्षाका विद्यार्थीहरूलाई एउटै कक्षाकोठामा राखी विद्यार्थीहरूको फरक फरक सिकाइ स्तरलाई समटेर एकै साथ सिकाइ गर्ने विधि हो । यो कुनै नयाँ विधि नभई वैज्ञानिक तरिकाले परिष्कृत गरिएको गुरुकुल शिक्षा पद्धतिको नमुना हो । यो पद्धतिको सुरुआत विद्यालयको भौतिक समस्या, विद्यालयको प्रतिकूल वातावरण, शिक्षकको अभाव, थोरै विद्यार्थी सङ्ख्या जस्ता विद्यालयका सङ्कट व्यवस्थापन गर्नका लागि नभएर यो एक प्रभावकारी शैक्षणिक विधिको छनोट (pedagogical choice) पनि हो । यो विधि क्रियाकलापमा आधारित छ । यस विधिले प्राथमिक तहका शिक्षक तथा विद्यार्थीहरूलाई व्यक्तिगत तथा सामूहिक सिकाइमा प्रोत्साहन गर्दछ। विद्यार्थीले गरेर सिक्ने सिद्धान्तमा आधारित यो शिक्षण सिकाइ विधिलाई विश्वका विभिन्न विकसित मुलुकहरूले पनि अवलम्बन गर्दै आएको पाइन्छ। भारतलगायत इथियोपिया, जर्मनी आदि देशमा पनि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि प्रभावकारी रूपमा प्रयोग हुँदै आइरहेको छ। भारतको आन्ध्र प्रदेशस्थित कृष्णमूर्ति फाउन्डेसन तथा ऋषि भ्याली इन्स्टिच्युट फर एजुकेसनल रिसोर्सेज (RIVER- Rishi Valley Institute for Educational Resources) ले यस विधिलाई सफल रूपमा प्रयोग गरी यसको प्रवर्धन भारतलगायत अन्य मुलुकहरूमा गर्दै आइरहेको छ । ती संस्थाकै प्राविधिक सहयोगमा २०६६ सालबाट नेपालमा सिन्धुपाल्चोक जिल्लाको श्री विष्णु आध्यात्मिक संस्कृत प्राथमिक आधारभूत विद्यालयबाट बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको सुरुआत भएको हो ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि पूर्ण रूपमा क्रियाकलापमा आधारित विधि हो । यसले हरेक विद्यार्थीलाई निरन्तर सक्रिय बनाई सिकाइ गर्ने अवसर प्रदान गर्दछ। यस विधिमा पाठ्यपुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा मात्र प्रयोग गरिन्छ। यसले शिक्षक- विद्यार्थी, विद्यार्थी विद्यार्थी र विद्यार्थी अभिभावकसम्मको सिकाइलाई समेटेको हुन्छ। कक्षाकोठाभित्रको सिकाइ, कक्षाकोठा बाहिरको सिकाइ, क्षेत्र भ्रमण, समुदाय सर्वे, नाटकीकरण जस्ता विभिन्न सिकाइका क्रियाकलापहरूलाई यस विधिले सुनिश्चित गरेको छ। विभिन्न परियोजना कार्य, प्रयोगात्मक कार्य, अवलोकन कार्य, वातावरण सर्वेक्षण, अनुसन्धान गर्ने, खोजी गर्ने, प्रदर्शन गर्ने, अनुभव बताउने, घटना बताउने आदि शिक्षण सिकाइ क्रियाकलापलाई यस पद्धतिमा समावेश

गरिएको छ । यो विधि परम्परागत शिक्षण सिकाइ पद्धतिभन्दा केही फरक प्रकृतिको छ । यस विधिबाट कक्षा सञ्चालन गर्नका लागि कक्षाकोठा व्यवस्थापन, फरक खालका सिकाइ सामग्रीहरू र सिकाइ प्रणालीहरू आवश्यक पर्छन् । यस विधिमा पाठ्यपुस्तकको विकल्पमा सिकाइ कार्डहरू तयार गरिएका छन् ।

कक्षामा फरक फरक सिकाइ क्षमता र स्तर भएका विद्यार्थीहरू हुन्छन् । साथै फरक फरक कक्षाका विद्यार्थीहरूको सिकाइ स्तर र क्षमता उस्तै हुन पनि सक्छ भन्ने मान्यता राखेर ती सबै प्रकारका विद्यार्थीहरू एकै ठाउँमा बसेर आफ्नो सिकाइ गति र एकअर्काको सहकार्यबाट सिक्न सक्छन् भन्ने मान्यता राखिएको हुन्छ । त्यसैले यस पद्धतिअनुसार एकभन्दा बढी कक्षा तथा सिकाइमा फरक स्तर भएका विद्यार्थीहरूलाई सँगै राखी सिकाइ गरिन्छ । विद्यार्थीको कक्षा र स्तरअनुसारको सिकाइ सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । एउटै कक्षामा पनि फरक फरक क्षमता भएका विद्यार्थीहरूलाई आआफ्नो क्षमताअनुसारको सिकाइ अवसर यस विधिमा प्राप्त हुन्छ ।

यस विधिअनुसार सिकाइ गर्न र विद्यार्थीहरूको सिकाइ उपलब्धि हासिल गराउन विभिन्न किसिमका बालमैत्री र बालउपयोगी सामग्रीहरू विकास गरिएका छन् । रुजुसूची, सिकाइ सिँढी, सिकाइ कार्ड, समूह कार्ड र कार्यपुस्तक मुख्य सामग्रीहरू हुन् । पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता र उपलब्धि हासिल गराउनका लागि विषयवस्तु नछुट्ने गरी कक्षागत तथा विषयगत पाठ्यक्रममा भएका सिकाइ उपलब्धिका आधारमा माइलस्टोन तयार गरिएको हुन्छ । ती माइलस्टोनलाई आधार मानेर सिकाइ सिँढी (Learning Ladder) निर्माण गरिएको हुन्छ । हरेक माइलस्टोनभित्र विभिन्न प्रकारका सिकाइका क्रियाकलापहरू राखिएका छन्, जसलाई विभिन्न सङ्केतद्वारा देखाइएको छ । सिकाइ सिँढीमा रहेका हरेक माइलस्टोनभित्र सिकाइका पाँच चरणहरू (परिचयात्मक चरण, अभ्यासात्मक चरण, मूल्याङ्कनात्मक चरण, सुधारात्मक चरण र सबलीकरणात्मक चरण) का क्रियाकलापहरूलाई व्यवस्थित गरिएको हुन्छ । सिकाइका यिनै पाँच चरणलाई ध्यानमा राखेर सिकाइ सामग्रीहरू विकास गरिएको छ ।

यस विधिमा कक्षाका विद्यार्थीहरूले आफ्नो सिकाइ गतिविधि वा आफ्नो सिकाइ स्तरअनुसार माइलस्टोनमा रहेका प्रत्येक सिकाइ सिँढीका क्रियाकलापहरू व्यक्तिगत रूपमा पूरा गर्ने मौका पाउँछन् । विद्यालयमा यदि विद्यार्थी अनुपस्थित भएको अवस्थामा पनि उनीहरूको सिकाइ क्रियाकलाप छुट्ने डर हुँदैन किनकि ती विद्यार्थी उपस्थित हुँदा सिकाइ क्रियाकलाप जुन सिँढीमा थियो, त्यहींबाट सो विद्यार्थीको क्रियाकलाप सुरु हुन्छ । यसले गर्दा विद्यार्थीको सिकाइ गतिअनुसार व्यक्तिगत रूपमा सिकाइ हुँदै जान्छ र सबै विद्यार्थीको सिकाइले पूर्णता प्राप्त गर्दछ । यो नै यस सिकाइ पद्धतिको मुख्य विशेषता हो ।

यस सिकाइ पद्धतिमा शिक्षकले विद्यार्थीको व्यक्तिगत कार्यसञ्चयिका तथा दैनिक सिकाइ अभिलेखका आधारमा विषयगत माइलस्टोनसँग सम्बन्धित क्रियाकलाप गराउँछन् । विषयगत रूपमा तयार भएका माइलस्टोनका सम्पूर्ण सिकाइ क्रियाकलापहरू पूरा गरेपछि मात्र विद्यार्थीलाई माथिल्लो कक्षामा स्तर वृद्धि गरिन्छ । कुनै विद्यार्थीले कुनै विषयको माइलस्टोन वर्षभरिमा पूरा गर्न सकेन भने उसलाई माइलस्टोन पूरा भएको विषयमा माथिल्लो कक्षाको माइलस्टोनगत सिकाइ क्रियाकलाप गराउने र माइलस्टोन पूरा गर्न बाँकी विषयको भने माइलस्टोन पूरा भएपछि मात्र माथिल्लो कक्षाको विषयमा सिकाइ सुरु गराउनुपर्छ । त्यसैले यो विधिमा विद्यार्थीले कक्षा दोहोऱ्याउनुपर्ने र सिकाइ कमजोर भएका कारण कक्षा छाड्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सहयोग पुग्छ ।

यस विधिबाट कक्षा सञ्चालन हुँदा विभिन्न पक्षहरूको सक्रिय सहभागिता रहन्छ । विद्यार्थीलाई आफ्नो परिवार, समुदाय, भाषा, संस्कृति, परम्परा आदिको पनि ज्ञान प्रदान गरिने भएकाले यी ज्ञानका स्रोतहरू समुदायबाट खोजी गरी प्रयोग

गरिन्छ । यसका लागि समुदायको सहभागिता आवश्यक पर्छ । यसलाई चित्रबाट प्रस्ट बुझ्न सकिन्छ :



१.२. सैद्धान्तिक आधार

बहुकक्षा बहुस्तर सिकाइ पद्धतिका विभिन्न सैद्धान्तिक आधारहरू रहेका छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) बालकेन्द्रित शिक्षण सिकाइ सिद्धान्तमा आधारित (Child Centered Learning)

बहुकक्षा बहुस्तरको शिक्षण सिकाइ प्रक्रियामा हरेक विद्यार्थीको स्तर पहिचान गरेर उसको स्तरसँग मेल खानेगरी व्यक्तिगत रूपमा सिक्ने सामग्री र सहयोग उपलब्ध गराइन्छ । विद्यार्थीले आफ्नो पूर्वज्ञानको स्तरअनुसारको गतिमा क्रियाकलापहरू गर्ने अवसर पाउँछ । उसले सिकाइ प्रक्रिया सञ्चालनका क्रममा शिक्षक तथा साथीहरूबाट आवश्यक सहयोगसमेत पाउन सक्छ । उसको व्यक्तिगत सिकाइलाई केन्द्रमा राखेर सहयोग गर्ने परिपाटी बहुकक्षा बहुस्तर पद्धतिमा रहेको हुन्छ । त्यसैले बालकेन्द्रित शिक्षण सिकाइ तरिकाका अधिकांश पक्षहरू यसमा उपयोग गर्ने गरिन्छ किनकि बालकेन्द्रित शिक्षण सिकाइमा बालकको क्षमता, रुचि, स्तर आदिलाई ख्याल गरेर शिक्षण सिकाइ हुने गर्दछ । त्यसैले बालकेन्द्रित शिक्षण सिकाइमा बालक स्वयम्ले ज्ञानको निर्माण गरे जस्तै यो बहुकक्षा बहुस्तरमा पनि विद्यार्थीहरूले आफैँले ज्ञानको सिर्जना गर्न बढी भूमिका खेल्ने गर्दछन् ।

(ख) योजनायुक्त शिक्षण सिकाइमा आधारित (Plan Based Learning)

बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा शिक्षकको अहम् भूमिका रहन्छ । कक्षाकोठाको अवस्था, विद्यार्थी सङ्ख्या, स्थानीय वातावरण, विद्यार्थीहरूमा रहेका सबै किसिमका विविधताहरूलाई केन्द्रमा राखेर शिक्षण सिकाइका क्रियाकलापहरू निर्माण तथा परिमार्जन गर्नुपर्ने हुन्छ । शिक्षकमा आवश्यकताअनुसार विभिन्न सिकाइ समाग्रीहरूको ढाँचा निर्माण गर्ने सिर्जनशील सिप चाहिन्छ । सक्रिय रूपमा लागि परेर शिक्षण योजना र सामग्री तयार गर्नुपर्छ । त्यसैले बहुकक्षा बहुस्तर शिक्षण योजनायुक्त सिकाइमा आधारित सिकाइ पद्धति हो । बिना योजना र तयारी यो पद्धतिको सञ्चालन असम्भव प्रायः हुन्छ अर्थात् सामग्रीयुक्त र अर्थपूर्ण सिकाइ सिद्धान्तका पक्षहरू यसले अङ्गीकार गरेको हुन्छ ।

(ग) गरेर सिक्ने सिद्धान्तमा आधारित (Based on Learning by Doing)

शिक्षकले तय गरेको वातावरणमा रहेर तोकिएको कार्य सिकारुले आफैँले सम्पन्न गरी त्यसको नतिजाबाट सारका रूपमा प्राप्त गर्ने विषयवस्तु, तथ्य वा सूचनाहरूबाट सिकाइ गर्दछन् । यसरी गरिने सिकाइ अर्थपूर्ण हुनुका साथै विद्यार्थीहरूले आफ्ना धेरै चेतना ग्रन्थिहरू (आँखा, छाला, कान, नाक आदि) को उपयोग गर्ने भएकाले सिकाइ चिरस्थायी हुन जान्छ । शिक्षकले शिक्षण सिकाइ वातावरण सिर्जना गरी आवश्यकताअनुसार सहजीकरण गर्दछन् । बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा प्रयोग गरिने अधिकांश क्रियाकलापहरू विद्यार्थीले व्यक्तिगत रूपमा वा सानो समूमा रहेर तोकिएको कार्य गर्ने र त्यस

कार्य सम्पादनको क्रममा बालबलिकाहरूले आफूमा बनाउने अवधारणाले सिकाइ हुन्छ भन्ने मान्यता राखेको छ । विभिन्न परियोजना कार्य, सर्वेक्षण, सामुदायिक कार्य, समूह कार्य, खेल, नाटक, गीत, कविता आदि विधाका माध्यमबाट सिकाइ हुने हुँदा यसले गरेर सिक्ने सिद्धान्तका अवयवहरूलाई पछ्याएको देखिन्छ ।

(घ) सक्रिय सिकाइमा आधारित (Based on Active Learning)

बहुकक्षा बहुस्तरका लागि तयार भएका धेरैजसो क्रियाकलापहरू विद्यार्थीहरू आफैँले व्यक्तिगत वा सानो समूहमा रहेर सम्पन्न गर्ने खालका हुन्छन् । यसमा गरिने शिक्षण सिकाइ क्रियाकलापहरूमा शिक्षकको सामान्य निर्देशन र सहजीकरण प्राप्त हुन्छन् । विद्यार्थीहरू भने सक्रियताका साथ लागि परेर कार्य गदर्छन् । अतः यसका अधिकांश शिक्षण सिकाइ क्रियाकलापहरू सक्रिय शिक्षण सिकाइमा आधारित छन् ।

(ङ) समस्या समाधान उपागमको बाहुल्यता (Problem Solving Approach)

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा प्रयोग गरिने सिकाइ कार्डहरूमा समस्याहरू उल्लेख भएका हुन्छन् । यस्ता कार्डहरूमा उल्लेख भएका समस्याहरू विद्यार्थीले व्यक्तिगत, जोडी वा सानो समूह कार्यबाट समाधान गर्नुपर्ने हुन्छ । शिक्षकको पूर्ण, आंशिक वा बिना सहयोगमा समाधान गर्न सकिने समस्याहरू समाधान गर्न दिइन्छ । विद्यार्थीले त्यस्ता समस्याहरू समाधान गर्ने बानीको विकास गरी आफूमा समस्या समाधान क्षमताको समेत विकास गर्दछन् । यसले जीवनमा यस्तै अन्य परिवेशका समस्या समाधानमा समेत सहयोग पुग्छ । त्यसैकारण यो बहुकक्षा बहुस्तर समस्या समाधान उपागमका पक्षहरूलाई समेत समेटेर तयार पारिएका छन् ।

(च) सहयोगात्मक सिकाइको बाहुल्यता (Place of Co-operative Learning)

बहुकक्षा बहुस्तर सिकाइमा व्यक्तिगत, जोडी वा सामूहिक रूपमा शिक्षण सिकाइमा अभ्यास गर्ने गरिन्छ । यसरी सामूहिक वा जोडीमा गरिने क्रियाकलापहरूका लागि आपसी सहयोगको वातावरण कायम गर्न सकेमा मात्र क्रियाकलापहरू सम्पन्न हुने गरी क्रियाकलाप कार्डहरू तयार पारिएका छन् । सामाजिकीकरण, आपसी भाइचारा जस्ता सिपको विकासका लागि शिक्षण सिकाइमा सहयोगात्मक विधिको उपयोग गर्ने व्यवस्था छ । शिक्षक विद्यार्थी, विद्यार्थी विद्यार्थीबिचको सहकार्यबाट यसका विषयवस्तुहरूको सिकाइ प्रसार (Transfer) हुने भएकाले यस पद्धतिमा प्रयोग गरिएका धेरैजसो प्रक्रियाहरूले सहयोगात्मक सिकाइ सिद्धान्तका पक्षहरूलाई अँगालेको देखिन्छ ।

(छ) प्रतिबिम्ब शिक्षण सिकाइ र MGML सिकाइ प्रक्रिया (Reflective Learning and MGML)

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरूलाई आधार मानेर माइलस्टोनहरू तयार भएका छन् । सोही आधारमा क्रियाकलापका कार्डहरू तयार भएका छन् । ती कार्डहरूका आधारमा क्रियाकलापहरू सोही रूपमा सम्पादन गर्दछन् । क्रियाकलापका लागि आवश्यक थप सामग्रीहरू विद्यार्थी स्वयम् तथा शिक्षकको सहयोगमा उपलब्ध गराइन्छ । यसमा गरिने शिक्षण सिकाइ प्रक्रिया शिक्षकको शिक्षण योजनाका आधारमा हुने गर्दछ । यसरी सम्पादित कार्यको नियमित रूपमा मूल्याङ्कन गर्ने व्यवस्थासमेत गरिएको छ । सिकाइको उपलब्धिलाई तत्काल मापन गर्ने उद्देश्यले अभ्यास कार्ड, मूल्याङ्कन कार्डलगायतका सामग्रीको विकास गरिएको छ, जसले सिकारुलाई आत्म प्रतिबिम्बन गर्ने अवसर प्राप्त हुने अवस्थासमेत रहेको छ । त्यसकारण यो सिकाइ प्रतिविम्बन सिकाइ सिद्धान्तमा आधारित छ । त्यसै गरी यस पद्धतिमा विद्यार्थीका फरक फरक सिकाइ स्तर भएका विद्यार्थीहरूलाई आफ्नो क्षमता र गतिअनुसार क्रमैसँग सिक्ने अवसर प्राप्त हुन्छ भने फरक फरक कक्षाका विद्यार्थीहरू आपसी सहकार्य र सहायोगात्मक सिकाइका आधारमा सिक्ने अवसर पनि प्राप्त गर्न सक्छन् ।

(ज) क्रमिक विकासमा आधारित (Based on Gradual Development)

यस सिकाइ पद्धतिमा क्रमशः सिकाइका विभिन्न चरणमा सिकाइ हुने हुनाले विद्यार्थीको क्रमिक विकास हुन्छ । शिक्षकले हरेक दिन हरेक विद्यार्थीको सिकाइको गति मापन गरेर आवश्यकताअनुसार क्रियाकलापहरू सञ्चालन गर्दछन् । साथै क्रियाकलापहरूलाई परिस्थितिअनुरूप परिमार्जन गर्ने गर्दछन् । आफूले शिक्षण सिकाइमा तय गरेका र प्रयोग गरेका तौरतरिका कत्तिको प्रभावकारी रहे भन्ने कुरा हरेक पटक गरिने विद्यार्थीहरूको स्तराङ्कनले देखाउने गर्दछ । यसबाट शिक्षण सिकाइ कौशलतामा भएका प्रभाव, सबल तथा सुधार गरिनुपर्ने पक्षका बारेमा सहजै अनुमान गर्न सकिने स्थिति पैदा हुन्छ । यसबाट शिक्षकले आफ्नो पेसागत दक्षतालाई क्रमिक रूपमा सुधार गर्ने र परिष्कृत गर्ने अवसर पाउँछन् । त्यसैगरी विद्यार्थीहरूले पनि आफ्नो गतिअनुसार सिकाइमा सहभागिता जनाउँदै जाँदा अरू साथीहरूको र आफ्नो सिकाइ स्तरबिचको सम्बन्ध अध्ययन गर्ने र आफ्नो सिकाइको गति बढाई अझ अघि बढ्ने प्रेरणा प्राप्त हुन्छ । विद्यार्थीले क्रमैसँग सबै सिकाइ सिढी पूरा गर्नुपर्ने हुनाले क्रमिक सिकाइ सिद्धान्तलाई यस पद्धतिमा आत्मसात् गरिएको छ ।

(झ) निर्माणात्मक सिकाइ (Constructive Learning)

बहुकक्षा बहुस्तर शिक्षण पद्धति निर्माणात्मक सिकाइमा समेत आधारित छ । विद्यार्थीले बाहिरी वातावरणबाट प्राप्त सूचनालाई आफ्नो पूर्वज्ञानसँग जोडेर नयाँ ज्ञानको निर्माण गर्ने अवसर प्राप्त गर्दछ । यसका लागि फिलपचार्टमा छलफल गराउने, परियोजना कार्य गराउने, जस्ता क्रियाकलापहरू गराइन्छ । यसमा तय गरिएका शिक्षण सिकाइ क्रियाकलापहरू अधिकांश क्रियाकलापमा आधारित भएका कारण विद्यार्थीले यो अवसर प्राप्त गर्दछन् । हरेक सिकाइ सिँढी पूरा गर्न तोकिएको माइलस्टोनका लागि विविध क्रियाकलापहरूको श्रृङ्खला तयार पारिएका छन् । यी क्रियाकलापहरू विद्यार्थीहरूले शिक्षकको सहयोग लिई वा स्वतन्त्र रूपमा पूरा गर्न सक्छन् ।

(ञ) समावेशी सिकाइ (Inclucive learning)

यो बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियामा सबै विद्यार्थीहरूलाई समान सिकाइको अवसर प्राप्त हुने हुनाले यस पद्धतिमा कुनै पनि विद्यार्थीलाई भेदभाव हुन पाउँदैन । सिकाइ क्षमता तीव्र भएका, मध्यम भएका र सुस्त भएका विद्यार्थीहरूले पनि आ आफ्नो क्षमताअनुसार व्यक्तिगत रूपमा शिक्षकको सहयोग आवश्यकताअनुसार पाउने गर्दछन् । त्यसैले सिकाइको अवसर सबै जान्ने वा नजान्ने विद्यार्थीहरूलाई उत्तिकै रूपमा हुन्छ । शिक्षकले जान्ने विद्यार्थीलाई भन्दा कम जान्ने र नजान्ने विद्यार्थीहरूलाई क्रमशः बढी समय र सहयोग गर्ने हुँदा शिक्षण सिकाइमा समताको स्थिति स्पष्ट रूपमा देख्न सकिन्छ ।

(ट) संस्कृति केन्द्रित सिकाइमा आधारित (Culture Focused Learning)

संस्कार र संस्कृति हामी सबैलाई अनुमति भएको सास फेर्ने प्रक्रिया जस्तै हो । समाजले स्थापित गरेका मूल्य मान्यताहरूका बारेमा विद्यार्थीहरूलाई जानकारी दिने र त्यसमा घुलिमिल हुन प्रोत्साहन गर्ने गरी क्रियाकलाप तयार पारिएको छ । विद्यार्थीले त्यसको अभ्यासबाट आफ्ना राम्रा संस्कृति र संसकारको बारेमा आफ्नो समुदाय, परिवार र शिक्षकबाट सिक्ने अवसर यस पद्धतिमा प्राप्त गर्दछन् । विविध सांस्कृति परिवेशबाट आएका विद्यार्थीहरूलाई उनीहरूको भिन्न संस्कार र संस्कृतिबिच समन्वय गरेर एकआपसमा हातेमालो गर्दै सिक्ने सिकाउने वातावरणसमेत प्राप्त हुने भएकाले यो बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिले सन्तुलित रूपमा संस्कृति केन्द्रित वातावरण दिन सक्छ ।

(ठ) भयरहित एवम् रोचक सिकाइ (Fearless and Joyful Learning)

विद्यार्थीहरूलाई आफूले नजानेका कारण शिक्षकले गाली गर्ने भन्ने मानसिक चिन्ताबाट मुक्त मिल्छ । नजान्ने वा जान्ने सबैलाई शिक्षकले सिक्नका लागि सहयोग गर्दै रहेका हुन्छन् । शिक्षण सिकाइमा धेरै थरिका क्रियाकलापहरू उपयोग गरिने भएकाले सिकाइ निरस हुन पाउँदैन । एक्लै वा साना समूहमा रहेर काम गर्ने अवसर हुने भएकाले विद्यार्थीहरू अधिकांश समय सक्रियताका साथ लागि परिरहने वातावरण रहेको हुन्छ । अतः यो बहुकक्षा बहुस्तर सिकाइमा रोचकता रहन्छ ।

(ड) निदानात्मक सिकाइ (Diagnostic Learning)

बहुकक्षा बहुस्तरमा विद्यार्थीहरूका कमी कमजोरीहरूको व्यक्तिगत रूपमा हरेक दिन पहिचान गर्नुपर्छ । उनीहरूको कमी कमजोरीलाई आधार मानेर उसको समस्या समाधान गरेर मात्र अर्को क्रियाकलापमा संलग्न गराइने हुँदा यसले निदानात्मक सिकाइ पद्धतिलाई अँगालेको देखिन्छ । प्रत्येक पाठमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनका माध्यमबाट समेत विद्यार्थीको कमी कमजोरी पत्ता लगाई सहजीकरण गर्दै सिकाइ सिँढी पूरा गर्दै लगिने हुँदा निदानात्मक सिकाइ सिद्धान्तको प्रयोग हुन्छ ।

(ढ) बहुबौद्धिकताको सिद्धान्तको प्रयोग (Use of Multiple Intelligence Theory)

बहुकक्षा बहुस्तर शिक्षण पद्धतिमा विद्यार्थीका भाषिक, तार्किक, प्राकृतिक, अन्तरवैयक्तिक, अन्तरव्यक्ति, शारीरिक, साङ्गितिक, दृश्य प्रतिभाहरूको प्रस्फुटन हुने गरी विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गर्ने गरी सिकाइ कार्डहरू तयार पारिएको छ । त्यसैले प्रत्येक विद्यार्थीको आफ्नो प्रतिभा विकास गर्ने र प्रस्तुत गर्ने अवसर प्रदान गरिएको छ । यसरी यस पद्धतिले बहुबौद्धिकताको सिद्धान्तलाई पनि अँगालेको देखिन्छ ।

१.३. ऐतिहासिक पृष्ठभूमि

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको अवलम्बन गर्न शिक्षा विभागद्वारा भारतको आन्ध्र प्रदेशको Rishi Valley Institute for Educational Resources, Krishnamurthi Foundation, India सँगको सहकार्य र प्राविधिक सहयोगमा MGML Methodology अनुसार कक्षा १ देखि ३ सम्मका लागि सामग्री निर्माण गरी शैक्षिक सत्र २०६६ सालमा सिन्धुपाल्चोक जिल्लाको श्री विष्णु आध्यात्मिक संस्कृत प्राथमिक विद्यालय, बाह्रबिसेलाई नमुना विद्यालयका रूपमा विकास गरी कार्यान्वयनमा ल्याइएको थियो । हाल कक्षा ४ र ५ का लागि पनि सिकाइ सामग्री विकास गरिएको छ ।

१.४. नीतिगत व्यवस्था

नेपालको भौगोलिक विकटताले गर्दा हिमाली र पहाडी भूभागमा पातलो बस्तीका कारण विद्यालयहरूमा विद्यार्थीहरू धेरै कम सङ्ख्यामा रहने अवस्था छ । विद्यार्थीहरूलाई शिक्षाको मूलधारमा ल्याउनका लागि विद्यालय खोल्नुपर्ने आवश्यकताअनुरूप विद्यालय त खुले तर विद्यार्थी सङ्ख्या थोरै भएका कारण राष्ट्रले कक्षाअनुसार शिक्षक दरबन्दी दिन सकिरहेको छैन । त्यसै गरी तराई र सहरी क्षेत्रमा निजी विद्यालयतर्फको आकर्षणले गर्दा विद्यार्थी सङ्ख्या दिनानुदिन घटिरहेको छ । यस्ता विद्यालयहरूबाट शिक्षक दरबन्दी कटौती गर्नुपर्ने टड्कारो आवश्यकता छ । नेपालका अधिकांश विद्यालयहरूमा धेरै कक्षा र थोरै शिक्षक भएका कारण पठनपाठनमा देखापरेका समस्याहरूलाई मध्यनजर गर्दै बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि अत्यन्तै प्रभावकारी शिक्षण प्रणालीका रूपमा स्थापित भएको छ ।

एकभन्दा बढी कक्षाका विभिन्न सिकाइ स्तरका बालबालिकाहरूलाई एकै ठाउँमा एकै पटक समावेश गरी शिक्षण सिकाइ गर्न सकिन्छ। थोरै शिक्षक, बढी कक्षा र थोरै विद्यार्थी भएको अवस्थामा र दुई वा दुईभन्दा बढी कक्षाका बढीमा ३५ जना सम्म विद्यार्थी भएको अवस्थामा प्रभावकारी रूपमा प्रयोग गर्न यो पद्धति सान्दर्भिक हुन्छ।

विश्व परिवेशमा देखा परेका नयाँ, आधुनिक र प्रभावकारी शिक्षण सिकाइ पद्धतिलाई अपनाई देशको शैक्षिक गुणस्तर वृद्धि गर्न सरकारी तथा गैरसरकारी स्तरमा विभिन्न अभ्यासहरूलाई प्रयोगमा ल्याइएको छ। त्यसमध्ये बहुकक्षा बहुस्तर सिकाइ पद्धति पनि एक हो। यस पद्धतिलाई विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan- SSDP) ले पनि अङ्गीकार गरेको छ। यसमा स्वीकृत निर्देशिका, अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूवार्धारको आवश्यकता तथा कक्षा १-३ र कक्षा १-५ मा बहुकक्षा बहुस्तर शिक्षणको आवश्यकतासमेतलाई दृष्टिगत गरी कम जनसङ्ख्या भएका ग्रामीण क्षेत्रका आवश्यकता सम्बोधन गर्न वैकल्पिक विद्यालय भवनका नमुना स्थापित गर्ने (SSDP Document) पृष्ठ न.४३) भनी उल्लेख गरिएको छ। त्यसै गरी बहुकक्षा सञ्चालनका निम्ति खर्चको समेत व्यवस्था र विद्यालयहरूलाई व्यवस्थापकीय सहयोग गर्ने भनी (SSDP Document) पृष्ठ नं. ७९ र ८०) सो दस्तावेजमा उल्लेख गरिएको छ।

नयाँ पहिचान गरिएका बहुकक्षा भनी सो दस्तावेजमा उल्लेख भएको र ३५ जनासम्म विद्यार्थी भएका अन्य क्षेत्रका विद्यालय सरह १ शिक्षक तथा साना विद्यालय (कक्षा १-३) मा ३० जनासम्म विद्यार्थी भएका कक्षा १-३ मात्र पढाइ हुने हिमाली क्षेत्रका विद्यालयमा बहुकक्षा बहुस्तर पद्धतिबाट शिक्षण सिकाइ विधि पुऱ्याउने योजना रहेको छ भनी उल्लेख गरिएको छ। साथै विद्यालय क्षेत्र विकास योजनाको अवधिभर यस्ता विद्यालयको सङ्ख्या १,१०० पुग्ने अनुमान गरिएको छ। (SSDP Document पृष्ठ नं. ८०, ८९)

यसै गरी तत्कालीन शिक्षा विभागको Summary of Research Reports (2070/071-2073/074) को निरन्तर मूल्याङ्कनसम्बन्धी अध्ययन प्रतिवेदन "Linking the use of the CAS and the Letter Grade system" मा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिका बारेमा यसरी उल्लेख गरिएको छ : बहुकक्षा बहुस्तर कार्यक्रमका निरन्तर विद्यार्थी मूल्याङ्कनका अभ्यासहरूको अनुकरण : शिक्षा विभागले बहुकक्षा बहुस्तर पद्धति सुरु गरिसकेकाले बहुकक्षा बहुस्तर पद्धति अपनाएका विद्यालयले अवलम्बन गरेका निरन्तर विद्यार्थी मूल्याङ्कनका कतिपय असल अभ्यासहरू अन्य विद्यालयहरूमा पनि लागु गर्न सकिन्छ। समूह मूल्याङ्कन, स्वमूल्याङ्कन र सहपाठी मूल्याङ्कनको प्रावधानलाई अन्य विद्यालयहरूमा पनि लागु गर्न सकिन्छ, जसले माथिल्ला कक्षाहरू (कक्षा ४-७) मा विषय शिक्षकको भार सहज रूपमा कम गर्ने छ। (Summary of Research Reports 2070/071 - 2073/074 पृष्ठ न. १७) यसै गरी शिक्षक सेवा आयोगका प्राथमिकदेखि माध्यमिक तहसम्मका पाठ्यक्रममा पनि बहुकक्षा बहुस्तरसम्बन्धी विषयवस्तु समावेश गरिनुले यो शिक्षण पद्धतिको प्रयोग कम भए पनि यसको महत्त्व र आवश्यकतालाई भने उजागर गरेको देखिन्छ ।

१.५. वर्तमान अवस्था

यस सन्दर्भमा बहुकक्षा बहुस्तरको अवधारणाअनुसारका शिक्षण सिकाइ तालिम पाउन आवश्यक छ। अर्कोतिर धेरै कक्षा थोरै शिक्षक भएका कारण दुई वा दुईभन्दा बढी कक्षाका बाल बालिकाहरूलाई एउटै कक्षा कोठामा राखेर शिक्षण गर्नुपर्ने बाध्यता छ। यो कार्य आफैमा चुनौतीपूर्ण र जटिल कार्य हो। यस्तो परिस्थितिमा विद्यार्थीहरूलाई सिक्ने अवसर उपलब्ध गराउनु राज्यको दायित्व हुन आउँछ। शिक्षकलाई सहज ढङ्गले बहुकक्षा शिक्षण गराउन सक्ने सिप प्रदान गर्नु आजको आवश्यकता भएको छ। नेपालको शिक्षामा विद्यार्थीको पहुँच पुऱ्याउन र शैक्षिक गुणस्तर सुधार गर्नका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन

भइरहेका छन् । शिक्षक तालिम, विद्यार्थीका लागि सामग्री निर्माणका साथै बालमैत्री विद्यालय जस्ता कार्यक्रमका लागि राज्यका विभिन्न संयन्त्रहरू क्रियाशील छन् । यी विभिन्न प्रयासका बाबजुद पनि अझै आधारभूत तहको प्रारम्भिक शिक्षामा आशातीत गुणस्तर हासिल हुन नसकिरहेको कुरा विभिन्न अनुसन्धानबाट पुष्टि भएको छ । विद्यालयमा पाठ्यपुस्तकलाई प्रमुख आधार मानेर प्रवचन/व्याख्यान विधिबाट शिक्षण सिकाइ गर्ने परिपाटी भएका कारण बालबालिकाहरूमा कम सिकाइ भई विद्यालय छाडने् र दोहोऱ्याउने प्रवृत्तिमा अपेक्षाकृत कमी ल्याउन सकिरहेको छैन ।

यसै सन्दर्भमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउने क्रममा विभिन्न खालका विधि र प्रविधिको प्रयोग हुँदै आएको छ । विगत केही वर्षदेखि बहुकक्षा बहुस्तर शिक्षण पद्धतिको पनि अभ्यास हुँदै आएको छ । यस शिक्षण सिकाइको कार्यान्वयनका क्रममा पर्याप्त स्रोतसाधनको अभाव, तालिम प्राप्त शिक्षकको अभाव, उपयुक्त सिकाइ सामग्रीको अभाव आदि कारणले गर्दा बहुकक्षा बहुस्तर शिक्षण सिकाइको मर्मअनुरूप कार्यक्रम सञ्चालन हनु नसकेको अवस्था देखिन्छ । उपर्युक्त समस्यालाई निराकरण गर्दै बहुकक्षा बहुकक्षा शिक्षणलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने क्रममा विद्यालय क्षेत्र सुधार योजनाले आधारभूत विद्यालयका न्यूनतम मापदण्ड पूरा गर्न नसक्ने विद्यालयलाई बहुकक्षा विद्यालयको रूपमा विकास गर्ने व्यवस्था उल्लेख गरेको थियो । यसै गरी शिक्षकहरूको वृत्ति विकासलाई बढावा हुने गरी बहुकक्षा शिक्षक क्याडरका रूपमा विकास गर्ने र देशभरका १,१०० विद्यालयहरूलाई बहुकक्षा विद्यालयका रूपमा विकास गर्ने लक्ष्य लिएको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्ने सिलसिलामा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ सामग्रीका रूपमा चेकलिस्ट (Checklist), सिकाइ सिँढी (Learning Ladder), समूह थाली (Grouping cards), सिकाइ कार्ड (Learning cards), विद्यार्थी कार्यपुस्तक जस्ता सिकाइ सामग्री तयार गरिएको छ । सिकाइ उपलब्धिलाई मध्यनजर गरी कक्षा १, २ र ३ का मिल्दा मिल्दा सिकाइ उपलब्धिलाई एकै ठाउँमा एकीकृत गरी गणित, अङ्ग्रेजी, नेपाली विषयहरूको विषयगत र सामाजिक, विज्ञान, स्वास्थ्य, शारीरिक र सिर्जनात्मक कला विषयको एकीकृत सामग्रीहरू तयार भई कक्षा सञ्चालन भइरहेको छ । त्यसै गरी कक्षा ४ र ५ मा पनि सामग्री विकास गर्ने कार्य भइसकेको छ । कक्षा ४ र ५ का लागि सामाजिक र सिर्जनात्मक कला विषय र विज्ञान, स्वास्थ्य र शारीरिक विषयका लागि छुट्टाछुट्टै सिकाइ सिँढी र रुजुसूची विकास गरिएको छ ।

२. सिकाइ सामग्री परिचय

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइ विधि हो । यस विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न विषयगत मुद्रित सामग्रीहरू तयार भएका छन् । ती सामग्रीहरूका बारेमा निम्नानुसार चर्चा हुने छ :

२.१. रुजुसूची (Checklist)

रुजुसूची शिक्षकका लागि तयार गरिएको शैक्षणिक सहयोगी सामग्री हो । यसले वार्षिक योजना निर्माण तथा शैक्षणिक योजना निर्माण गर्न सहयोग पुऱ्याउँछ । प्राथमिक तहको पाठ्यक्रममा समावेश गरिएका सिकाइ उपलब्धिका आधारमा रुजुसूचीलाई तयार गरिएको छ । पाठ्यक्रमका सिकाइ उपलब्धिलाई पुनरवलोकन गरी विभिन्न माइलस्टोन समूह तयार गरिएको छ । यसमा सिकाइ उपलब्धिहरूको समूहलाई माइलस्टोन भनिएको छ । विद्यार्थीलाई माइलस्टोनमा समावेश गरिएका सिकाइ उपलब्धिमा सक्षम बनाउन उपयुक्त क्रियाकलाप राखिएका छन् । क्रियाकलापलाई लोगोले सङ्केत गर्दछ । कक्षा १-३ मा नेपाली विषयमा जनावर, अङ्ग्रेजीमा फलफूल तथा तरकारी, गणितमा चराचुरुङ्गी, सामाजिकमा किराफट्याङ्ग्रा र विज्ञानमा वैज्ञानिक उपकरण अङ्कित लोगोहरू राखिएका छन् । साथै अन्य अर्थपूर्ण लोगो सङ्केतलाई

साझा लोगोका रूपमा प्रयोग गरिएको छ । कक्षा १ देखि ३ सम्मका लागि सामाजिक, विज्ञान तथा वातावरण, स्वास्थ्य, शारीरिक र सिर्जनात्मक कला विषयहरूलाई एकीकृत गरी हाम्रो सेरोफेरो विषय बनाइएको छ । त्यसैगरी कक्षा ४-५ मा थप भएका विषयहरु विज्ञान तथा प्रविधिका लागि वैज्ञानिक उपकरण र स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका लागि सङ्गीत र खेलकुदसम्बद्ध सामग्रीको लोगो निर्धारण गरिएको छ । पाठ्यक्रमका सिकाइ उपलब्धिहरूलाई मध्यनजर गरी मिल्दो सिकाइ उपलब्धिलाई जोडेर पाठ्यक्रम नक्साङ्कन गरिएको छ ।

लोगो कोलममा राखिएका अङ्कहरू सिकाइ क्रियाकलापका अङ्कहरू हुन् । अङ्कले सिकाइ सिँढी र विद्यार्थीको सिकाइ स्तरलाई जनाउँछ । विद्यार्थीले कुन माइलस्टोनका सिकाइ उपलब्धि हासिल गरे वा हासिल गर्न बाँकी छ भन्ने कुरा रुजुसूचीबाट जानकारी लिन सकिन्छ । यसका आधारमा विद्यार्थीलाई सिकाइ सहजीकरण गर्नुपर्छ । कुन माइलस्टोनमा कुन सिकाइ उपलब्धि राखिएका छन्, ती सिकाइ उपलब्धि हासिल गराउन कस्ता क्रियाकलाप समावेश गरिएका छन्, सिकाइ सामग्रीहरू कति छन् भन्ने कुरा रुजुसूचीले शिक्षकलाई जानकारी गराउँछ । (रुजुसूचीहरू अनुसूचीमा राखिएको छ ।)

२.२. सिकाइ सिँढी



बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा विद्यार्थीका लागि सिकाइ सिँढी अनिवार्य सामग्री हो । यो सामग्रीले विद्यार्थीलाई आफ्नो सिकाइ स्तर पहिचान गराउन मदत गर्दछ । यसमा रुजुसूचीले निर्दिष्ट गरेका माइलस्टोनलाई व्यवस्थित गरेको हुन्छ । हरेक माइलस्टोनभित्र शिक्षण सिकाइ क्रियाकलापका लोगोलाई समेटिएको हुन्छ । माइलस्टोनमा लोगोसँगै अङ्क पनि राखिएको हुन्छ । उक्त अङ्कले विद्यार्थीका सिकाइ सामग्री (कार्ड) सँग सम्बन्ध राख्छ । सिकाइ क्रियाकलापका लोगोलाई व्यवस्थित गराउन सिकाइका पाँच ओटा चरणलाई आधार मानिएको छ । ती चरण क्रमशः परिचयात्मक, अभ्यासात्मक, मूल्याङ्कनात्मक, सुधारात्मक र सबलीकरणत्मक हुन् । सिकाइ सिद्धान्तका आधारमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइका सामग्री तयार गरिएको छ ।

सिकाइ सिँढी खासगरी विद्यार्थीका लागि तयार गरिएको हुँदा यसको प्रयोगमा विद्यार्थीलाई अभ्यस्त गराउनुपर्छ । विद्यार्थीले क्रियाकलाप गर्दा सिकाइ सिँढीका एक लोगोबाट अर्कोको क्रममा जानुपर्छ । जस्तै : सिकाइ सिँढीको माइलस्टोन एकमा भएको खरायो १ क्रियाकलापपछि बाघ १, त्यसपछि साँढे गोरू क्रियाकलाप गर्दै क्रमशः अगाडि बढ्नुपर्छ । विद्यार्थीलाई आफ्नो तथा साथीको सिकाइ स्तर कहाँ छ ? के कुरा सिक्ने बेला भएको छ ? भन्ने कुरा जानकारी दिनुपर्छ । विद्यार्थीलाई सिकाइ सिँढीद्वारा स्वमूल्याङ्कन गर्ने तरिका पनि सिकाउनुपर्छ । यसले विद्यार्थीमा सिकाइ क्रियाकलाप प्रति उत्प्रेरित गर्दै सक्रिय रहन प्रेरित गर्दछ । सिकाइ सिँढीको प्रयोगले विद्यार्थीमा फेलपासको भावना हट्छ । जब सम्पूर्ण माइलस्टोन पूरा हुन्छन् अनि मात्रै माथिल्लो कक्षामा जान सकिन्छ भन्ने आत्मविश्वासका साथ उनीहरू सिकाइ क्रियाकलापमा सक्रियताका साथ सहभागी हुन्छन ।

कक्षा १-३ मा हाम्रो सेरोफेरो र कक्षा ४-५ मा सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयमा अन्य विषयहरूभन्दा फरक पुच्छ्रेताराको आकृतिमा सिकाइ सिँढी (Learning ladder) तयार गरिएको छ । सिँढीको प्रयोग गर्दा तल्लो भागबाट दायाँतिरबाट माइलस्टोन एकदेखि सुरु गर्नुपर्छ । हरेक माइलस्टोनको क्रियाकलाप पुच्छरबाट सुरु भई दायाँतिरबाट anti-

clock-wise घुम्दै लेडीबर्ड (ladybird) क्रियाकलापमा आएर टुङ्गिन्छ अनि मात्र अर्को माइलस्टोनको क्रियाकलाप सुरु हुन्छ । कक्षा १ देखि ५ सम्मका लागि सामूहिक क्रियाकलापका लागि निलो रङ, कक्षा १ का लागि गुलाबी, कक्षा २ का लागि हरियो, कक्षा ३ का लागि पहेँलो, कक्षा ४ का लागि रातो र कक्षा ५ का लागि कालो रङका सिकाइ कार्डको विकास गरिएको छ । यी विषयहरूले विद्यार्थीहरूमा स्थानीय वातावरणसँग परिचित हुने, एकआपसमा माया, सहयोग, आपसी मेलमिलाप गर्ने, स्वस्थ सफा रहने, आफूमा भएको प्रतिभा खुलेर देखाउन सक्ने, शारीरिक व्यायाम र कसरत गर्ने जस्ता सिपको विकास गर्न खोजिएको हुँदा व्यक्तिगतभन्दा सामूहिक क्रियाकलापहरूमा जोड दिइएको छ । माइलस्टोनमा अङ्कित सबै लोगोहरूको सिकाइ कार्ड निर्माण आवश्यक नदेखिएकाले शिक्षकले रुजुसूचीमा उल्लिखित सिकाइ उपलब्धिसँग सम्बन्धित सान्दर्भिक क्रियाकलापहरू आफैँले निर्माण गरी सञ्चालन गर्नुपर्ने हुन्छ ।

२.३. सिकाइ सिँढीका विशेषता

- सिकाइ सिँढीमा पाठ्यक्रमका सिकाइ उपलब्धि पूरा गर्ने क्रियाकलापका लोगोलाई माइलस्टोनगत रूपमा क्रमबद्ध गरी राखिएको हुन्छ ।
- विद्यार्थीले कुन सिकाइ कार्डका क्रियाकलाप गरिरहेका छन् । कति क्रियाकलाप गर्न बाँकी छ भन्ने कुरा शिक्षक र विद्यार्थी दुबैपक्षलाई सिकाइ सिँढीबाट जानकारी प्राप्त हुन्छ ।
- सिकाइ सिँढीको सहायताबाट आफ्नो र सहपाठी साथीको सिकाइ प्रगति प्रत्यक्ष देखी विद्यार्थीको सिकाइ सक्रियतामा वृद्धि हुन्छ ।
- सिकाइ सिँढीबाट शिक्षकलाई छिटो र मन्द सिकाइ गतिका विद्यार्थीको पहिचान हुन्छ । सिकाइमा पछि परेका विद्यार्थीलाई सहयोग पुग्ने योजना बनाउन सहज हुन्छ ।
- नव प्रवेशी विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ सिँढी निर्धारण गरेपश्चात् सिकाइ क्रियाकलापमा सहभागी गराउन सिकाइ सिँढीबाट सहयोग पुग्छ ।

२.४. गतिशील समूह कार्ड

बहुकक्षा बहुस्तर शिक्षण समूहमा गरिने सिकाइ प्रक्रिया हो । विद्यार्थीहरू सिकाइ कार्डका आधारमा समूहमा विभाजित भई सिकाइ क्रियाकलापमा सहभागी हुन्छन् । सामूहिक छलफलबाट विषयवस्तुको विश्लेषण र स्वसिकाइ हुने भएकाले सिकाइ प्रभावकारी हुन्छ । यस विधिमा हरेक सिकाइ क्रियाकलाप गतिशील समूहमा आधारित भई सञ्चालन हुन्छ । सिकाइ कार्डमा प्रयोग गरिएका लोगोको सम्बन्ध समूह कार्डमा भएको लोगोसँग हुने भएकाले सिकाइ कार्डबाट गतिशील समूह निर्माण हुन्छ । पूर्ण शिक्षक सहयोग समूह, आंशिक शिक्षक सहयोग समूह, सहपाठी सहयोग समूह र स्वयम् सिकाइ समूह गरी चार प्रकारका समूह कार्ड हुन्छन् । उक्त समूह कार्डलाई कक्षाकोठामा भएका चारओटा टेबलमा राख्नुपर्छ । सिकाइ कार्डको लोगो र समूह कार्डको लोगोमा आधारित भएर गतिशील समूहमा सिकाइ क्रियाकलाप गराउनुपर्छ ।

विद्यार्थीहरूलाई सिकाइ सिँढीमा कुन माइलस्टोनको कुन लोगोमा सिकाइ छ सोही लोगोअनुसार ट्रे वा किट बक्सबाट सामाग्री ल्याएर आफ्नो क्रियाकलाप कार्डमा भएको लोगोअनुसार सोही समूहमा राख्नुपर्छ । यसरी समूहमा क्रियाकलाप गराउँदा समयको धेरै ख्याल गर्नुपर्छ । माथि लेखिएका समूहलाई औसत समय छुट्याइएको छ । एक घण्टाको समय मध्ये शिक्षकले पूर्ण शिक्षक सहयोग समूहका लागि ५० प्रतिशत, आंशिक शिक्षक सहयोग समूहका लागि २५ प्रतिशत, सहपाठी सहयोग समूहका लागि १५ प्रतिशत र स्वयम् सिकाइ समूहलाई १० प्रतिशत कक्षाको समय छुट्याउनुपर्छ । यसै समयलाई आधार मानेर शिक्षकले समय व्यवस्थापन गर्नुपर्छ । सबै समूहमा सधैँ बराबर विद्यार्थी हुन्छन् भन्ने छैन । कुनै बेला सबै समूहमा विद्यार्थी हुन पनि सक्छन् । कहिले कुनै समूह खाली हुन पनि सक्दछ । कहिले बराबरी पनि हुन सक्छन् । विद्यार्थीको सिकाइ क्षमता र स्तरअनुसार समूह निर्धारण हुने भएकाले समूहमा विद्यार्थी घटीबढी हुन सक्छन् । MGML कक्षामा यो समूह कार्ड महत्त्वपूर्ण हुन्छ । कक्षामा एक जना शिक्षकले मात्र सबै कार्य गर्न नसक्ने भएकाले कक्षाका विद्यार्थीहरूलाई पनि सिकाइमा सहभागी गराउनु पर्छ । यसले गर्दा विद्यार्थीको एकापसमा पनि सिक्ने र सिकाउने क्षमताको विकास भइरहेको हुन्छ ।

२.५. सिकाइ कार्ड

विद्यार्थीले सिक्नुपर्ने विषयवस्तु सिकाइ कार्डमा राखिएको छ । यो कक्षागत रूपमा तयार गरिएको छ । कार्डको किनारामा भएको रङले कक्षालाई सङ्केत गर्दछ । जस्तै : विषयगत कार्डको किनारामा भएको गुलाबी रङ कक्षा १, हरियो रङले कक्षा २, पहेँलो रङ कक्षा ३, रातो रङ कक्षा ४ र कालो रङ कक्षा ५ हो । कार्डको माथि बायाँ भागमा राखिएको लोगोले विषयलाई जनाउँछ । यसको सम्बन्ध समूह कार्ड, सिकाइ सिँढी र रुजुसूचीसँग हुन्छ । दायाँ भागमा राखिएको अङ्कले सिकाइ तहलाई जनाउँछ । यसको सम्बन्ध विषयवस्तु सिकाइ सिँढी र रुजुसूचीसँग हुन्छ ।

२.६. विषयगत कार्यपुस्तक र यसको प्रयोग

कार्यपुस्तक बहुकक्षा बहुस्तर शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग हुन्छ । यो सामग्री विद्यार्थीको सिकाइ क्रियाकलापमा लिखित मूल्याङ्कनका लागि प्रयोग हुने साधन हो । यो सामग्री सबै विषयमा विकास गरिएको छ । सबै विद्यार्थीको लागि सबै विषयको एक सेट कार्यपुस्तक विद्यालयले विद्यार्थीलाई उपलब्ध गराउनुपर्छ । यसको प्रयोग निम्नानुसार गराउन सकिन्छ :

- कार्यपुस्तक विद्यार्थीको सिकाइलाई मूल्याङ्कन गर्ने साधन मात्र हो । यो विद्यार्थीले क्रियाकलापबाट सिकेका विषयवस्तुलाई लिखित रूपमा देखाउने साधन हो ।
- यसभित्र विद्यार्थीको व्यक्तिगत विवरण, चित्रमा रङ भर्ने, खाली ठाउँ भर्ने, पजलहरू, प्रश्नोत्तरहरू आदि माइलस्टोनगत राखिएको छ । विद्यार्थीहरू यसको प्रयोग रमाइलो मानेर गर्ने छन् ।
- सुरुमा सबै विद्यार्थीहरूलाई आफ्नो कार्यपुस्तकमा भएको विद्यार्थी विवरण भर्न सिकाएर आफ्नो परिचय दिन लगाउनुहोस् ।
- विद्यार्थीले जब माइलस्टोनगत रूपका किट बक्समा भएका सिकाइ सामग्रीबाट माइलस्टोन पूरा गर्दछन् अनि मात्रै सोही माइलस्टोनअन्तर्गतका क्रियाकलाप कार्यपुस्तकमा गराउनुहोस् । अथवा सम्बन्धित क्रियाकलापसगँ मेलखाने लोगो र नम्बर अङ्कित अभ्यास मात्रै क्रमशः गराउनुहोस् । यसो गर्दा पहिलो सिकाइ सिँढीमा उल्लेख भएबमोजिमको अभ्यास सिकाइ कार्डमार्फत गर्छन् । त्यसपछि उक्त अभ्यासको थप अभ्यास स्वरूप विद्यार्थी कार्यपुस्तकमा अभ्यास गर्ने अवसर मिल्छ ।
- कार्यपुस्तक विद्यार्थीको घरमा सधैँ नपठाउनुहोस् किनकि सधैँ घरमा पठाउँदा यसभित्र भएका चित्रहरूमा रङ भर्ने, पजल भर्ने जस्ता रमाइला क्रियाकलापहरू विद्यार्थी आफैँ वा विद्यार्थीको दाइ, दिदीले पहिले नै गरिसक्छन् । यसले गर्दा शिक्षकलाई हाम्रा विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्न कठिन हुन्छ । यसलाई विद्यालयमा नै राख्नुभयो र विद्यार्थीले प्रयोग गर्ने बेलामा मात्र घर लैजान दिनुभयो भने शिक्षकले विद्यार्थीको वास्तविक सिकाइ स्तर पहिचान गर्न सक्ने छ ।
- विद्यालयमा अभिभावकलाई विद्यार्थीको सिकाइसम्बन्धी जानकारी गराउनुपर्दा कार्यपुस्तकको पनि प्रयोग गर्नुहोस् । त्यतिबेला सम्बन्धित विद्यार्थीको कार्यपुस्तक देखाउँदै विद्यार्थीको प्रशंसा पनि गर्नुहोस् ।
- जब विद्यार्थीले सबै माइलस्टोन पूरा गछर्न् त्यतिबेला कार्यपुस्तकको पनि सबै क्रियाकलाप सकिसकेको हुन्छ । अब क्रियाकलाप सकिसकेको कार्यपुस्तक अभिभावकलाई बुझाउनुहोस् ।
- सबै विद्यार्थीका लागि कार्यपुस्तकको व्यवस्था मिलाउनुहोस् र सही तरिकाले प्रयोग गराउनुहोस् । यसले गर्दा विद्यार्थीको सिकाइ स्तर वृद्धि हुनका साथै विद्यार्थीको सक्रियता देखी शिक्षकलाई पनि शिक्षण सिकाइ प्रक्रियाका लागि ऊर्जा थपिने छ ।

भाग - २

कक्षाकोठा व्यवस्थापन पक्ष

२.१ परिचय

कक्षाकोठालाई विद्यार्थीहरूको शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने महत्त्वपूर्ण स्थल वा थलोका रूपमा लिइन्छ। विद्यार्थीहरूको बाल्यकालको समयलाई हेर्ने हो भने लगभग आधा समय कक्षाकोठामा नै बिताउनुपर्छ । यही कक्षाकोठाभित्र दिइएका ज्ञान, सिप र संस्कारले विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुऱ्याइरहेको हुन्छ । सोही ज्ञान, सिप र संस्कार नै उक्त बालकको भविष्यका लागि मार्गदर्शक हुन जान्छ । तसर्थ विद्यार्थीहरूले सिक्ने र सिकाउने थलाको रूपमा कक्षाकोठालाई सिकाइका उपर्युक्त वातावरण तयार गरी शिक्षण सिकाइ गर्न आवश्यक छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको लागि भने परम्परागत कक्षाकोठाले सिकाइ क्रियाकलाप हुन नसकिने भएकाले बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको लागि प्रयोग हुने कक्षाकोठा कस्तो हुनुपर्छ भन्ने कुरालाई तल सुनिश्चित गरिएको छ :

२.२. कक्षाकोठाको छनोट

आफ्नो विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिद्वारा कक्षा सञ्चालन गर्न परम्परागत शिक्षण सिकाइभन्दा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिबाट कक्षा सञ्चालनका लागि कक्षाकोठा छनोट गर्दा केही कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । त्यसैले तलका कुरामा विचार गरी कक्षाकोठा छनोट कार्य गर्नुहोस् :

१. विद्यालयमा भएको कक्षाकोठाहरूको अवस्था अध्ययन गर्नुहोस ।

२. विद्यालयमा भएका कक्षाकोठाहरूमध्ये सबैभन्दा ठुलो, फराकिलो, उज्यालो र सुरक्षित कोठालाई बहुकक्षा बहुस्तर शिक्षण सिकाइ गर्नका लागि छनोट गर्नुहोस् ।

३. छनोट गरिएको कक्षाकोठामा कति जना विद्यार्थी अध्ययन गर्न सक्छन्, सो कुराको अनुमान गर्नुहोस् ।

४. छनोट गरिएको कक्षाकोठाको अवस्था कस्तो छ, जीर्ण छ कि, सामान्य मर्मतले पुग्छ, सो पनि विचार गर्नुहोस् ।

५. छनोट गरिएको कक्षाकोठा प्रति अन्य शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको धारणा के हुन सक्छ भनी सल्लाह गर्नुहोस् ।

६. सबै विद्यालय परिवारलाई उपयुक्त लागेको कक्षाकोठामा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ गराउँदा प्रभावकारी रूपमा सिकाइ हुन सक्ने हुनाले सो कक्षाकोठालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने योजना बनाउनुहोस् ।

सारांश : बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि सङ्कट व्यवस्थापन मात्रै नभएर स्तरीय शिक्षण सिकाइ प्रक्रिया वा pedagogical choice भएकाले स्तरीय र फराकिलो कोठा छनोट गरी पूर्वाधार तयार गर्नु महत्त्वपूर्ण पक्ष हो ।

२.३. कक्षाकोठा संरचना

- बहुकक्षा बहुस्तर शिक्षण सिकाइका लागि छनोट गरिएको उपयुक्त कक्षाकोठाको अवस्था अध्ययन गर्नुहोस् ।
- कक्षाकोठा भित्रको अवस्था कस्तो छ : माटाले लिपिएको, सिमेन्टी प्लास्टर गरिएको, बाँसको कप्टेराले बारेको, जस्ताले बारेको भन्ने कुरा अवलोकन गरी पहिचान गर्नुहोस् ।
- यदि माटाले लिपिएको छ भने भुइँको सतहबाट ३ देखि ३.५ फिट जति सिमेन्ट प्लास्टर गर्ने वा अझै राम्ररी लिपपोत गर्ने योजना बनाउनुहोस् । प्लास्टर गर्दा भ्यालभन्दा मुनि वरिपरिको सबै भागमा कक्षाका हरेक विद्यार्थीहरूको लागि शैक्षणिक पाटी हुने गरी प्लास्टरमा पनिङसमेत गर्नुहोस् । यदि सिमेन्ट प्लास्टर गर्न मिल्ने अवस्था भएन भने प्लाइउडलाई भित्तामा काँटी ठोकेर मिलाउन पनि सकिन्छ ।
- सिमेन्ट प्लास्टर गरेको भए त झन् राम्रै भयो । यदि बाँसको बार वा जस्ताको बार भए ३-३.५ फिट जति ढुङ्गा वा इँटाको पर्खाल (गारो) लगाएर सिमेन्ट प्लास्टर गर्ने योजना बनाउनुहोस् ।
- कक्षाकोठाको भुइँको अवस्था अध्ययन गर्नुहोस । कक्षाकोठामा भुइँमा धुलो उड्ने, चिसो आउने, कक्षाकोठाभित्र मुसो आउने प्वालहरू भएको अवस्था भए त्यस्ता समस्यालाई कसरी नियन्त्रण गर्न सकिन्छ योजना बनाउनुहोस् ।
- यदि कक्षाकोठाको भुइँमा वर्षायाममा पानीको चिसो आउने सम्भावना बढी भए सो देखि बढी सचेत हुनुहोस् ।
- कक्षा कोठाभित्र रङरोगन गरी सुन्दर बनाउनुहोस् । कक्षाकोठाभित्र कुन रङ लगाउँदा कोठालाई सुहाउँछ, कोठा चम्किलो बन्दछ भन्ने कुरामा पनि ध्यान पुऱ्याउनुहोस् ।
- विद्यार्थीको शिक्षण सिकाइ सामग्रीलाई व्यवस्थापन गर्न ऱ्याकको व्यवस्थापन गर्नुपर्ने हुन्छ । सो ऱ्याक राख्ने ठाउँलाई पनि छनोट गर्नुहोस् ।
- कक्षाकोठालाई आकर्षक बनाउन के के गर्न सकिन्छ, शिक्षकहरूबाट सुझाव सङ्कलन गर्नुहोस ।

Classroom structure of MGML

सारांश : बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा विद्यार्थीहरूले खेलहरूको माध्यमबाट सिकाइ गर्ने भएको हुँदा कक्षाकोठाभित्र पर्याप्त खाली ठाउँ हुन आवश्यक छ । विद्यार्थीहरूलाई रमाइलो लाग्ने बालस्तरका अध्ययन सामग्रीहरू व्यवस्थापन गराउने, विद्यार्थीको बसाइ भुइँमा हुने भएकाले भुइँमा चिसो नआउने गरी फल्याक बिछ्याएर फ्लोरिङ गर्ने, कार्पेटिङ गर्ने जस्ता कार्यमा विशेष ध्यान पुऱ्याउनुपर्छ । कक्षाकोठालाई आकर्षक वातावरण तयार गरी बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिलाई प्रयोगमा ल्याउनुपर्छ ।

२.४. फर्निचर

गुणस्तरीय शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नका लागि कक्षाकोठामा प्रयागे गरिने फर्निचरले महत्त्वपूर्ण भूमिका खेल्छ। सामान्यतया बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिअनुसार कक्षा सञ्चालन गर्ने कक्षाकोठामा प्रयोग गरिने फर्निचर र ती फर्निचरका आकार प्रकारका सन्दर्भमा यहाँ चर्चा गरिएको छ :

(क) च्याक निर्माण

१. बहुकक्षा बहुस्तर शिक्षण सिकाइका लागि कक्षाकोठा व्यवस्थापनअन्तर्गत सामग्री व्यवस्थापन गर्ने च्याकको निर्माण गर्ने तयारीमा हुनुहुन्छ भने तपाईंले छनोट गर्नुभएको कक्षाकोठाको लम्बाइ र चौडाइ कति छ, नाप लिनुहोस् र आफ्नो योजना पुस्तकमा टिपोट गर्नुहोस्।

२. सामग्री व्यवस्थापन गर्ने च्याकलाई कक्षाकोठाको चौडाइतर्फको भागलाई छनोट गर्नुहोस।

३. विद्यालयको परिवेशअनुसार विभिन्न तरिकाले च्याक बनाउन सकिन्छ, जस्तै : प्लाइउडद्वारा, फल्याकद्वारा, सिमेन्ट ढलान गरेर तयार गर्न सकिन्छ।

४. यदि कक्षाकोठा फराकिलो अवस्था भएमा मात्र सिमेन्ट ढलान गरेको प्रभावकारी हुन्छ नत्र भने प्लाइउड र फल्याकको च्याक उत्तम हुन्छ।

५. च्याकको आकार र प्रकार यस्तै बनाउनुपर्छ भन्ने नभएतापनि सामान्यतया च्याकमा धेरै किट बक्स अटाउने गरी निर्माण गर्नुपर्छ। च्याकको माथिल्लो भागको कोठामा अभिलेख फाइल ठड्याएर राख्न मिल्ने गरी बनाउनुहोस्।

६. च्याकको लम्बाइतर्फ कक्षाकोठाको चौडाइको भाग जति छ त्यत्ति सबैलाई लिनुहोस्। च्याकको चौडाइ एक फुट वा १० इञ्चबाट नघटाउनुहोस्। उचाइतर्फ ५ फिट राख्ने। ५ फिटभन्दा अग्लो च्याकमा भएमा सामग्री राख्न र झिक्न अप्ठ्यारो हुन्छ।

७. च्याक भित्रको पार्टीसन धेरै बाक्लो दिनुपर्दैन किनकि धेरै पार्टीसन हुँदा च्याकको कोठा सानो हुन सक्छ।

८. लगभग १०० ओटा कोठा भएको च्याक बनाउनुहोस, जसले गर्दा शिक्षकहरूलाई सामग्री व्यवस्थापन गर्न सजिलो हुन्छ।

९. कक्षाकोठामा च्याक राख्दा नहल्लने, नढल्ने गरी मजबुत तरिकाले भित्तामा टाँस्नुपर्छ ताकि कक्षा सञ्चालन प्रक्रियामा च्याक ढलेर दुर्घटना नहोस्।

१०. च्याकको मोडल चित्रबाट पनि देख्न सकिन्छ।



(ख) टेबुल निर्माण

१. सामान्यतया बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि अनुकूलको कक्षाकोठामा विद्यार्थीहरूका लागि चारओटाको टेबुलको आवश्यकता पर्छ । बस्नका लागि कार्पेटिङ वा चकटीको व्यवस्था हुन्छ । अरू सामग्रीहरू व्यवस्थापन गर्नका लागि च्याक आदि हुन्छन् । ती टेबुलको आकार प्रकारलाई यहाँ देखाइएको छ :

२. टेबुलको आकार, जस्तै : टेबुलको लम्बाइ- ३.५ फिट, टेबुलको चौडाइ - ३.५ फिट, उचाइ- १ इञ्च

३. टेबुललाई चारकुने वा गोलो र आफ्नो कक्षाकोठामा सहज र सुन्दर हुने किसिमले निर्माण गर्नुहोस । तर चारकुने बनाउनुभयो भने टेबुलको चार कुनालाई केही मोडिएमा अति उत्तम र सुरक्षित हुन्छ ।

४. टेबुलको माथिल्लो भागमा रातो, निलो, हरियो र सुन्तला रङको प्लाई/सनमाइका हाल्नुहोस् । जसले गर्दा कक्षाकोठामा गतिशील समूहमा बसाइ व्यवस्थापन मिलाउन सहज हुन्छ । यहाँ रातो भन्नाले पूर्ण शिक्षक सहयोग समूह, निलोले आंशिक शिक्षक सहयोग समूह, हरियोले सहपाठी सहयोग समूह र सुन्तला रङले स्वयम् सिकाइ समूहलाई जनाउँदछ ।

(ग) बसाइ व्यवस्था

१. विद्यार्थीहरूको बसाइ व्यवस्थापनले गुणस्तरीय शिक्षण सिकाइमा प्रभाव पारिरहेको हुन्छ । परम्परागत शिक्षण सिकाइ पद्धति र बहुकक्षा बहुस्तर शिक्षण विधिअनुसार कक्षाकोठामा बसाइ प्रक्रिया धेरै अन्तर पाइन्छ । परम्परागत शिक्षण सिकाइ पद्धतिमा एक जना शिक्षकले एकओटा कक्षाका विद्यार्थीहरूलाई दिनभरि बेन्चमा एकै ठाउँ राखेर शिक्षक केन्द्रित विधिको प्रयोग गरी शिक्षण प्रक्रिया सञ्चालन हुने कुरा हामी सबैलाई थाहा छँदैछ तर बहुकक्षा बहुस्तर विधिमा भने फरक तरिकाले बसाइलाई व्यवस्थित गरिन्छ ।

२. यस विधिमा विद्यार्थीहरूको बसाइ कार्पेटिङ गरिएको भुइँको बसाइ हुने हुँदा तपाईंको विद्यालयमा कक्षाकोठाको अवस्था के छ ? यदि धुलो उड्ने वातावरण भएमा कोठाको भुइँलाई समय समयमा लिपपोत गर्ने वातावरण बनाउनुहोस् । यदि सिमेन्ट लगाएको ढलान गरेको अवस्था छ भने भुइँलाई फ्लोरिङ अर्थात् काठ, फल्याक वा प्लाइलाई बिच्छ्याएर धुलो र चिसो माथि नआउने वातावरण तयार गर्नुहोस् जसले गर्दा शिक्षक र विद्यार्थी दुवै बिरामी नपरुन् ।

३. फ्लोरिङ माथि कार्पेट वा गुन्द्रीको व्यवस्था मिलाउनुहोस् र भूइँ बसाइलाई व्यवस्थित बनाउनुहोस् ।

४. विद्यार्थीहरूको सिकाइ गतिशील समूहमा हुने हुनाले अरू कक्षाको जस्तो बेन्च टेबुलको व्यवस्था नगर्नुहोस् ।

५. कक्षाकोठामा विद्यार्थीको बसाइ कस्तो हुन्छ भन्ने कुरा प्रस्तुत चित्रबाट पनि प्रस्ट हुन्छ ।

६. परम्परागत शिक्षण सिकाइ भन्दा बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा शिक्षकको पढाउने शैलीमा पनि फरक हुन्छ ।

(घ) ट्रे वा किट बक्सको निर्माण तथा प्रयोग

१. विभिन्न तरिकाले कक्षाकोठामा किट बक्स व्यवस्थापन व्यवस्थित गर्न सकिन्छ, जस्तै:

(क) बाक्लो कागज (कुट) बाट आफैँले निर्माण गरेर

(ख) प्लाइउडबाट फर्निचर निर्माण गर्न लगाएर ।

(ग) प्लास्टिकका ट्रेहरू बजारबाट खरिद गरेर

२. तपाईंको आफ्नो विद्यालयको परिवेशमा किट बक्स निर्माण गर्ने सिप दक्षता आफूसँग भए जुनसुकै प्रकारको किट बक्सलाई प्रयोगमा ल्याउन सक्नुहुन्छ ।

३. लगभग १०० ओटा बक्स भयो एउटा कक्षाकोठामा प्रयाप्त हुने छ ।

४. किट बक्स आफैँ निर्माण गर्न सक्नुहुन्छ वा फर्निचरमा निर्माण गराउन सक्नुहुन्छ वा बजारमा खरिद गर्न सक्नुहुन्छ ।

५. यदि आफैँले बनाउन सकिन्छ जस्तो लाग्छ भने सबै मिलेर बनाउनुहोस् ।

६. किट बक्सको नमुना यहाँ दिइएको छ, जस्तै : किट बक्सको लम्बाइ ३० से.मि., चौडाइ १० से.मि. र उचाइ १० से.मि.

७. आफैँ किट बक्स बनाउनुहुन्छ भने तल दिइएको तरिकालाई पछ्याउनुहोस् :

- बाक्लो कागज कुटलाई ३० से.मि. लम्बाइ र १० से.मि. को चौडाइमा ३ ओटा कटिङ गर्नुहोस् ।
- १० से.मि. लम्बाइ र १० से.मि. चौडाइको कुट २ ओटा कटिङ गर्नुहोस् ।
- नेपाली कागज (बाक्लो खालका) एक ताव टेबुलमा राख्नुहोस् ।
- अब किट बक्सको निर्माण गर्न सुरु गर्नुहोस् ।
- काटिएको ३० से.मि.को कुटलाई एकातर्फ फेबिकोल लगाएर नेपाली कागजमा टाँस्नुहोस् ।
- माथि चित्रमा जस्तै गरी टाँस्नुहोस् र कटिङ गर्ने भागमा कैँचीले कटिङ गर्नुहोस ।
- नेपाली कागजमा टाँसिएको कुटलाई अर्को नेपाली कागजको तावमाथि कुटमा फेबिकोल लगाएर घोप्टो पारी टाँस्नुहोस् ।
- अब बिच्छ्याइएको नेपाली कागजलाई चित्रमा देखाइएको डट्लाइनमा कटिङ गर्नुहोस् ।



- अब चित्रमा दिइएको AB, EF, GH, CD लाई माथितिर उठाउनुहोस् र नेपाली कागजमा फेबिकोल लगाएर कागजलाई मोडिएर टाँस्नुहोस् ।
- CD लाई पनि उठाएर EF / GH सँग नेपाली कागजमा फेबिकोल लगाएर टाँस्नुहोस् ।
- लगभग एक दिन घाममा सुक्न दिनुहोस् । अब शिक्षण सिकाइ क्रियाकलाप सामग्री व्यवस्थापन गर्न किट बक्स तयार भयो ।

- MGML सामग्री व्यवस्थापनका लागि किट बक्स आफैँ निर्माण गर्न सकिन्छ तापनि प्लास्टिकको ट्रे पनि बजारमा खरिद गरेर पनि व्यवस्थापन गर्न सकिन्छ । प्लास्टिकको ट्रे खरिद गर्ने हो भने A4 पेपर अट्ने आकारको १०० ओटा फरक फरक ४ रङको फरक फरक ४ रङको खरिद गर्नुहोस् ।
- किट बक्सको सट्टामा प्लास्टिक ट्रे प्रयोग गर्न सकिन्छ, जुन बजारमा किन्न पाइन्छ । यसको नमुना चित्रमा दिइएको छ ।
- प्लास्टिक ट्रेको व्यवस्थापन गर्दा कम्तीमा १०० ओटा ट्रेहरू विषयगत रूपमा फरक फरक रङको भएमा बढी प्रभावकारी हुन्छ, जस्तै : नेपाली विषय रातो २८ ओटा, अङ्ग्रेजी विषय निलो ३१ ओटा, गणित विषय गाढा हरियो २७ ओटा र हाम्रो सेरोफेरो विषयका लागि आकाशे निलो १५ ओटा ।

- लास्टिक ट्रेको व्यवस्थापन विषय लोगो सङ्ख्याका आधारमा गर्नुपर्ने हुन्छ ।
- सर्वप्रथम विषयगत रूपमा प्रयोग गरिने लोगोहरू नेपाली विषयका लागि जनावरहरू, गणित विषयका लागि चराचुरुङ्गीहरू, अङ्ग्रेजी विषयका लागि फलफूलहरू र हाम्रो सेरोफेरो विषयका लागि किरा फट्याङ्ग्राको तस्बिरहरू/लोगोहरू (जुन विषयगत अनुसूचीमा राखिएको छ) फोटोकपी गर्नुहोस् र सो लोगोहरूलाई विषयगत रूपमा अलग अलग कटिङ गरी एउटा किट बक्स वा ट्रेमा एउटा लोगो टाँस्नुहोस् ।

- किट बक्स वा ट्रेमा जुन लोगो टाँसिएको छ सो ट्रे वा बक्समा कक्षा १ देखि ३ सम्मका सिकाइ कार्डहरू राख्नुहोस् । जस्तै : खरायो टाँसिएको बक्समा कक्षा १ देखि ३ सम्मका खरायो कार्डहरू राख्नुहोस् । एवम् क्रमले सिकाइ कार्डहरूलाई लोगोअनुसार ट्रे वा किट बक्समा व्यवस्थापन गर्नुहोस् ।

२.५. शैक्षणिक पाटी, प्रदर्शनीपाटी र ह्याङ्गिङको व्यवस्था

विद्यालय शिक्षा प्राप्त गर्ने स्थल हो । एउटा सफल विद्यालयको भौतिक संरचनाभित्र विद्यालयको समग्र वातावरण पर्छ । कक्षाकोठाको वातावरणलाई विशेष महत्त्वका साथ लिनुपर्छ । कक्षाकोठाभित्र हरेक विद्यार्थीहरूका लागि व्यवस्थित गरिएको शैक्षणिक पाटी सम्पूर्ण सिकाइ सामग्रीमध्येको एक महत्त्वपूर्ण सामग्रीका रूपमा लिइन्छ ।

(क) शैक्षणिक पाटी व्यवस्थापन

- तपाईं एक कुशल शिक्षकको हैसियतले आफ्नो विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ गर्दै हुनुहुन्छ । तपाईंले आफ्नो विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण पद्धतिबाट कक्षा सञ्चालन गर्न कक्षाकोठा व्यवस्थापन पनि स्तरीय तवरले

गर्दै हुनुहुन्छ । तसर्थ कक्षाकोठाको शैक्षणिक पाटीका सवालमा कसरी, कुन स्थानलाई चयन गर्ने विचार गर्नुभएको छ, आफ्नो विचारलाई योजना पुस्तकमा टिपोट गर्नुहोस् ।

- विद्यार्थीहरूका लागि शैक्षणिक पाटी व्यवस्थापन गर्नुभन्दा पहिले सो कक्षाकोठामा रहने विद्यार्थी सङ्ख्या कति छन् हाजिरकापीबाट आफ्नो योजना पुस्तकमा टिपोट गर्नुहोस् ।
- बहुकक्षा बहुस्तर शिक्षण सिकाइका लागि जुन कक्षाकोठा छनोट गर्नुभएको छ सो कोठाको भुइँको सतहबाट भ्यालको तलको भागमा सबै शैक्षणिक पाटी बनाउने योजना गर्नुहोस् ।
- उक्त छनोट गरेको ठाउँमा सिमेन्ट प्लास्टर गरी सिमेन्टले पनिङ गरी शैक्षणिक पाटी तयार गर्नुहोस् ।
- यदि सिमेन्टको बनाउन सम्भावना भएन भने प्लाइ राखेर भने पनि व्यवस्थापन गर्नुहोस् ।
- शैक्षणिक पाटी तयारीका लागि कालो रङ पेन्ट गर्नुहोस । पेन्ट गर्दा २ पटक गर्नुभयो भने शैक्षणिक पाटी चम्किलो हुने छ ।
- हरेक विद्यार्थीको लागि शैक्षणिक पाटी तयार गर्नुभन्दा पहिला भ्यालभन्दा तलको वरिपरिको भागको लम्बाइ कति फिट छ, नोट लिनुहोस् ।
- नापबाट प्राप्त फिटलाई विद्यार्थी सङ्ख्याले भाग गर्दा जति फिट आउँदछ, त्यति ठाउँ एक जनाका लागि शैक्षणिक पाटीको हुने छ, जस्तै : कक्षाकोठाको भित्ताको नापको लम्बाइ ४० फिट रहेछ । विद्यार्थी सङ्ख्या २० जना रहेछन् भने एउटा शैक्षणिक पाटी २ फिटको दरले हुने भयो ।
- हरेक २/२ फिटमा चकले सङ्केत गर्नुहोस् र इनामेलले उक्त ठाउँबाट ठाडो धर्का तानी २० ओटा शैक्षणिक पाटी तयार गर्नुहोस् ।
- शैक्षणिक पाटीको माथिल्लो भागमा विद्यार्थीको नाम क्रमशः लेखिदिनुहोस् । पाटीमा लेख्नका लागि रङ्गीन तथा Dustfree चकहरूको व्यवस्था गर्नुहोस् ।
- शैक्षणिक पाटीको नमुना चित्रबाट पनि प्रस्ट हुनुहुने छ :

खुस्बु मिया	सुन्दर श्रेष्ठ	पासाङ लामा	दिपक परियार	टाँसी शेर्पा

(ख) प्रदर्शनी बोर्ड



कक्षाकोठाभित्रको महत्त्वपूर्ण अर्को पक्ष हो, प्रदर्शनी पाटी । विद्यार्थीले सिर्जना गरेका तथा विद्यार्थीहरूलाई सिकाउन शिक्षक तथा विद्यार्थी निर्मित क्राफ्टहरूलाई देखाउन विषयगत रूपमा हुने गरी प्रदर्शनी पाटीको व्यवस्था मिलाउनुपर्छ । यो पाटीमा विषयगत सिकाइका क्राफ्ट सामग्री, मूल्याङ्कनका चार्टहरूसमेत प्रदर्शन गराइनुपर्छ । यसको आकार प्रकार भने कक्षाकोठाको आकारअनुसार र भित्ताअनुसार लम्बाइ ३.५ फिट र चौडाइ २.५ फिट सम्मको बनाउन सकिन्छ ।

सारांश : विद्यार्थीहरूले कापी, कलम, पेन्सिल आदि सामग्री सुरक्षित रूपले विद्यालयमा ल्याउन र घरमा पुऱ्याउन सक्दैन । कहिले विद्यार्थीले हराउने, कतै आमाबुबाले वास्ता नगर्ने वा कापी पेन्सिल भए नभएको ख्याल नगर्ने हुँदा सिकाइ क्रियाकलापमा विद्यार्थीलाई प्रत्यक्ष रूपमा सहभागी गराउन कठिनाइ भएको छ । तसर्थ यस समस्यालाई समाधान गर्नका लागि विद्यार्थीहरूका लागि व्यक्तिगत शैक्षणिक पाटी आवश्यक परेको हो । विद्यार्थीले आफ्नो शैक्षणिक पाटीमा लेखन अभ्यास गरेर शिक्षक तथा साथीहरूलाई देखाउन सक्ने छन् । यसले गर्दा विद्यार्थीहरूको लेखनमा सजिलैसँग सुधार आउँछ ।

कलिलो उमेरका विद्यार्थीहरूले हस्तलेखन सुरु गर्दा खस्रो सतहमा ठुला अक्षरबाट सुरुआत गर्दा हस्तलेखनबाट राम्रा, बान्की मिलेका अक्षरहरू लेख्न थाल्छन् । सानै उमेरदेखि सफा र बान्की मिलाएर अक्षरहरू लेख्ने बानी परेका व्यक्तिले पछिसम्म त्यस्तै बान्की मिलेका अक्षरहरू लेख्छन् । ती विद्यार्थीका सिर्जनाहरूलाई प्रदर्शन गर्ने स्थानका लागि प्रदर्शनी पाटीमा प्रदर्शन गर्ने व्यवस्था मिलाउनुपर्छ । विषयगत रूपमा हुने गरी प्रदर्शनी पाटीको व्यवस्थापन गर्नुपर्दछ । प्रदर्शनी पाटी व्यवस्थापन गर्दा कक्षाकोठाको कुन कुन भित्तामा राख्ने हो सोअनुसारको साइज हेरी निर्माण गर्न वा गराउन सकिन्छ भने निश्चित साइजहरुको रेमिडेड पाटीहरू पनि बजारमा खरिद गर्न सकिन्छ ।

(ग) ह्याङ्गिङको व्यवस्था

विद्यार्थीको सिकाइमा प्रत्यक्ष प्रभाव पार्न कक्षाकोठाको महत्त्वपूर्ण भूमिका हुन्छ । सो वातावरण निर्माण गर्न शिक्षकहरूको योगदान पनि अति महत्त्वपूर्ण हुन्छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिबाट कक्षा सञ्चालन गर्ने कक्षाकोठाको वातावरण सुन्दर र आकर्षक हुनुपर्छ । यसका लागि शिक्षकहरूले निम्नलिखित कार्य गरी कक्षाकोठामा ह्याङ्गिङको व्यवस्थापन गरी कक्षाकोठालाई सुन्दर बनाउन सक्नुहुन्छ :

- विद्यार्थीलाई कस्ता कस्ता खालका क्रियाकलापहरू गराएर उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्तुत गराउन सकिएला, विचार गर्नुहोस र टिपोट गर्नुहोस ।
- विद्यार्थीहरू कस्ता खालका चित्र, पोस्टर, पुतलीहरूद्वारा खुसी हुन्छन, विचार गर्नुहोस ।
- हाम्रो पाठ्यक्रमले तोकेको शिक्षण सिकाइ पूरा गराउन कस्ता खालका सामग्रीहरू खाँचो पर्ला जस्ता लाग्छ ? तीमध्ये कागजबाट कुन कुन सामग्रीहरू तयार गर्न सकिएला, सो पनि नोट कापीमा टिपोट गर्ने गर्नुहोस् ।
- यसरी सामग्रीको छनोट गर्दा विषयगत रूपमा बाँडेर पनि छनोट गर्न सकिन्छ ।

खेल्ने कुरा	खानेकुरा/फलफूल	लगाउने कुरा	बोटबिरुवा	जनावर चराचुरुङ्गी
साइकल, बस, पुतली, घर आदि	अम्बा, नास्पाती, स्याउ, सुन्तला, भोगटे, आँप, केरा, मकैको घोगा आदि ।	सर्ट, पाइन्ट, टोपी, चोलो, फ्रक, जुत्ता, चप्पल आदि	पिपल, वर, केरा, आँप, नरिवल, लहरे आँप, काँक्रो आदि	गाई, भैँसी, घोडा, सर्प, परेवा, मयूर, डाँफे आदि

त्यो भन्दा पनि पहिले विद्यार्थीहरूलाई उनीहरूको नजिकमा कस्ता खालका सामग्रीहरू हुन्छन, तिनीहरूको खाका तयार गर्नुहोस् ।

- तपाईंले सङ्कलन गर्नुभएको अथवा खाकाभित्र आएका वस्तुहरूमध्ये तपाईं कुन कुन वस्तुको चित्र बनाउन सक्नुहुन्छ, सो छनोट गर्नुहोस् ।
- यो कार्य गर्दा भने आफ्नो विद्यालयका शिक्षक साथीहरू र विद्यार्थीको सहयोग लिनुभयो भने तपाईंलाई अझ मदत पुग्न सक्छ । तसर्थ यो कार्य गर्दा साथीहरूलाई पनि सहयोग लिनुहोस् ।
- तपाईंले चित्र बनाउन छनोट गर्नुभएअनुसार अब चित्र बनाउन कार्डबोर्ड पेन्सिल, इरेजर, मार्कर, रङ आदि सामग्रीहरू तयार गर्नुहोस ।
- हरेक चित्रको आकार प्रकार एकै नासको हुनुपर्छ, जसले कक्षाकोठालाई सुन्दर बनाउँछ ।
- चित्र बनाउनको लागि कार्डबोर्ड पेपरलाई A4 पेपरमा साइज बनाउनुहोस् ।
- आफूले बनाउन चाहेको चित्रलाई पेन्सिलले बनाउनुहोस् र मार्करले लेख्नुहोस् । चित्रको रेखाङ्कन गरेपछि सोही रेखाको छेउबाट कैँचीले काट्नुहोस् र चित्रको दुवैतर्फ रेखाङ्कन गर्नुहोस् ।
- यसरी चित्र बनाउँदा चित्रको दुवैपट्टि एकातर्फ नेपाली वर्णमा र अर्कोतर्फ अङ्ग्रेजी वर्णमा नाम लेख्न नभुल्नुहोस् ।
- चित्र तयार भएपछि रङ लगाउनुहोस् ।
- तपाईंले कक्षाकोठा भरी सजाउन चित्र त तयार गर्नुभयो अब यसलाई कसरी व्यवस्थापन गर्ने ? व्यवस्थापन गर्दा सुरक्षित पनि हुनुपर्‍यो । सुन्दर पनि हुनुपर्‍यो भनी विचार गर्नुहोस् ।
- कक्षाकोठाको सिलिङमा एक एक फुटको अन्तर हुने गरी ढलानको बेन्डिङ तार वा मोटो धागोले बाँध्नुहोस् । एकै

किसिमको वर्गाकार जाली जस्तो बनाउँनुहोस् । सोही वर्गाकार तार वा धागाको जालीमा आफूले तयार गर्नुभएको चित्रहरूलाई पञ्चिङ मेसिनले प्वाल पारी गलैँचाको धागो लगभग कक्षाकोठाको उचाइअनुसार वा शिक्षक उभिँदा टाउकामा नछुने गरी झुन्ड्याउनुहोस् । यसलाई तल चित्रमा पनि देखाइएको छ ।

- तपाईं कुनै कामको सिलसिलामा बाहिर जानुभयो । त्यहाँ तपाईंलाई अचम्म लाग्ने केही वस्तु पाउनुभयो भने सो सङ्कलन गर्ने गर्नुहोस् र सो वस्तुलाई ह्याङ्गिङमा झुन्ड्याएर देखाउने गर्नुहोस । यो अभ्यास विद्यार्थीलाई पनि गराउनुहोस् ।
- परम्परागत लोप हुन लागेका वस्तुहरूलाई पनि खोजी गरी ह्याङ्गिङमा देखाउने प्रयास गर्नुहोस् ।
- चराचुरुङ्गीहरूका गुणहरू पनि फरक किसिमका हुन्छन् । यदि यस्ता वस्तुहरू पनि खोजी गर्दा पाउनुभयो भने यी चिजले पनि कक्षाकोठालाई सिकाइमा जीवन्त बनाउन सक्छ । यस्ता वस्तुहरू पनि ह्याङ्गिङमा राख्न सक्नुहुन्छ ।
- यसरी गरिएको ह्याङ्गिङले विद्यार्थीमा खोजी गर्ने, वर्गीकरण गर्ने, टिपोट गर्ने आदि धेरै सिप विकास गराउन तपाईंलाई सजिलो हुन्छ ।



२.६. सिकाइ अभिलेख व्यवस्थापन

विद्यार्थीहरूको पठनपाठनको क्रममा उनीहरूको सिकाइ गतिलाई व्यवस्थित बनाउन अभिलेखीकरण कार्य अति महत्त्वपूर्ण छ । बालबालिकाको सिकाइसम्बन्धी लिखित अभिलेखले नै उनीहरूको प्राप्त गरेको उपलब्धि र उनीहरूको समस्या पत्ता लाग्न सक्छ । ती समस्याहरू पत्ता लगाउनका लागि विभिन्न उपायहरू अवलम्बन गर्न आवश्यक छ । ती उपाय पत्ता लगाउन विभिन्न अभिलेख तयार हुनुपर्छ । ती अभिलेखका साधनहरू कक्षा सञ्चालन हुनुभन्दा पहिले नै आफ्नो विद्यालयमा तयारी अवस्थामा राख्नुपर्छ । विद्यार्थीका सिकाइ अभिलेख राख्नका लागि तपसिल बमोजिमका सिकाइ मूल्याङ्कनका साधनहरुको व्यवस्थापन गर्नुपर्दछ :

(क) मेरो काम (Daily Mirror)

(ख) दैनिक सिकाइ अभिलेख (Daily Leraning Record)

(ग) न्यूनतम साझा सिकाइ दिन (Common Minimum Days) को फाराम

(घ) सिकाइ बारग्राफ (Learning Bargraph)

(ङ) सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम/पुस्तक

(च) विद्यार्थी प्रगति विवरण

उल्लिखित मूल्याङ्कनका साधनहरूको पूर्ण जानकारी मूल्याङ्कन खण्डमा दिइएको छ ।

२.७. पूर्व तयारी

(क) लोगो चिनारी

पूर्व तयारी क्रियाकलाप शब्द आफैँमा अथर्पूर्ण छ । यसले विद्यालयमा गरिने अधिकांश क्रियाकलापलाई समेटेको हुन्छ । यहाँ उल्लेख गरिएको पूर्वतयारी क्रियाकलापले विद्यार्थीको सिकाइसँग सम्बन्ध राखेको छ । धेरैजसो हाम्रो सिकाइको अभ्यास शिक्षक केन्द्रित र पाठ्यपुस्तकको पाठ सक्ने ढङ्गले मात्रै कक्षा सञ्चालन गर्ने संस्कार रहेको अवस्था छ । तर बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा परम्परागत अभ्यासले मात्र पुग्दैन । यहाँ पाठ्यपुस्तकको प्रयोग त्यति धेरै हुदैन । सिकाइ कार्ड (learning cards) को प्रयोग गरेर विद्यार्थीलाई सिकाइ उपलब्धि हासिल गराउनुपर्छ । त्यसैले यस पद्धतिमा तयार गरिएका सामग्रीहरू प्रयोग गर्न सक्षम हुन आवश्यक छ । विद्यार्थी पनि पाठ्यपुस्तक, कापी पेन्सिल कलमको संस्कारमा छन् । उनीहरूलाई पनि बहुकक्षा बहुस्तर शिक्षण सिकाइसम्बन्धीका सामग्रीमा अभ्यस्त गराउनुपर्छ । यसका लागि पनि विविध क्रियाकलाप सञ्चालन गर्नुपर्छ । घरको वातावरणबाट विद्यालयको वातावरणमा समायोजन हुन कठिन हुन्छ । कक्षाकोठामा नयाँ साथीसँग घुलमिल गर्न अपरिचित शिक्षकसँग बस्न मान्दैनन् । विद्यार्थीलाई विद्यालयमा खुसीसाथ आउन विभिन्न क्रियाकलापहरूको योजना तयार गरी सञ्चालन गर्नुपर्छ । विद्यार्थीलाई सिकाइका लागि मानसिक रूपमा तयारी गराउनका लागि लगभग २ देखि ४ हप्ता पूर्व तयारीमा समय लाग्न सक्छ । यस अवधिमा विद्यार्थीलाई लोगो पहिचान गराउने, सिकाइ कार्डमा भएको लोगो तथा लोगो नम्बर पहिचान गराउनुपर्छ । यसका अतिरिक्त लोगो हेरी समूहमा बस्ने, सिकाइ सामग्रीलाई ट्रे वा किट बक्समा व्यवस्थित गराउने अभ्यास गराउने आदि कार्य गराउनुपर्छ ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइका सामग्री र सामग्रीमा भएका लोगो पहिचान खेलको माध्यमबाट गराउनुहोस्, जस्तै :

- कक्षाकोठाको एक छेउमा विद्यार्थीलाई लहरमा राख्नुहोस् ।
- प्रत्येक टेबुलमा गतिशील समूह कार्ड राख्नुहोस् ।
- खेल सुरु गर्नुभन्दा पहिले विद्यार्थीलाई कुन कुन जनावर र चराहरू देखेका छौ, सोध्नुहोस् । विद्यार्थीले जानेका जनावर र चराचुरुङ्गीहरूको नाम भन्ने छन् ।
- अब विद्यार्थीलाई कुखरा कसरी कराउँछ भनेर सोधी एकै स्वरमा आवाज निकाल्न लगाउनुहोस् ।
- यसैगरी क्रमशः विभिन्न जनावरहरूको नाम शिक्षकले भन्ने र विद्यार्थीलाई आवाज निकाल्न लगाउनुहोस् ।
- यस क्रियाकलापले विद्यार्थीलाई खेल खेल्ने वातावरण सिर्जना हुन्छ ।
- विद्यार्थीहरूलाई ती जनावर र चराहरू कसरी कराउँदै हिँड्छन् भनी अभिनय गरेर देखाउनहोस् ।
- विद्यार्थीलाई फरक फरक लोगो भएका सिकाइ कार्ड वितरण गर्नुहोस् ।
- कार्डको बायाँ भागको माथिल्लो कुनामा रहेको लोगो पहिचान गराउनुहोस् । कसलाई कुन कुन लोगो परेको छ, सोध्नुहोस् ।
- लोगो पहिचान गर्न नसक्ने विद्यार्थीलाई लोगो पहिचान गर्न सहयोग गर्नुहोस् ।
- विद्यार्थीलाई पालैपालो गीतको माध्यमबाट लोगो बोलाउँदै समूह टेबुलमा बस्न सिकाउनुहोस् ।

जस्तै : आऊ साथी आऊ, हाँस जति आऊ, क्वाकँ क्वाँक गर्दै आऊ, हाँस लोगो खोजेर समूहमा जाऊ भन्दै समूह टेबुलमा भएको समूह कार्डमा हाँस लोगो हेरी समूहमा बस्न सिकाउनुहोस् । यसैगरी सबै जनावरको विशेषता गीतमा गाएर बोलाउँदै समूहमा बस्न सिकाउनुहोस् ।

- यसरी समूहमा बस्ने अभ्यास गराएपछि वा विद्यार्थीसँग भएको सिकाइ कार्डलाई ट्रे वा किट बक्समा आफ्नो लोगो हेरी राख्ने अभ्यास गराउनुहोस् ।

विद्यार्थीलाई पूर्व तयारी क्रियाकलाप गरेपछि मात्र औपचारिक रूपमा पढाइ लेखाइका लागि गतिशील समूहमा राख्नुपर्छ । माइलस्टोनमा सिकाइ स्तर पहिचान गरी सिकाइ गतिविधि सञ्चालन गर्नुपर्छ । प्रारम्भिक अवस्थामा विद्यार्थी एउटा वा दुईओटा समूहमा रहन्छन् भने सिकाइ गतिविधि सञ्चालन र विस्तार सँगै सबै समूहमा विद्यार्थीहरू बढ्दै जाने गर्छन् । जब कुनै समूहमा छ जनाभन्दा बढी विद्यार्थीहरू भए भने त्यस समूहको उपसमूह पनि निर्माण गर्न सकिन्छ । यसले गर्दा सिकाइ प्रक्रियामा शिक्षकद्वारा विद्यार्थीलाई सहायता पुग्छ ।

(ख) बिहानी बैठक

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि पूर्ण बालमैत्री सिकाइमा आधारित छ । यो विधिमा विद्यार्थीले गरेर सिक्ने सिक्ने अवसर छ । यसको लागि शिक्षकले हरेक विद्यार्थीले अवस्था पहिचान गर्न जरुरी छ । विद्यालयमा सिक्न आएका विद्यार्थीलाई सिकाइमा समान सहभागिता गराउनु, स्वावलम्बी बनाउनु, अनुशासित र संस्कारयुक्त बनाउन सफल विद्यालयको सूचक हो । तसर्थ यस कार्यलाई प्रभावकारी तरिकाले सञ्चालन गर्न केही सामग्रीहरूको व्ययवस्थापन गर्नुपर्छ । ती सामग्रीहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ

आवश्यक सामग्रीहरू :

कार्डबोर्ड पेपर, कैँची, गम, स्केल, पन्चिङ मेसिन, धागो, बाक्लो कागज (कुट) विद्यार्थी हाजिर कापी, मार्कर, साइन पेन बिहानी बैठक सञ्चालनका साधनहरू :

- शान्तिको कामना
- समाचार आदानप्रदान तालिका
- कार्य विभाजन तालिका
- मौसम तालिका
- विद्यार्थी उपस्थिति तालिका
- मिति तालिका
- जन्मदिनको तालिका
- कक्षाकोठाको नियम
- मेरो काम फाराम

माथिका सामग्रीहरू शैक्षिक सत्रको सुरुआतमा विद्यार्थीसँग बसेर तयार गर्नुपर्छ । कक्षा सञ्चालनको प्रारम्भिक चरणदेखि नै विद्यार्थीहरूलाई अभ्यास गराउँदै लैजानुपर्छ । बिहानी बैठक सञ्चालन गर्दा विद्यार्थीहरूसँगै बसेर सञ्चालन गर्नुपर्छ । बिहानी बैठक सञ्चालनपश्चात् विषयगत कक्षा सञ्चालन गर्नुपर्छ ।

(ग) समूह निर्माण तरिका

विद्यार्थीहरूलाई बहुकक्षा बहुस्तर शिक्षण सिकाइसम्बन्धी सामग्रीको परिचय दिनु आवश्यक छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ सामग्रीमा विषयगत फरक फरक प्रकारका लोगो प्रयोग गररे सामग्री विकास गाएिको छ । गणित विषयमा चराचुरुङ्गीको लोगो राखिएको छ । ती प्रयोग भएका लोगोको फरक फरक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा तयार भएका सामग्री मात्र प्रर्याप्त छैनन् । तयारी सामग्रीलाई सहयोग पुऱ्याउने थप केही सामग्री शिक्षकले तयार गरेर व्यवस्थापन गर्नुपर्छ । ती अतिरिक्त सामग्रीबिना सिकाइ क्रियाकलाप प्रभावकारी तरिकाले सञ्चालन गर्न सकिँदैन । तसर्थ सामग्री व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनुपर्छ ।

सामग्रीको प्रयोगबिना विद्यार्थीहरूको सिकाइ प्रभावकारी नहुने हुँदा ती सामग्रीको परिचयात्मक क्रियाकलाप गराउनुहोस् । सम्भावित क्रियाकलाप यहाँ प्रस्तुत छ :

● सर्वप्रथम सिकाइ कार्डमा भएको लोगो पहिचान गराउनुहोस् । लोगो पहिचान गराउँदा लोगो चिनिसकेका विद्यार्थीलाई

एकातर्फ राख्नुहोस् नयाँ विद्यार्थीलाई अर्कोतर्फ राख्नुहोस् । गणित विषयको लोगो चराचुरुङ्गी, नेपालीको जनावर, अङ्ग्रेजीको फलफूल तथा तरकारी, सामाजिकको किराफट्याङ्ग्रा र विज्ञानको उपकरण भएकाले विद्यार्थीले चिनेका लोगो र नयाँ लोगोहरू पहिचान गराउनुहोस् ।

- लोगो पहिचान गराउँदा लोगो चिनिसकेका विद्यार्थीलाई र लोगो चिन्न बाँकी विद्यार्थीहरूलाई एकै कार्ड दिनुहोस् । लोगो चिनिसकेका विद्यार्थीलाई अभिनय गर्न लगाई सिक्न बाँकी विद्यार्थीलाई देखाउनुहोस् । लोगो पहिचान गराउँदा गीतको माध्यमबाट प्रयोग गर्न सकिन्छ । कस्तो गीत बनाउने भन्ने चाहिँ शिक्षक आफैँले तयार गर्नुपर्छ, जस्तै : विद्यालय वातावरणसंग परिचित र नयाँ दुवै विद्यार्थीलाई काग लोगो पहिचान गराउँदा एक/एक जनालाई काग अङ्कित कार्ड दिनुहोस् । सब विद्यार्थीलाई गीत गाउनै लगाउनुहोस् ।

गीत : काग साथी काग साथी के छ खबर । काग काग कराउँदै गुडमा बस्ने गर ।

सबै साथीले भने पछि काग अङ्कित कार्ड लिने दुई जना विद्यार्थीलाई काग अङ्कित ट्रे वा किट बक्समा विद्यार्थीलाई कार्ड राख्न लगाउनुहोस् । एवम् प्रकारले रमाइलो वातावरण बनाएर किट बक्समा सामग्री राख्न सिकाउनुहोस् । विद्यार्थीले यस अवस्थामा यति कुरा जानुन् कि काग अङ्कित ट्रे वा किट बक्समा कार्ड अङ्कित बक्समा कागको सिकाइ कार्ड छ भन्ने कुरा ढुक्कसँग जानुन् । अब विद्यार्थीले ट्रे वा किट बक्समा अङ्कित लोगो अनुसार सामग्री छ भन्ने कुरा जानेपछि विद्यार्थीहरूलाई समूहमा बस्न सिकाउनुहोस् । समूहमा बस्न सिकाउँदा पनि रमाइलो वातावरण सिर्जना गर्नुहोस् । यसका लागि

- कक्षा कोठाको एकाछेउतर्फ विद्यार्थीहरूलाई लहरमा राख्नुहोस् ।
- ती लहरमा राखिएका विद्यार्थीहरूमध्ये विद्यालय वातावरणसंग परिचित र नयाँ दवै खालका विद्यार्थीलाई अगाडि राख्नुहोस् ।
- अब समूह कार्डलाई चारैओटा टेबुलमा राख्नुहोस् ।
- समूहमा बस्ने अभ्यास गराउँदा पनि गीतद्वारा नै गराउनुहोस्, जस्तै : जाऊ भाले जाऊ कराउँदै जाऊ "कुखुरी काँ" भाले कार्ड लिएर टेबुलमा आऊ "कुखुरी काँ"

यो गीत सबै विद्यार्थीलाई गाउन लगाउँदै नयाँ विद्यालय वातावरणसंग परिचित र नयाँ दवै खालका विद्यार्थीलाई ट्रे वा किट बक्समा भएको सामग्री निकालेर समूह टेबुल माथि भएको समूह कार्डमा आफ्नो लोगो खोजी बस्न सिकाउने गर्नुपर्छ ।

यस्तै प्रकारले विद्यार्थीहरूलाई बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियामा विषयगत लोगो पहिचान गराउनुपर्छ । यस्तै प्रकारले विद्यार्थीहरूलाई बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियामा विषयगत लोगो पहिचान गराउनुपर्छ । ट्रे वा किट बक्समा टाँसिएको लोगो पहिचान गरी सामग्री निकाल्ने, त्यसपछि आफ्नो सिकाइ कार्ड हेरेर समूह टेबुलमा बस्ने, त्यसपछि फेरि आफ्नो सिकाइ कार्डलाई सम्बन्धित ट्रे वा किट बक्समा राख्ने क्रियाकलाप पर्वूतयारी क्रियाकलापअर्न्तगत विद्यार्थीहरूलाई तयार गरिन्छ । सबै विषयमा यसरी तयारी गराउँदा विद्यार्थीलाई २ देखि ४ हप्तासम्म लाग्न सक्छ ।

(घ) विद्यार्थीको स्तर निर्धारण

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिअनुसारको कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन आदि कार्य सम्पन्न भएपछि विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नु आवश्यक छ । सिकाइ स्तर पहिचानबाट विद्यार्थीहरूको सिकाइ क्रियाकलाप अघि बढ्ने भएको हुँदा विद्यार्थीको स्तर निर्धारणका लागि निम्नलिखित पक्षमा केन्द्रित हुनुपर्छ :

- विद्यार्थीलाई समय समयमा परीक्षा लिनुको औचित्य के छ, विचार गर्नुहोस् ।
- विद्यार्थीबाट लिइएको प्रवेश परीक्षा/परीक्षाबाट शिक्षकलाई के फाइदा पुग्छ ?
- भर्खरै विद्यालयमा प्रवेश गरेका विद्यार्थीलाई प्रवेश परीक्षा लिनु आवश्यक छ वा छैन, विचार गर्नुहोस ।

- तपाईंको अनुभवमा विद्यालयमा भर्खरै भर्ना भएका विद्यार्थीको प्रवेश परीक्षा लिइएको थियो ?
- यदि परीक्षा लिइएको थिएन भने विद्यार्थीको सिकाइ स्तर कति छ भन्ने कुराको पहिचान कसरी गर्ने गर्नुहुन्थ्यो ?
- विद्यार्थीले सिकिसकेका कुरालाई फेरि सिकाउँदा परिणाम के आउन सक्छ, विचार गर्नुहोस् ।

माथिका बुँदाहरूमा भएका विषयवस्तुमा तपाईंले तयार गर्नुभएको आफ्नो विचारले विद्यार्थीको सिकाइ स्तर विकास गर्न गरिएका प्रयासहरू सान्दर्भिक देखिएको हुन सक्छ । विद्यार्थीको स्तर निर्धारण गर्नुपर्नाको विविध कारणमाथि छलफल गर्न आवश्यक छ । विद्यार्थीलाई सिकाइ सिँढीअनुसार क्रियाकलाप अगाडि बढाउन सिकाइ स्तरअनुरूप सिकाइ कार्ड दिनका लागि जुन निर्णय गरिन्छ, त्यो नै स्तर निर्धारण हो । स्तर निर्धारण गर्दा विद्यार्थीको स्तर, पूर्वज्ञान, बालमनोविज्ञान, सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक, भौगोलिक आदि पक्षमा सचेत हनुपर्छ ।

स्तर निर्धारण गर्दा कतिओटा माइलस्टोनको स्तर पहिचान गर्ने वा परीक्षण गर्ने हो पहिला यकिन गर्नुपर्छ । त्यसपछि परीक्षणको मास्टरकार्ड तयार गर्नुपर्छ । मास्टर कार्डका आधारमा विद्यार्थीलाई वर्ण पहिचान/ध्वनि पहिचान/चित्र पहिचान/श्रुतिलेखन/प्रश्नोत्तर/कुराकानी आदि क्रियाकलापबाट परीक्षण गर्नुपर्छ, जस्तै : श्रुतिलेखनका आधारमा परीक्षण गरिएको छ भने माइलस्टोन वा मास्टरकार्डको जुन शब्द/वाक्यको स्तरमा विद्यार्थीले श्रुतिलेखन गरेको छ सोही माइलस्टोनको सिकाइ सिँढीमा उक्त विद्यार्थीको स्तर रहेछ भनी पहिचान गर्नुपर्छ ।

(क) स्तर निर्धारणका केही अवस्थाहरू

- पहिलो पटक विद्यालयमा आएका नयाँ विद्यार्थी
- कक्षा छोडेर पुनः विद्यालय आएका विद्यार्थी
- बालविकासमा पढेर आएका विद्यार्थी
- कक्षा दोहोऱ्याएका विद्यार्थी
- कक्षा पार भएका विद्यार्थी
- नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थी
- शैक्षिक सत्रको बीचमा MGML कक्षा सञ्चालन गर्नुपरेमा

सारांश : बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमा विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नु शिक्षकको पहिलो कार्य हो । जबसम्म विद्यार्थीको सिकाइ स्तर पहिचान गरिँदैन तबसम्म विद्यार्थीको शिक्षण सिकाइ कार्य सुरुआत गर्न कठिन हुन्छ । हरेक विद्यार्थीको व्यक्तिगत सिकाइमा जोड दिएर क्रियाकलाप गराउनु बहुकक्षा बहुस्तर शिक्षण सिकाइको विशेषता हो । विद्यार्थी आफैंले गरेर सिक्ने हुँदा उसको सिकाइ स्तर पहिचान गरी सिकाइ सिँढीमा स्थापित गर्नुपर्छ । सोही सिँढीबाट विद्यार्थीको सिकाइ क्रियाकलाप अगाडि बढ्छ ।

(ख) स्तर निर्धारणका लागि शिक्षकले गर्नुपर्ने कार्यहरू

- विषयगत रुजुसूचीको माइलस्टोनमा उल्लेख गरेका सिकाइ उपलब्धिहरूलाई आधार बनाएर शिक्षकले प्रश्नपत्र निर्माण गर्नुपर्छ ।
- प्रश्नपत्र निर्माण गर्दा प्रत्येक माइलस्टोनका मूल्याङ्कन गर्ने सिकाइ कार्डहरूलाई आधार मानेर पनि मूल्याङ्कनका साधनहरू निर्माण गर्न सकिन्छ ।
- निर्माण गरिएको प्रश्नपत्रको आधारमा विद्यार्थीलाई क्रमिक रूपमा मौखिक तथा लिखित रूपमा प्रश्न सोध्न वा लेख्न लगाउनुपर्छ ।
- प्राप्त उत्तरहरूलाई आधार मानेर कुन कुन माइलस्टोनका प्रश्नको उत्तर मिलाए अनि कुन माइलस्टोनअर्न्तगतका प्रश्नको उत्तर मिलाउन वा गर्न सकेनन् भनी जाँच गर्नुपर्छ ।

माथिका तरिका कक्षा १ का लागि उदाहरण मात्र हुन् । कक्षा २ र ३ को लागि स्तर पहिचान गर्नुपर्दा रुजुसूचीको माइलस्टोनमा

निर्धारण गरिएको सिकाइ उपलब्धिका आधारमा सामग्री तयार गरी प्रयोग गर्नुपर्छ । विषयगत रूपमा स्तर निर्धारण गर्दा विषयगत माइलस्टोन र चेक लिस्टलाई पनि आधार लिनुपर्छ किनकि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा तयार भएका सामग्रीहरू र सिकाइ विधि माइलस्टोनगत रहेका छन् । यसैका आधारमा विद्यार्थीको स्तर निर्धारण गर्दा विद्यार्थीको स्तर कुन माइलस्टोनमा छ र अब कुन माइलस्टोनबाट सिकाइ सुरु गर्ने भन्ने यकिन गर्न सकिन्छ । अनि विद्यार्थीको सिकाइ सुरु हुन्छ । यसरी स्तर निर्धारण गर्दा हरेक विद्यार्थीको व्यक्तिगत रूपमा गर्नुपर्छ । यस बेला शिक्षकहरूलाई काम गर्न केही कठिन हुन पनि सक्छ । यस्तो अवस्थामा शिक्षकले आफूलाई चाहिने सहयोग विद्यालयबाट माग्नुपर्छ र आफ्नो कार्यसम्पादन गर्नुपर्छ । जुन दिन विद्यार्थीको सिकाइ स्तर परीक्षण हुन्छ सोही दिन विद्यार्थीलाई कनु माइलस्टोनबाट सुरु गर्ने भन्ने यकिन गरी दैनिक सिकाइ अभिलेख फाराममा उल्लेख गर्नुपर्छ र यसैअनुसार विद्यार्थीको कक्षा सुरु हुन्छ । यसरी सिकाइ सुरु गर्नाले विद्यार्थीको सिकाइ ग्रहण गर्ने क्षमता पहिचान हुन्छ र सिकाइमा दिगोपना आउँछ । विद्यार्थी स्तर निर्धारणका लागि कक्षागत रूपमा नमुना प्रश्नपत्रहरू विषयगत अनुसूची राखिएको छ । शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीहरूमा सिकाइ उपलविध हासिल भए नभएको नाप्ने साधन नै मूल्याङ्कनका सामग्री हुन् । यदि मापन गर्ने सामग्रीहरूको सही प्रयोग हुन सकेमात्र त्यसको सही नतिजा आउन सक्छ । नत्र भने सिकाइ एकातिर, प्रक्रिया अर्कोतिर, कामको बोझ आदि इत्यादि हुन सक्छ । विद्यार्थीहरूको सिकाइ र मूल्याङ्नका सँगसगैँ आउने कुरा हुन् । सिकाइभित्र विद्यार्थीहरूले सिकेको समयदेखि सिकाइमा देखाएका सक्रियता र सिकाइबाट प्राप्त नतिजाका आधारमा मूल्याङ्नका साधनमा अभिलेखीकरण गर्नुपर्छ ।

(ङ) पाठ्यक्रमको संरचना

आधारभूत शिक्षा पाठ्यक्रम कक्षा १–३ (२०७६) र कक्षा ४-५ (२०७८) को आधारमा विषयगत कक्षा सञ्चालनका लागि समय निर्धारण गरिएको छ । पाठ्यक्रममा निर्धारण गरिएको साप्ताहिक पाठ्यघण्टा यस प्रकारका छन् :

क्र.स.	विषय	कक्षा १-३		कक्षा ४-५	
		साप्ताहिक पाठ्यघण्टा	वार्षिक कार्यघण्टा	साप्ताहिक पाठ्यघण्टा	वार्षिक कार्यघण्टा
१	नेपाली	५	१६०	५	१६०
२	अङ्ग्रेजी	४	१२८	५	१६०
३	गणित	४	१२८	५	१६०
४	हाम्रो सेरोफेरो	८	२५६		
५	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा			५	१६०
६	विज्ञान तथा प्रविधि			५	१६०
७	स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला			३	९६
८	स्थानीय विषय/मातृभाषा	५	१६०	४	१२८
जम्मा		**२६**	**८३२**	**३२**	**१०२४**

(च) दैनिक कार्यतालिकाको नमुना (पाठ्यघण्टामा आधारीत)

उल्लिखित पाठ्यक्रमको संरचनाअनुसार बहुकक्षा बहुस्तर शिक्षणमा प्रभावकारी रूपमा कक्षा सञ्चालन गर्नका लागि पाठ्यघण्टामा आधारीत भएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । यसरी दैनिक रूपमा कक्षा सञ्चालन गर्नका लागि पाठ्यघण्टामा आधारीत दैनिक तालिकालाई नमुनाका रूपमा तल प्रस्तुत गरिएको छ :

दैनिक कार्यतालिका (Daily Routine) आधारभूत तह कक्षा १-३

Time	10:00-10:30	10:30-11:30	11:30-12:30	12:30-13:30	13:30-14:15	14:15-15:15	15:15-15:45	15:45-16:00
Sunday	Morning Meeting	Serofero	Nepali	Math	Break	English	Local Language/ Subject	Preparation
Monday	Morning Meeting	Serofero	Nepali	Math	Break	English	Local Language/ Subject	Preparation
Tuesday	Morning Meeting	Serofero	Nepali	Math	Break	English	Local Language/ Subject	Preparation
Wednesday	Morning Meeting	Serofero	Nepali	Math	Break	Local Language/ Subject	Local Language/ Subject	Preparation
Thursday	Morning Meeting	Serofero	Nepali	Local Language/ Subject	Break	Serofero PE	preparation Portfolio management	
Friday	Morning Meeting	Serofero	English	Local Language/ Subject	Break	Serofero Art	preparation Evaluation Tools Update	

दैनिक कार्यतालिका (Daily Routine) आधारभूत तह कक्षा ४-५

Time	10:00-10:30	10:30-11:30	11:30-12:30	12:30-13:30	13:30-14:00	14:00-15:00	15:00-16:00
Sunday	Morning Meeting - Social	Nepali	English	Math	Break	Science	Social
Monday	Morning Meeting - Local Subject	Nepali	English	Math	Break	Science	Social
Tuesday	Morning Meeting -Social	Nepali	English	Math	Break	Science	Social
Wednesday	Morning Meeting - Local Subject	Nepali	English	Math	Break	Science	Local Language/ Subject
Thursday	Morning Meeting - Social	Nepali	English	Math	Break	Science	Local Language/ Subject
Friday	Morning Meeting - Local Subject	Social	Health	Art	Break	PE	Local Language/ Subject

Subject: Nepali

Table of Contents

S.N.	Title	Page
३.१.	परिचय	३१
३.२.	एकीकृत सिद्धान्तमा आधारित नेपाली विषय कक्षा १-३ को पाठ्यक्रम, २०७६ को सान्दर्भिकता	३१
३.३.	क्षेत्रगत स्वरूपका आधारमा सक्षमता	३१
३.४.	विषयक्षेत्र तथा व्यवहारकुशल सिप	३२
३.५.	भाषिक सिप, तत्त्व तथा चरण	३२
३.६.	नेपाली विषयमा तयार भएका सामग्रीको परिचय, विशेषता र महत्त्व	३४
३.६.१.	रुजुसूची (Check List)	३४
३.६.२.	रुजुसूचीका विशेषता	३५
३.६.३.	सिकाइ सिँढी (Learning Ladder)	३५
३.६.४.	सिकाइ कार्ड (Learning Card)	३७
३.६.५.	गतिशील समूह (Dynamic Grouping)	३७
३.७.	माइलस्टोनमा प्रयोग भएका लोगोका सम्भावित क्रियाकलापको विवरण कक्षा १-३	३८
३.८.	माइलस्टोनमा प्रयोग भएका लोगोका क्रियाकलापका विवरण कक्षा ४ र ५	४२
३.९.	नेपाली विषयका शिक्षण सिकाइ सामग्री सेट विवरण	४२
३.१०.	किट बक्स वा ट्रेमा टाँस्नका लागि लोगोका चित्र	४३
३.११.	नेपाली विषयका सामग्री चिनारी प्रक्रिया	४५
३.१२.	विद्यार्थी सिकाइ स्तर निर्धारण	४६
३.१३.	स्तर निर्धारण गर्नुपर्ने अवस्था	४६
३.१४.	स्तर निर्धारण प्रक्रिया	४६
३.१५.	सिकाइ स्तर निर्धारण गर्दा शिक्षकले गर्नुपर्ने तयारी कार्य	४७
३.१६.	सिकाइ कार्डका लागि थप सामग्रीहरू व्यवस्थापन पक्ष	४७
३.१७.	नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिने केही शिक्षण विधि	४८
३.१८.	क्रमिक सिकाइ रणनीतिको उपयोग	५०
३.१९.	नेपाली विषयमा प्रयोग गरिएका लोगोअनुसारका क्रियाकलाप प्रक्रिया	५०
३.१९.१.	खरायो	५१
३.१९.२.	गोरु	५१
३.१९.३.	घोडा	५२
३.१९.४.	मुसो	५३
३.१९.५.	जिराफ	५३
३.१९.६.	त्रिभुज	५४
३.१९.७.	बाघ	५४
३.१९.८.	माछा	५५

३.१९.९. भालु ५५
३.१९.१०. दुम्सी ५७
३.१९.११. मलसाँप्रो ५८
३.१९.१२. गाई ५८
३.१९.१३. बिरालो ५९
३.१९.१४. भेडा ५९
३.१९.१५. लोखर्के ६०
३.१९.१६. पेन्सिल ६०
३.१९.१७. रङब्रस ६१
३.१९.१८. कलम ६१
३.१९.१९. गोही ६२
३.१९.२०. बाँदर ६२
३.१९.२१. कछुवा ६३
३.१९.२२. हात्ती ६३
३.१९.२३. हरिण ६४
३.१९.२४. उँट ६४
३.१९.२५. जेब्रा ६५
३.१९.२६. बाख्रो ६६
३.१९.२७. सिंह ६६
३.१९.२८. कुकुर ६६
३.२०. कक्षा ४ र ५ शिक्षण सिकाइ क्रियाकलापका क्षेत्र ६८
३.२०.१. पूर्व पठन ६८
३.२०.२. मूलपाठ ६८
३.२०.३. शब्दभण्डार ६८
३.२०.४. बोध र अभिव्यक्ति ६८
३.२०.५. भाषिक संरचना र वर्णविन्यास ६९
३.२०.६. सुनाइ पाठ र अभ्यास ६९
३.२०.७. सिर्जना र परियोजना कार्य ७०
३.२१. सिकाइ सहजीकरण प्रक्रिया ७०
३.२२. कक्षा ४ र ५ विधा तथा विषयवस्तुको क्षेत्र र कार्यघण्टा ७२
३.२३. माइलस्टोनमा प्रयोग भएका लोगो र माइलस्टोन विवरण ७२
३.२४. कक्षा ४ र ५ मा शिक्षण सिकाइ क्रियाकलापका क्षेत्रअन्तर्गत प्रयोग गरिएका लोगो विवरण ७२
३.२५. गतिशील समूहकार्ड र सिकाइ सिँढीको नमुना ७३

भाग - ३
नेपाली विषय

३.१. परिचय

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइ विधि हो । कक्षाकोठाभित्र बालमैत्रीपूर्ण वातावरण र गरेर सिक्ने सिद्धान्तमा यो विधि आधारित छ । यस विधिबाट शिक्षण सिकाइ गर्दा यसका सिद्धान्तअनुसारका शिक्षण सिकाइ सामग्री तयार भएका छन् । ती सामग्री प्रयोग गरी शिक्षण सिकाइ गर्न कक्षाकोठाको संरचनालाई पनि फरक तरिकाबाट व्यवस्थित गर्नुपर्छ । यस विधिअनुसार गरिएको कक्षाकोठा व्यवस्थापनले विद्यार्थी गतिशील समूहमा गुन्द्री, सुकुल वा कार्पेटमा बसेर सिक्ने अवसर प्राप्त गर्छन् । सिकाइका लागि अभावरहित कक्षाकोठा, विद्यार्थी निर्मित सामग्रीको प्रदर्शनी, सिकाइ सिँढी वा सिकाइका चरणअनुसार क्रियाकलाप, विद्यार्थीका व्यक्तिगत शैक्षणिक पाटी तथा कार्य सञ्चयिका फाइल यस पद्धतिका विशेषता हुन् ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिका सिकाइ सामग्री आधारभूत तह (कक्षा १-३) एकीकृत पाठ्यक्रम, २०७६ र आधार भूत पाठ्यक्रम २०७८ (कक्षा ४ र ५) मा आधारित भएर विकास गरिएका छन् । एकीकृत पाठ्यक्रमका सिद्धान्तमा आधारित भई विकसित सामग्री प्रयोग गरेर कक्षाकोठाभित्रको शिक्षण सिकाइ प्रक्रियामा सहज तरिकाले सुचारु गर्न तथा विद्यालय बाहिरबाट समेत हुने सिकाइलाई व्यवस्थित गर्न शिक्षकका लागि यो सहजीकरण सामग्री विकास गरिएको छ । यसमा नेपाली विषयको पाठ्यक्रमका सान्दर्भिक विषयवस्तु, पाठ्यक्रमको संरचना, व्यवहारकुशल सिप, भाषिक तत्त्वगत क्रियाकलाप, सिकाइ सिँढी, रुजुसूची, सिकाइ कार्ड तथा समूह कार्डका सन्दर्भमा आधारित भएर विषयवस्तु समेटिएका छन् ।

३.२. एकीकृत सिद्धान्तमा आधारित नेपाली विषय कक्षा १-३ को पाठ्यक्रम, २०७६ को सान्दर्भिकता

नेपाली भाषाको मौलिक मूल्यमान्यता, परम्परागत अभ्यास र भाषा सिकाइका प्रचलित नवीनतम अभ्यास समेतलाई नेपाली विषयको पाठ्यक्रमको मौजुदा स्वरूप निर्धारण गरिएको हो । यस क्रममा भाषिक साक्षरता सिपलाई केन्द्रित गरी नेपाली भाषा विषयका सक्षमता, सिकाइक्षेत्र र विषयवस्तु यकिन गरिएका हुन् । कक्षा ४ बाट कार्यान्वयनमा ल्याइएको विधागत संरचना र कक्षा १-३ मा रहने एकीकृत संरचनाको मौलिक सन्तुलित स्वरूप निर्धारण गरी भाषा सिकाइ क्षेत्रभित्र नेपाली विषयको क्रियाकलापलाई अनिवार्य सिकाइ क्षेत्र रूपमा व्यवस्थित गरिएको हो । यसको सैद्धान्तिक आधारका रूपमा बहुविषय समायोजन उपागममा आधारित पाठ्यक्रममा उस्तै वा साझा थिम राखी फरक फरक विषयको पहिचानसहितको पाठ्यक्रम विकाससम्बद्ध अनुसन्धानात्मक निष्कर्षलाई उपयोग गरिएको छ । यसर्थ नेपाली भाषासम्बद्ध क्रियाकलापलाई विषयगत पहिचानसहित सिकाइक्षेत्र निर्धारण गरिएको हो । सिकाइ क्षेत्रमा नेपालीलाई अनिवार्य विषयक्षेत्रमा समावेश गर्दा नेपाली सरकारी कामकाजको भाषा हुनु, नेपाली भाषाबाहेकका विभिन्न राष्ट्रभाषाका प्रयोक्ताबिचको साझा सम्पर्क भाषा अर्थात् माध्यम भाषा हुनु, विद्यालय तहको शिक्षाको प्रमुख माध्यम भाषा हुनुलगायतलाई पनि मुख्य आधार बनाइएको छ ।

३.३. क्षेत्रगत स्वरूपका आधारमा सक्षमता

एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार नेपाली विषयको पाठ्यक्रममा भाषिक ज्ञान एवम् सिप, ज्ञान र भाषिक सिकाइ प्रक्रिया, भाषिक ज्ञान र आचरण, भाषिक सिप तथा तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवन, अन्तरसम्बन्धित भाषिक सिकाइक्षेत्रलगायतको एकीकरणमा जोड दिइएको छ । यसका साथै सक्षमता एवम् सिकाइ उपलब्धिको निर्माण गर्दा विद्यार्थीको संज्ञानात्मक क्षमता, पठन कौशल, रचना कौशल र शब्दभण्डार अभिवृद्धि जस्ता पक्षमा जोड दिइएको छ । यसर्थ यसमा ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणलाई भाषिक तत्त्वभित्र समेटिएको छ । विश्वव्यापी रूपमा प्रारम्भिक कक्षामा भाषा सिकाइका लागि प्रभावकारी मानिएका ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह र बोधका अतिरिक्त नेपाली भाषाको मौलिक विशेषता (मात्रा तथा संयुक्त वर्णको प्रयोग) र बहुभाषिक अवस्थामा सिकाइ र मानक भाषाको प्रयोग (श्रव्यदृश्यबाट हुने स्व एवम् निरन्तर सिकाइ तथा विषयवस्तु वा सिपसँगै मानक व्याकरणको अभ्यासका कार्यमूलक अवध(ारणा) थप गरिएको हो । यसका साथै स्वाध्ययनको बानी विकास गरी स्यवम्प्रेरित सिकाइका निम्ति प्रोत्साहन गर्दै त्यसकै आधारमा व्यवहारकुशल सिपका आधारभूत पक्षलाई भाषिक सिपमा एकीकरण गरिएको छ ।

३.४. विषयक्षेत्र तथा व्यवहारकुशल सिप

(क) विवषयक्षेत्र

पाठ्यक्रम संरचनामा समावेश गरिएका भिन्न भिन्न विषयको माध्यमबाट प्रदान गरिने ज्ञान तथा सिपले सिकारुलाई फरक फरक विषयबिचको अन्तरसम्बन्ध पहिचान, सिर्जनशीलता विकास, सिकाइ उपलब्धिको प्रयोग, प्राकृतिक सिकाइ, अनुभवको उपयोग तथा सङ्गठित ज्ञान हासिल गर्नमा कठिनाइ आइपरेको देखिन्छ । यसर्थ सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयक्षेत्रलाई बृहत् पाठ्यक्रमका स्रोतबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी विषयक्षेत्र (Theme) निर्धारण गरिएको हो । यस क्रममा सिकाइलाई बृहत् विषयवस्तुमाथि केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयका सान्दर्भिक पक्षलाई एकै विषयक्षेत्रमा अर्थपूर्ण रूपमा संयोजन गरी नेपाली विषयको पाठ्यक्रमलाई विषयक्षेत्रमा आधारित बनाइएको हो । यस क्रममा विषयवस्तुको क्रमगत स्तरीकरण र सन्तुलनका लागि कक्षा १ मा निम्नानुसार विषयवस्तुको वितरण गरिएको छ :

(क) पहिलो विषयक्षेत्रमा लेखाइपूर्वको चरण (धर्का लेखन), दोस्रो विषयक्षेत्रबाट वर्णको सङ्केतन तथा विसङ्केतन तथा मात्रा पहिचान गर्ने कार्य सुरुआत, तेस्रो विषयक्षेत्रका विसङ्केतक शब्दका वर्ण जोड्ने तथा छुट्याउने क्रियाकलाप समावेश गरिएका छन् ।

(ख) चौथो विषयक्षेत्रबाट विसङ्केतक पाठ (शब्द तह), पाँचौँ विषयक्षेत्रबाट विसङ्केतक पाठ (वाक्य तह), छैटौँ विषयक्षेत्रबाट पठित बाह्रखरी प्रयोग गरी शब्द निर्माण, सातौँ विषयक्षेत्रबाट अनुच्छेद अनुलेखन, आठौँ विषयक्षेत्रबाट पदसङ्गतिसम्बद्ध क्रियाकलाप, नवौँ विषयक्षेत्रबाट पोस्टर वा पत्रपत्रिका पठनसम्बद्ध क्रियाकलाप राखिएका छन् ।

(ग) दसौँ विषयक्षेत्रबाट व्यञ्जन वर्णको सङ्केतन तथा विसङ्केतनमा पूर्णता र एघारौँ विषयक्षेत्रमा हलन्त व्यञ्जन वर्णको वर्णको सङ्केतन तथा विसङ्केतनमा पूर्णता दिइएको छ ।

उल्लिखित वितरण जस्तै गरी कक्षा २ मा शब्दको सुरुमा समान ध्वनि र समान संरचना भएका शब्द प्रयोग, सबै संरचना भएका परिचित शब्द प्रयोग, शब्दका सुरुका, मध्यका र अन्तका ध्वनि थपाइ र झिकाइ, हलन्त व्यञ्जन वर्णको प्रयोग, जोडेमोडेका वर्ण प्रयोग भएका शब्द, दुई ओटा शब्द जोडेर सिङ्गो शब्द निर्माण तथा प्रत्ययपरक ध्वनिको जोडाइ र छुट्याइ गरी विषयवस्तुको क्रमगत स्तरीकरणसँग थिमगत रूपमा वितरण गरिएको छ । यो क्रमलाई कक्षा ३ सम्म निरन्तरता दिइएको छ ।

(ख) व्यवहार कुशल सिप

विद्यालय शिक्षाको एउटा महत्त्वपूर्ण कार्य विद्यार्थीहरूमा व्यवहारकुशल सिपहरू (Soft skills) विकास गराउन सहयोग गर्नु हो । व्यवहारकुशल सिपहरू सबैलाई आवश्यक हुन्छन् । यी कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने गर्दछन् । यस्ता सिपहरू विशेषत: विद्यार्थीका दैनिक जीवनका वास्तविक समस्या समाधानमा सहायक हुन्छन् । त्यसैले व्यवहारकुशल सिपहरू कुनै निश्चित कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रसँग मात्र सम्बन्धित नभई विभिन्न कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रमा कार्यसम्पादनसँग सम्बन्धित हुन्छन् । व्यवहारकुशल सिपहरूलाई विभिन्न फरक फरक नामले पहिचान गर्ने गरिन्छ । जस्तै: यसलाई समतलीय, सामान्य, अन्तरसम्बन्धित, स्थानान्तरणीय, आधारभूत, व्यावहारिक, रोजगारीमूलक वा एक्काइसौँ शताब्दीका सिप नामले पनि चिनिन्छ ।

यस क्रममा प्रयोग, सिकाइ, सञ्चार, सहकार्य, दृश्य साक्षरता, स्वव्यवस्थापन, सूचना साक्षरता, रचनात्मक सोच, सहयोग तथा सहानुभूति, निर्णय तथा समस्या समाधान, बहुसांस्कृतिक साक्षरता र समय व्यवस्थापन जस्ता व्यवहारकुशल सिप आर्जन गर्न सक्ने गरी पाठ्यक्रमलाई व्यवस्थित गरिएको छ ।

३.४. भाषिक सिप, तत्त्व तथा चरण

शब्दमा रहने लघुतम एकाइ ध्वनि हो । ध्वनिलाई सङ्केतद्वारा पहिचान र प्रयोग गरिन्छ । ध्वनि र सङ्केतको मिलन हुनु भनेकै विसङ्केतन गर्नु हो । विसङ्केतनका क्रममा सबैभन्दा पहिले वर्णको ध्वनि र सङ्केतनपछि मात्रा, अक्षर संरचना, शब्द र वाक्यसम्म क्रमागत रूपमा स्तरीकरण गरिन्छ । सार्थक वर्ण समूहको विसङ्केतनले पूर्णता पाएपछि शब्दको आकृति निर्माण हुन्छ । शब्दको आकृति निर्माणका चरणमा समान एवम् भिन्न ध्वनि र अक्षरको पहिचान, उच्चारण, जोडाइ र छुट्याइलाई उपयोग गरिन्छ । वर्ण, अक्षर संरचना र त्यसको अर्थबोधसहितको विसङ्केतन कार्य पठन हो । पठनपछि हुने लिखित अभिव्यक्ति नै लेखाइ हो । सुनाइ र पढाइका क्रममा सिकेका व्याकरणगत कोटिका मानकलाई विद्यार्थीले बोलाइ र लेखाइका क्रममा अभ्यास गर्ने अवसर प्राप्त गर्छन् । उल्लिखित कारणले गर्दा भाषा सिकाइका क्रममा चारओटा भाषिक सिपभित्रै कार्यमूलक व्याकरणलाई समेट्ने गरिन्छ । यसर्थ सिकारुले भाषिक सञ्चार र अभिव्यक्तिका क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारओटै भाषिक सिप एकीकृत रूपमा अभ्यासमा आउँछन् ।

ध्वनिलाई चित्र वा सङ्केतमा उतार्ने काम अक्षर ध्वनिको अन्तरसम्बन्ध हो । यसलाई अक्षर चिनारी वा लेख्यवर्ण सचेतीकरण पनि भनिन्छ । लेख्यवर्ण सचेतीकरणको सार रूप वा आधारभूत कार्य लेखाइसँग मिल्छ । कुनै पनि वर्ण वा शब्दको चिनारीसहित उच्चारण अभ्यास गराउन सकेमा सिकारुको पठनप्रतिको पूर्वतयारी पुगी उसको पठन गति बढ्छ । उपयुक्त पठन प्रवाह भएका सिकारुले छिट्टै सिक्न सक्छन् । सिकाइ स्तर पुगेका सिकारुको शब्दभण्डारण र बोध क्षमता पनि बढी नै हुन्छ । यसले समग्र सिकाइको गुणस्तरीयतालाई सुनिश्चित गर्छ । यसर्थ नेपाली सिकाइ क्षेत्रमा आधारित भई एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका क्रममा भाषिक सिपलाई पठन तत्त्वका आधारमा विस्तृतीकरण गर्दै त्यसका कार्य तथा चरणलाई कक्षा १ देखि ३ सम्मका लागि निम्नानुसार व्यवस्थित गरिएको छ :

ध्वनि सचेतीकरण	लेख्यवर्ण सचेतीकरण	पठन प्रवाह
१. वाक्यमा प्रयोग शब्द र शब्दमा प्रयोग भएका ध्वनि पहिचान २. ध्वनि गणना ३. लय पहिचान ४. उस्तै सुनिने ध्वनि पहिचान ५. ध्वनि योग र वियोग ६. ध्वनि लोप ७. ध्वनि प्रतिस्थापन	१. ध्वनि र सङ्केतबिच तालमेल (Coding) २. वर्ण ढाँचाको अनुकरण वा अनुलेखन ३. सङ्केतअनुसार हिज्जे र हिज्जेअनुसार सङ्केत ४. आधार रेखा र निर्देशित रेखाङ्कन ५. वर्ण चिनारी र चित्र निर्माण ६. ध्वनि विसङ्केतन (Decoding) ७. अक्षर/वर्ण ध्वनि सम्बन्ध स्थापना (Encoding) ८. समान एवम् भिन्न ध्वनि र अक्षरको पहिचान, जोडाइ र छुट्याइ ९. हिज्जे	१. वर्ण र शब्दको विसङ्केतीकरणपूर्वक शुद्धसँग पढाइ २. गति वृद्धि ३. हिज्जेमा सुधार (स्वसच्याइसहित) पढाइ ४. चिह्नअनुसारको पढाइ ५. सहज र सस्वर पठन ६. लेखाइसहितको पढाइ

शब्दभण्डार	बोध	लेखाइ
१. चित्रबाट शब्द निर्माण २. शब्दबाट चित्र निर्माण ३. वस्तु र चित्रलाई समूहमा सूचीकरण (खानेकुरा, जनावर, लुगा कपडा, काम, संस्कृति, धर्म आदि) ४. शब्दको कठिनाइ स्तर पहिचान (प्रचलित, कम प्रचलित र जटिल) ५. शब्दको अर्थबोध र वाक्यमा प्रयोग ६. शब्दको सन्दर्भगत प्रयोग ७. शिष्टाचार र भाषिकागत शब्द पहिचान र प्रयोग ८. मूर्त र अमूर्त शब्द (भाव वाचक) पहिचान ९. बारम्बार दोहोरिने शब्द पहिचान र प्रयोग (विभक्ति, नामयोगी आदि) १०. रूपविन्यासका आधारमा शब्द निर्माण (प्रत्यय, उपसर्ग, सन्धि आदि) ११. उपयोग र अभ्यास गरिएका शब्दको भण्डार	१. मौखिक प्रस्तुतिको व्यवस्थापन २. अभ्यास, चित्र र वस्तुको भाषामा प्रस्तुति ३. गीत, कवितालगायतको लयबद्ध प्रस्तुति ४. अनुमान ५. विस्तार ६. घटना वर्णन ७. चरित्र चित्रण ८. भावबोध ९. संरचना पहिचान (आदि, मध्य, अन्त्य) १०. पूर्वज्ञान ११. सन्दर्भपरक अर्थ १२. प्रश्नोत्तर (मुख्य मुख्य तथ्य, तिथि मितिको बोध, प्रयोग विश्लेषण र उच्च दक्षता) १३. सारांश १४. प्रश्न निर्माण १५. परिवेश, घटना सुनी चित्र कोराइ १६. पाठका आधारमा धारणा निर्माण (Mental picture) र अभिव्यक्ति १७. अर्थ र भावबिच सम्बन्ध कायम र अर्थबोध	१. लेखाइपूर्वको क्रियाकलाप (ढाँचाको अनुकरण, निर्देशित रेखाङ्कन, रङ भराइ) २. हस्त लेखन (वर्णलेखन, अनुलेखन, श्रुतिलेखन, आलेखन, पुनर्लेखन) ३. रचना (निर्देशित, स्वतन्त्र, सिर्जनात्मक, व्यावहारिक लेखन) ४. हिज्जे (मात्रारहित र मात्रासहितका वर्ण, शब्द, वाक्य, अनुच्छेद) ५. लेख्य चिह्नको प्रयोग

३.६. नेपाली विषयमा तयार भएका सामग्रीको परिचय, विशेषता र महत्त्व

बहुकक्षा बहुस्तर शिक्षण सिकाइअनुसार विद्यार्थीको सिकाइ सहजीकरणका लागि विभिन्न सामग्रीको आवश्यकता पर्छ। राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको कक्षागत सक्षमता, सिकाइ उपलब्धि र कक्षाकोठाको आवश्यकताअनुसार विषयगत रूपमा सिकाइका लागि सामग्री विकास भएका छन्। नेपाली विषय बहुविषयक विषयक्षेत्रको स्वरूपमा विकसित गरिएकाले सामग्री विकासका क्रममा उक्त पक्षलाई विशेष रूपमा ख्याल गरिएको छ। ती सामग्रीले कक्षाकोठामा विद्यार्थीलाई गतिशील समूहमा सिकाइ गर्ने वातावरण सिर्जना गरेको हुन्छ। बहुकक्षा बहुस्तर शिक्षण सिकाइअनुसार कक्षाकोठामा विद्यार्थीले रुजुसूची, सिकाइ सिँढी, सिकाइ कार्ड, समूह कार्ड तथा विद्यार्थी कार्यपुस्तक प्रयोग गर्छन्। त्यसैगरी शिक्षकले पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोगमा जोड दिन्छन्। ती सामग्रीको परिचय निम्नानुसार रहेको छ :

३.६.१. रुजुसूची (Check List)

रुजुसूची शब्दको आफैँमा अर्थ प्रस्ट छ। कुनै पनि कामको योजना तयार गर्दा पनि रुजुसूची तयार गरिन्छ। रुजुसूचीमा के काम गर्ने, कति गर्ने, के के सामग्री प्रयोग गर्ने, ती सामग्री छन् वा छैनन् भनेर रुजु गर्दै अभिलेख राखिन्छ जसले गर्दा योजनाअनुसारको काम सहज तरिकाले सम्पन्न गर्न सकिन्छ। बहुकक्षा बहुस्तर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन रुजुसूची तयार गरिएको छ। नेपाली विषयमा रुजुसूचीभित्र एकीकृत सिद्धान्तमा आधारित नेपाली विषय कक्षा १-३ को पाठ्यक्रम, २०७६ ले निर्धारण गरेको विषयक्षेत्र, पाठ (माइलस्टोन) तथा पाठ शीर्षक राखिएका छन्। यस विषयको पाठ्यक्रमले चारओटा भाषिक सिपअन्तर्गत ध्वनि सचेतीकरण, श्रव्यृश्य बोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठन बोध, लेखाइ र कार्यमूलक व्याकरण गरी आठओटा भाषिक तत्त्वलाई समावेश गरेको छ। यस क्रममा सुनाइ र बोलाइ सिपअन्तर्गत ध्वनि सचेतीकरण र श्रव्यदृश्य बोध, पढाइ सिपअन्तर्गत पठन प्रवाह र पठन बोध, लेखाइअन्तर्गत लेख्यवर्ण सचेतीकरण र लेखाइलाई राखिएको छ। शब्दभण्डार र कार्यमूलक व्याकरणअन्तर्गत शब्दभण्डार र कार्यमूलक व्याकरणलाई समेटिएको छ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमा विषय पहिचानका लागि विभिन्न सङ्केत (लोगो) प्रयोग गरिएको छ। नेपाली विषयका सामग्रीमा जनावरका लोगो राखिएका छन्। ती लोगोलाई सिकाइ क्रियाकलापका आधारमा भाषिक सिप र भाषिक तत्त्वअनुसार मिलाइएको छ। कक्षा १ देखि ३ सम्म ध्वनि सचेतीकरण क्रियाकलापका लागि खरायो, गोरु, घोडा, मुसो, जिराफ र त्रिभूज लोगो राखिएका छन्। श्रव्यदृश्य बोध क्रियाकलापका लागि बाघ, माछा, भालु र पपेट लोगो छन्। पठन प्रवाहका लागि दुम्सी र मलसाँप्रो लोगो छन्। पठन बोधका लागि गाई, बिरालो, भेडा, लेख्यवर्ण सचेतीकरणका लागि लोखर्के, पेन्सिल, लेखाइका लागि रङब्रस, कलम र गोही शब्दभण्डारका लागि बाँदर, कछुवा, हात्ती, हरिण, उँट, कार्यमूलक व्याकरणका लागि जेब्रा र बाख्रो विषयको अन्त्यमा गरिने मूल्याङ्कनसम्बद्ध क्रियाकलापका लागि कुकुर लोगोले सङ्केत गरेको छ।

नेपाली विषयमा म र मेरो परिवार, मेरो दैनिक क्रियाकलाप, हाम्रो समुदाय, मेरो विद्यालय, हाम्रो वातावरण, हाम्रो सिर्जना, रुचि र बानी, हाम्रो संस्कृति, सञ्चार प्रविधि र बजार, हाम्रा क्रियाकलाप र हाम्रो वरपरको वातावरण गरी जम्मा ११ ओटा विषयक्षेत्र छन्। यसअन्तर्गत कक्षा १ मा ३० ओटा, कक्षा २ र ३ मा २३/२३ माइलस्टोन निर्धारण गरिएका छन्। कक्षा १ मा माइलस्टोन १ देखि ३ सम्म ध्वनि उच्चारण र पहिचान छ भने माइलस्टोन ४ देखि वर्णगत रूपमा स्वर वर्ण, मात्रा र व्यञ्जन वर्णका क्रममा माइलस्टोन तयार गरिएका छन्। हरेक माइलस्टोनमा राखिएका क्रियाकलापका आधारमा वार्षिक पाठ्यघण्टालाई सिकाइमा लाग्ने अनुमानित समय निर्धारण गरिएको छ। शिक्षकको सहजताका लागि विषयक्षेत्रअनुसार व्यवहारकुशल सिपलाई समेत रुजुसूचीमा उल्लेख गरिएको छ।

यसै गरी कक्षा ४ र ५ का माइलस्टोन विधागत रूपमा तयार गरिएको छ। कक्षा ४ मा नीतिपरक, गीति र प्रकृतिपरक गरी तीनओटा कविता, लोक कथा, पौराणिक कथा, बालमनोविज्ञानमा आधारित कथा र सामाजिक कथा दुईओटा गरी जम्मा पाँचओटा कथा, शिक्षामूलक, कृषि, र ऐतिहासिक/सांस्कृतिक गरी तीनओटा निबन्ध रहेका छन्। चिठी (घरायसी) संवाद (खेलकुद) जीवनी (राष्ट्रिय) नियात्रा जस्ता क्षेत्र र विषयवस्तुलाई माइलस्टोनमा समेटिएका छन्।

कक्षा ५ मा गीति/देशप्रेम, सामाजिक, प्रकृतिपरक, गरी तीनओटा कविता, ऐतिहासिक, बालमनोविज्ञान र सामाजिक दुईओटा गरी चारओटा कथा, सञ्चार, स्वास्थ्य गरी दुईओटा निबन्ध, व्यवहारिक लेखन (निवेदन), जीवनी (राष्ट्रिय), संवाद (कला संस्कृति), चिठी (घरायसी) संस्मरण, दैनिकी, जस्ता क्षेत्र र विषयवस्तुलाई माइलस्टोनमा समेटिएका छन्।

३.६.२. रुजुसूचीका विशेषता

- रुजुसूची तालिकामा तयार भएको हुन्छ ।
- यो कक्षागत र विषयगत रूपमा विकास भएका छन् ।
- यसमा विषयक्षेत्र, पाठ वा माइलस्टोन नम्बर र पाठ वा माइलस्टोनका शीर्षक राखिएका छन् ।
- भाषिक सिपअन्तर्गत भाषिक तत्त्वका सिकाइ क्रियाकलापका लागि विभिन्न जनावरका लोगो निर्धारण गरिएका छन् । ती लोगोले सिकाइ सिँढी, सिकाइ कार्ड र गतिशील समूह कार्डसँग सम्बन्ध राख्छन् ।
- लोगोका कोलममा नम्बर उल्लेख गरिएका छन् । ती नम्बरले सिकाइको तहलाई जनाउँछ । त्यस नम्बरले सिकाइ सिँढी, सिकाइ कार्डसँग सम्बन्ध राख्छ ।
- लोगोका कोलममा कतै खाली कोठा छन् भने त्यो माइलस्टोनमा क्रियाकलाप आवश्यकता नभएको बुझ्नुपर्छ । जुन माइलस्टोनमा जुन लोगोका नम्बर उल्लेख भएका छन् ती नम्बर भएका लोगोअनुसार सिकाइ क्रियाकलाप हुने छन् ।
- कुन माइलस्टोन के के विषयवस्तुमा आधारित भएर सिकाउने भन्ने जानकारीका लागि विषयक्षेत्रका सिकाइ उपलब्धिलाई समेत रुजुसूचीमा देखाइएको छ । यसका आधारमा विद्यार्थीको सहजीकरणमा सहजता ल्याउन शिक्षकलाई मदत गर्छ ।
- रुजुसूचीमा विषयक्षेत्रअनुसार व्यवहार कुशल सिप निर्धारण गरिएको छ । शिक्षण सिकाइको क्रममा ती सिपसँग आधारित भएर विद्यार्थीलाई सहजीकरण गर्नुपर्छ ।
- वार्षिक पाठ्यघण्टालाई माइलस्टोनमा भएका क्रियाकलापसँग सन्तुलन हुने गरी शिक्षण सिकाइमा लाग्ने समयसमेत रुजुसूचीमा निर्धारण गरिएको छ जसले गर्दा शिक्षकलाई शैक्षणिक योजना निर्माणका लागि सहज बनाउँछ ।
- बहुकक्षा बहुस्तर शिक्षण सिकाइ गर्ने शिक्षकलाई यसले कक्षागत विषयवस्तुका बारेमा जानकारी दिन मदत गर्छ ।
- यसले माइलस्टोनमा के के सिकाइ उपलब्धि छन् भन्ने जानकारी प्राप्त हुन्छ ।
- शिक्षण सिकाइका क्रममा कस्ता क्रियाकलापका लागि कति सामग्री छन् भन्ने जानकारी हुन्छ ।
- यसले शिक्षकलाई दैनिक तथा वार्षिक शैक्षणिक योजना तयार गर्न मदत गर्छ ।
- यसले शिक्षकलाई सहजीकरणका विषयवस्तु, सिकाइ सामग्री, पाठ्यघण्टा र सिकाइ उपलब्धिसँग सम्बन्धित सम्पूर्ण कुरा जानकारी दिन्छ ।
- रुजुसूची शिक्षकका लागि महत्त्वपूर्ण सामग्री हो ।

३.६.३. सिकाइ सिँढी (Learning Ladder)

सिकाइ सिँढी भन्नाले बहुकक्षा बहुस्तर शिक्षण सिकाइअनुसार कक्षाकोठामा विद्यार्थीले प्रयोग गर्ने सामग्री हो । यसमा सिकाइका माइलस्टोन निर्धारण गरिएका हुन्छन् । माइलस्टोनमा कुनपछि कुन कुरा सिक्ने भन्ने किटान गरिएको सिकाइका लागि मार्गदर्शन गर्ने सामग्री नै सिकाइ सिँढी हो । यसको सम्बन्ध रुजुसूची र सिकाइ कार्डसँग हुन्छ । रुजुसूचीमा भएका माइलस्टोन र ती माइलस्टोनमा भएका सिकाइ उपलब्धिलाई हासिल गराउन तयार गरेका सिकाइ सामग्रीलाई सिकाइ सिँढीमा लोगोको माध्यमबाट व्यवस्थित गरिएको हुन्छ । सिकाइ सिँढीमा जनावरका लोगो र लोगोसँगै अङ्क पनि राखिएको हुन्छ । उक्त अङ्कले विद्यार्थीको सिकाइ सामग्री (सिकाइ कार्ड) सँग सम्बन्ध राख्छ । ती अङ्कले सिकाइको तहलाई बझाउँछ । माइलस्टोनमा भएका क्रियाकलापलाई व्यवस्थित गराउन सिकाइका पाँचओटा चरणलाई आधार मानिएको छ । ती चरण क्रमशः परिचयात्मक, अभ्यासात्मक, मूल्याङ्कनात्मक, सुधारात्मक र सबलीकरणात्मक क्रियाकलाप हुन् । कक्षा १ नेपाली विषयमा ३० ओटा कक्षा २ मा २३ ओटा र कक्षा ३ मा २३ ओटा माइलस्टोन निर्धारण गरिएका छन् । ती सबै माइलस्टोनमा सिकाइका चरणलाई व्यवस्थित गरिएका छन् । सिकाइ सिँढी विद्यार्थीका लागि तयार गरिएको हुन्छ । विद्यार्थीका सिकाइसँगै सिकाइ सिँढीलाई पनि अभ्यस्त गराउनुपर्छ । विद्यार्थीले सिकाइ क्रियाकलाप गर्दा सिकाइ सिँढीमा हेरेर एक लोगोबाट अर्कोको क्रममा जानुपर्छ भन्ने कुरा जानकारी गराउनुपर्छ ।



माथि चित्रमा सिकाइ सिँढीको नमुना देखाइएको छ। यसलाई हेर्दा माइलस्टोन १ मा म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत ध्वनि पहिचान र उच्चारण शीर्षकमा क्रियाकलाप सञ्चालन हुने जनाउँछ। यस माइलस्टोनका क्रियाकलापपछि विद्यार्थीले आदर, नाता र शरीरका अङ्गका माध्यमबाट तोकिएको व्यवहारकुशल सिप हासिल गर्नका लागि पहिलो क्रियाकलाप के गर्ने भन्ने कुरा सिकाइ सिँढीमा उल्लेख गरिएको छ, जस्तै : सिकाइ सिँढीको माइलस्टोन १ मा भएको पहिलो क्रियाकलाप खरायो १ त्यसपछि बाघ १ त्यसपछि लोखर्के १ क्रियाकलाप गर्दै क्रमशः अगाडि बढ्नुपर्छ। सिकाइ सिँढीमा विद्यार्थीको सिकाइ जति माथि त्यति धेरै सिकाइ उपलब्धि पनि भएको हुन्छ।

शिक्षकले विद्यार्थीलाई सिकाइ स्तर कहाँ छ ? के कुरा सिक्ने वेला भएको छ ? भन्ने कुरा जानकारी दिनुपर्छ। विद्यार्थीलाई सिकाइ सिँढीद्वारा स्वमूल्याङ्कन गर्ने तरिका पनि सिकाउनुपर्छ। जसले गर्दा विद्यार्थीका सिकाइ क्रियाकलापमा सकारात्मक प्रतिस्पर्धा भइरहन्छ र सिकाइमा सक्रियता बढ्छ। विद्यार्थीलाई सम्पूर्ण माइलस्टोनका सिकाइ पूरा गरेपछि माथिल्लो कक्षामा जान सकिन्छ भन्ने भावना विकास गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी गराउनुपर्छ।

सिकाइ सिँढीका विशेषता

- सिकाइ सिँढीलाई सर्पाकार तालिकामा देखाइएको छ।
- सिकाइ माइलस्टोन तलबाट माथि बढ्दो क्रममा राखिएको छ।
- माइलस्टोनमा विषयक्षेत्र र माइलस्टोन शीर्षक उल्लेख गरिएको छ।
- शिक्षकले विद्यार्थीको सिकाइ क्रियाकलाप सिकाइ सिँढीका आधारमा सञ्चालन गर्नुपर्छ र विद्यार्थीलाई पनि सो कुराको जानकारी गराउनुपर्छ।
- पाठ्यक्रमका सिकाइ उपलब्धि पूरा गर्न क्रियाकलापका लोगो र लोगोका नम्बरलाई माइलस्टोनगत रूपमा क्रमबद्ध राखिएको छ। यसले विद्यार्थीलाई कुन क्रियाकलाप गर्ने भन्ने बोध हुन्छ।
- विद्यार्थीले कुन सिकाइ कार्डका क्रियाकलाप गरिरहेका छन्। कति क्रियाकलाप गर्न बाँकी छ भन्ने तथ्य शिक्षकलाई सिकाइ सिँढीबाट जानकारी प्राप्त हुन्छ।
- विद्यार्थीले आफ्नो र सहपाठी साथीको सिकाइ क्रियाकलाप सिकाइ सिँढी हेरेर जानकारी प्राप्त गर्न सक्ने भएकाले विद्यार्थी विद्यार्थीको सिकाइमा प्रतिस्पर्धा र सक्रियता वृद्धि हुन्छ।
- सिकाइ सिँढीबाट शिक्षकलाई छिटो सिक्ने र मन्द गतिमा सिक्ने विद्यार्थीको पहिचान हुने भएकाले सिकाइमा पछि परेका विद्यार्थीलाई सहयोग पुऱ्याउने योजना बनाउन सहज हुन्छ।
- नवप्रवेशी विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ क्रियाकलापमा सहभागी गराउन सिकाइ सिँढीबाट सहयोग पुग्छ।

सिकाइ सिँढीको महत्त्व

- सिकाइ सिँढीले कुल माइलस्टोन र जम्मा क्रियाकलापलाई चित्रण गर्छ।
- विद्यार्थीलाई आफूले गर्नुपर्ने कार्यका बारेमा बाटो देखाउँछ।
- विद्यार्थीलाई आफ्नो र सहपाठीको सिकाइ मूल्याङ्कन गर्न सहयोग गर्छ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिको सिद्धान्तलाई यसले अवलम्बन गर्न सहयोग गर्छ।
- शिक्षकलाई शैक्षणिक योजना तयार गर्न सहयोग पुग्छ।

३.६.४. सिकाइ कार्ड (Learning Card)

राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिलका लागि विद्यार्थीले दैनिक सिकाइ क्रियाकलाप गर्ने सामग्रीको रूपमा सिकाइ कार्डलाई लिइन्छ । सिकाइ कार्ड कक्षागत रूपमा विकास गरिएका हुन्छन् । यसको किनारामा भएका रङ, कार्डमा राखिएका लोगो तथा नम्बरका आआफ्नै विशेषता हुन्छन् । कार्डको किनारामा गुलाफी रङ भएको कक्षा १, हरियो कक्षा २ र पहेँलो रङले कक्षा ३ जनाउँछ । कार्डभित्र राखिएका विषयवस्तु पाठ्यक्रमले निर्धारण गरेको विषयक्षेत्रका आधारमा छन् । क्रियाकलापका प्रकृतिका आधारमा सिकाइकार्डमा फरक फरक लोगो निर्धारण गरिएको हुन्छ । नेपाली विषयमा कविता भएको कार्डका लागि खरायो, चित्र वर्णनका लागि बाघ, वाक्य निर्माणका लागि हात्ती लोगो राखिएको हुन्छ । ती लोगो क्रियाकलापका चरण र पठन तत्त्वका आधारमा सुनिश्चित गरिएको छ । यसमा प्रयोग भएका लोगो र नम्बरले सिकाइ सिँढीको माइलस्टोनसँग, समूह कार्डसँग सम्बन्ध राख्छ जसले गर्दा विद्यार्थीले गतिशील समूहमा सिकाइ गर्ने अवसर प्राप्त गर्छन् ।

सिकाइ कार्डका विशेषता

- कार्डको किनारामा कक्षागत रूपमा निर्धारण गरेअनुसारको रङ भरिएको हुन्छ, जस्तै : कक्षा १ गुलाफी, कक्षा २ हरियो, कक्षा ३ पहेँलो । विद्यार्थीले कार्डको किनारामा भएको रङ हेरेर कक्षागत सिकाइ कार्ड पत्ता लगाउँछन् ।
- कार्डको बायाँ माथि कुनामा लोगो र दायाँ माथिको कुनामा नम्बर राखिएको हुन्छ । कार्डको भित्री भागमा सिकाइका लागि पाठ्यक्रमले निर्धारण गरेका विषयक्षेत्रसँग सम्बन्धित पाठ, अभ्यास र पाठसँग सान्दर्भिक चित्र राखिएको हुन्छ ।
- कार्डमा भएका पाठ तथा अभ्यास परिचयात्मक, अभ्यासात्मक, मूल्याङ्कनात्मक, सुधारात्मक र सबलीकरणात्मक क्रियाकलापका चरणमा छन् ।
- सिकाइ कार्डमा भएका निर्देशन र साना बालबालिकाका लागिको लोगोले कार्य पुस्तकसँग सम्बन्ध राख्छ । कार्यपुस्तकको अभावमा पनि सिकाइ कार्डले विद्यार्थीको सिकाइलाई निरन्तरता दिने कार्य गर्छ ।

सिकाइ कार्डको महत्त्व

- सिकाइ कार्डमा माइलस्टोनअनुसारका विषयवस्तु हुने भएकाले विद्यार्थीका लागि महत्त्वपूर्ण सामग्री हो ।
- शिक्षण सिकाइका फरक फरक क्रियाकलापअनुसार सिकाइ कार्ड विकास गरिएकाले सिकाइ कार्डमा विद्यार्थीले रमाइलोसँग सिक्न मौका पाउँछन् ।
- सिकाइ कार्ड कक्षाकोठामा नै सुरक्षितसँग राखिने र विद्यार्थीले प्रयोग गर्ने वेलामा सजिलै प्राप्त गर्न सक्ने हुँदा शैक्षिक सत्रभरी सिकाइ हुने सबै विषयवस्तु सिक्ने अवसर प्राप्त गर्छन् ।
- सिकाइ सिँढीका आधारमा विद्यार्थीले सिकाइ कार्ड प्राप्त गर्ने भएकाले उनीहरूलाई नयाँ क्रियाकलापको अनुभूति हुन्छ ।
- माइलस्टोनमा राखिएका क्रियाकलापअनुसारका अलग अलग सिकाइ कार्ड भएकाले विद्यार्थीका सिकाइस्तरअनुसार व्यक्तिगत सिकाइ गराउन सिकाइ कार्डले भूमिका खेलेको हुन्छ ।

३.६.५. गतिशील समूह (Dynamic Grouping)

बहुकक्षा बहुस्तर शिक्षण समूहमा गरिने सिकाइ प्रक्रिया हो । विद्यार्थीको सिकाइ क्रियाकलाप गतिशील समूहमा सञ्चालन हुन्छ । सामूहिक छलफलबाट विषयवस्तुको विश्लेषण र स्वसिकाइ हुने भएकाले सिकाइमा प्रभावकारीता आउँछ । यस शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीका चारओटा गतिशील समूह हुन्छन् । ती समूहमा पूर्ण शिक्षक सहयोग समूह, आंशिक शिक्षक सहयोग समूह, सहपाठी सहयोग समूह र स्वयम् सिकाइ समूह हुन्छन् । म गर्छु तिमी हेर, म गर्छु तिमी सहयोग गर, तिमी गर म सहयोग गर्छु र तिमी गर म हेर्छु भन्ने क्रमिक सिकाइ रणनीतिको अवधारणालाई गतिशील समूहमा क्रमश जोड्नु पर्छ । पूर्ण शिक्षक सहयोग समूहमा खरायो, गोरु, पपेट, गाई, गोही, जेब्रा आंशिक शिक्षक सहयोग समूहमा बाघ, सिंह, हात्ती,

बिरालो, लोखर्के सहपाठी सहयोग समूहमा त्रिभुज, घोडा, मुसो, माछा, भालु, मलसाँप्रो, हरिण र स्वयम् सिकाइ समूहमा भेडा, जिराफ, दुम्सी, बाख्रो, पेन्सिल, ब्रस, कलम, बाँदर, कछुवा, कुकुर, उँटका लोगो राखिएका छन् । ती समूह छुट्याउन थाली आकारको कागजमा लोगो राखिएको हुन्छ । ती लोगो सिकाइ कार्ड र सिकाइ सिँढीसँग सम्बन्धित हुन्छन् ।

गतिशील समूहमा सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले समय व्यवस्थापनमा ध्यान दिनुपर्छ । विषयवस्तुको परिचय र अभ्यास खालका क्रियाकलाप भएका लोगोलाई पूर्ण शिक्षक सहयोग समूहमा राखिएको हुन्छ । कक्षाकोठामा शिक्षकले यस समूहलाई एक पाठ्यघण्टाको सरदर ५० प्रतिशत समय दिनुपर्ने हुन्छ । थप अभ्यास र केही मूल्याङ्कन गर्ने खालका क्रियाकलाप भएका लोगोलाई आंशिक शिक्षक सहयोग समूहमा राखिएको हुन्छ । यस समूहका लागि शिक्षकले सरदर २५ प्रतिशत समय दिनुपर्छ । सहपाठी समूहका विद्यार्थीले साथीको सहयोगमा आफू पनि सिक्ने र साथीलाई पनि सिकाउन सक्ने खालका मूल्याङ्कनात्मक क्रियाकलाप भएका लोगो राखिएका छन् । यस समूहका लागि शिक्षकले सरदर १५ प्रतिशत समय छुट्याउनुपर्छ । स्वयम् सिकाइ समूहमा सुधारात्मक र सबलीकरणात्मक खालका क्रियाकलापका लोगो छन् । यस समूहमा शिक्षकले १० प्रतिशत समय व्यवस्थापन गरेर विद्यार्थीलाई आफैँले गरेर सिक्ने अवसर दिनुपर्छ ।
गतिशील समूहमा विद्यार्थीले शिक्षकबाट सिक्ने, शिक्षकबाट सिकेका कुरा साथिसँग सिक्ने, सिकाउने र शिक्षकको निर्देशनको भरमा आफैँ सिक्ने अवसर प्राप्त हुन्छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमा गतिशिल समूहले विद्यार्थीलाई चलायमान बनाउँछ । सिकाइमा समस्या भएका विषयवस्तुलाई विद्यार्थीले निर्धक्कसँग शिक्षकलाई र साथीलाई सोध्न सक्ने वातावरण बन्छ ।
गतिशील समूह कार्डको प्रयोग गर्दा कक्षाकोठामा भएका चारओटा समूह कार्डलाई फरक फरक टेबुलमा राख्नुपर्छ । विद्यार्थीले कक्षाकोठामा सिकाइ सिँढी हेरेर आफूले सिक्नुपर्ने विषयवस्तुका सिकाइ कार्ड लिएपछि कुन समूहमा बसेर सिक्ने भनेर समूह खोज्नुपर्छ । यसरी समूह खोज्दा आफ्नो सिकाइ कार्डमा भएको लोगोअनुसार समूहकार्डमा मिल्ने समूहमा बस्नुपर्छ । सबै समूहमा बराबरी विद्यार्थी नहुन पनि सक्छन् । कहिलेकाहीँ कुनै समूहमा विद्यार्थी नभएर समूह खाली हुन पनि सक्छ । विद्यार्थीको सिकाइ गति र स्तरअनुसार समूह निर्धारण हुने भएकाले समूहमा विद्यार्थी सङ्ख्या घटबढ हुन सक्छन् ।

गतिशील समूह कार्डको विशेषता

- पूर्ण शिक्षक सहयोग समूह, आंशिक शिक्षक सहयोग समूह, सहपाठी सहयोग समूह र स्वयम् सिकाइ समूहका अलग अलग कार्ड हुन्छन् ।
- चारओटा समूह कार्डमा क्रियाकलाप कार्डसँग सम्बन्धित लोगो हुन्छन् ।
- विषयगत रूपमा फरक फरक समूह कार्ड हुन्छन् । नेपाली विषय पढाउने समयमा नेपाली विषयको गतिशील समूह कार्डलाई समूह टेबुलमाथि राख्नुपर्छ ।
- यसले विद्यार्थीलाई समूहमा मिलेर बस्न, मिलेर समूह कार्य गर्न सघाउँछ ।
- यसले कक्षाकोठामा भेदभावरहित बनाउँछ । विद्यार्थीलाई सिकाइ क्रियाकलापप्रति जिम्मेबारी बोध गराउँछ ।

गतिशील समूह कार्डको महत्त्व

- विद्यार्थीलाई कुन समूहमा बसेर क्रियाकलाप गर्ने भन्ने मार्गदर्शन गर्छ ।
- सिकाइमा कसको सहयोग लिने भन्ने जानकारी गराउँछ र जानेको कुरा साथीलाई सिकाउने, कुनै विषयवस्तु आफैँले खोजी गर्ने र आफैँले सिक्ने वातावरण सिर्जना गर्न समूह कार्डले मदत गर्छ ।
- यसले कक्षाका विद्यार्थीलाई चलायमान बनाउँछ ।
- कक्षाका विद्यार्थीमा भेदभावरहित वातावरण तयार गर्छ ।

३.७. माइलस्टोनमा प्रयोग भएका लोगोका सम्भावित क्रियाकलापको विवरण कक्षा १-३

एकीकृत सिद्धान्तमा आधारित नेपाली विषय कक्षा १-३ को पाठ्यक्रम, २०७६ प्रभावकारी कार्यान्वयनका क्रममा विषयगत रूपमा विषयक्षेत्र वितरण गरेको छ । यस क्रममा नेपाली विषयमा निर्धारण गरिएका ११ ओटा विषयक्षेत्रलाई विभिन्न माइलस्टोनमा वर्गीकरण गरिएको छ । वर्णगत क्रमका आधारमा कक्षा १ का लागि ३०, कक्षा २ र ३ का लागि २३/२३ ओटा माइलस्टोन निर्धारण गरिएको छ । यसमा पाठ्यक्रमसँगको अन्तरसम्बन्ध यकिन गर्नका लागि भाषिक सिपगत क्षेत्र

र भाषिक तत्त्वगत क्षेत्रअनुसार माइलस्टोनमा क्रियाकलाप निर्धारण गरिएका छन् । शिक्षण सिकाइ क्रियाकलापका लागि कक्षा १ मा २१, कक्षा २ र ३ मा २७/२७ ओटा लोगो प्रयोग गरिएका छन् । ती प्रयोग गरिएका लोगो र लोगोमा गर्न सकिने क्रियाकलापको विवरण तल प्रस्तुत गरिएको छ ।

क्र.स.	भाषिक तत्त्वगत क्षेत्र	प्रयोग गरिएका लोगो
१.	ध्वनि सचेतीकरण	खरायो, गोरु, घोडा, मुसो, जिराफ, त्रिभुज
२.	श्रव्यदृश्यबोध	बाघ, माछा, भालु, पपेट
३.	पठन प्रवाह	दुम्सी, मलसाँप्रो
४.	पठनबोध	गाई, बिरालो, भेडा
५.	लेख्यवर्ण सचेतीकरण	लोखर्के, पेन्सिल
६.	लेखाइ	रङब्रस, कलम, गोही
७.	शब्दभण्डार	बाँदर, कछुवा हात्ती, हरिण, उँट
८.	कार्यमूलक व्याकरण	जेब्रा, बाखो

भाषिक सिपगत क्षेत्र	भाषिक तत्त्वगत क्षेत्र	प्रयोग गरिएका लोगो	क्रियाकलापको प्रकृति
सुनाइ र बोलाइ	ध्वनि सचेतीकरण	खरायो	कविता र गीत (लयबद्ध वाचन र शद्धोच्चारण) उस्तै उस्तै ध्वनि भएका शब्दोच्चारण, लययुक्त शब्द उच्चारण **आवश्यक शैक्षणिक सामग्री :** कवितापु, तोकिएको शब्दपत्ती
		गोरु	वर्णगत ध्वनि उच्चारण, वर्णको सङ्केतन तथा विसङ्केतन (वर्ण चिनारी) ध्वनिअनुसार शब्दका वर्ण जोड्ने, छुट्याउने, थप्ने र झिक्ने शब्दको सुरु र अन्तको ध्वनि पहिचान र उच्चारण, अक्षर संरचनाको सचेततासहितको उच्चारण, चुट्किला वाचन **आवश्यक शैक्षणिक सामग्री :** प्लास्टिक वा काठका नेपाली वर्ण/मात्रा गोटी र गोरू आङ्कित सिकाइ कार्ड
		घोडा	सोधपुछ, कुराकानी, संवाद, अभिनय/नाटकीकरण **आवश्यक शैक्षणिक सामग्री :** हाते तथा सिन्के पपेट
		मुसो	पाठ पढी शब्द पहिचान विद्यार्थीको धारणा वा अनुभवको अभिव्यक्ति (मस्तिष्क मन्थन वा पूर्वज्ञान र धारणाको प्रस्तुति) पढेका पाठ वा विषयवस्तुका आधारमा नमुना प्रस्तुति वा पुनरावृत्ति र भाषिक प्रकार्यसम्बद्ध क्रियाकलाप, घटनाक्रम मिलान र सिकाइ सहजीकरणमा सहयोग (साथी शिक्षक) **आवश्यक शैक्षणिक सामग्री** : मुसो अङ्कित मुकुट
	श्रव्यदृश्य बोध	बाघ	चित्र, पोस्टर, वास्तविक वस्तुका आधारमा वर्णन, पूर्वानुमान, अनुमान **आवश्यक शैक्षणिक सामग्री :** चित्र, पोष्टर, चित्रकथा आदि
		माछा	चित्रको उस्तै उस्तै सुनिने शब्द प्रयोग गरी वर्णन क्यालेन्डर, सन्देश, चिठी, निवेदन, कार्ड र प्रश्नोत्तर, भित्तेपात्रो निर्माण **आवश्यक शैक्षणिक सामग्री :** सूचना/सन्देश पत्र, चिठी, निवेदनका नमुना
पढाइ	पठन प्रवाह	दुम्सी	विसङ्केतक (वर्ण तथा शब्द) र लब्ध (sight word) शब्दोच्चारण र स्वतन्त्र पठन **आवश्यक शैक्षणिक सामग्री :** स्वतन्त्र पठनका सन्दर्भ सामग्री
	पठन बोध	गाई	विषयवस्तु र सन्दर्भका आधारमा छलफल, प्रश्नोत्तर तथा वर्णन, घटनाक्रमअनुसार प्रस्तुति, मिलान, तुलना र प्रश्नोत्तर, पात्र, कार्य, घटना, चरित्र, सार पहिचान, वर्णन र प्रश्नोत्तर बोध र अभिव्यक्तिअन्तर्गत मूलपाठ **आवश्यक शैक्षणिक सामग्री** : शब्दपत्ती, वाक्यपत्ती तथा अनुच्छेदहरू, नमुना प्रश्नोत्तर
		बिरालो	पाठ वा बालकथा वा अनुच्छेद वा अन्य रोचक प्रसङ्ग सुनी तथा पढी मुख्य शब्द पहिचान, अर्थबोध र बोधगत क्रियाकलाप, बुँदा टिपोट, बोध र अभिव्यक्तिअन्तर्गतका मौखिक क्रियाकलाप **आवश्यक शैक्षणिक सामग्री :** शब्द र अर्थका पत्ती, पाठ रेकर्डका लागि मोबाइल वा अन्य डिभाइस
		भेडा	विसङ्केतन सामग्री र सन्दर्भ सामग्री पढी विसङ्केतक वर्ण, शब्द, वाक्य र सन्दर्भ पहिचान तथा प्रयोग, सन्दर्भ पहिचान, पत्रपत्रिका पठन, सिर्जनात्मक लेखन **आवश्यक शैक्षणिक सामग्री :** कार्यपुस्तक वा सन्दर्भ सामग्री, पत्रपत्रिका

लेखाइ	लेख्यवर्ण सचेतीकरण	लोखर्के	नमिल्ने चित्र पहिचान, वर्णगोटीका आधारमा शब्द निर्माण, शब्दका वर्ण जोड्ने तथा छुट्याउने, पिनह्विल चार्टका आधारमा शब्द र वाक्य निर्माण, आधार पदमा वर्ण थपी वा झिकी नयाँ शब्द निर्माण, शुभकामना पत्र निर्माण, सस्वरवाचन, प्रश्न निर्माण **आवश्यक शैक्षणिक सामग्री :** पिनह्विल चार्ट, काठका वर्गाकार डाइस
		पेन्सिल	ध्वनि र सङ्केतबिच तालमेल, वर्ण ढाँचा तथा शब्दको अनुकरण वा अनुलेखन एवम् सङ्केतअनुसार हिज्जे र हिज्जेअनुसार सङ्केत, चित्र, पोस्टर, कार्ड (निमन्त्रणा, शुभकामना...) **आवश्यक शैक्षणिक सामग्री :** फेविकल वा टास्ने वस्तु, विभिन्न अन्नका दाना, बालुवा, माटो, कोलाजका सामग्री, रङ
	लेखाइ	रङब्रस	रङ भराइ, थोप्ला चित्र र आकृति निर्माण **आवश्यक शैक्षणिक सामग्री** : कार्यपुस्तक वा सिकाइ कार्डको फ(ोटोकपी
		कलम	वर्ण, शब्द, वाक्य र अनुच्छेद अनुलेखन र स्वतन्त्र लेखन, प्रश्नोत्तर लेखन **आवश्यक शैक्षणिक सामग्री :** कापी, सिसाकलम र इरेजर, कलम
शब्दभण्डार र कार्यमूलक व्याकरण	शब्दभण्डार	बाँदर	शब्द र चित्र, वर्ण र मात्राको जोडा मिलान, शब्द र अर्थ वा पर्याय, शब्द र विपरीतार्थी अनेकार्थी शब्द र अर्थबोध, शब्दको जोडा मिल(ान, शब्द समूहीकरण र नाम पहिचान **आवश्यक शैक्षणिक सामग्री :** शब्दपत्ती, कार्यपुस्तक
		कछुवा	खाली ठाउँ भराइ **आवश्यक शैक्षणिक सामग्री :** सिसाकलम र कार्यपुस्तक
		हात्ती	वाक्यमा प्रयोग वा निर्माण, वाक्य संशोधन, शब्दको समूह विस्तार (जस्तै : कपास शब्दको कस र पास), उल्टो, सुल्टो ..., वचन र लिङ्गका आधारमा शब्दको परिवर्तन, शब्दभण्डारसम्बद्ध क्रियाकल(ाप **आवश्यक शैक्षणिक सामग्री :** वर्ण, शब्द तथा वाक्यपत्ती
		हरिण	शाब्दिक खेल (शब्द फेला पार्ने खेल, गोटी जोडेर शब्द वा शब्द जाल बनाउन खेल, बिङ्गो खेल, शब्द बनाउने र टिप्ने खेल, मिश्रित अक्षरबाट शब्द बनाउने खेल, सिर्जनात्मक लेखन), ठिक बेठिक छुट्याउने **आवश्यक शैक्षणिक सामग्री** : ढुङ्गा, अन्नका दाना र सिकाइ कार्ड
		उँट	कोठेपद र शब्दजाल **आवश्यक शैक्षणिक सामग्री :** पजल तालिका
	कार्यमूलक व्याकरण	जेब्रा	वाक्यमा पदसङ्गति मिलान, पदक्रम मिलान, क्रियाका कालको प्रयोग **आवश्यक शैक्षणिक सामग्री :** शब्द तथा वाक्यपत्ती
	सुधारात्मक सिकाइ	कुकुर	विषयक्षेत्रगत मूल्याङ्कन **आवश्यक शैक्षणिक सामग्री :** विषयक्षेत्रसँग सम्बन्धित प्रश्न वा कार्यपुस्तक

३.८. माइलस्टोनमा प्रयोग भएका लोगोका क्रियाकलापका विवरण कक्षा ४ र ५

भाषिक सिपगत क्षेत्र	प्रयोग गरिएकालोगो	क्रियाकलापका प्रकृति
सुनाइ र बोलाइ	जिराफ	विसङ्केतन पाठ, विसङ्केतन सामग्री र सन्दर्भ सामग्रीका आधारमा सस्वरवाचन, तुलना गर्ने, वर्गीकरण गर्ने, शब्दका सुरु, मध्य र अन्त्यका वर्ण परिवर्तन गरेर नयाँ शब्द तयार गर्ने **आवश्यक शैक्षणिक सामग्री :** सिकाइ कार्ड वा कार्यपुस्तक
	त्रिभूज	कोसेढुङ्गा (माइलस्टोन) मा निर्धारित शब्द र चित्र पहिचान तथा उच्चारण, शब्दपत्ती तथा शब्दचित्रको प्रयोग **आवश्यक शैक्षणिक सामग्री :** शब्दपत्ती
	भालु	कुनै स्थानको भ्रमण वा दृश्यवस्तुको अवलोकन र स्वानुभव अभिव्यक्ति, परियोजना कार्य, स्वतन्त्र लेखन **आवश्यक शैक्षणिक सामग्री :** सिकाइ कार्ड
	सिंह	श्रव्य सामग्री (टेलिफोन, रेडियो, क्यासेट, मोबाइल) सुनाइ, प्रतिक्रिया र प्रश्नोत्तर **आवश्यक शैक्षणिक सामग्री :** सुनाइ पाठ रेकर्ड गरिएको डिभाइस वा सुनाइ पुस्तिका
	पपेट	दृश्य सामग्री (शब्दविहीन भिडियोका आधारमा वर्णन, हाउभाउ, अभिनय र संवेगात्मक प्रस्तुति) **आवश्यक शैक्षणिक सामग्री :** स्टिक वा ह्यान्ड पपेट
पढाइ	मलसाँप्रो	अनुपठन **आवश्यक शैक्षणिक सामग्री :** सिकाइ कार्ड
लेखाइ	गोही	श्रुती लेखन, सारांश लेखन **आवश्यक शैक्षणिक सामग्री :**
शब्दभण्डार र कार्यमूलक व्याकरण	जेब्रा	वाक्यमा पदसङ्गति, पदक्रम मिलान र क्रियाका कालको प्रयोग
	बाखो	लेख्यचिह्न र निर्धारित कार्यमूलक व्याकरणको उपयोग, हिज्जे सुधार वा वर्णविन्यास र सुधारात्मक सिकाइ

३.९. नेपाली विषयका शिक्षण सिकाइ सामग्री सेट विवरण

कक्षा १-३		कक्षा ४ र ५	
क्र.स	सामग्री विवरण	क्र.स.	सामग्री विवरण
१.	रुजुसूची १ थान	१.	रुजुसूची १ थान
२.	सिकाइ सिँढी २/२ थान	२.	सिकाइ सिँढी १ थान
३.	सिकाइ कार्ड १ सेट	३.	सिकाइ कार्ड १ सेट
४.	समूह कार्ड ४ थान	४.	समूह कार्ड ४ धान
५.	कार्यपुस्तक (विद्यार्थीको साथमा हुने)	५.	पाठ्यपुस्तक विद्यार्थीको साथमा हुने
		६.	सुनाइ र बोलाइ पुस्तिका थान १

३.१०. किट बक्स वा ट्रेमा टाँस्नका लागि लोगोका चित्र







३.११. नेपाली विषयका सामग्री चिनारी प्रक्रिया

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि सामग्रीमा आधारित, गरेर सिक्ने (Learning by doing) मा आधारित शिक्षण सिकाइ प्रक्रिया हो । तसर्थ शैक्षिक वर्षको सुरुमा होस् वा विद्यार्थी विद्यालयमा भर्ना हुन आएपछि सिकाइमा प्रयोग हुने सिकाइ सिँढी, सिकाइ कार्ड, प्रयोग भएका लोगो, गतिशील समूहको प्रक्रियाका बारेमा जानकारी गराउनुपर्छ । सिकाइ सामग्री प्रयोग गरेर विद्यार्थीले सिकाइ उपलब्धि हासिल गर्नुपर्ने भएकाले यस पद्धतिमा तयार गरिएका सामग्री प्रयोग गर्न सक्षम हुन आवश्यक छ ।

विद्यार्थीलाई घरको वातावरणबाट विद्यालयको वातावरणमा समायोजन हुन कठिन हुन्छ । कक्षाकोठामा नयाँ साथीसँग घुलमिल गर्न अपरिचित शिक्षकसँग बस्न साना विद्यार्थी मान्दैनन् । विद्यार्थीलाई विद्यालयमा खुसीसाथ आउन विभिन्न क्रियाकलापको योजना तयार गरी सञ्चालन गर्नुपर्छ । विद्यार्थीलाई सिकाइका लागि मानसिक रूपमा तयारी गराउनका लागि लगभग २ देखि ३ हप्ता पूर्व तयारी क्रियाकलापमा समय लाग्न सक्छ । यस अवधिमा विद्यार्थीलाई बहुकक्षा बहुस्तर शिक्षण सिकाइका सामग्री र ती सामग्रीमा प्रयोग गरिएका लोगो पहिचान गराउने, सिकाइ कार्डमा भएको लोगो तथा लोगो नम्बर पहिचान गर्ने जस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्छ । यसका अतिरिक्त लोगो हेरी समूहमा बस्ने, सिकाइ सामग्रीलाई ट्रे वा किट बक्समा व्यवस्थित गराउन अभ्यास गराउने आदि कार्य गराउनुपर्छ । यस्ता क्रियाकलापलाई खेलसँग जोड्नुपर्छ । खेलका माध्यमबाट सिकाइ सामग्री र प्रयोग गरिएका लोगो पहिचान गराउँदा विद्यार्थीले रमाइलो तरिकाले सिक्ने अवसर प्राप्त गर्छन् । उदाहरणका लागि नमुना क्रियाकलाप तल प्रस्तुत गरिएको छ :

- विद्यार्थीलाई कक्षाकोठाको एक छेउमा लहरमा राख्नुहोस् ।
- कक्षाकोठामा भएका चारओटा टेबुलमाथि गतिशील समूह कार्ड क्रमशः राख्नुहोस् ।
- खेल सुरु गर्नभन्दा पहिले विद्यार्थीसँग जनावरका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीलाई थाहा भएका जनावरका नाम भन्न लगाउनुहोस् ।
- विद्यार्थीलाई उनीहरूले जानेका जनावरका, नाम र उनीहरूले निकाल्ने आवाजका बारेमा छलफल गर्नुहोस् र विद्यार्थीलाई गाई कसरी कराउँछ, भैँसी कसरी कराउँछ भनेर सोधी एकै स्वरमा आवाज निकाल्न लगाउनुहोस् ।
- यसैगरी क्रमशः विभिन्न जनावरका नाम शिक्षकले भन्ने र विद्यार्थीलाई आवाज निकाल्न लगाउनुहोस् । यस क्रियाकलापले विद्यार्थीलाई खेल खेल्ने वातावरण सिर्जना हुन्छ ।
- विद्यार्थीलाई ती जनावर कसरी कराउँदै हिँड्छन् भनी अभिनय गरेर देखाउनुहोस् ।
- विद्यार्थीलाई गतिशील समूहका चारैओटा समूहमा विद्यार्थी हुने गरी फरक फरक लोगो भएका सिकाइ कार्ड वितरण गरी विद्यार्थीलाई सिकाइ कार्डको बायाँ भागको माथिल्लो कुनामा रहेको लोगो चिनाउनुहोस् र कसलाई कुन कुन लोगो परेको छ सोध्नुहोस् । लोगो पहिचान गर्न नसक्ने विद्यार्थीलाई लोगो चिनाएर सहयोग गर्नुहोस् ।
- विद्यार्थीलाई पालैपालो गीतको माध्यमबाट लोगो बोलाउँदै समूह टेबुलमा बस्न सिकाउनुहोस् ।

जस्तै : आऊ साथी आऊ, खरायो जति आऊ, उफ्री उफ्री खेल्दै खेल्दै समूहमा जाउ भन्दै टेबुलमा भएको समूह कार्डमा खरायो लोगो हेरी समूहमा बस्न सिकाउनुहोस् । यसैगरी सबै जनावरका विशेषता गीतमा गाएर बोलाउँदै समूह टेबुलमा बस्न सिकाउनुहोस् । गतिशील समूहमा बस्ने अभ्यास भएपछि विद्यार्थीलाई सिकाइ सिँढी पनि चिनारी गराउनुपर्छ ।

- विद्यार्थीसँग भएको सिकाइ कार्डमा भएको लोगो र नम्बरअनुसार सिकाइ सिँढीमा पत्ता लगाउन सिकाउनुहोस् । सिकाइ सिँढीसँग सिकाइ कार्डको सम्बन्ध पहिचान भएपछि सम्बन्धित ट्रे वा किट बक्समा सिकाइ कार्ड राख्न सिकाउनुहोस् ।

विद्यार्थीले सामग्री चिनारीका क्रियाकलाप गरेपछि मात्र औपचारिक रूपमा पढाइ लेखाइका लागि गतिशील समूहमा राख्नुपर्छ । विद्यार्थीका सिकाइ स्तर पहिचान गरी सिकाइ गतिविधि सञ्चालन गर्नुपर्छ । सिकाइ स्तर पहिचानपश्चात् प्रारम्भिक अवस्थामा विद्यार्थी एउटा वा दुईओटा समूहमा रहन्छन् । सिकाइका क्रममा सिकाइ गतिविधि सञ्चालन हुँदै गर्दा सबै समूहमा विद्यार्थी बढ्दै जाने गर्छन् । जब कुनै समूहमा छ जनाभन्दा बढी विद्यार्थी भए भने त्यस समूहको उपसमूह पनि निर्माण गर्न सकिन्छ जसले गर्दा सिकाइ प्रक्रियामा सहज वातावरण सिर्जना गर्न सकिन्छ ।

३.१२. विद्यार्थी सिकाइ स्तर निर्धारण

कक्षाकोठामा विभिन्न सिकाइ क्षमता भएका विद्यार्थी हुन्छन् । कोही विद्यार्थी थोरै समयमा धेरै सिक्ने, कोही मन्द गतिमा सिक्ने, कोही ढिला सिक्ने, कोही सिक्न नै नचाहने जस्ता विभिन्न खालका विद्यार्थी कक्षाकोठामा हुन्छन् । सिकाइ गति फरक हुनुमा विद्यार्थीको घरायसी वातावरण, खानपान, साथी सङ्गत र अरू विभिन्न कुराले प्रभाव पारेको हुन्छ । सफल शिक्षणका लागि विद्यार्थीका कठिनाइ स्तर पहिचान गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु असल शिक्षकको गुण हो । यसले विद्यार्थीका सिकाइ क्षमतामा विकास गर्छ र विद्यार्थी लगनशील भएर सिकाइमा सहभागी हुने गर्छन् । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्दा निम्नलिखित पक्षमा केन्द्रित हुनुपर्छ :

- विद्यार्थीलाई समय समयमा परीक्षा लिनुको औचित्य के छ, विचार गर्नुहोस् ।
- विद्यार्थीबाट लिइएको प्रवेश परीक्षा/परीक्षाबाट शिक्षकलाई के फाइदा पुग्छ ?
- भर्खरै विद्यालयमा प्रवेश गरेका विद्यार्थीलाई प्रवेश परीक्षा लिनआवश्यक छ वा छैन, विचार गर्नुहोस् ।
- आवश्यक छ/छैन भन्नेमध्ये कुन विचारलाई उपयुक्त ठान्नुभएको छ ?
- तपाईंको अनुभवमा विद्यालयमा भर्खरै भर्ना भएका विद्यार्थीको प्रवेश परीक्षा लिइएको थियो ?
- यदि परीक्षा लिइएको थिएन भने विद्यार्थीको सिकाइ स्तर कति छ भन्ने कुराको पहिचान कसरी गर्ने गर्नुहुन्थ्यो ?
- विद्यार्थीले सिकिसकेका कुरालाई फेरि सिकाउँदा परिणाम के आउन सक्छ, विचार गर्नुहोस् ।

माथिका बुँदामा भएका विषयवस्तुमा तपाईंले तयार गर्नुभएको आफ्नो विचारले विद्यार्थीको सिकाइ स्तर विकास गर्न गरिएका प्रयास सान्दर्भिक देखिएको हुन सक्छ । विद्यार्थीका सिकाइमा भएका कठिनाइ पहिचान गरी स्तरअनुरूप सिकाइ क्रियाकलाप सञ्चालन गर्न जुन निर्णय गरिन्छ त्यो नै स्तर निर्धारण हो । स्तर निर्धारण गर्दा विद्यार्थीको सिकाइ स्तर, पूर्वज्ञान, बालमनोविज्ञान, सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक र भौगोलिक पक्षमा सचेत हुनुपर्छ । नेपाली विषयमा स्तर निर्धारण गर्दा कतिओटा माइलस्टोनको स्तर पहिचान गर्ने वा परीक्षण गर्ने हो सो यकिन गर्नुपर्छ । सिकाइ स्तर पहिचान गर्दा विद्यार्थीलाई जुन माइलस्टोनमा कठिनाइ भएको छ सोही माइलस्टोनबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

स्तर निर्धारण गर्नुपर्ने अवस्था

- पहिलो पटक विद्यालयमा आएका नयाँ विद्यार्थी
- कक्षा छोडेर पुनः विद्यालय आएका विद्यार्थी
- बाल विकासमा पढेर आएका विद्यार्थी
- कक्षा दोहोऱ्याएका विद्यार्थी
- नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थी

स्तर निर्धारण प्रक्रिया

कक्षाकोठामा भएका विद्यार्थीको सिकाइ अवस्था के कति छ भनेर शिक्षकले जानकारी राख्न आवश्यक छ । सो जानकारी प्राप्त गर्न सञ्चालन गर्ने प्रक्रिया नै स्तर निर्धारण प्रक्रिया हो । विषयवस्तुका आधारमा विभिन्न तरिकाबाट विद्यार्थीको कठिनाइ स्तर तथा सिकाइ स्तर पहिचान गर्न सकिन्छ । विद्यार्थीको सिकाइ स्तर मापन गर्नका लागि विषयगत रूपमा तयार भएका माइलस्टोनलाई लिन सकिन्छ । विषयगत माइलस्टोनमा भएका विषयवस्तु र सिकाइ उपलब्धिका आधारमा विद्यार्थीलाई परीक्षण गर्नुपर्छ ।

नेपाली विषयमा सिकाइ स्तर परीक्षण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित भएर कठिनाइ पहिचान गर्नुपर्छ । भाषिक सिपअन्तर्गत भाषिक तत्त्वलाई ध्यान दिनुपर्छ । कक्षा १ का विद्यार्थीका स्तर पहिचान गर्ने हो भने वर्ण चिनारी, शब्द पठन, अनुच्छेद सुनाएर प्रश्नोत्तर, विसङ्केतन वर्णबाट बनेका शब्दोच्चारण, सरल अक्षरबाट बनेका शब्दलाई श्रुतिलेखन जस्ता क्रियाकलाप सञ्चालन गरेर परीक्षण गर्न सकिन्छ । यसरी परीक्षण गर्दा रुजुसूचीमा भएका माइलस्टोनलाई आधार लिनुपर्छ । परीक्षण गर्दा माइलस्टोन १ मा राखिएको सिकाइ उपलब्धिदेखि क्रमशः विद्यार्थीलाई परीक्षण गर्दै जानुपर्छ । यसका

लागि कार्यपुस्तकमा भएको विषयक्षेत्रको अन्त्यमा भएको मूल्याङ्कनात्मक क्रियाकलापबाट पनि परीक्षण गर्न सकिन्छ । परीक्षण गर्दा जहाँ विद्यार्थीले बिगारेका हुन्छन् सो कुरा नै विद्यार्थीको कठिनाइ हो । विद्यार्थीलाई कठिनाई भएको कुरा कुन माइलस्टोनमा छ सो पत्ता लगाएर सोही माइलस्टोनबाट विद्यार्थीको सिकाइ सुरुआत गर्नुपर्छ । यसरी स्तर परीक्षण गर्दा विद्यार्थीको सिकाइ फरक फरक माइलस्टोनमा हुन सक्छ । स्तर निधारण गरेपछि विद्यार्थीले हरेक दिन सिकेका विषयवस्तु तथा सिकाइ क्रियाकलापलाई शिक्षकले दैनिक सिकाइ अभिलेखमा अभिलेखीकरण गर्नुपर्छ ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमा विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नु शिक्षकको पहिलो कार्य हो । जबसम्म विद्यार्थीको सिकाइ स्तर पहिचान गरिँदैन तबसम्म विद्यार्थीको शिक्षण सिकाइ कार्य सुरुआत गर्न कठिन हुन्छ । हरेक विद्यार्थीको व्यक्तिगत सिकाइमा जोड दिएर क्रियाकलाप गराउनु बहुकक्षा बहुस्तर शिक्षण सिकाइको विशेषता हो । विद्यार्थी आफैँले गरेर सिक्ने हुँदा उसको सिकाइ स्तर पहिचान गरी सिकाइ सिँढीमा स्थापित गर्नुपर्छ । सोही सिँढीबाट विद्यार्थीको सिकाइ क्रियाकलाप अगाडि बढ्छ ।

सिकाइ स्तर निर्धारण गर्दा शिक्षकले गर्नुपर्ने तयारी कार्य

विद्यार्थीको सिकाइ स्तर निर्धारण गर्दा शिक्षक पूर्ण रूपमा तयारी हुनुपर्छ । कुन विषयको सिकाइ स्तर पहिचान गर्ने हो, कुन प्रक्रिया अपनाउने हो, विद्यार्थीको सिकाइ स्तर निर्धारण गर्नुपहिले नै यकिन गर्नुपर्छ । आवश्यक पर्ने सामग्री तयारी गर्नुपर्छ । ती सामग्री तल प्रस्तुत गरिएको छ :

- कक्षागत सिकाइ माइलस्टोनका रुजुसूची
- विषयगत सिकाइ कार्ड
- विषयक्षेत्रको अन्त्यमा गरिने मूल्याङ्कनात्मक अभ्यास तथा शिक्षकले तयार गरेको माइलस्टोनगत प्रश्नपत्र
- विद्यार्थीले लेख्नुपर्ने भए लेख्नका लागि कापी, पेन्सिल र इरेजर
- दैनिक सिकाइ अभिलेख फारम

शिक्षकले माथि बुँदामा भएका सामग्री तयार गरी विद्यार्थीको सिकाइस्तर पहिचान गरेर दैनिक सिकइ अभिलेख फारममा अभिलेखीकरण गर्नुपर्छ ।

३.१३. सिकाइ कार्डका लागि थप सामग्रीहरू व्यवस्थापन पक्ष

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ अन्तर्गत नेपाली भाषा शिक्षणमा मुख्य सामग्री र सन्दर्भ सामग्री दुवै अनिवार्य हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका अपेक्षित उपलब्धि हासिल गर्न सन्दर्भ सामग्री पनि प्रयोग गर्नुपर्छ । यस विधिमा कार्यपुस्तकलाई पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिन्छ । विद्यार्थीलाई माइलस्टोनका आधारमा क्रियाकलापमुखी शिक्षण सिकाइ प्रक्रियामा सहभागी गराउन रुजुसूची, सिकाइ सिँढी, सिकाइ कार्ड आदिको व्यवस्थापन गर्नुपर्छ ।

विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउन कार्यपुस्तकमा विभिन्न क्रियाकलाप दिइएका छन् । कार्यपुस्तकमा भएका अभ्यास सिकाइ कार्डसँग सम्बन्धित छन् । सिकाइ कार्डमा भएका अभ्यास कार्यपुस्तकसँग सम्बन्धित भए पनि विद्यार्थीलाई सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सिँढीमा आधारित भएर सञ्चालन गर्नुपर्छ । जसले गर्दा विद्यार्थीले गतिशील समूहमा बसेर सिकाइ गर्ने अवसर प्राप्त गर्ने छन् । विद्यार्थीलाई गृहकार्य दिँदा उनीहरूले सिक्दै गरेको माइलस्टोनमा आधारित भएर स्वयम् सिकाइ समूहमा गर्ने क्रियाकलाप अथवा कार्यपुस्तकमा भएको सुन्तला रङका निर्देशनका क्रियाकलापलाई गृहकार्यका रूपमा दिनुपर्छ । लेख्यवर्ण सचेतीकरण र लेखाइसँग सम्बन्धित क्रियाकलाप सिकाइ कार्डमा लेख्न सकिँदैन । त्यस्ता क्रियाकलापलाई कार्यपुस्तक, विद्यार्थीको व्यक्तिगत शैक्षणिक पाटी वा कापीमा लेख्न लगाएर मूल्याङ्कन गर्नुपर्छ ।

कार्यपुस्तकको हरेक विषयक्षेत्र (थिम) को अन्त्यमा सुधारात्मक सिकाइका लागि मूल्याङ्कनका क्रियाकलाप राखिएका छन् । यसमा भएका प्रश्नावली विद्यार्थीलाई स्वतन्त्र रूपमा गर्न लगाएर थिमगत सिकाइ मूल्याङ्कन गर्न सकिन्छ । यस क्रियाकलापका लागि निलो रङको पाना राखिएको छ । यो क्रियाकलाप गर्दा कार्यपुस्तकबाट पाना निकालेर विद्यार्थीलाई दिनुपर्छ र क्रियाकलाप गराउनुपर्छ । विद्यार्थीले गरेको क्रियाकलाप परीक्षण गरेर विद्यार्थीको कार्यसञ्चयिकामा राख्नुपर्छ । यसै नतिजाका आधारमा विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउनुपर्छ ।

३.१४.नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिने केही शिक्षण विधि

नेपाली भाषा विषयको भाषिक सिप तथा पठनतत्त्वगत सक्षमता र सिकाइ उपलब्धि हासिल गर्न निम्नानुसारका सिकाइ सहजीकरण विधि, प्रक्रिया र प्रयोग हुने सिपमा आधारित भई क्रियाकलाप निर्धारण गर्नु सान्दर्भिक हुने देखिन्छ :

क्र.स.	विधि	प्रक्रिया	प्रयोग हुने प्रमुख भाषिक सिप
१.	प्रदर्शन विधि	• विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन • उच्चारणगत शैली अनुकरण • नयाँ सन्दर्भ, परिवेश र शब्दको पहिचान • धारणा निर्माण • विचार आदानप्रदान तथा प्रस्तुति • प्रश्नोत्तर र छलफल • विषयवस्तुको वर्णन • निष्कर्ष	सुनाइ तथा बोलाइ (श्रव्य/दृश्यबोधसहित)
२.	प्रयोग विधि	• मानक भाषाको प्रयोगमा आधारित भई नमुना प्रस्तुति • विद्यार्थीद्वारा सहअभ्यास • स्वतन्त्र प्रयोग	सबै भाषिक सिप
३.	सोधपुछ विधि	• शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान • कथ्य भाषाको उपयोग • उपकरणको प्रयोग • कुराकानी • छलफल र निष्कर्ष	सुनाइ तथा बोलाइ
४.	प्रश्नोत्तर विधि	• नमुना प्रदर्शन र सहअभ्यास • तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायतका विषयक्षेत्रमा आधारित प्रश्न र उत्तर निर्माण तथा प्रयोग • व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण	सबै भाषिक सिप
५.	स्वाध्ययन	• सामग्री छनोट • अध्ययन • धारणा वा विचार निर्माण • सन्दर्भगत उपयोग	पढाइ
६.	कथाकथन/गीत	• लयात्मक शब्द बोध • पात्र, घटना, कार्यलगायतको बोध • सार निर्माण • पुनर्कथन • पात्र, स्थान आदिको निर्माणबाट नयाँ पाठ निम(णिको अभ्यास	सबै भाषिक सिप

७.	खोज वा परियोजना	• भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति • खोजकार्य वा तरिकाबारे छलफल • विद्यार्थीद्वारा खोज (निर्देशित वा स्वतन्त्र) • प्रस्तुति र छलफल • पृष्ठपोषण	लेखाइ (शब्दभण्डार र बोधसहित)
८.	अन्तर्क्रिया	• छलफलको योजना र तयारी • बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन • समूह विभाजन भए कार्यसूची बाँडफाँट र कार्य सञ्चालन • प्रस्तुतीकरण • तुलना, विश्लेषण र मूल्याङ्कन • निष्कर्ष	सुनाइ तथा बोलाइ सिप
९.	अभिनय/नाटकीकरण विधि	• योजना निर्माण (उद्घोषण, भूमिका अभिनय वा नाटकीकरण) • विषयक्षेत्र/शीर्षक/नाटक/पात्र/घटनाको छनोट • प्रस्तुति (व्यक्तिगत वा सामूहिक) • भाषाशैलीको छनोट तथा उपयोग • छलफल र मूल्याङ्कन • पृष्ठपोषण	सुनाइ तथा बोलाइ सिप
१०.	सिर्जनात्मक कार्य	• चित्र वा आकृति निर्माण • निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना • सस्वरवाचन तथा द्रुतपठन	बोलाइ र लेखाइ सिप
११.	भ्रमण	• शैक्षिक उद्देश्यसँग सम्बन्धित स्थानको स्थलगत अवलोकन • निरीक्षण र खोज • सोधपुछ, प्रश्नोत्तर र छलफल • निष्कर्ष	लेखाइ सिप (दृश्यबोध/श्रुतिबोधसहित)
१२	क्रमिक सिकाइ (Gradual release)	विद्यार्थीको प्रवेश व्यवहार (entering behavior) को लेखाजोखा र त्यसका आधारमा उपयुक्त विषयवस्तु, शैक्षिक सामग्री र सिकाइ सहजीकरण क्रियाकलापको चयन "म गर्छु, हामी गरौँ, तिमी गर" विधिअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन सिकाइ सहजीकरण क्रियाकलाप अवधिमै निरन्तर लेखाजोखा र पृष्ठपोषण लिने दिने कार्यका साथ सुधारात्मक शिक्षण	सबै भाषिक सिप

३.१५. क्रमिक सिकाइ रणनीतिको उपयोग



३.१६. नेपाली विषयमा प्रयोग गरिएका लोगोअनुसारका क्रियाकलाप प्रक्रिया

एकीकृत पाठ्यक्रम २०७६ ले नेपाली विषय कक्षा १ देखि ३ मा भाषिक तत्त्वगत क्षेत्रलाई जोड दिइएको छ । ती भाषिक तत्त्वगत क्षेत्रलाई ८ ओटा क्षेत्रमा बाडिएको छ । ध्वनि सचेतीकरण, श्रव्यदृष्य बोध, पठन प्रवाह, पठन बोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरण भाषिकतत्त्वगत क्षेत्र हुन । यी क्षेत्रका आधारमा सिकाइ क्रियाकलापका लोगो निर्धारण गरिएको छ । ती लोगोगत क्रियाकलापलाई तल उल्लेख गरिएको छ ।

ध्वनि सचेतीकरण

उच्चारित शब्दमा प्रयोग हुने ध्वनिको सुनाइ, पहिचान र प्रस्तुतीकरणलाई ध्वनि सचेतीकरण भनिन्छ । शब्दमा रहेका ध्वनिको सुनाइ र पहिचान गर्दै ध्वनि जोड्ने, छुट्याउने, थप्ने र परिवर्तन गर्ने कार्यलाई ध्वनि सचेतीकरणसम्बद्ध क्रियाकलापमा समावेश गरिन्छ । यसमा एकाग्रता, ध्वनिको प्रयोगका लागि पूर्वतयारी तथा ध्वनिको संश्लेषण तथा विश्लेषण जस्ता पक्षले विशेष महत्त्व राख्छन् । प्रारम्भिक कक्षाका लागि ध्वनि सचेतीकरणसम्बद्ध क्रियाकलापमा स्वर, व्यञ्जन र मात्राका आधारमा शब्दमा रहेका ध्वनिको उच्चारण, जोडाइ र छुट्याइ आधारभूत पक्ष हुन् । त्यसैगरी यस्ता कक्षामा ध्वनि सचेतीकरणमा साधारण तथा लययुक्त ध्वनि पहिचान, एक ध्वनिका स्थानमा अर्को ध्वनि राखी ध्वनि प्रतिस्थापन, जटिल ध्वनि र अक्षरलाई छुटयाएर उच्चारण, प्रत्ययपरक ध्वनिलाई परिवर्तन गरी उच्चारण, जोडेमोडेका शब्दका ध्वनि, अक्षर र रूप छुट्याइ जस्ता विषयक्षेत्रका रूपमा समेटिन्छ । ध्वनि सचेतीकरणको उपयोग कथ्य भाषाका आधारमा गरिन्छ । यसर्थ सर्वप्रथम परिचित सन्दर्भमा प्रयुक्त प्रचलित शब्दको पहिचान, उच्चारण र गणना गरी त्यसका आधारमा शब्दमा रहेका ध्वनि सचेतीकरणसम्बद्ध क्रियाकलाप गर्नुपर्छ । त्यसपछि क्रमशः लेख्य भाषाको उपयोग वा अभ्यास गर्नु सान्दर्भिक हुन्छ । यस क्रियाकलापका लागि खरायो, गोरु, घोडा, मुसो, जिराफ र त्रिभुज लोगोलाई समावेश गरिएको छ ।

३.१९.१. खरायो

नेपाली विषयमा खरायो लोगोले ध्वनि सचेतीकरणसम्बद्ध क्रियाकलापअन्तर्गत कविता शिक्षणको सङ्केत गर्छ। कविता शिक्षणमा गति, यति र लयसहितको वाचन र लक्षित शब्दलाई शुद्धोच्चारण गर्ने क्रियाकलापलाई यसमा राखिएको छ। यस लोगोमा क्रियाकलाप गराउँदा कविताभार्फत माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्नुपर्छ। नमुना क्रियाकलाप तल दिइएको छ।

- विद्यार्थीले प्रष्टसँग देख्न सक्ने गरी खरायो कार्ड प्रदर्शन गर्नुहोस्।
- खरायो कार्डबाट सिकाउन खोजिएका विषयवस्तु विद्यार्थीलाई लक्षित गरी कविताका बारेमा प्रश्नोत्तर गर्नुहोस्। प्रश्न गर्दा पाठको चित्र केको बारेमा छ ? चित्रले के भन्न खोजेको छ ? पाठको शीर्षक केसँग सम्बन्धित छ ? जस्ता विद्यार्थीको पूर्वानुमान, अनुमानसँग सम्बन्धित प्रश्न सोध्नुपर्छ। प्रश्नोत्तर छलफल गर्दा के, कहाँ, कसरी, किन कस्तो जस्ता प्रश्नात्मक शब्द प्रयोग गर्नुहोस्।
- कक्षाको सुरुआतमा खरायो अङ्कित कार्डमा भएको कवितालाई म गर्छु, हामी गर्छौं र तिमी गरको प्रक्रियाअनुसार वाचन गर्न लगाउनुहोस्।
- सुरुमा शिक्षक आफैंले आदर्श वाचन, लयबद्ध वाचन गरेर सुनाउनुहोस्। वाचन गर्दा शिक्षकले कविताको प्रत्येक पङ्क्ति लय हालेर वाचन गर्नुहोस्। (म गर्छु।)
- शिक्षकले वाचन गरिसकेपछि शिक्षक र विद्यार्थी दुवै मिलेर सामूहिक रूपमा गति, यति र लय हालेर वाचनको अभ्यास गराउनुहोस्। (हामी गर्छौं।)
- शिक्षक र विद्यार्थीले सामूहिक वाचन गरिसकेपछि विद्यार्थीलाई मात्र सामूहिक, युगल वा एकल रूपमा वाचन गर्न लगाउनुहोस्। लयबद्ध वाचनको अभ्यास गराउँदा पहिले सामूहिक र पछि व्यक्ति व्यक्तिमा लय वाचनको अभ्यास गराउनुहोस्। (तिमी गर।)
- लयबद्ध वाचन गराउँदा विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्द भन्न लगाई रेखाङ्कन गर्ने र ती शब्दलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस्। शिक्षकसँगै विद्यार्थीलाई पनि पालैपालो उच्चारण गर्न लगाउनुहोस्। यदि उनीहरूले शुद्ध उच्चारण गर्न नसकेमा शिक्षकले शुद्ध उच्चारण गर्दै थप अभ्यास गराउनुहोस्। शुद्ध उच्चारणको अभ्यास गराउँदा कठिन वर्ण, शब्द, पङ्क्ति हुँदै सिङ्गो कविता पाठबाट अभ्यास गराउनुहोस्।
- मातृभाषा नेपाली नहुने र उच्चारण कमजोर हुने विद्यार्थीलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा त्रुटिक्षेत्र पहिचान गरी विशेष ध्यान दिनुहोस्।

३.१९.२. गोरु

कक्षा १ मा गोरु अङ्कित लोगोले वर्णगत ध्वनि उच्चारण, वर्णको सङ्केतन तथा विसङ्केतन (वर्ण चिनारी) ध्वनिअनुसार शब्दका वर्ण जोड्ने, छुट्याउने, थप्ने र झिक्ने शब्दको सुरु र अन्तको ध्वनि पहिचान र उच्चारण, अक्षर संरचनाको सचेततासहितको उच्चारण वर्णको आकृति पहिचानलाई सङ्केत गर्छ। विद्यार्थीले चित्र हेरी शब्द उच्चारण गर्ने र उक्त शब्दमा प्रयोग गरिएका वर्ण र मात्राको अभ्यास गर्ने हुनाले विशेषत: विद्यार्थीले उल्टो अक्षर लेख्ने समस्याको निराकरणमा सहयोग पुग्छ। यस लोगोको सिकाइ कार्ड फ्लास कार्डको आकारमा

एकापट्टि चित्रसहित शब्द हुन्छ भने अर्कोपट्टि चित्रबिनाको शब्द मात्र हुन्छ । चित्र भएपट्टि वर्ण गोटी प्रयोग गरी वर्ण पहिचान गराउने सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

- विद्यार्थीलाई सामग्रीबारे जानकारी गराई प्रयोग गर्ने तरिका प्रस्टसँग बताइदिनुहोस् । विद्यार्थीलाई सिकाइकार्डमा भएको चित्र हेरी उच्चारण गर्न लगाउनुहोस् ।
- चित्र र चित्रसँगै रहेको शब्दबिचको सम्बन्ध देखाई वर्ण गोटीलाई सिकाइ कार्डमा भएको शब्दमाथि राख्न लगाउनुहोस् र शब्दमा भएको वर्णलाई शुद्धसँग उच्चारण गर्ने, उच्चारण गरेको वर्ण गोटीलाई छामेर वर्णको आकार पहिचान गरी ध्वनि पहिचान गर्न लगाउने जस्ता क्रियाकलाप गराउनुहोस् ।
- चित्रका माध्यमबाट वर्ण पहिचान, वर्णका ध्वनि पहिचान र शब्द पहिचान भएपछि कार्डको पृष्ठ भागमा भएका वर्ण, शब्द उच्चारण गर्न लगाएर विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्नुपर्छ । जस्तै : अनार = अ ना र, आमा = आ मा,
- शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन गर्दा माइलस्टोनले लक्षित गरेको वर्ण तथा शब्दलाई जोड दिनुपर्छ ।

Mile Stone	Grade 1	
	Logo Number	Number of card
1	—	—
2	—	—
3	—	—
4	1,2	4
5	3,4	4
6	5,6	4
7	7,8	4
8	9,10	4
9	11,12	3
10	13	2
11	14	3
12	15	4
13	16	4
14	17	4
15	18	4
16	19	6
17	20	4
18	21,22	6
19	23	4
20	24	4
21	25,26	4
22	27,28	5
23	29,30,31	6
24	32,33,34	8
25	35,36,37,38	8
26	39,40	6
27	41,42,43,44	8
28	—	—
29	—	—
30	—	—
Total	113	

Fig: Details of goru card

४ र ५ का लागि गोरु कार्डका विवषयवस्तु

भाषा कत्थ्य र लेख्य गरी दुई प्रकारको हुन्छन् । कत्थ्यअन्तर्गत उच्चारण, पठन, कुराकानी, संवाद तथा मौखिक क्रियाकलाप पर्छन् । लिपिबद्ध गरिएका कुरालाई शुद्धसँग पठन गर्नु पढाइ हो । पढाइमा दक्षता हासिल गर्न लेखिएका विषयवस्तुलाई शुद्धसँग उच्चारण गर्ने सिप हासिलका लागि कक्षा ४ र ५ मा गोरु लोगोका सिकाइ कार्डमा शुद्धोच्चारणका क्रियाकलापलाई समावेश गरिएका छन् । शुद्ध उच्चारण गर्दा विद्यार्थीलाई शब्दमा भएका ध्वनिसँग परिचित गराउनुपर्छ । यसका लागि शब्द निर्माण संरचनाको बारेमा सहजीकरण गर्नुपर्छ । जस्तै : परिश्रमी = /प.रिस्.श्र.मि./ असार = /अ.सार्./ । शब्दमा भएका अक्षर सङ्ख्या पहिचान गरी शब्दलाई अक्षरीकरण सिपसमेत सिकाउनका लागि विषयवस्तुलाई समावेश गरिएको छ ।

यसका साथै विद्यार्थीलाई मनोरञ्न प्रदान गर्न गोरु कार्डमा चुट्किलालाई समावेश गरिएको छ । शिक्षकले हाउभाउसहित चुट्किलालाई जीवन्त बनाएर वाचन गरी विद्यार्थीलाई सुनाउनुपर्छ जसले गर्दा विद्यार्थीमा सिर्जनात्मक क्षमतालाई समेत विकास गर्न सहज हुन्छ ।

३.१९.३. घोडा

घोडा लोगोका क्रियाकलाप सञ्चालन गर्दा सोधपुछ, कुराकानी, संवाद, अभिनय/नाटकीकरण जस्ता क्रियाकलापमा केन्द्रित भएर सञ्चालन गर्नुपर्छ । विषयवस्तुलाई सस्वरवाचन तथा शुद्धोच्चारण हाउभाउसहित कुराकानी तथा मुख्य शब्दलाई पहिचान जस्ता क्रियाकलापलाई महत्त्व दिनुपर्छ । यसमा राखिएको विषयवस्तुलाई पपेटको माध्यमबाट सिकाइ गर्दा पनि धेरै प्रभावकारी हुन्छ ।

- आफूले पहिले नै तयार गरेको कुनै एक रमाइलो संवाद मोबाइलबाट प्रस्तुति गरी उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- घोडा अङ्कित कार्डका संवादका केही अंश शिक्षकले हाउभाउसहित आदर्श पठन गरी सुनाउनुहोस् ।

- संवादमा चाहिने पात्रको पहिचान गरी पात्र छनोट गर्नुहोस् । विद्यार्थीलाई आफ्नो भूमि**काअनुसार हाउभाउ मिलाएर सस्वर पठन गर्न लगाउनुहोस् ।**
- **विद्यार्थीले आफ्नो भूमिकाअनुसार सस्वर पठन गरे/नगरेको ख्याल गर्नुहोस् । कमी कमजोरी देखिएमा सुधार गरी पुनः सस्वर, हाउभाउसहित पठन गर्न लगाउनुहोस् र विद्यार्थीले आफ्नो भूमिकाअनुसार पढेका विषयलाई समेट्ने गरी पपेटका माध्यमबाट अभिनय गराउनका लागि अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग र उपयुक्त पृष्ठपोषणसहित घोडा लोगोकार्डको आधारमा पपेट प्रदर्शन गर्नुहोस् ।**



कक्षा ४ र ५ मा मुसो अङ्कित सिकाइ कार्डमा भाषिक प्रकार्य सम्बद्ध क्रियाकलापलाई समावेश गरिएका छन् । शिक्षकले सिकाइकार्डमा राखिएका विषयवस्तु र निर्देशन् अनुसार कक्षामा क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

३.१९.४. मुसो

सिकाइमा सकारात्मक प्रतिस्पर्धा गराउने क्रियाकलाप मुसो लोगोले गर्छ । यसलाई मुकुट क्रियाकलाप पनि भनिन्छ । यस क्रियाकलापले विद्यार्थीमा नेतृत्व गर्ने, सहयोग गर्ने, भावनाको विकास हुन्छ । यसमा पाठ पढी शब्द पहिचान विद्यार्थीको धारणा वा अनुभवको अभिव्यक्ति, मस्तिष्क मन्थन वा पूर्वज्ञान र धारणाको प्रस्तुति, पढेका पाठ वा विषयवस्तुका आधारमा नमुना प्रस्तुति वा पुनरावृत्ति, सिकाइ सहजीकरणमा सहयोग (साथी शिक्षक) जस्ता क्रियाकलाप यस लोगोमा राखिएका छन् ।

यस लोगोमा क्रियाकलाप गर्दा विद्यार्थीलाई सम्मानका साथ कागजको मुकुट पहिऱ्याउनुपर्छ । जसले गर्दा अरू विद्यार्थीलाई पनि मुकुट लगाउनका लागि उत्प्रेरणा मिल्छ र सिकाइमा प्रतिस्पर्धा गराउन सकिन्छ ।

- **यस क्रियाकलाप सञ्चालन गर्नपहिले मुकुट तयार गर्नुहोस् । मुकुटमा ताज पहिरेको मुसोको चित्र बनाउनुहोस् ।**
- **सबै विद्यार्थीको सिकाइ सुनिश्चित गर्न सिकाइ सामग्री वितरण गर्नुहोस् ।**
- **मुकुट क्रियाकलाप गर्ने विद्यार्थीलाई सम्मानका साथ सबैले ताली बजाएर मुकुट पहिऱ्याई दिनुहोस् । यसै वेला सिकाइ सिँढीमा मुसा अङ्कित चरण देखाउँदै क्रियाकलाप गर्न उत्प्रेरणा जगाउनुहोस् ।**
- **विद्यार्थीलाई यो पनि जानकारी गराउनुहोस् कि मुकुट लगाउने विद्यार्थीले अरू विद्यार्थीको सिकाइमा पनि सहयोग गर्नुपर्छ । मुकुट लगाउनेको निर्देशन सबैले पालना गर्नुपर्छ भनेर कक्षाकोठामा विद्यार्थीलाई नेतृत्व गर्ने अवसर सिर्जना गर्नुहोस् ।**

३.१९.५. जिराफ

जिराफ लोगोअन्तर्गतका क्रियाकलापमा विसङ्केतन पाठ, विसङ्केतन सामग्री र सन्दर्भ सामग्रीका आधारमा सस्वरवाचन, तुलना गर्ने, वर्गीकरण गर्ने, शब्दका सुरु, मध्य र अन्त्यका वर्ण परिवर्तन गरेर नयाँ शब्द तयार गर्ने जस्ता सिकाइ क्रियाकलाप गराउनुपर्छ । यस क्रममा समान र असमान ध्वनि भएका शब्दलाई छ्यासमिस गरी मिल्दाजुल्दा शब्दलाई समूहबद्ध गर्ने अभ्यास पनि गराउनुपर्छ ।

१.शब्दको सुरुको ध्वनि पहिचान

सर्वप्रथम विद्यार्थीलाई शब्द उच्चारण गर्न लगाई अनुवाचन गर्न लगाउनुपर्छ। त्यसपछि सुरुको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : अब /अ/, अझ /अ/, अलि /अ/ । यस्तो अभ्यासलाई पटक पटक दोहोऱ्याउने । त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि सुरुमा आउने शब्दको सूची बनाई सूचीका आधारमा शब्दपत्ती निर्माण गरी ती शब्द उच्चारण गर्दा सुरुमा कुन ध्वनि आयो, भनिदिने, जस्तै : अनार /अ/, अमला /अ/, असल /अ/

२. शब्दका अन्त्यमा रहेका ध्वनि पहिचान

सर्वप्रथम शब्द सङ्कलन गर्ने, जस्तै : गाई, तराई, सलाई आदि । ती शब्दको शब्दपत्ती वा शब्दचित्रपत्ती पनि तयार पारी प्रदर्शन गर्ने । /गा//इ/, /त//रा/ /इ/, /स//ला//इ शब्दलाई उच्चारण गर्नुहोस् र विद्यार्थीलाई अनुवाचन गर्न लगाउने । त्यसपछि अन्त्यमा रहेको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : गाई /इ/, तराई /इ/ । त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि अन्त्यमा आउने शब्दको सूची बनाई ती शब्द उच्चारण गर्दा अन्त्यमा कुन ध्वनि आयो बताइदिने, जस्तै : मलाई /इ/, मिठाई /इ/

कतिपय शब्दमा समान वर्ण वा ध्वनि थप्दा नयाँ शब्द बन्छन् । ध्वनि सचेतीकरणका क्रममा यस्ता शब्दको पहिचान र उच्चारण गराउनुपर्छ। जस्तै :

वर्णका आधारमा ध्वनि थप्ने : (कप, कफ, कर, कल काल, ताल, पाल, छाल)।

शब्दमा ध्वनि थप्ने : त वर्ण सुरुमा राखी राई, राजु, ताइ, बेला थप्ने (तराई, तराजु, ततार्इ, कलम, मलम)

३.१९.६. त्रिभुज

नेपाली विषयमा त्रिभुज क्रियाकलापले विद्यार्थीको सिकाइलाई सबलीकरण गराउने कार्य गर्छ। यो क्रियाकलापले भाषिक क्षेत्रमा सुनाइ, बोलाइ र पढाइ सिप विकास गराउँछ। विद्यार्थीले त्रिभुज कार्डमा भएका सग्ला, मात्रायुक्त तथा संयुक्त अक्षरबाट बनेका शब्द पहिचान गरी शुद्ध उच्चारण गर्न सक्ने बनाउनु यस क्रियाकलापको उद्देश्य रहेको छ।

- त्रिभुज कार्डलाई टेबुलमा राख्न लगाउनुहोस् र त्रिभुज क्रियाकलाप भएका विद्यार्थीलाई सम्बन्धित माइलस्टोनका शब्दपपत्ती दिनुहोस् । शब्दपत्तीलाई क्रमशः निकालेर शुद्ध उच्चारण गरी त्रिभुजकार्डमा भएका शब्दको लहरमा राख्न सिकाउनुहोस् । यसरी लहरमा राख्दा विद्यार्थीले शब्दलाई शुद्ध उच्चारण गरे नगरेको ख्याल गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई सहपाठी साथीले सहयोग गर्न सक्ने छन् ।
- विद्यार्थीले सही तरिकाले कार्य गरे/नगरेको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

श्रव्य दृश्यबोध

श्रव्य र दृश्य सामग्रीका आधारमा नाम र मुख्य मुख्य विषयवस्तु वर्णन गर्ने अभ्यासात्मक क्रियाकलाप श्रव्यदृश्यबोध हो । यसमा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग, हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति र त्यसको अनुकरण, संवेगात्मक अभिव्यक्ति आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता, हर्ष र प्रतिक्रिया, अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन गर्ने क्रियाकलाप यसअन्तर्गत गराइन्छ। यसमा क्रियाकलापका लागि बाघ, माछा, भालु र पपेट अङ्कित लोगोलाई व्यवस्थित गरिएको छ।

३.१९.७. बाघ

बाघ अङ्कित लोगोले नेपाली विषयमा मौखिक चित्र वर्णनलाई सङ्केत गर्छ। यस क्रियाकलापमा विद्यार्थीले विभिन्न प्रकारका चित्र, पोस्टरका माध्यमबाट वास्तविक विषयवस्तुका आधारमा वर्णन, पूर्वानुमान, अनुमान गरेर विषयवस्तुको शृङ्खलाबद्ध मौखिक अभिव्यक्ति दिने छन् । यस्ता खालका अभ्यासबाट विद्यार्थीमा तर्क गर्ने, कल्पना गर्ने, जिज्ञासा राख्ने, अनुभव बताउने आदि सिपको विकास हुन्छ। चित्र वर्णन गर्दा माइलस्टोनमा निर्धारित शब्द प्रयोग गरी सिकाइ सहजीकरण गर्नुपर्छ।

- बाघ अङ्कित कार्ड विद्यार्थीलाई अवलोकन गर्न लगाउनुहोस् ।

- चित्रका बारेमा विद्यार्थीलाई थाहा भएका कुरालाई के, किन, कहाँ, कसरी जस्ता प्रश्न गरी उत्तर भन्न उत्प्रेरित गर्नुहोस् ।
- औँलाले चित्रलाई छुँदै कथात्मक शैलीमा विद्यार्थीलाई चित्र वर्णन गर्न लगाउनुहोस् । यस क्रममा चित्र वर्णनका आदि, मध्य र अन्त्यको संरचनाबद्ध मौखिक प्रस्तुतीकण गर्न सहजीकरण गर्नुहोस् । उदाहरणका लागि माथिको चित्र वर्णन गर्दा यसरी गर्न सकिन्छ ।

- जस्तै : बारीमा उखु थियो । उदय र ऊर्मिलाई उखु खान मन लाग्यो । उनीहरू बारीमा गए । उखुको बोटमा खानेकुरा कहाँ फलेको होला भनेर खोज्न थाले । एकछिनमा उत्तम र उमा पनि उखुबारीमा आए । उदय र ऊर्मिले उखुमा खानेकुरा नभेटेको कुरा उत्तम र उमालाई सुनाए । 'उखुमा पनि खानेकुरा फल्छ त ? उखुको त लाक्रा पो टोकेर खाने हो त ।', उत्तम र उमाले भने । उनीहरू सबै मिलेर मिठो मानेर उखु खान थाले । त्यसपछि उनीहरूले के गरे होलान् .....?
- विद्यार्थीले मौखिक वर्णन गर्दा शब्दभण्डार वाक्य गठन, पदक्रम, मिले/नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३.१९.८. माछा

चित्र हेरेर उस्तै उस्तै सुनिने शब्द प्रयागे गरी वर्णन गर्ने, क्यालेन्डर तयार गर्ने, सन्देश, चिठी, निवेदन, शुभकामना कार्ड पढेर प्रश्नोत्तर गर्ने, साथीसँग छलफल गर्ने, चिठीको जवाफ बताउने जस्ता क्रियाकलाप माछा अङ्कित सिकाइ कार्डबाट क्रियाकलाप सञ्चालन गर्नुपर्छ। यसले विद्यार्थीमा भएको आन्तरिक क्षमतालाई प्रस्फुटन गर्ने अवसर प्राप्त हुन्छ ।

- विद्यार्थीलाई पाठप्रति आकर्षण गराउन आफ्ना विचार अरुसमक्ष पुऱ्याउनका लागि कुन कुन माध्यम प्रयोग गर्दै आएका छौ ? तिमीले चिठी लेखेका वा पढेको छौ ? भनी प्रश्न गर्नुहोस् र विद्यार्थीले भनेका उत्तरमा इमेल, चिठीलगायत विभिन्न माध्यमबाट विचार, खबरको आदनप्रदान गर्न सकिने कुरा प्रष्ट पारिदिनुहोस् ।
- माछा कार्डमा भएका चिठीलाई राम्ररी पढेर सुनाउनुहोस् । विद्यार्थीलाई पालैपालो चिठीमा निर्धारित अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गर्दा शुद्धसँग गर्नुपर्ने कुरा जानकारी गराएर शिक्षकले आर्दशवाचन गर्नहोस् र विद्यार्थीलाई सोहीअनुसार सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् । कठिन शब्दका सूची बनाएर शब्दपत्तीको प्रयोग गर्दै विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीलाई सिकाइ कार्डमा भएको निर्देशनअनुसार नमुना शुभकामना कार्ड क्यालेन्डर प्रदर्शन गरी तिनीहरूको नमुना तयार गर्न सहजीकरण गर्नुहोस् ।

३.१९.९. भालु

भालु अङ्कित लोगोमा विद्यार्थीलाई कुनै स्थानको भ्रमण वा दृश्यवस्तुको अवलोकन र स्वअनुभव अभिव्यक्ति दिनका लागि उत्प्रेरित गर्नुपर्छ । विद्यार्थीका स्वःअनुभवबाट प्राप्त कुरालाई स्वतन्त्र लेखन समेत गराउन सकिन्छ । यस क्रियाकलाप सञ्चालन का लागि कुन माइलस्टोनमा कस्ता खालका क्रियाकलाप गर्ने भन्ने सहजताका लागि सिकाइ कार्ड हेरी सिकाइ सहजीकरण गराउन सकिन्छ ।

- विद्यार्थीलाई माइलस्टोनमा भएका भालु अङ्कित सिकाइ कार्ड दिनुहोस् र निर्देशनअनुसार दृश्यवस्तुको अवलोकन तथा आफ्नो स्वःअनुभवलाई आधार मानेर बताउन र लेख्न लगाउनुहोस् ।
- भालु अङ्कित लोगोका क्रियाकलाप अभिभावकको सहयोगमा तथा विद्यार्थी आफैँ स्वतन्त्र लेखन गर्ने खालका पनि भएकाले विद्यार्थीलाई गृहकार्यका रूपमा वा परियोजना कार्यका रूपमा पनि पठाउन सकिन्छ ।
- भालु अङ्कित सिकाइ कार्ड अन्य लोगोका भन्दा फरक ढाँचामा तयार गरिएका छन् । यसमा एउटै सिकाइ कार्डमा धेरै माइलस्टोनका सिकाइ उपलब्धिलाई समेट्ने गरी प्रश्न तयार गरिएका छन् । सिकाइ कार्डको प्रयोग गर्दा जुन माइलस्टोनमा क्रियाकलाप हुँदै गरेको छ सोही माइलस्टोनमा राखिएका प्रश्नलाई मात्र क्रियाकलापमा सहभागी गराउनुपर्छ ।

३.१९.१०. पपेट

पपेटलाई कठपुतली खेल पनि भनिन्छ । पपेट धेरै किसिमका हुन्छन् । तीमध्ये तयार गर्न र प्रयोग गर्न सजिलो पपेट यहाँ राखिएको छ । पपेटको प्रयोगले विद्यार्थीको सिकाइमा मनोरञ्जन प्राप्त हुनुका साथै यस क्रियाकलापले सजिलैसँग सिकाइ उपलब्धि पूरा गराउन सकिन्छ । विद्यार्थीले ध्यानपूर्वक सुन्ने, अनुकरण गरी बोल्ने, अभिनय गर्ने, अनुशासित हुने जस्ता बानी व्यवहारमा परिवर्तन ल्याउन यस क्रियाकलापले सहयोग गर्छ । यो क्रियाकलाप कक्षा २ र ३ मा राखिएका छन् ।

पपेट तयार गर्न आवश्यक पर्ने सामग्री

पपेट बनाउन छापिएको चित्र, कैँची, सियो (मोटो), बलियो धागो, ८ इन्च जति लामो बाँसको कप्टेरा, काटने चक्कु, ३ फिट लम्बाइ र २.५ फिट चौडाइ भएको पातलो नैनसुत कपडाले बनाइएको पपेट बोर्ड ।

पपेट निर्माण प्रक्रिया

- पपेट शिक्षकले तयार गर्दा राम्रो र प्रभावकारी हुन्छ । पपेट बनाउन छापिएको चित्र राम्रोसँग अध्ययन गर्नुहोस् । केको पपेट बनाउँदै हुनुहुन्छ, सो चित्रमा खोज्नुहोस् । पपेटको चित्रमा विभिन्न जनावर, चरा र मानिसका चित्र छन् तर ती चित्र अधुरा छन् । जनावरका शरीरका भाग अलग अलग राखिएका छन्, पत्ता लगाउनुहोस् र शिक्षकले तयार गर्न खोजेको चित्र र चित्रको भाग कटिङ गर्नुहोस् ।
- चित्रका भागमा सानो थोप्ला दिइएको छ । सो पत्ता लगाउनुहोस् । सो थोप्लामा चित्रको भागलाई सियोले जोड्नुहोस् । चित्रका अलग अलग सबै भाग जोडेपछि चलाउन मिल्ने चित्र बन्छ ।
- अब बाँसको कप्टेरालाई खुर्केर चिल्लो बनाउनुहोस् । चिल्लो पारिएको २ ओटा बाँसको कप्टेरालाई तयार भएको पपेटमा सिलाउनुहोस् । अब पपेट तयार हुन्छ । यसलाई प्रभावकारी तरिकाले प्रयोग गर्न पातलो कपडाको बोर्ड पनि तयार गर्नुहोस् ।
- माथि दिइएको नापअनुसारको कपडा व्यवस्थापन गर्नुहोस् । कपडालाई राम्रोसँग तन्कने गरी बनाउन बोर्डको चारैतिर

काठको फ्रेम बनाउनुहोस् र कपडामाथि काठको पट्टी राखेर किला ठोक्नुहोस् । अब पपेट देखाउन कपडाको बोर्ड तयार भयो ।

- पपेट देखाउनका लागि कक्षा ३ अथवा ४, ५ का विद्यार्थीको सहयोग लिनुहोस् । विद्यालयमा कक्षा १ देखि ३ सम्म मात्र पढाइ हुन्छ भने ती विद्यार्थीलाई नै पपेट देखाउन सिकाउनुहोस् । पाठ्यपुस्तकमा भएका बालकथालाई पात्रद्वारा अभिनयात्मक तरिकाले बोल्न र पपेटलाई पनि चलाउन सिकाउनुहोस् । यसरी चलाउँदा कपडाले बनेको बोर्डमा एकातर्फबाट पपेटलाई चलाउन लगाउँदै रोचक तरिकाले प्रस्तुति गर्न सिकाउनुहोस् ।
- पपेटको छायाँ देखिने भागतर्फ सिकारु विद्यार्थी राख्नुहोस् । पपेट प्रदर्शन गर्ने समयमा विद्यार्थीलाई बालगीत गाउन लगाएर सक्रिय सहभागी गराउनुहोस् । सिकारु विद्यार्थीले पर्दामा चलचित्र हेरे जस्तै अनुभव गर्न सक्छन् । यो क्रियाकलाप अङ्ग्रेजी, नेपाली, गणित र सामाजिक विषयमा प्रयोग गर्न सकिने हुँदा शिक्षकले आवश्यकतानुसार विषयवस्तु छनोट गरी पपेट क्रियाकलाप गराउनुपर्छ ।

पठन प्रवाह

लिपिबद्ध सामग्रीबाट अर्थ ग्रहण गर्नु अथवा लिपि चिह्नद्वारा व्यक्त भएका कुरालाई सिकारुले आफ्ना अनुभव र ज्ञानका आधारमा ग्रहण गर्नु नै पढाइ हो । उपयुक्त गति र शुद्धताका साथ पढ्ने क्षमता पठन प्रवाह हो । पठन प्रवाहका आधारभूत पक्ष शुद्धता, गति र हाउभाउ हुन् । बालबालिकाले उपयुक्त गतिमा शुद्धसँग हाउभाउ मिलाई पठन सिपको विकास गर्न सकेमात्र बोध क्षमता राम्रो हुन्छ । त्यसैले पठन प्रवाहको प्रत्यक्ष सम्बन्ध बोधसँग हुन्छ । पठन प्रवाहमा क्रमशः वर्ण त्यसपछि शब्द, वाक्य र अनुच्छेद पढ्न सक्ने सिप र बानीको विकास गरिन्छ । लिपिबद्ध भाषालाई आँखा र मस्तिष्कको उपयोग गरी शुद्ध उच्चारण र उपयुक्त गतिका साथ पढ्ने कार्य नै पठन प्रवाह हो । विभिन्न विषयको जानकारी, सूचनामूलक सन्देश र मनोरञ्जनका लागि पठन सिप महत्त्वपूर्ण मानिन्छ । पठन प्रवाह क्रियाकलापका लागि दुम्सी र मलसाँप्रो अङ्कित लोगो राखिएको छ ।

३.१९.११. दुम्सी

पढाइ बोलाइ सिपको आधार हो । मौखिक अभिव्यक्तिका क्रममा उच्चारण दोष निराकरण गरी बालबालिकालाई शुद्ध पढ्ने बानी बसाल्न यसको आवश्यकता पर्छ । विसङ्केतक (वर्ण तथा शब्द) र लब्ध (sight word) शब्दोच्चारण र स्वतन्त्र पठनका लागि दुम्सी अङ्कित लोगोका सिकाइ कार्ड व्यवस्थित गरिएको छ ।

(क) शब्दहरूको पठन

(अ) निम्नानुसारका सरला वर्णबाट निर्मित सार्थक र निरर्थक शब्द जोडीहरूका शब्दपत्ती देखाएर पटक पटक पठन अभ्यास गराउनुपर्छ, जस्तै :

- सार्थक शब्द जोडी - घर/डर, दर/धर, कल/बल, मठ/मथ, भर/मर
- निरर्थक शब्द जोडी - ठग/थग, धन/ढन, थप/ठप, गज/घज, बस/मस,

(आ) निम्नानुसार दुईभन्दा बढी सरला वर्णबाट बनेका शब्दका शब्दपत्ती प्रदर्शन गर्दै पठन प्रवाह बढाउन अभ्यास गराउनुहोस्, जस्तै : कलम, मकल, कलश, कमल

- यस लोगोमा विसङ्केतक वर्ण, शब्द र वाक्य भएका क्रियाकलाप तयार भएका छन् । ती पठन क्रियाकलापलाई विद्यार्थीले कसरी पठन गरेका छन् शिक्षकले अवलोकन गर्नुहोस् ।
- पठन क्रियाकलाप गर्दा विलम्ब, मध्य र द्रुत गतिमा पठन गर्न लगाउनुहोस् । पठन गर्दा चिह्नको प्रयोग, हिज्जे जस्ता कुरालाई ध्यान दिएर विद्यार्थीको सिकाइ मूल्याङ्कन पनि सँगसँगै गर्नुहोस् ।

३.१९.१२. मलसाँप्रो

मलसाँप्रो अङ्कित लोगोले अनुपठन गर्ने क्रियाकलापका लागि लक्षित गर्छ। अनुपठन गराउदा दुई वा तीन पदीय वाक्य निर्माण गरी सस्वर पठन गरेर सुनाउने । त्यसपछि पुनः शिक्षकले पढ्ने र सँगसँगै विद्यार्थीलाई पढ्न लगाउने र शिक्षकले सुन्ने । शुद्धसँग सहज ढङ्गले पठन गरे नगरेको शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्ने, छोटा छोटा वाक्य तथा अनुच्छेद तहको पठन विषयक्षेत्रमा आधारित भएर क्रियाकलाप गराउनुहोस् ।

शिक्षकले बालबालिकालाई अल्पविराम, पूर्णविराम, प्रश्नसूचक, उद्‌गार जस्ता चिह्न शैक्षणिक पाटीमा लेखेर तिनीहरूको नाम बताइदिने । त्यसपछि हरेक चिह्न प्रयोग भएका वाक्यपत्ती कक्षामा प्रस्तुत गर्दै ती चिह्नको आशयअनुरूप आफूले गति, यति मिलाई वाचन गरेर सुनाउने । अनुकरण वाचनपछि बालबालिकालाई विभिन्न चिह्न प्रयोग भएका वाक्य तथा अनुच्छेद पालैपालो सस्वर पढेर सुनाउन लगाउने । त्यसपछि शिक्षकले विराम चिह्न शैक्षणिक पाटीमा लेखेर बालबालिकालाई नै छोटा वाक्य निर्माण गराई पढ्न लगाउनुहोस् ।

पठनबोध

बोध भनेको बुझाइ हो । पठनबोध र श्रुतिबोध गरी बोध दुई प्रकारका हुन्छन् । कुनै पनि कथा, कवितालगायत विषय एवम् सन्दर्भका कुरा सुनी त्यसका आधारमा बोध गर्नु श्रुतिबोध हो । कुनै पनि लिपिबद्ध सामग्रीलाई हेरेर र पढेर बोध गर्नु पठनबोध हो । यसर्थ सुनेर वा पढेर बुझ्ने क्षमता वा सिप अर्थात् जान्ने वा बुझ्ने काम वा ज्ञान वा जानकारी बोध हो । मौखिक वा लिपिबद्ध भाषामा व्यक्त भएका विचार वा ज्ञानको मौखिक रूपमा व्यवस्थापन गर्नु अर्थात् घटना, परिवेशसँग जोडेर प्रतिक्रिया गर्न सक्नु नै बोध हो । यसर्थ सुनेका, पढेका र लेखेका विषयवस्तुलाई व्यवहारसँग वा पूर्व अनुभवसँग जोडेर प्रयोग गर्न सक्नु नै बोध हो । कक्षामा जति पनि सिकाइ सहजीकरणसम्बद्ध क्रियाकलाप गरिन्छन् । त्यसबाट नै विद्यार्थीको ज्ञान र सिप विकास हुने हुनाले शिक्षण क्रियाकलापमा बोधको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । विद्यार्थीलाई विषयवस्तुको बोध भएमा सम्भाव्यता अनुमान गर्न, घटना वर्णन र चरित्र चित्रण गर्न सक्ने छन् । तथ्यमा आधारित भएर क्रिया एवम् प्रतिक्रिया गर्न सक्ने क्षमताको विकास हुन्छ । विषयवस्तुप्रति आफ्नो धारणा निर्माण गर्न सक्छन् । विषयवस्तुको अर्थबोध र भावबोधबिच सम्बन्ध कायम हुने छ । त्यसकारण विषयवस्तुको शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीको बुझाइलाई केन्द्र मानिन्छ ।

३.१९.१३. गाई

पठनबोधसम्बन्धी क्रियाकलापका लागि गाई अङ्कित लोगोका क्रियाकलाप महत्त्वपूर्ण छन् । यस क्रियाकलापमा माइलस्टोनसँग सम्बद्ध सिकाइ उपलब्धिका आधारमा अनुच्छेद राखिएका हुन्छन् र ती अनुच्छेदका विषयवस्तुमा केन्द्रित भएर विषयवस्तु र सन्दर्भका आधारमा छलफल, प्रश्नोत्तर तथा वर्णन, घटनाक्रमअनुसार प्रस्तुति, मिलान, तुलना र प्रश्नोत्तर, पात्र, कार्य, घटना, चरित्र, सार पहिचान जस्ता क्रियाकलापलाई लक्षित गरी सामग्री विकास गरिएको छ ।


सुन्नुहोस् र उत्तर भन्नुहोस् :

छानामा छाउरो

पाङ्ग्रो छानामाथि चढ्यो । छाउरालाई बोलायो । छानामा ख्याउरो पनि थियो । उसले ख्याउँख्याउँ गऱ्यो । छायाले छाउरालाई दुधभात दिइन् । छाउरो र पाङ्ग्रेले डार्‌ङ्डुर्‌ नगरी दुधभात खाए । छायाले छक्कबहादुरको कोठामा सेकु बाजा बजेको सुनिन् । छाया माथिल्लो तलामा गइन् । छायाले भनिन्, "कति राम्रो बजाएको छक्कबहादुर दाइ !" "धन्यवाद, ल अब तिमी बजाऊ ।" छक्कबहादुरले भने । छायाले बाजा बजाइन् । बाजा बजेको सुनेर छानाबाट छाउरो आयो ।

(क) पाङ्ग्रो कहाँ चढ्यो ?
(ख) छायाले दुधभात कसलाई दिइन् ?
(ग) सेकुबाजा कसले बजाए ?
(घ) छाउरो छानाबाट किन आयो ?

- सिकाइ कार्डमा भएका विषयवस्तु र सन्दर्भका आधारमा चित्रात्मक प्रस्तुतिको सिलसिलासहित छलफल, प्रश्नोत्तर र वर्णन गर्नुहोस् । छलफलका क्रममा भाषिक शिष्टाचारका शब्दको प्रयोग गर्नहास् ।
- सिकाइ कार्डमा भएका पाठलाई नमुना वाचन तथा सस्वरवाचन गरी पाठमा प्रयोग भएका लक्षित शब्दका सूची तयार, शब्दोच्चारण, शब्दार्थ जस्ता क्रियाकलाप गराउनुहोस् ।
- पाठ पढेर पाठमा सोधिएका प्रश्नको लिखित उत्तरका लागि शैक्षणिक पाटीमा नमुना प्रश्नोत्तर गरी देखाउनुहोस् । विद्यार्थीलाई प्रश्न सोध्ने र प्रश्नको उत्तर पाठ पढे भेटिन्छ भन्नुहोस् । विद्यार्थीलाई पाठ पढी उत्तर पहिचान गराउने क्रियाकलाप गराउनुहोस् ।

३.१९.१४. बिरालो

बोधसम्बद्ध क्रियाकलापका लागि बिरालो अङ्कित लोगो राखिएको छ । यस लोगोका क्रियाकलाप गराउदा निर्धारित पाठका अतिरिक्त साइनबोर्ड, सूचना आदि उपयोग गर्न सकिन्छ । पाठको विषयवस्तुलाई श्रव्यदृश्यमा उतारेर देखाउन पनि सकिन्छ । साथै विद्यार्थीको पूर्वज्ञान र उनीहरूको परिवेशबाट प्राप्त सूचनाका आधारमा सन्दर्भमा आधारित भएर सुरुमा प्रश्नको मौखिक र दोस्रो चरणमा लिखित उत्तर दिन लगाउने र नयाँ अनुमान गर्न मिल्ने खालका क्रियाकलाप गर्नुपर्छ ।

- सिकाइ कार्डमा भएका विषयवस्तुलाई शिक्षकले आदर्श वाचन गरी सुनाउनुहोस् वा पाठलाई मोबाइल सेट वा रेकर्डर डिभाइसमा रेकर्ड गरी विद्यार्थीलाई कम्तिमा २ पटक सुनाउनुहोस् ।
- पाठ रेकर्ड सुनेपछि पाठसँग सम्बद्ध प्रश्नोत्तरका बारेमा छलफल गरी पाठको सामान्य साङ्गठनिक ढाँचा (प्रारम्भ, मध्य र अन्त्य) को बोध गराउनुहास् ।
- सिकाइ कार्डमा भएको पाठ शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान गर्न लगाएर पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्ने
- परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गरी पाठ घटनाक्रम र सार भन्न तथा लेख्न लगाउने ।

३.१९.१५ भेडा

नेपाली भाषा शिक्षणमा भेडा लोगोले शब्द पहिचान र प्रयोगलाई सङ्केत गर्छ । विद्यार्थीहरूले यस लोगोमा विसङ्केतन सामग्री र सन्दर्भ सामग्री पढी विसङ्केतक वर्ण, शब्द, वाक्य र सन्दर्भ पहिचान तथा प्रयोग, सन्दर्भ पहिचान, पत्रपत्रिका पठन, स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गर्नुपर्छ । यस लोगोका सिकाइ कार्ड अरु लोगोको भन्दा अलि फरक छ । यसमा एउटै कार्डमा विभिन्न क्रियाकलापका निर्देशन दिएएको छ । विद्यार्थीले सिकाइ सिँढीमा जुन भेडा लोगोको क्रियाकलाप गर्ने हो सो नम्बरको मात्र क्रियाकलाप हेरेर गर्नुपर्छ ।

क्रियाकलाप

- विद्यार्थीलाई भोडा अङ्कित कार्डमा भएको सिकाइका लागि दिइएको निर्देशन शिक्षकले पढेर सुनाउनुहोस् र ती क्रियाकलापका लागि आवश्यक पर्ने सन्दर्भ सामग्री उपलब्ध गराउनुहोस् । ती सामग्रीमा निर्देशनमा भएअनुसार क्रियाकलाप गराउनुहोस् ।
- कार्यपुस्तकमा भएका विसङ्केतक वर्ण, शब्द तथा वाक्य पहिचान गरी रेखाङ्कन गर्न लगाउने । यसरी रेखाङ्कन गर्दा कार्यपुस्तक, बुक कर्नरमा पुस्तकहरू तथा पत्रपत्रिकालाई समेत प्रयोगमा ल्याउन सकिन्छ । रेखाङ्कन गरिएका शब्दलाई नयाँ वाक्य निर्माण, शब्दमा भएका वर्णबाट अरु शब्द निर्माण जस्ता क्रियाकलाप गर्न सहजीकरण गर्नुहोस् ।

लेख्यवर्ण सचेतीकरण

पूर्व लेखाइ र लेखाइ गरी लेखाइका दुई अवस्था हुन्छन् । पूर्व लेखाइमा ढाँचाको अनुकरण तथा निर्देशित रेखाङ्कन गरी दुई पक्ष अभ्यासमा छन् । यसमा पनि बिन्दुमा आधारित रेखाङ्कन र सरल रेखामा आधारित रेखाङ्कन गरी दुई प्रकारका अभ्यास प्रचलनमा छन् । ढाँचाको अनुकरणमा मात्रा लेखन, लेख्य ढाँचाअनुसार अर्धाक्षरी, वृत्ताकार, अर्ध वृत्ताकारलगायत

पक्ष पर्छन् । निर्देशित रेखाङ्कनमा त्रिभुज चतुर्भुजलगायतका आकृति निर्माणलाई जोड दिइन्छ । त्यसपछि वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेदलगायतका लेखनसम्बद्ध पक्षको अभ्यास गरिन्छ । नेपाली भाषाको लेखाइ सचेतीकरणमा बायाँबाट दायाँतिर र माथिबाट तलतिरको अभ्यासलाई विशेष ध्यान दिइन्छ । लेख्यवर्ण सचेतीकरण क्रियाकलापका लागि लोखर्के र पेन्सिल अङ्कित लोगोलाई राखिएको छ ।

३.१९.१६. लोखर्के

लोखर्के अङ्कित लोगोका क्रियाकलापमा नमिल्ने चित्र पहिचान, वर्णगोटीका आधारमा शब्द निर्माण, शब्दका वर्ण जोड्ने तथा छुट्याउने, पिनह्विल चार्टका आधारमा शब्द र वाक्य निर्माण, आधार पदमा वर्ण थपी वा झिकी नयाँ शब्द निर्माणसम्बद्ध क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।



- शिक्षकले पाँच पाँचओटा चित्रपत्ती, गिलास, थाल, कचौरा, चम्चा, कसौंडी, कुकुर र कराही प्रदर्शन गर्नुहोस् र चित्र पहिचान गर्न लगाउनुहोस् । उल्लिखित क्रियाकलापपछि खेलका लागि विद्यार्थीका दुईओटा समूह बनाउनुहोस् । शिक्षकले एउटा फरक चित्रपत्ती पर्ने गरी चित्रपत्तीलाई विभिन्न लहर बनाई घोप्ट्याएर राख्न लगाउनुहोस् । समूहको पालोअनुसार एउटा लहरमा भएको चित्र उल्टाउन लगाउनुहोस् र केको चित्र हो भनी प्रश्न सोध्नुहोस् । पहिलो लहरका सबै चित्र उल्टाउँदा फरक चित्र के रहेछ, सोध्नुहोस् । यस्तै तरिकाले सबै लहरका चित्र समूहले उल्टाएर फरक कुरा पहिचान गर्न लगाउनुहोस् । जुन समूहले फरक चित्र पहिचान गर्न सक्छ त्यो समूहले खेलमा विजयी हुन्छ ।

सङ्केतक तथा विसङ्केतक शब्द निर्माण गर्ने खेलको उदाहरण

- शिक्षकले काठको दुईओटा वर्गाकार ब्लकमध्ये एउटा अ, आ, इ, उ र अर्को ब्लकमा ई, ऊ, ऋ, ए लेख्नुहोस् ।
- खेलको नियम बताइदिनुहोस् र खेल खेल्नका लागि तयार गराउनुहोस् र विद्यार्थीका चार चार जनाको समूह बनाउनुहोस् । को को विद्यार्थीले खेल खेल्ने हो निधो गर्नुहोस् ।
- खेल सुरु गर्ने विद्यार्थीलाई दुईओटै ब्लक दिनुहोस् । त्यो ब्लकलाई उफारेर भुइँमा राख्न लगाउनुहोस् । कुन कुन वर्ण पल्टियो, जोडेर लेख्न लगाउनुहोस् । कस्तो शब्द बन्यो होला, प्रश्नोत्तर गर्नुहोस् । यो खेल कम्तीमा पालैपालो खेलाउनुहोस् । खेलाउँदा दुईओटा वर्ण जोडेर कस्ता कस्ता शब्द बने समूहमा छलफल गराउनुहोस् । त्यसपछि शब्दबाट वर्ण छुट्याउने अभ्यास पनि गराउनुहोस् ।

३.१९.१७. पेन्सिल

पेन्सिल अङ्कित लोगोका क्रियाकलापमा विद्यार्थीलाई लेखन पूर्वका क्रियाकलाप गराउनुपर्छ । लेखन पूर्वका क्रियाकलाप गराउदा भुइँमा ढुङ्गाका गोटीलाई लहरमा मिलाउने, गोटीबाट विभिन्न आकृति निर्माण गर्ने, बालुवामा, पिठामा छेस्काले आकृति बनाउने जस्ता क्रियाकलापमा जोड दिनुपर्छ । यो क्रियाकलापले विद्यार्थीलाई सिर्जनशील बनाउने कार्यमा सहयोग पुऱ्याउँछ ।

- आफूसँगसँगै विद्यार्थीलाई माटो, बालुवामा, पिठामा विभिन्न प्रकारका धर्का र आकृति, जस्तै : ठाडो धर्का, तेर्सो धर्का तान्ने, अर्ध वृत्ताकार घेरा बनाउने खालका अभ्यास गराउनुहोस् ।
- विद्यार्थीलाई अक्षर लेखन सिकाउनुपूर्व सिसाकलम समात्ने तरिका सिकाउने
- आवश्यक परेको खण्डमा विद्यार्थीको अनुमतिमा हात समाई सिसाकलम

समाप्त सिकाउने । सिसाकलम समाप्त जानेपछि कापी वा कार्यपुस्तकमा कोरेका विभिन्न धर्का तथा आकृति विद्यार्थीलाई देखाई त्यसैमा कोर्ने अभ्यास गर्न सिकाउनुहोस् ।

- कार्यपुस्तकमा भएको जस्तै थोप्ले वर्ण कागजमा लेखिदिने र ती थोप्लामा धान, दाल, तोरीका दाना जस्ता विभिन्न वस्तु टाँस्न लगाएर वर्ण तयार गर्न सहजीकरण गर्ने । जसले गर्दा सिर्जनात्मक तरिकाले विद्यार्थीले वर्णको आकृति पहिचान गरी लेखनका लागि तयार हुन सक्ने छन् ।

लेखाइ

व्यक्तिका विचारलाई लिपिबद्ध गर्ने महत्त्वपूर्ण भाषिक सिप लेखाइ हो । वर्ण र मात्राको प्रयोग गरी लेखिने अर्थपूर्ण लिपिबद्ध अभिव्यक्ति नै लेखाइ हो । लेखाइका क्रममा आधार लेखन, वर्ण, मात्रा, अक्षर वा शब्दको प्रयोगलाई ध्यान दिनुपर्छ । लेखाइमा हिज्जे, हस्त लेखन तथा रचना गरी तीनओटा पक्ष रहेका छन् । वर्णको व्यवस्थित रखाइलाई हिज्जे भनिन्छ । यसैलाई वर्णविन्यास पनि भनिन्छ । लेखनपूर्व गरिने अभ्यास विभिन्न आकृतिसहितका धर्काको निर्माणबाट सुरु गरिन्छ । त्यसपछि वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेदलगायत लेखनसम्बद्ध पक्षको अभ्यास गरिन्छ । लेखाइअन्तर्गत रङसहितको ब्रस, कलम र गोही अङ्कित लोगोलाई समावेश गरिएको छ ।

३.१९.१८. रङब्रस

आलेखन अन्तर्गतका क्रियाकलापका लागि रङब्रस अङ्कित लोगो निर्धारण गरिएको छ । आलेखन भन्नाले चित्रका पङ्क्ति कोर्ने कामलाई बुझाउँछ । आलेखन चित्र लेख्ने काम भएकाले तल्ला कक्षामा चित्रका माध्यमबाट भाषा सिकाउन महत्त्वपूर्ण पक्ष मानिन्छ । यस क्रियाकलापले विद्यार्थीलाई सिर्जनशील बनाउन सहयोग गर्छ ।

- विद्यार्थीलाई चित्र तयार गर्नका लागि आवश्यक पर्ने कागज, रङ, पेन्सिल, इरेजर जस्ता आधारभूत सामग्री उपलब्ध गराउनुहोस् । विद्यार्थीलाई चित्र बनाउनुभन्दा पहिले नमुनाचित्र प्रदर्शन गर्नुहोस् र चित्र तयारीका लागि सहजीकरण गर्नुहोस् ।
- तलका कक्षामा शिक्षक आफैँले थोप्ला चित्र तयार गरी विद्यार्थीलाई दिनुपर्छ भने माथिल्लो कक्षाका विद्यार्थीलाई शिक्षकले नमुनाचित्र प्रदर्शन गरी स्वतन्त्र रूपमा चित्र तयार गर्न लगाउनुपर्छ ।
- विद्यार्थीले चित्र तयार गरेपछि उनीहरूको क्षमता र स्तरअनुसार चित्रका बारेमा २ देखि ४ वाक्यसम्ममा वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका सिर्जनालाई प्रदर्शनीपाटी वा ह्याङ्गिङमा प्रदर्शन गराउनुहोस् ।

३.१९.१९. कलम

कलम अङ्कित लोगोमा विद्यार्थीलाई अनुलेखन, पुनर्लेखन र स्वतन्त्र लेखनका अभ्यास गराउनुपर्छ । यसभित्र वर्ण, शब्द, वाक्य हुँदै अनुच्छेद लेखन गराउनुपर्छ । विद्यार्थीको लेखन अभ्यासमा सहायता पुऱ्याउन, राम्रा, सफा र बान्किला अक्षर लेख्न सिकाउन यो क्रियाकलाप राखिएको छ । राम्रा र सफा अक्षर लेख्न प्रारम्भिक अवस्थादेखि नै अभ्यास गराउनुपर्छ ।



- शिक्षकले विद्यार्थीलाई पाठ्यवस्तुका बारे जानकारी गराउँदै बान्की मिलाई लेखिएका स्वर र व्यञ्जन वर्णको चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई लेखन अभ्यास गराउँदा शिक्षकले निर्देशन तथा अनुच्छेद पढेर सुनाउनुहोस् र शब्द पढ्दै विद्यार्थीलाई लेख्न लगाउनुहोस् । लेख्न सिकाउँदा विद्यार्थीको कालोपाटीको प्रयोग गरेर मात्र कापीमा लेख्न लगाउनुहोस् ।

- विद्यार्थीले लेखेका अनुच्छेद परीक्षण गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् । यसो गर्दा राम्रा अक्षर लेख्न नजान्नेलाई आवश्यक सुझाव र सहयोग दिनुहोस् ।

- विद्यार्थीले अक्षर लेख्दा कापीको हारभन्दा तल लेख्ने अक्षरले डिकामा छोएर लेख्नुपर्ने, वर्णमा मात्रा सही तरिकाले दिनुपर्ने, शुद्ध र सफा अक्षरमा लेख्नुपर्ने कुराको सहजीकरण गर्नुहोस् ।

३.१९.२०. गोही

यस क्रियाकलापमा विद्यार्थीलाई कविता तथा अनुच्छेदका अभिव्यक्तिलाई भावअनुसार क्रममा मिलाएर पढ्न र लेख्न सिकाइन्छ । यसका अतिरिक्त विद्यार्थीलाई श्रुतिलेखन समेत गराइन्छ । शिक्षकले गोही अङ्कित कार्डमा भएको निर्देशनअनुसार विद्यार्थीलाई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

- प्रत्येक विद्यार्थीका लागि कापी र कलम लिई लेख्नका लागि तयारी रहन निर्देशन दिनुहोस् ।

- शिक्षक वा विद्यार्थी (साथी साथी) ले गोही अङ्कित कार्डमा भएका शब्द, वाक्य वा अनुच्छेद पढेर विद्यार्थीलाई सुनाउने र विद्यार्थीले सुनेका कुरा कापीमा लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका विषयवस्तुलाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । विद्यार्थीलाई श्रुति लेखनका क्रममा अप्ठ्यारा भएका शब्द शैक्षणिक पाटीमा लेखेर देखाइदिनुहोस् ।

शब्दभण्डार

विद्यार्थीका परिचित परिवेशमा आधारित शब्दलाई बुझाउन अर्थलगायत अन्य विधिबाट कठिन हुँदा चित्र वा वस्तुको प्रतिमूर्ति प्रदर्शन गरेर अर्थ बुझाउन पनि सकिन्छ । कुनै पनि वस्तुको धारणा निर्माण गर्न चित्र अत्यन्तै उपयोगी हुने हुँदा ठोस वस्तुका चित्र देखाएर तिनका नाम भन्न लगाउने, जस्तै : हात्ती, आँप, डुङ्गा, गाई शब्द सिकाउनका लागि वस्तुका चित्र उपयोग गर्नुपर्छ । यसै सन्दर्भमा शब्दभण्डारको शिक्षणका लागि बाँदर, कछुवा, हात्ती, हरिण र उँट अङ्कित लोगोको व्यवस्था गरिएको छ ती लोगोबाट हुने क्रियाकलाप तल उल्लेख गरिएको छ ।

३.१९.२१. बाँदर

नेपाली विषयमा शब्दभण्डारअन्तर्गत जोडा मिलाउने क्रियाकलापका लागि बाँदर लोगोले सङ्केत गरेको छ । चित्रद्वारा शब्द पहिचान, शब्दार्थ, विपरीतार्थक शब्दका मूल्याङ्कनका क्रियाकलाप यसमा समावेश गरिएका छन् ।

- बाँदर अङ्कित सिकाइ कार्ड राम्रोसँग अध्ययन गर्नुहोस् । कार्डको दायाँ र बायाँ छेउतर्फ पन्चिङ (प्वाल) पार्नका लागि घेरा दिइएको छ । सो घेरा दिइएको ठाउँमा पन्चिङ गर्नुहोस् । पन्चिङ गरिएको बायाँ भागतर्फ जतिओटा प्वाल छन्, सबैमा २० से.मि. जति वा बायाँतर्फ बाँधिएको धागाले दायाँतर्फ पुग्ने गरी रङ्गीन धागो बाँध्नुहोस् ।
- विद्यार्थीलाई बाँदर कार्डको बायाँतर्फको चित्र वा शब्दलाई दायाँतर्फ मिल्ने शब्द वा चित्रमा जोडा मिलाउन दायाँतर्फको पन्चिङ गरिएको ठाउँमा धागो उन्न सिकाउनुहोस् । धागो उनेर जोडा मिलाउने क्रियाकलाप गराउँदा जोडा मिलाउने अवधारणाको विकास हुनुका साथै विद्यार्थीको औंलाको मांसपेशी पनि मजबुत हुन्छ ।

आँखा र हातको समन्वय मिलाउनुपर्ने हुँदा विद्यार्थीको शारीरिक तथा मानसिक विकासमा समेत सहयोग पुगिरहेको हुन्छ । यस सिकाइ क्रियाकलापको मूल्याङ्कन गर्दा विद्यार्थीले जोडा मिलाउँदा सही तरिकाले मिलाएका छन् कि छैनन् हेर्नुहोस् ।

- जोडा मिलाउने क्रियाकलापका लागि विद्यार्थीले सही तरिकाले मिलाएका छैनन् भने जोडा मिलाउनका लागि दिइएका शब्द र अर्थपत्ती प्रस्तुत गर्दै सहजीकरण गर्नुहोस् ।

३.१९.२२. कछुवा

नेपाली विषयमा कछुवा अङ्कित लोगोमा खाली ठाउँ भर्ने, वाक्य पूरा गर्ने, वस्तु वा चित्रको माध्यमबाट नयाँ शब्द पहिचान गर्ने जस्ता क्रियाकलाप राखिएका छन् ।

कछुवा अङ्कित सिकाइ कार्डमा शब्द, वाक्यलाई अपूर्ण रूपमा राखिएको हुन्छ । शब्दको सुरु, मध्य वा अन्त्यको वर्णमा खाली ठाउँ दिई शब्द पूरा गर्नेबारे विद्यार्थीलाई बताइदिनुहोस् ।

- अपूर्ण शब्द वा वाक्यमा छुटेको वर्ण वा शब्द पत्ता लगाएर उच्चारण गर्ने र दिएको खाली ठाउँमा ती शब्द भरेर वाक्य पूरा गर्न सहजीकरण गर्नुहोस् । यस क्रियाकलाप गराउँदा Hit and trail विधिलाई अपनाउनुहोस् । जस्तै :

  (क) .....विद्यालय गए । (तिमीहरू, हामीहरू, उनीहरू)

  तिमीहरू विद्यालय गए । मिलेन

  हामीहरू विद्यालय गए । मिलेन

  उनीहरू विद्यालय गए । मिल्यो
- विद्यार्थीले सही उत्तर मिलाएमा स्याबासी दिनुहोस् र नमिलेमा वर्णपत्ती र शब्दपत्ती प्रयोग गरी सहजीकरण गर्नुहोस् ।

३.१९.२३. हात्ती

शब्दभण्डारअन्तर्गत हात्ती अङ्कित लोगो राखिएको छ । यसमा वाक्यमा प्रयोग वा निर्माण, वाक्य संशोधन, शब्दको समूह बिस्तार (जस्तै : कपास शब्दको कस र पास), उल्टो, सुल्टो, वचन र लिङ्गका आधारमा शब्दको परिवर्तन जस्ता क्रियाकलापलाई समेटिएको छ ।

क्रियाकलाप

- हात्ती लोगो अङ्कित कार्डमा भएका शब्द विद्यार्थीलाई शुद्धसँग पढ्न लगाउनुहोस् ।
- विद्यार्थीलाई शब्दपत्तीमा भएका शब्दलाई अर्थपत्तीबाट मिल्दो शब्द छानेर भन्न लगाउनुहोस् ।
- अपेक्षित शब्दको वाक्य निर्माण गर्ने तरिका वाक्यपत्ती प्रदर्शन गर्दै बताउनुहोस् ।
- सिकाइ कार्डमा भएको निर्देशनअनुसार विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुहोस् ।



३.१९.२४. हरिण

हरिण अङ्कित लोगोमा विसङ्केतक वर्ण, शब्द तथा वाक्यका शाब्दिक खेल, शब्द फेला पार्ने खेल, गोटी जोडेर शब्द वा शब्द जाल बनाउने खेल, बिङ्गो खेल, शब्द बनाउने र टिप्ने खेल, मिश्रित अक्षरबाट शब्द बनाउने खेल, सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप राखिएका छन् । शिक्षकले ती खेलका लागि आवश्यकताअनुसार अतिरिक्त सामग्री शिक्षण सिकाइ पूर्व नै तयार गरी राख्नुपर्छ ।

- सर्वप्रथम खेल खेल्नका लागि दुई जना विद्यार्थीलाई अवसर दिनुहोस् ।
- विद्यार्थीलाई गोलो घेरामा राख्नुहोस् ।
- हरिण अङ्कित शिक्षक कार्ड शिक्षकले राख्नुहोस् र विद्यार्थी कार्ड दुई जना खेलाडी विद्यार्थीलाई बाँड्नुहोस् ।
- सिमी /मकै/ढुङ्गा दुई जना विद्यार्थीलाई बाँड्नुहोस् ।
- शिक्षक कार्डमा भएको शब्द वा वर्णलाई शिक्षकले उच्चारण गर्नुहोस् । उच्चारण गरेको शब्द वा वर्ण विद्यार्थीले आफ्नो कार्डमा चिनेर उच्चारण गर्दै सिमी /मकै/ढुङ्गा उक्त वर्ण वा शब्दमाथि राख्न लगाउनुहोस् ।
- जुन विद्यार्थीको कार्डमा भएको शब्द वा वर्णमा गट्टीले भरिन्छ त्यो विद्यार्थीले हात उठाएर बिङ्गो भन्न लगाउनुहोस् र सोही विद्यार्थी खेलमा विजयी भएको घोषणा गर्नुहोस् ।
- यो खेलमा कुन विद्यार्थीलाई कुन शब्द वा वर्ण पहिचान गर्न कठिनाइ भएको छ, मूल्याङ्कन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

कक्षा २ र ३ का लागि वर्णबाट शब्द निर्माण गर्ने, शब्दमा उपसर्ग जोडेर नयाँ शब्द बनाउने, शब्दका बिचको वर्ण झिकेर नयाँ शब्द बनाउने जस्ता सिर्जनात्मक क्रियाकलाप राखिएका छन् । शिक्षकले सिकाइ कार्डको निर्देशनअनुसार विद्यार्थीलाई सहजीकरण गरी मूल्याङ्कन गर्नुहोस् ।

३.१९.२५. उँट

शब्दभण्डारअन्तर्गत उँट लोगोमा कोठेपद र शब्दपहेली जस्ता क्रियाकलाप राखिएका छन् । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमा फरक फरक प्रकारका सिकाइ गतिविधि राखिएका छन् । जसले गर्दा विद्यार्थीलाई सिकाइमा मनोरञ्जन प्राप्त हुन्छ । मनोरञ्जनात्मक क्रियाकलापले सिकाइमा दिगोपना आउँछ । ऊँट क्रियाकलाप पनि मनोरञ्जनात्मक कोठेपद, शब्दपहेली क्रियाकलाप हो । कोठेपद क्रियाकलापले विद्यार्थीमा तर्क गर्ने, विचार गर्ने, चिन्तनशील हुने, खोजीनीति गर्ने बानीको विकास हुने, शब्दभण्डारको वृद्धिका लागि मदत पुग्छ ।

- विद्यार्थीलाई विषयप्रति आकर्षण गर्नका लागि उत्प्रेरणात्मक क्रियाकलाप गराउनुहोस् । जस्तै कुनै एक गाउँखाने कथा विद्यार्थीलाई सोधी उत्तर भन्न लगाउनुहोस् ।
- विद्यार्थीलाई ऊँट कार्डमा भए जस्तै शब्दपहेली बनाउन सिकाउनुहोस् र कोठाभित्र जहाँ सङ्केत गरिएको छ सोही ठाउँमा अक्षर भर्न, कोठाको दायाँ बायाँ र तल माथि भएको नम्बर लेख्न, पहेलीमा नम्बरसँग चित्र वा पजलमा भर्नुपर्ने शब्द पत्ता लगाउन सम्बन्धित वाक्य दिइएका हुन्छन् । सो वाक्य वा चित्रको सम्बन्ध पहिचान गरी शब्द पत्ता लगाउन सहजीकरण गर्नुहोस् । विद्यार्थीले शब्द पहिचान गर्न नसके शब्दपत्ती र लक्षित शब्दको सूची प्रदर्शन गर्दै पहिचान गर्न सिकाउनुहोस् ।

- शब्दपहेली क्रियाकलाप गराउँदा सकेसम्म विद्यार्थीलाई नै शब्द पत्ता लगाउन अवसर दिनुहोस् । यसका लागि व्यक्तिगत, युगल र सानो समूहमा क्रियाकलाप गराउनुहोस् ।
- शब्द मिले नमिलेको, कोठा ठिकसँग बनाए नबनाएको पनि परीक्षण गर्नुहोस् र सही उत्तरका लागि धन्यवाद र नमिलेमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- सिकाइ कार्डमा भएको निर्देशनअनुसार क्रियाकलाप गराउनुहोस् ।

कार्यमूलक व्याकरण

३.१९.२६. जेब्रा

यस क्रियाकलापमा नेपाली भाषाका कार्यमूलक व्याकरणअन्तर्गत पदसङ्गति, पद मिलान र क्रियाको काल समावेश गरिएको छ । व्याकरणलाई नियम र परिभाषाका रूपमा नभई उदाहरण र पाठका आधारमा कार्यमूलक ढङ्गले सिकाउने गरी व्याकरणका क्षेत्रलाई समावेश गरिएको छ । विद्यार्थीलाई पाठको अधिकतम उपयोग गर्दै क्रियाको काल र पदसङ्गतिका विषयक्षेत्र सिकाउनका लागि जेब्रा लोगोमा कक्षाअनुसारका क्रियाकलाप समावेश गरिएको छ ।

१. पदसङ्गति

(क) लिङ्ग सङ्गति

- वाक्यपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।
- छलफलका क्रममा कुनै वाक्यमा सङ्गति नमिलाई विद्यार्थीले धारणा बुझे नबुझेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : भाइ घर गई । भाइ घर गयो । गाई घाँस खान्छ । गाईले घाँस खाई ।
- जेब्रा अङ्कित कार्डको सहयोगमा विद्यार्थीलाई सङ्गति मिलेका वाक्य र नमिलेका वाक्य छुट्याउन लगाउनुहोस् ।

(ख) आदरगत सङ्गति

- आदरगत सङ्गति मिलेका र नमिलेका वाक्य दिई छलफल गराउनुहोस् । जस्तै : तँ स्कुल जान्छौ । तँ स्कुल जान्छ्यौ । तिमी स्कुल जान्छस् । तिमी स्कुल जान्छौ ।
- छलफलका क्रममा विद्यार्थीले धारणा बुझे नबुझेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) वचन सङ्गति

- शब्दपत्ती प्रदर्शन गरी पढ्न लगाउनुहोस् । छलफल गर्दै मिलेका शब्द एकातिर नमिलेका शब्द अर्कोतिर राख्न लगाउनुहोस् । जस्तै : चरोहरू : चरा, महरू : हामी, केटोहरू : केटा, तँहरू : तिमीहरू
- जेब्रा कार्डको सहयोगमा सङ्गति मिलेका वाक्य र नमिलेका वाक्य चिन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) पुरुष सङ्गति

- कार्डको सहयोगमा सङ्गति मिलेका वाक्य र नमिलेका वाक्य चिन्न लगाउनुहोस् ।
- विद्यार्थीलाई पुरुषगत आधारमा सङ्गति मिलाई लेख्ने अभ्यास गराउनुहोस् ।
- आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. क्रियाको काल (सामान्य वर्तमान काल, सामान्य भूत काल र सामान्य भविष्यत् काल)

- कार्यमूलक व्याकरणको अवधारणामा आधारित भएर सामान्य वर्तमान काल, सामान्य भूत काल, सामान्य भविष्यत् कालका वाक्य वा क्रियापदको सूची प्रदर्शन गरी तिनीहरूबिचको भिन्नता पहिचान गर्न केही समय दिई निष्कर्ष दिनुहोस् ।
- सामान्य भूत कालका क्रियापद वा वाक्यको सूची दिई तिनीहरूलाई सामान्य वर्तमान र सामान्य भविष्यत् कालमा परिवर्तन गर्न लगाउनुहोस् ।

- परिवर्तन गरेका क्रियापद र वाक्य मिले नमिलेको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३.१९.२७. बाख्रो

कार्यमूलक व्याकरणअन्तर्गत बाख्रो अङ्कित लोगोमा लेख्यचिह्न र निर्धारित कार्यमूलक व्याकरणको उपयोग, हिज्जे सुधार वा वर्णविन्यास, हलन्त लागेका शब्दका उच्चारण तथा लेखनका क्रियाकलापलाई समावेश गरिएको छ । शिक्षकले विषयवस्तुका आधारमा विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई लेख्य चिह्न प्रयोगका बारेमा वाक्यपत्ती प्रदर्शन गरी वाक्योच्चारण गर्न लगाउनुहोस् । यस क्रममा एउटै वाक्यमा चिह्न परिवर्तन गर्दा वाक्यको ध्वनि परिवर्तन हुने कुरा सहजीकरण गर्नुहोस् ।
- सिकाइ कार्डमा भएका निर्देशनअनुसार अन्य क्रियाकलाप गर्न शिक्षकले सहजीकरण गर्नुहोस् ।

३.१९.२८. सिंह

सुनाइ र बोलाइ



कक्षा ४ र ५ मा नेपाली विषयमा सुनाइ र बोलाइ भाषिक सिप विकासका लागि सिंह अङ्कित लोगोका क्रियाकलाप राखिएका छन् । यस लोगोका सिकाइ सामग्री दुई प्रकारका छन् । पहिलो विद्यार्थीका लागि र दोस्रो शिक्षकका लागि तयार गरिएको छ । विद्यार्थीका लागि तयार भएका सिकाइ कार्डमा बोधसँग सम्बन्धित प्रश्नहरू राखिएका छन् । विद्यार्थीले ती प्रश्नका उत्तर बताउनका लागि उनीहरूले सुनाइका पाठ सुन्ने अवसर प्राप्त गर्नुपर्छ । यसका लागि शिक्षकले प्रयोग गर्ने सिंह अङ्कित सानो पुस्तिकामा भएको सुनाइ पाठ पढेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइट www.moecdc.gov.np डाउनलोड गरी विद्यार्थीलाई सुनाउनु पर्नेछ । सो पाठ सुनेका आधारमा विद्यार्थीले सुनाइ र बोलाइ सम्बद्ध बोधात्मक प्रश्नका उत्तर बताउनुपर्नेछ ।

सुधारात्मक सिकाइ

३.१९.२९. कुकुर

नेपाली विषयमा विषयक्षेत्रको अन्त्यमा गरिने मूल्याङ्कनात्मक क्रियाकलापका लागि कुकुर अङ्कित लोगो राखिएको छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमा विद्यार्थीका फरक फरक सिकाइ गतिविधि हुन सक्छ । जुन विद्यार्थीको सिकाइ कुकुर लोगोको क्रियाकलाप हुन्छ, सोही दिन ती विद्यार्थीको मात्र विषयक्षेत्रको अन्त्यमा गरिने मूल्याङ्कनात्मक क्रियाकलाप हुन्छ । विद्यार्थीलाई आज परीक्षा हो भन्ने थाहा नै हुँदैन । बरू उनीहरू सिकाइ सिँढीमा आएको आफ्नो क्रियाकलापमा मात्रै व्यस्त हुने गर्छन् । यस विधिमा परीक्षा पनि चलिरहन्छ, कक्षा पनि चलिरहन्छ । यस क्रियाकलापका लागि कार्यपुस्तकमा रहेको हरेक विषयक्षेत्रको अन्त्यमा निलो रङको पानामा सामग्री तयार गरिएको छ । शिक्षकले सो पानालाई कार्यपुस्तकबाट निकालेर सम्बन्धित विद्यार्थीलाई दिनुपर्छ र क्रियाकलाप सकेपछि परीक्षण गरेर विद्यार्थीको पोर्टफोलियोमा राख्न लगाउनुपर्छ । यस्ता क्रियाकलाप कक्षा १-३ को नेपाली विषयमा कक्षागत रूपमा ११/११ ओटा छन् । कक्षा ४ मा ३ ओटा आवधिक मूल्याङ्कनका लागि प्रश्न निर्माण गरिएका छन् भने कक्षा ५ का लागि शिक्षक आफैँले प्रश्न निर्माण गरी विद्यार्थीको अवाधिक मूल्याङ्कन गर्नुपर्छ ।

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) सुनेर भन्नुहोस् र गर्नुहोस् :

(अ) नमस्कार (आ) साथीलाई नमस्कार

(इ) सबैलाई नमस्कार

(ख) तलका चित्रका नाम भन्नुहोस् :

हजुरआमा डाक्टर आँखा घडी

(ग) नमिल्ने चित्रमा गोलो घेरा (√) लगाउनुहोस् :

रायो रायो रायो मुला

कुकर कुकर ताप्के कुकर

धान गहुँ धान धान

सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई विषयक्षेत्रको अन्त्यमा गरिने मूल्याङ्कनात्मक क्रियाकलापका बारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप गर्नुहोस् ।
- विद्यार्थीलाई कार्यपुस्तकमा रहेको हरेक विषयक्षेत्रको अन्त्यमा निलो रङको पानामा लेख्न व्यवस्था गर्नुहोस् । यदि कार्यपुस्तक फाटेको अवस्था भएमा मात्र शिक्षकले कुकुर अङ्कित कार्डलाई फोटोकपी गरेर विद्यार्थीलाई उपलब्ध गराउनुहोस् ।
- फोटोकपी अभावमा सोही कार्डलाई कापीमा सार्न र निर्देशनअनुसार क्रियाकलाप गराउनुहोस् । कक्षा १ का विद्यार्थीलाई निर्देशन पढेर उत्तर दिन गाह्रो हुने हुँदा आवश्यक निर्देशन र ध्वनि सचेतीकरणका सुनाइ र बोलाइका क्रियाकलाप शिक्षकको सहभागितामा गराउनुहोस् ।
- विद्यार्थीको सिकाइ क्रियाकलापलाई मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । कमजोर विद्यार्थीले सिक्नुपर्ने क्षेत्र पहिचान गरी त्यसका लागि पछिल्ला कक्षामा सुधारात्मक शिक्षण गर्नुहोस् ।

कक्षा १ -३ थिमगत पाठ्यघण्टाको ढाँचा

एकीकृत पाठ्यक्रममा १ देखि ३ कक्षाका लागि नेपाली विषयमा वार्षिक ३२ क्रेडिट आवर तथा १६० कार्यघण्टा निर्धारण गरिएको छ । उक्त कार्यघण्टा र थिम/विषयक्षेत्रलाई निम्नानुसार क्रमागत सन्तुलन गरिएको छ :

क्र. सं.	थिम/ विषयक्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३
१.	म र मेरो परिवार	१० (२ हप्ता)	१० (२ हप्ता)	१० (२ हप्ता)
२.	मेरो दैनिक जीवन	१० (२ हप्ता)	२० (४ हप्ता)	१० (२ हप्ता)
३.	हाम्रो समुदाय	१० (२ हप्ता)	२० (४ हप्ता)	१० (२ हप्ता)
४.	मेरो विद्यालय	१० (२ हप्ता)	१० (२ हप्ता)	२० (४ हप्ता)
५.	हाम्रो वातावरण	१० (२ हप्ता)	१५ (३ हप्ता)	१५ (३ हप्ता)
६.	हाम्रो सिर्जना	२० (४ हप्ता)	१० (२ हप्ता)	१५ (३ हप्ता)
७.	रुचि र बानी	१५ (३ हप्ता)	१५ (३ हप्ता)	१५ (३ हप्ता)
८.	हाम्रो संस्कृति	१५ (३ हप्ता)	१५ (३ हप्ता)	२० (४ हप्ता)
९.	सञ्चार प्रविधि र बजार	२० (४ हप्ता)	२० (४ हप्ता)	२० (४ हप्ता)
१०.	हाम्रो क्रियाकलाप	१५ (३ हप्ता)	१० (२ हप्ता)	१० (२ हप्ता)
११.	हाम्रो वरपरको संसार	२५ (५ हप्ता)	१५ (३ हप्ता)	१५ (३ हप्ता)
जम्मा कार्यघण्टा		**१६०**	**१६०**	**१६०**

थिम/विषयक्षेत्रको उल्लिखित क्रम र कार्यघण्टाका आधारमा विद्यार्थी कार्यपुस्तक निर्माण गरिएको छ । यसका लागि दैनिक पाठयोजना निर्माण तथा व्यवस्थापनमा सहजीकरण गर्न पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनले कक्षा १ मा १६० दिनकै लागि तोकिएका क्षेत्र, विषयवस्तु, सान्दर्भिक पाठ र सम्भावित शब्दसमेत समावेश गरिदिएको छ । मार्गदर्शनको उक्त व्यवस्थाअनुसार विद्यार्थी कार्यपुस्तक तथा सिकाइ कार्ड तयार गरिएको हो ।

३.१७. कक्षा ४ र ५ शिक्षण सिकाइ क्रियाकलापका क्षेत्र

३.१७.१. पूर्व पठन

पूर्व पठनमा पाठसम्बद्ध विषयवस्तु राखिएका छन् । विद्यार्थीलाई मूलपाठमा प्रवेश गराउनुभन्दा पहिले पूर्व पठनमा राखिएका चित्र, अनुच्छेदमा छलफल गराई मूलपाठमा प्रवेश गर्दा सिकाइ प्रभावकारी हुने भएकाले यस खालका क्रियाकलाप राखिएको छ । मूलपाठको सहजीकरण पूर्व विद्यार्थीलाई मूलपाठ कुन विधासँग सम्बन्धित छ र मूलपाठको विषयवस्तु के छ भन्ने पूर्व जानकारी पूर्व पठनबाट हुन्छ । पूर्व पठनमा राखिएका सामग्री छलफलका लागि बाघ र बिरालो लोगो तय गरिएको छ । पूर्व पठनमा निम्न खालका क्रियाकलाप राखिएका छन् :

(क) चित्रबोध (चित्रका माध्यमबाट विषयवस्तुको बोध)

(ख) विषयवस्तुको बोध

३.१७.२. मूलपाठ

नेपाली भाषामा मूलपाठ विभिन्न विधासँग सम्बन्धित छन् । कक्षा ४ र ५ मा कथा, कविता, निबन्ध, जीवनी, रूपक र व्यावहारिक लेखनका विधा छन् । विधाका माध्यमबाट भाषिक सिपको विकास गराउने हिसाबले पाठमा क्रियाकलाप निध(ारण गरिएका छन् । मूलपाठ भनेको विषयवस्तु हो । पाठ्यपुस्तकमा भएका भाषिक सिप, शब्दभण्डार र भाषिक संरचना र वर्णविन्यासका क्रियाकलाप मूलपाठसँग सम्बन्धित हुने भएकाले यी अभ्यासलाई मूलपाठसँग सम्बन्धित बनाएर सहजीकरण गर्नुपर्छ । गाई, घोडा र खरायो लोगो प्रयोग भएका क्रियाकलाप मूलपाठका क्रियाकलाप हुन् ।

३.१७.३. शब्दभण्डार

शब्दभण्डारअन्तर्गत शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ । पाठमा प्रयुक्त शब्दलाई केन्द्रबिन्दु मानी विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । त्यसैले शब्दका विभिन्न अर्थ सम्बन्ध र सन्दर्भपूर्ण प्रयोगमा जोड दिनुपर्छ । हात्ती, बाँदर, उँट, कछुवा, हरिण लोगो प्रयोग भएका क्रियाकलाप शब(दभण्डारका क्रियाकलाप हुन् । पाठ्यपुस्तकमा दिइएका शब्दभण्डारअन्तर्गत निम्नलिखित क्रियाकलाप राखिएका छन् :

- शब्दको अर्थ प्रश्नमा दिएर पाठबाट शब्द पहिचान गर्न लगाउने
- लय मिल्ने शब्द पढ्ने र लेख्ने
- शब्द शब्दबिच जोडा मिलाउने, अर्थ लेखन, वाक्यमा प्रयोग
- दृष्टांश अनुच्छेदबाट शब्द पहिचान (पर्यायवाची, विपरीतार्थीलगायत)
- शब्द दिएर अनुच्छेद लेख्न लगाउने

३.१७.४. बोध र अभिव्यक्ति

सुनेर, पढेर र देखेर बुझ्ने क्षमता वा सिप वा समझ नै बोध हो भने विषयवस्तुप्रतिको अनुभूति वा भावना वा विचार बोलेर वा लेखेर व्यक्त गर्नु अभिव्यक्ति हो । पाठ्यपुस्तकमा जति पनि सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित क्रियाकलाप छन् ती क्रियाकलाप बोध र अभिव्यक्तिअन्तर्गत पर्छन् । गोरु, गाई, बिरालो, कलम, लोखर्के, मुसो लोगो प्रयोग भएका क्रियाकलाप बोध र अभिव्यक्तिका क्रियाकलाप हुन् । यसअन्तर्गत निम्न क्रियाकलाप समेटिएका छन् :

- शब्दको शुद्ध उच्चारण
- लयबद्धवाचन, सस्वरवाचन, मौनवाचन
- संरचना पहिचान (पाठगत संरचना पहिचान (शब्द, वाक्य, अनुच्छेद, सन्दर्भ पहिचान)
- प्रश्नोत्तर (छोटो, लामो, विवेचना, तार्किक र समीक्षा)
- प्रश्न निर्माण र उत्तर पहिचान
- बुँदा टिपोट र सारांश लेखन तथा सार लेखन
- घटना टिपोट र घटनाक्रम मिलान
- विषयवस्तुको पूर्वानुमान, पश्चअनुमान
- भाव विस्तार

- आशय वर्णन
- विषयवस्तु वर्णन
- व्यक्तिवृत्त वर्णन तथा लेखन
- पाठक प्रतिक्रिया (कुनै विषयवस्तुमा सहमति वा असहमति)
- कुनै विषयवस्तुमा आधारित प्रतिक्रिया लेखन
- प्रत्युत्तर लेखन
- विषयवस्तुको छलफल र प्रतिक्रिया
- चरित्र चित्रण
- चित्र वर्णन
- लेखन (श्रुतिलेखन, अनुलेखन, निर्देशित र स्वतन्त्र)
- भाषिक कार्य (भाषिक प्रकार्य)

३.१७.५. भाषिक कार्य (भाषिक प्रकार्य)

भाषिक प्रकार्य बोध र अभिव्यक्तिअन्तर्गतको एउटा क्रियाकलाप हो । भाषिक प्रकार्य भनेको भाषाको कार्य हो । एउटै व्यक्तिले फरक फरक परिवेशमा फरक फरक भाषा र सञ्चार शैलीको प्रयोग गर्छ । जस्तै : कुनै व्यक्ति बजारमा गएर बोल्ने भाषा, समूहमा बोल्ने भाषा, विद्यालयमा गुरुसँग र साथीभाइसँग बोल्ने भाषा, घरपरिवारका साइनोअनुसार बोल्ने भाषा, कसैको स्वागतमा बोल्ने भाषा, बिदाइमा बोल्ने भाषा, अनुरोध गर्दाको भाषा, निर्देशन दिँदाको भाषा फरक फरक हुन्छ । भाषिक प्रकार्यको मुख्य प्रयोजन बालबालिकालाई सन्दर्भअनुसारको भाषाको प्रयोगप्रति अभिप्रेरित गराउनु हो । विधागत पाठको मर्मअनुसार भाषिक प्रकार्यका क्रियाकलाप राखिएको छ । पाठ्यपुस्तकमा बोध र अभिव्यक्ति खण्डअन्तर्गत प्रत्येक पाठको अन्तिम क्रियाकलापका रूपमा एउटा भाषिक प्रकार्यको अभ्यास राखिएको छ र सन्दर्भ पनि दिइएको छ । सोही सन्दर्भका आधारमा विद्यार्थीले आफ्ना अनुभवलाई आवश्यकताअनुसारको जोडी बनाई कक्षाकोठामा प्रस्तुत गर्नुपर्छ । भाषिक प्रकार्यको अभ्यासका लागि मुसो लोगो राखिएको छ ।

३.१७.६. भाषिक संरचना र वर्णविन्यास

भाषिक संरचनाको मुख्य प्रयोजन बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गराउनु हो । भाषिक संरचनाल(ाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउनुपर्छ । पाठसँग जोडेर क्रियाकलाप गराउन नसकिने ठाउँमा अनुच्छेद दिएर अनुच्छेदका माध्यमबाट पाठपरक बनाउने प्रयास गरिएको छ । उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाउनुपर्छ । भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भ रचना, पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा पाठ वा रचनाका आधारमा शिक्षण र सोही आधारमा मूल्याङ्कन गर्नुपर्छ । यसमा पहिचान र प्रयोगका अभ्यास राखिएका छन् । कक्षा ४ र ५ मा भाषिक संरचनाअन्तर्गत पदवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय) को पहिचान र प्रयोग, पदसङ्गति (लिङ्ग, वचन, पुरुष, आदर), कारक र विभक्ति, क्रियाका काल र पक्षका क्रियाकलाप छन् भने वर्णविन्यासमा श, ष, स, व, ब, पदयोग, पदवियोग, क्ष, छय, ह्रस्व र दीर्घ इकार उकार, य, ए, चन्द्रबिन्दु र शिरबिन्दु, 'र' का विभिन्न रूपको पहिचान र प्रयोगका क्रियाकलाप राखिएका छन् । भाषिक संरचना र वर्णविन्यासको अभ्यासका लागि जेब्रा, बाख्रो लोगो राखिएको छ ।

३.१७.७. सुनाइ पाठ र अभ्यास

सुनाइ र बोलाइ भाषिक सिपको विकासका लागि पाठ्यपुस्तकमा सुनाइ बोलाइका क्रियाकलाप राखिएका छन् । पाठ्यपुस्तकमा भएका सबै पाठमा एक एकओटा सुनाइ पाठ र सुनाइ पाठसँग सम्बन्धित भएर क्रियाकलाप राखिएका छन् । सुनाइ पाठ सुनेर विद्यार्थीले सुनाइ र बोलाइका क्रियाकलाप गर्नुपर्छ । पाठ्यक्रम विकास केन्द्रको वेबसाइट www.moecdc.gov.np मा सुनाइ पाठ रेकर्ड गरेर राखिएका छन् । शिक्षकले त्यहाँबाट डाउनलोड गरेर सुनाइ पाठ सुनाएर सहजीकरण गराउनुपर्छ । यसमा बोध प्रश्नोत्तरका क्रियाकलाप राखिएका छन् । वेबसाइएबाट डाउनलोड हुन नसकेको अवस्थामा सुनाइ सम्बध पुस्तिका शिक्षकले प्रयोग गरेर वा पुस्तिकामा भएको पाठलाई मोवाइलमा रेकर्ड गरी विद्यार्थीलाई सुनाउँन पनि सकिन्छ । विद्यार्थीले सुनाइ पाठ सुनेर मौखिक रूपमा नै क्रियाकलाप गर्नुपर्छ । सिंह लोगो प्रयोग भएका क्रियाकलाप सुनाइ र बोलाइसँग सम्बन्धित क्रियाकलाप हुन् ।

३.१७.८. सिर्जना र परियोजना कार्य

पाठ्यपुस्तकमा विद्यार्थीको सिर्जनात्मक क्षमता विकासका लागि सिर्जनात्मक कार्य र समूहमा सिकाइ र खोज कार्यका लागि परियोजना कार्य राखिएको छ । सबै पाठमा सिर्जना र परियोजनाका दुवै क्रियाकलाप राखिएका छैनन् । कुनै पाठमा सिर्जनात्मक कार्य र कुनै पाठमा परियोजना कार्यका क्रियाकलाप राखिएका छन् । सिर्जनात्मक कार्यको अभ्यासका लागि भेडा र परियोजना कार्यका लागि भालु लोगोको प्रयोग गरिएको छ । यसअन्तर्गत निम्न क्रियाकलाप राखिएका छन् :

- सन्दर्भ दिएर सिर्जना गर्न लगाउने
- शीर्षक दिएर वा नदिइकन स्वतन्त्र सिर्जना गर्न लगाउने
- समूहमा सिर्जना लगाउने (संवाद लेखन)
- पुस्तकालय वा सामाजिक सञ्जालबाट विषयवस्तु बोध र प्रस्तुति
- समुदाय र घरपरिवारबाट विषयवस्तु बोध र प्रस्तुति
- निर्दिष्ट विषयमा समूह कार्य र प्रस्तुति

३.१८. सिकाइ सहजीकरण प्रक्रिया

निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो । भाषा शिक्षण विषयवस्तुका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको शिक्षण हो । पाठ्यक्रमले निर्देश गरेका विभिन्न विधागत क्षेत्रलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक र लिखित अभिव्यक्ति, शब्दभण्डार, भाषातत्त्व र वर्णविन्यासको अभ्यासका लागि उपयोग गर्नुपर्छ । सिकाइ सहजीकरण भाषिक सिप, संरचना र शब्दभण्डारको हस्तान्तरणमा आधारित हुन्छ । विद्यार्थी केन्द्रित भएर गरिने भाषाको सिकाइ सहजीकरण व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित हुन्छ । शिक्षकले विद्यार्थीलाई पर्याप्त अवसर उपलब्ध गराई अभिप्रेरणामूलक तथा सन्दर्भमा आधारित भई भाषिक क्रियाकलाप गर्नुपर्छ ।

सिकाइका सिद्धान्त र मनोवैज्ञानिक पक्ष अनुसरण गरी सिकाइ सहजीकरण गरिन्छ । विद्यार्थीमा भाषिक दक्षता वृद्धि गर्न र सिकाइप्रति अनुरागी बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । भाषिक सिप सिकाइको प्रभावकारिता उत्प्रेरणात्मक सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित हुन्छ । सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धि, विषयवस्तुको स्वरूप, विद्यार्थी मनोविज्ञान, क्षमता र रुचि, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण अवस्था जस्ता पक्षमा ध्यान दिनुपर्छ । भाषा सिकाइ प्रक्रियाको प्रभावकारिता र उपलब्धि सिकाइ क्रियाकलापद्वारा निर्धारित हुन्छन् । यी क्रियाकलापको निर्माण र प्रयोगबाट नै शिक्षकले आफ्नो कौशल प्रदर्शन गर्न, सिप हस्तान्तरण गर्न र पाठ्यक्रमको सही कार्यान्वयन गर्न सक्छन् । यसका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ :

(क) भाषिक सिपमा आधारित क्रियाकलाप

सुनाइ सिपअन्तर्गत लयबोध, श्रुतिलेख, श्रुति रचना, सुनाइका आधारमा बुँदा टिपोट, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वा घटना वर्णन जस्ता क्रियाकलाप गराउनुपर्छ । त्यस्तै बोलाइ सिपअन्तर्गत कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तु वर्णन, कथा कथन, घटना वर्णन, वादविवाद, वक्तृता, अभिनय र नाटकीकरण जस्ता क्रियाकलाप गराउनुपर्छ । पढाइ सिपअन्तर्गत सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, सारांश, प्रश्नको निर्माण, घटना वर्णन र मिलान जस्ता क्रियाकलाप गराउनुपर्छ । लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, अनुभव वर्णन, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, भाव विस्तार वा व्याख्या, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, संवाद लेखन, विभिन्न विषय क्षेत्रका व्यावहारिक लेखन र विभिन्न विधामा सिर्जनात्मक लेखनलगायत क्रियाकलाप गराउनुपर्छ ।

(ख) विधामा आधारित क्रियाकलाप

(अ) कथा विधा : कथा शिक्षणको उद्देश्य विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । आख्यानात्मक पाठ भाषा शिक्षणका साधन हुन् । नेपाली भाषा पाठ्यक्रममा यिनलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमका रूपमा राखिएको छ । आख्यानात्मक पाठको शिक्षणमा कथाश्रवण, कथाकथन, संरचना पहिचान, कथा निर्माण, सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, चरित्र चित्रण र पात्र तुलना, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, कथा सार, नयाँ शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(आ) कविता विधा : लयबद्ध पाठको मुख्य प्रयोजन लयबोध, भावबोध, उच्चारण सिपको विकास गराउनु हो । यसमा लययुक्त सस्वरवाचन, संरचना पहिचान, भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ, गद्य रूपान्तरण, प्रश्न निर्माण, सन्देश ग्रहण, अर्थबोध र प्रयोग एवम् भाव विस्तारसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ । आवश्यकतानुसार विद्यार्थीलाई अनुकरणात्मक र सिर्जनात्मक लेखनतर्फ अनुरागी बनाउनुपर्छ ।

(इ) जीवनी विधा : जीवनी शिक्षणको मुख्य प्रयोजन भाषाको मौखिक तथा लिखित बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु हो । व्यक्तिवृत्त वर्णन गर्ने सिपको विकास गराई सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, नयाँ शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन, अनुकरणत्मक र स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ई) निबन्ध विधा : निबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । निबन्धमा आधारित भएर भाषिक सिप विकासको अभ्यास गराउँदा सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, छलफल र व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका साथै बुँदा टिपोट, व्याख्या, सारांश, प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(उ) रूपक विधा : रूपक विधाका पाठको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता विकास गराउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद, वादविवाद, वक्तृतालाई परिस्थिति, पात्र र भावानुकूल वाचन अभिनय र भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । कथ्य अभिव्यक्ति क्षमताका मूल घटक हाउभाउ, स्वरको आरोह अवरोह, आघात, गति, यतिको ख्याल गर्नुपर्छ । यस्ता पाठको अभ्यास गराउँदा सस्वर तथा मौन पठन, संरचना पहिचान, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, प्रश्न निर्माण, प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवादपूर्ति, श्रुति लेखन र स्वतन्त्र लेखन, संवाद, वादविवाद, वक्तृताको अनुकरण लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ऊ) व्यावहारिक लेखन : व्यावहारिक लेखन लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, समवेदना, बधाई, भरपाई आदि लेखनको अभ्यास गराउनुपर्छ । व्यवहारिक लेखनको शिक्षण गर्दा दिइएको व्यावहारिक लेखनलाई नमुनाका रूपमा उपयोग गरी तिनको संरचना, ढाँचा र शैलीसमेतको अभ्यास गराउनुपर्छ । यसका साथै प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, प्रत्युत्तर लेखन, अनुकरण र स्वतन्त्र व्यावहारिक लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ऋ) भाषिक संरचना र वर्णविन्यास : भाषिक संरचना र वर्णविन्यास शिक्षणको मुख्य प्रयोजन बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गराउनु हो । भाषिक संरचनालाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउनुपर्छ । उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाउनुपर्छ । व्याकरण, वर्णविन्यास र लेख्य चिह्नको सिकाइ सहजीकरण गर्दा रचना र प्रयोगका माध्यमबाट गर्नु उपयुक्त हुन्छ । भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भ रचना, पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा उपयुक्त किसिमका भाषिक संरचनालाई स्वतन्त्र रूपमा नभई पाठ वा रचनाका आधारमा शिक्षण र सोही आधारमा मूल्याङ्कन गर्नुपर्छ ।

(ए) शब्दभण्डार : भाषाको महत्त्वपूर्ण घटक शब्दभण्डार हो । यसअन्तर्गत शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ। पाठमा प्रयुक्त शब्दलाई केन्द्रबिन्दु मानी विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । त्यसैले शब्दका विभिन्न अर्थ सम्बन्ध र सन्दर्भपूर्ण प्रयोगमा जोड दिनुपर्छ ।

३.१९. कक्षा ४ र ५ विधा तथा विषयवस्तुको क्षेत्र र कार्यघण्टा

माइलस्टोन नं.	कक्षा ४			कक्षा ५		
	विषयवस्तु	विधा	कार्यघण्टा	विषयवस्तु	विधा	कार्यघण्टा
१.	सबै मेरा गुरु	कविता	११	नेपाल नै राम्रो	कविता	११
२.	सुनको मूर्ति	कथा	११	नानीशोभा नर्सरी	कथा	१२
३.	मलाईं पुस्तक मन पर्छ	निबन्ध	१२	सञ्चारका साधन	निबन्ध	१२
४.	साथीलाई चिठी	चिठी	८	प्रधानाध्यापकलाई निवेदन	निवेदन	९
५.	खेलकुदको महत्त्व	संवाद	९	नाटककार बालकृष्ण सम	जीवनी	१३
६.	झुटको परिणाम	कथा	१२	जस	कथा	१२
७.	समाजसेवी महावीर पुन	जीवनी	१२	साझा सम्पत्ति	संवाद	९
८.	कुरिलो खेती	निबन्ध	११	अन्नदाता	कविता	१०
९.	घमण्डको फल	कथा	१०	स्वास्थ्य र जीवनशैली	निबन्ध	१२
१०.	सानी नदी	कविता	११	जम्बियाङको जन्मदिन	कथा	१२
११.	नारायणहिटी सङ्ग्रहालय	निबन्ध	१०	भान्जीलाई चिठी	चिठी	९
१२.	निसाफ	कथा	११	सम्झनामा मत्स्यपोखरी	संस्मरण	११
१३.	घले गाउँ	नियात्रा	१०	प्रतियोगिताका दुई दिन	दैनिकी	१०
१४.	जूनतारा छुन	कविता	११	पुतली	कविता	१०
१५.	साथी	कथा	११	रोबोट गाउँ	कथा	११
जम्मा कार्यघण्टा			**१६०**	**जम्मा कार्यघण्टा**		**१६०**

३.२०. माइलस्टोनमा प्रयोग भएका लोगो र माइलस्टोन विवरण

नेपाली विषय कक्षा ४ र ५ मा विधागत आधारमा १५/१५ ओटा माइलस्टोन निर्धारण गरिएका छन् । ती माइलस्टोनमा राखिएका सिकाइ उपलब्धि हासिल गराउन कक्षा ४ मा २३ र कक्षा ५ मा २१ ओटा लोगोलाई समावेश गरिएका छन् । ती लोगो र क्रियाकलापका प्रकृतिलाई तल उल्लेख गरिएको छ ।

३.२१. कक्षा ४ र ५ मा शिक्षण सिकाइ क्रियाकलापका क्षेत्रअन्तर्गत प्रयोग गरिएका लोगो विवरण

क्रियाकलापका क्षेत्र	प्रयोग गरिएका लोगो
पूर्व पठन	बाघ, बिरालो
मूलपाठ	खरायो, गाई, घोडा
शब्दभण्डार	हात्ती, बाँदर, उँट, कछुवा, माछा, हरिण
बोध र अभिव्यक्ति (भाषिक प्रकार्य)	गोरु, गाई, बिरालो, कलम, लोखर्के, मुसो
भाषिक संरचना र वर्णविन्यास	जेब्रा, बाखो
सुनाइ र बोलाइ	सिंह
परियोजना कार्य	भालु
सिर्जनात्मक कार्य	भेडा
आवधिक परिक्षा	कुकुर

बहुकक्षा बहुस्तर शिक्षण सामग्री
रुजुसूची

विषय : मेरो नेपाली — **कक्षा : १ (एक)**

विषयक्षेत्र	माइलस्टोन नम्बर	पाठ शीर्षक	सुनाइ र बोलाइ						पढाइ				लेखाइ			शब्द भण्डार र कार्यमूलक व्याकरण								जम्मा क्रियाकलाप	अनुमानित पाठ्यघण्टा	वर्णगत सिकाइक्रम	व्यवहार कुशल सिप	सिकाइ उपलब्धि
			ध्वनि सचेतीकरण				श्रव्य, दृश्य बोध		पठन प्रवाह	पठन बोध			लेख्यवर्ण सचेतीकरण	लेखाइ		शब्द भण्डार					कार्यमूलक व्याकरण	सुधारात्मक सिकाइ						
			खरायो	गोरु	घोडा	मुसो	बाघ	माछा	घुम्सी	गाई	चिराला	भेडा	लोखर्के	पेन्सिल	झ्याम	कलम	बाँदर	कछुवा	हाती	हरिण	ऊँट	जेब्रा	कुकुर					
म र मेरो परिवार	१	ध्वनि पहिचान र उच्चारण	१		१		१			१	१		१, २	१	१		१,२							११	५	आदर, नाता र शरीरका अङ्ग	प्रयोग सिप (S1.1) सिकाइ सिप (S1.2) सञ्चार सिप (S3.1) सहकार्य सिप (S3.2) दृश्य साक्षरता सिप (S4.3)	म र मेरो परिवार विषयक्षेत्रका ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, पठन प्रवाह, पठन बोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरणसँग सम्बन्धित सिकाइ उपलब्धिहरू
	२	ध्वनि पहिचान र उच्चारण	२				२			२	२,३		३	२	२		३							९	५	खानेकुरा, तरकारी, अन्न, फलफूल र दैनिक प्रयोगका सामग्री		
	३	ध्वनि पहिचान र उच्चारण	३				३			३	४			३	३		४,५						१	९	५	पेसा र प्रविधि		
मेरो दैनिक जीवन	४	अ र आ अमला, अनार, अखबार, आलु आगो, आरु	४	१, २			४,५			४	५			४,५	४	१	६	१						१३	६	अ, आ, ा	स्वव्यवस्थापन सिप : S 2.1 प्रयोग सिप : S 1.1 दृश्य साक्षरता : S 4.3 सहकार्य सिप : S 3.2	मेरो दैनिक जीवन विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	५	इ र ई इनार, इनाम, इन्द्रेनी, ईश्वर, ईशान, ईश	५	३,४			६,७			५	६	१		६,७	५	२	७	२					२	१५	७	इ, ि, ई, ी		
हाम्रो समुदाय	६	उ र ऊ उखु, उन, उडुस, ऊर्जा, ऊष्मा, ऊकार	६	५, ६			८		१	६	७			८	६	३	८,९							१२	५	उ, ु, ऊ, ू	दृश्य साक्षरता सिप : S 4.3 प्रयोग सिप : S 1.1 सिकाइ सिप : S 1.2	हाम्रो समुदाय विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	७	ऋ र ए ऋषि, ऋतु, ऋण, एक, एकतारे एघार	७	७,८	२	१	९,१०		२	७	८	२		९,१०	७	४	१०						३	१७	६	ऋ, ृ, ए, े		
मेरो विद्यालय	८	ऐ र ओ ऐना, ऐरावत, ऐया, ओखर, ओठ, ओखती	८	९,१०			११			८	९	३	४	११,१२		५	११	३						१३	६	ऐ, ै, ओ, ो	दृश्य साक्षरता सिप : S 4.3 सूचना साक्षरता : S 4.4 प्रयोग सिप : S 1.1 सहकार्य सिप : S 3.2	मेरो विद्यालय विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	९	औ, अं र अः औषधी, औजार, औलो, अंश, अंशु, अंशुमाला	९	११, १२		२	१२		३	९	१०			१३,१४			१२						४	१२	६	औ, ौ, अं, ं, अः, ः		
हाम्रो वातावरण	१०	क कछुवा, कलम, कलश, कमल,	१०	१३			१३				११			१५		६		४	१					८	४	क, ा, का,	दृश्य साक्षरता सिप : S 4.3 रचनात्मक सोच सिप : S 1.3 सूचना साक्षरता सिप : S 4.4 सञ्चार सिप : S 3.1 प्रयोग सिप : S 1.1 सहकार्य सिप : S 3.2	हाम्रो वातावरण विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	११	का, कि र की कान, काग, काउली, किताब, किरो, किसान, कीर्तन, कीट, कीर्ति	११	१४			१४		४	१०				१६		७								७	४	कि, ि, की, ी		
	१२	कु, कू, कृ र के कुकुर, कुखरो, कुवा, कूप, कूल, कूज, कृष्ण, कृषक, कृषि, केरा, केराउ, केटाकेटी	१२	१५			१५		५	११			५	१७		८		५						१०	४	कु, कू, ृ, कृ, के, ै		
हाम्रो सिर्जना	१३	कै, को, कौ, कं र कः कैलो, कैलाश, कैलाली, कोठा, कोदालो, कोदो, कौवा, कौसी, कौरव, कंस, कंसाकार	१३	१६			१५		६	१२		४		१८	८	९		६	२		१		५	१२	५	कै, ै, को, ो, कौ, ौ, कं, ं, कः, ः	सहकार्य सिप : S 3.2 प्रयोग सिप : S 1.1 सञ्चार सिप : S 3.1 रचनात्मक सोच सिप : S 1.3 सहयोग तथा सहानुभूति सिप : S 3.3	हाम्रो सिर्जना विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	१४	ख देखि खः सम्म खरायो, खल, खसी, खाट, खाजा, खाना, खिर, खिचडी, खुकुरी, खुर्सानी, खुट्टके, खेलौना, खेल, खेत, खैरो, खोप, खोल, खौर	१४	१७			१७		७	१३,१४	१२	५	६	१९	९	१०			३		२			१४	६	ख, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
	१५	ग देखि गः सम्म गमला, गहना, गणेश, गधा, गाई, गाजर, गाजल, गितार, गिलास, गीत, गीता, गुर्रास, गुलाफ, गेडागुडी, गैडा, गोरु, गोलो, गोडा, गौरी, गौंथली	१५	१८			१८		८	१५,१६	१३		७	२०	१०	११					३			१२	५	ग, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
	१६	घ देखि घः सम्म घर, घडी, घण्टा, घट्ट, घाम, घाउ, घाँस, घिउ, घिरौला, घुंडा, घुम, घेरो, घैला, घैंटो, घोडा, घोगो	१६	१९			१९		९	१७,१८	१४	६		२१	११	१२	१३	७			४		६	१५	६	घ, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
बानी र रुचि	१७	ङ र च का सञ्जा वर्ण तथा बाह्यखरी नङ, सिङ, चरो, चकटी, चना, चमेरो, चामल, चिउरा, चुलो, चौकी	१७	२०			२०		१०	१९,२०			८	२२	१२	१३	१४	८	४,५		५			१५	५	ङ, च, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः	प्रयोग सिप : S 1.1 सञ्चार सिप : S 3.1 दृश्य साक्षरता सिप : S 4.3; निर्णय तथा समस्या समाधान सिप : S 1.5 सहकार्य सिप : S 3.2	बानी र रुचि विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	१८	छ र ज का सञ्जा वर्ण तथा बाह्यखरी छडी, छहरा, छत, छाता, छाना, छेपारो, छोकडा, जहाज, जमरा, जरायो जाल, जेरी, जामा, जिरा, जुत्ता, जुन	१८	२१,२२			२१		११	२१,२२			९	२३		१४		९	६		६			१३	५	छ, ज, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
	१९	झ र ञ का सञ्जा वर्ण तथा बाह्यखरी झरना, झन्डा, झरी, झार, झुल, झोला, झाडी, झुपडी, ञकार	१९	२३		३	२२		१२,१३	२३,२४		७		२४		१५		१०	७	१			७	१४	५	झ र ञ ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
हाम्रो संस्कृति	२०	ट र ठ का सञ्जा वर्ण तथा बाह्यखरी टपरी, टप, टहरो, टोपी, टालो, टोकरी, टिमुर, टेलिफोन, ठडेउरो, ठेकी, ठेलगाडी	२०	२४			२३		१४	२५	१५	८	१०	२५		१६	१५	११	८		७			१३	५	ट, ठ, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः	प्रयोग सिप : S 1.1 सञ्चार सिप : S 3.1 बहुसांस्कृतिक साक्षरता सिप : S 4.5; निर्णय तथा समस्या समाधान सिप : S 1.5; सहकार्य सिप : S 3.2; दृश्य साक्षता सिप : S 4.3	हाम्रो संस्कृति विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	२१	ड, ढ र ण का सञ्जा वर्ण तथा बाह्यखरी डमरु, डाँफे, डोली, ढकनी, ढक, ढिंडो, ढोलक	२१, २२	२५, २६			२४		१५	२६,२७				२६		१७		१२	९		८	१		१४	५	ड, ढ र ण ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
	२२	त र थ का सञ्जा वर्ण तथा बाह्यखरी तबला, तराजु, तार, तोरी, तुलसी, थपडी, थाल, थैली	२३	२७, २८		४	२५		१६	२८	१६	९	११	२७	१३	१८		१३	१०	२	९		८	१८	५	त, थ, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
सूचना प्रविधि र बजार	२३	द, ध र न का सञ्जा वर्ण तथा बाह्यखरी दराज, दमकल, दाल, दुवो, दौरा, धनुष, धरहरा, धाजो, धुपी, नरिवल, निबुवा, निधार, नेपाल	२४	२९,३० ,३१	३		२६			२९,३०				२८		१९	१६		११		१०			१३	४	द, ध, द ध, न, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः	प्रयोग सिप : S 1.1 सिकाइ सिप : S 2.4 समय व्यवस्थापन : S 1.1 सञ्चार सिप : S 3.1 सहकार्य सिप : S 3.2 दृश्य साक्षरता सिप : S 4.3	सूचना, प्रविधि र बजारका विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	२४	प, फ र ब का सञ्जा वर्ण तथा बाह्यखरी परेवा, पुल, पोखरी, पुलिस, पैताला, फलफूल, फूल, फेटा, बस, बल, बाकस, बिरालो, बोरा	२५	३२,३३, ३४			२७	१	१७	३१,३२			१२	२९		२०	१७	१४	१२		११	२,३		१८	५	प, फ, ब, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
	२५	भ, म य तथा र का सञ्जा वर्ण तथा बाह्यखरी भटमास, भलिबल, भैसी, भालु, मकै, मुला, मेवा, मौरी, यमराज, युवक, यातायात, रगत, रिबन, रोटी, रेडियो	२६	३५,३६, ३७,३८	४		२८		१८	३३		१०		३०		२१		१५	१३, १४	३			९	१६	६	भ, म, य, र, ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
हाम्रो क्रियाकलाप	२६	ल, व, श र ष का सञ्जा वर्ण तथा बाह्यखरी लसुन, लोहोरो, लौका, लिची, वकिल, शङ्ख, शिशु, षट्कोण	२७	३९,४०		५	२९		१९	३४		११		३१		२२			१५		१२	४		१३	६	र, ल, व, श, ष ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः	प्रयोग सिपः S 1.1, सञ्चार सिपः S 3.1, दृश्य साक्षरता सिपः S 4.3, निर्णय तथा समस्या समाधान सिपः S 1.5, सहकार्य सिपः S 3.2	हाम्रो क्रियाकलाप विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	२७	स, ह, क्ष, त्र र ज्ञ का सञ्जा वर्ण तथा बाह्यखरी सलजम, सुगा, सूर्य, हलो, हवाईजहाज, हात, हिमाल, क्षत्री, त्रिभुज	२८	४१,४२, ४३,४४		६	३०		२०	३५		१२	१३	३२		३३ २४	१८	१६	१६	४	१३		१०	१९	९	स, ह, क्ष, त्र, ज्ञ ा, ि, ी, ु, ू, ृ, े, ै, ो, ौ, ं, ः		
हाम्रो वरपरको संसार	२८	क् देखि ण्	२९				३१			३६	१७		१४				१९, २०	१७	१७					१०	४	क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण	प्रयोग सिप (S1.1); निर्णय तथा समस्या समाधान (S1.5); सञ्चार सिप (S3.1); सहकार्य सिप (S3.2); दृश्य साक्षरता सिप (S4.3)	हाम्रो वरपरको संसार विषयक्षेत्रका सम्बन्धित सिकाइ उपलब्धिहरू
	२९	त् देखि य्	३०				३२			३७	१८	१३				२५	२१	१८	१८, १९	५				११	५	त, थ, द, थ, द, ध, न, प, फ, ब, भ, म, य		
	३०	र देखि त्र	३१		५		३३			३८	१९	१४	१५				२२	१९,२०	२०				११	१२	६	र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ		
		जम्मा	३१	३४	५	६	३३	१	२०	३८	१९	१४	१५	३२	१३	२५	२२	२०	२०	५	१३	४	११	३९८	१६०			

बहुकक्षा बहुस्तर शिक्षण सामग्री

सिकाई सिँढी (Ladder)

विषय : मेरो नेपाली

कक्षा : १ (एक)



मेरो नेपाली SCHOOL IN A BOX ◆ GOVN/MOEST/CDC

विषय : नेपाली **कक्षा : २ (दुई)**

बहुकक्षा बहुस्तर शिक्षण सामग्री

ऋतुसूची

| विषयवस्तु | क्रमाङ्क | पाठ शीर्षक | जम्मा | सुनाइ र बोलाइ | | | | | | पढाइ | | | | लेखाइ | | | शब्द भण्डार र भाषासँग सम्बन्धित व्याकरण | | | | | |

बहुकक्षा बहुस्तर शिक्षण सामग्री

सिकाई सिँढी (Ladder)

विषय : मेरो नेपाली

कक्षा : २ (दुई)



बहुकक्षा बहुस्तर शिक्षण सामग्री
रुजुसूची

विषय : मेरो नेपाली — **कक्षा : ३ (तीन)**

विषयक्षेत्र	माइलस्टोन नम्बर	पाठ शीर्षक	सुनाइ र बोलाइ: ध्वनि सचेतीकरण: खरायो	घोडा	मुसो	चिराफ	त्रिभुज	सुनाइ र बोलाइ: श्रव्य/दृश्य बोध: बाघ	माछा	भालु	पोपट	पढाइ: पठन प्रवाह: दुस्सी	मलसीप्रो	पढाइ: पठन बोध: गाई	बिरालो	भेडा	लेखाइ: लेख्यवर्ण सचेतीकरण: लेखबुँदे	पेन्सिल	लेखाइ: लेखाइ: कलम	गोही	ड्रम	शब्द भण्डार र कार्यमूलक व्याकरण: शब्द भण्डार: बाँदर	कछुवा	हात्ती	हरिण	ऊँट	कार्यमूलक व्याकरण: जेठा	बाली	विषयक्षेत्रको मूल्याङ्कन: कुहिर	जम्मा क्रियाकलाप	अनुमानित पाठ्यघण्टा	व्यवहारकुशल, सिप	सिकाइ उपलब्धि	भाषिक तत्त्व
म र मेरो परिवार	१	लयमिल्दा शब्द	१	१				१						१	१	१			१			१,२			१	१		१३	१५	प्रयोग सिप (S1.1) सिकाइ सिप (S1.2) सञ्चार सिप (S3.1) सहकार्य सिप (S3.2) दृश्य साक्षरता सिप (S4.3)	१. म र मेरो परिवार विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. शब्दको सुरुमा समान ध्वनि भएका शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न ३. समान संरचना भएका शब्द पहिचान र उच्चारण गरी भाषिक सञ्चार तथा अभिव्यक्तिका क्रममा उपयोग गर्न	● ध्वनि सचेतीकरण ● श्रव्य/दृश्यबोध ● पठन प्रवाह ● पठनबोध ● लेख्यवर्ण सचेतीकरण ● लेखाइ ● शब्द भण्डार ● कार्यमूलक व्याकरण
	२	समान संरचना भएका शब्द	२	२		१		२		१				२	२		१	२,३					३			२	२	१	१४					
मेरो दैनिक जीवन	३	उस्तै उस्तै सुनिने शब्द	३	३				३		२				३,४,५	३		१			४		२	२	४	१			३	१५	१०	स्वव्यवस्थापन सिप S2.1 प्रयोग सिप S1.1 दृश्य साक्षरता S4.3 सहकार्य सिप S3.2	१. मेरो दैनिक जीवन विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. शब्दको सुरुमा समान ध्वनि भएका शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न ३. पदसङ्गति मिलाई छलफल र कुराकानीमा प्रस्तुत मौखिक तथा लिखित अभिव्यक्तिको आशय प्रस्तुत गर्न	
	४	अनुकरणात्मक शब्द	४	४			१	४	१	३				६	४			५		१	३		५	२	१			२	१५				
हाम्रो समुदाय	५	पारिभाषिक शब्द (चाडपर्व, धर्म संस्कृति)	५	५				५	२	४				७,८			२,३	६,७					३	६		२	३		१५	१५	दृश्य साक्षरता सिप S4.3 प्रयोग सिप S1.1 सिकाइ सिप S1.2	१. हाम्रो समुदाय विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. परिचित शब्दका ध्वनि पहिचान गरी शुद्ध उच्चारणसहित पढ्न ३. दृश्यात्मक अवस्था, स्थानीय परिवेश र पाठको परिवेशका आधारमा छलफल गरी शब्दको अर्थ पहिचान र प्रयोग गर्न	
	६	प्राविधिक शब्द (पसल, सवारीसाधन)	६	६	१	२		६		५				९				८			४,५	४				४		३	१३					
मेरो विद्यालय	७	स्वरवर्ण प्रयोग भएका परिचित शब्दका ध्वनि जोडाइ	७	७	२	३		७		६				१०,११			२	९			६	५				५,६	४		१५	१५	दृश्य साक्षरता सिप S4.3 प्रयोग सिप S1.1 सिकाइ सिप S1.2	१. मेरो विद्यालय विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. परिवेशगत, पात्रगत र घटनागत परिचित शब्द र सन्दर्भ पहिचान गरी छलफल र प्रश्नोत्तर गर्न ३. पठित पाठको सार र घटनाक्रम वर्णन गर्न	
	८	स्वरवर्ण प्रयोग भएका परिचित शब्दका ध्वनि छुट्याइ	८	८	३,४	४		८		७				१२	५,६		३	१०,११ ,१२					७,८,९		३,४		५	४	२१					
हाम्रो वातावरण	९	शब्दका सुरुका ध्वनि थाज्ने, झिक्को, जोड्ने र छुट्याउने,	९	९				९		८			१	१३,१४				१३			७		१०,११	३	५		६		१४	२०	दृश्य साक्षरता सिप S4.3 सूचना साक्षरता S4.4 प्रयोग सिप S1.1 सहकार्य सिप S3.2	१. हाम्रो वातावरण विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. शब्दका सुरु, मध्य र अन्त्यका वर्ण थप्दा वा झिक्दा बन्ने अर्को सार्थक शब्द निर्माण एवम् प्रयोग गर्न ३. पाठका विषयवस्तुबारे साथीसँग छलफल गरी निष्कर्ष बताउन	
	१०	शब्दका मध्यका ध्वनि थप्ने, झिक्ने	१०,११	१०	५			१०		९			२	१५	७		४	१४	१			६	१२	४		७	७		१७					
	११	शब्दका अन्त्यका ध्वनि थाज्ने, झिक्ने, जाड्ने र छुट्याउने	१२	११	६	५		११,१२				१	३	१६	८			१५,१६			८	७	१३		६			५	१७					
मेरो सिर्जना	१२	व्यञ्जनवर्ण (क-ण) प्रयोग भएका परिचित शब्दका ध्वनि जोडाइ	१३		७	६		१३	३	१०,११				१७	९	२	५		१७			९					८			१४	१५	सहकार्य सिप S3.2 प्रयोग सिप S1.1 सञ्चार सिप S3.1 रचनात्मक सोच सिप S1.3 सहयोग तथा सहानुभूति सिप S3.3	१. मेरो सिर्जना विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. हलन्त र संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान गरी सञ्चार र अभिव्यक्ति गर्न ३. पढेका पाठका विषयवस्तुको वर्णन र लेखन गर्न	
	१३	व्यञ्जनवर्ण (क-ण) प्रयोग भएका परिचित शब्दका ध्वनि छुट्याइ	१४	१२	८			१४					२			३	६		१८	२,३		१०,११ ,१२	८	१४		७			६	१८					
रुचि र बानी	१४	व्यञ्जनवर्ण (त-ञ) प्रयोग भएका परिचित शब्दका ध्वनि जोडाइ	१५	१३	९			१५		१२				१९	१०	४	७			४		१३,१४	९	१५			९			१६	१५	प्रयोग सिप S1.1 सञ्चार सिप S3.1 दृश्य साक्षरता सिप S4.3 निर्णय तथा समस्या समाधान सिप S1.5 र सहकार्य सिप S3.2	१. रुचि र बानी विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. संयुक्त र जोडेमोडेका व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान, उच्चारण र अर्थबोध गर्न ३. पढेका पाठका आधारमा विषयवस्तु, पात्र र घटना सम्बन्धी प्रतिक्रिया व्यक्त गर्न	
	१५	व्यञ्जनवर्ण (त-ञ) प्रयोग भएका परिचित शब्दका ध्वनि छुट्याइ	१६,१७					१६	४	१३			३		२०	११			१९, २०			१५	१०	१६			८	७	१५					
हाम्रो संस्कृति	१६	दुईओटा शब्द जोडर बनेका सिङ्गो शब्द (घरपरिवार र अङ्ग)	१८	१४	१०,११			१७					४		२१			८		२१			१६				१०,११	९		१३	१५	प्रयोग सिप S1.1 सञ्चार सिप S3.1 बहुसांस्कृतिक साक्षरता सिप S4.5 निर्णय तथा समस्या समाधान सिप S1.5 सहकार्य सिप S3.2 दृश्य साक्षता सिप S4.3	१. हाम्रो संस्कृति विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. हलन्त तथा जोडेमोडेका संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न ३. प्राप्त सूचना तथा पढेका सामग्रीका आधारमा विषयवस्तु, पात्र र घटना सम्बन्धी प्रतिक्रिया व्यक्त गर्न	
	१७	दुईओटा शब्द जोडेर बनेका सिङ्गो शब्द (कार्यव्यवहार)	१९		१२,१३			१८,१९	५	१४				१२		९		२२,२३					१७		८	१२	१०	८	१६					
सञ्चार प्रविधि र बजार	१८	दुईओटा शब्द जोडर बनेका सिङ्गो शब्द (सामग्री)	२०		१४			२०	६	१५	१	५		२२	१३			४		५,६		१७	११	१८						१५	१०	प्रयोग सिप S1.1 सिकाइ सिप S2.4 समय व्यवस्थापन S1.1 सञ्चार सिप S3.1 सहकार्य सिप S3.2 दृश्य साक्षरता सिप S 4.3	१. सञ्चार प्रविधि र बजार विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. शब्दशब्द जोडेर वा छुट्याएर शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न ३. पढेका दुई विषयवस्तुका पात्र, घटना र परिवेश दाँजी अनुच्छेदमा प्रस्तुत गर्न	
	१९	दुईओटा शब्द जोडर बनेका सिङ्गो शब्द (जीवजन्तु, स्वाद, पर्यावरण र वस्तुस्थिति)	२१		१५	७			७					२३	१४	५	१०		२४	७				१९, २०			१३		९	१४					
हाम्रा क्रियाकलाप	२०	सर्गपरक शब्द (उपसर्ग : नेपाली)	२२, २३		१६			२१						२४	१५	६	११	५	२५, २६	८		१८	१२	२१						१५	१५	प्रयोग सिप S1.1 सञ्चार सिप S3.1 दृश्य साक्षरता सिप S4.3 निर्णय तथा समस्या समाधान सिप S1.5 सहकार्य सिप S3.2	१. हाम्रा क्रियाकलाप विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. शब्दशब्द जोडेर वा छुट्याएर शब्दको पहिचान, उच्चारण तथा शब्दसूची निर्माण र प्रयोग गर्न	
	२१	सर्गपरक शब्द (प्रत्यय : नेपाली)	२४		१७			२२						२५		७		६	२७, २८	९	२	१९		२२		९			१०	१४				
हाम्रो वरपर को संसार	२२	सर्गपरक शब्द (उपसर्ग : तत्सम)	२५		१८			२३			२	६	४	२६, २७			१२	७	२९					२३, २४						१३	१५	प्रयोग सिप S1.1 निर्णय तथा समस्या समाधान S1.5 सञ्चार सिप S3.1 सहकार्य सिप S3.2 दृश्य साक्षरता सिप S4.3	१. हाम्रो वरपरको संसार विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू २. सर्गपरक शब्दको पहिचान, उच्चारण तथा शब्दसूची निर्माण र प्रयोग गर्न	
	२३	सर्गपरक शब्द (प्रत्यय : तत्सम)	२६		१९, २०			२४	८	१६		७		२८	१६			८	३०, ३१	१०				२५		१०		११	१६					
जम्मा																													३४८	१६०			

बहुकक्षा बहुस्तर शिक्षण सामग्री
सिकाई सिँढी (Ladder)

विषय : मेरो नेपाली

कक्षा : ३ (तीन)

विषय : नेपाली **कक्षा : ४**

रूख रूखी

	जम्मा	३	१७	१५	१२		१	६	२	१२	१५	१५	१२	१२	१५	१२	९	७	८	६	१२	९	७	८	६	५	४	३	२	१	२०५			१६०
१५	स्वामी		१७	१५	१२		६			१२	१५	१५	१२	१२	१५	१२	९	७			१२	९	७					३			१५			१९
१४	जुनगाए छुरा	३	१६	१४	१४	१२	१४	१४	१२	१४	१४	१२	१२	१२	१४	१२	१०	८	६	४	१२	९	७	६	४							११			११
१३	घर्ने गाउँ		१५	१३	११		१३			११	१२	१२			१२		९	८			१२														१०
१२	निबाफ		१४	१२	१०		११	१२	११	१०			८			८					१०						३								११
११	नारायणहिटी स्वङ्ग दरबार		१३	११	९			११			९,१०	३		३			१६		७	७															१०
१०	माली नही	२	१२	१०	८	२		१०	१०			७	१५				१४	६																	११
९	घमण्डको फल		९	७	५	४			८,९	८	८	८			१४	७	७	५																	१०
८	कुरिनो बेहनी		९	८	६	८			९	६	६	६	६	६	११	६	६	४	३	३	११	९	८	६	६	४	३	३	३						११
७	मनाजनेको महलैर पुग		८	८	७	६	५	५	४	६	५	५	४	४	१२	४	४	३	३	३	१४	६	६	५	५	४	४	३	३						१२
६	मेहनत पारिणाम		७	६	६	५	५	५	५	५	५	४	४	४	९,१०	४	४	३	३	३	१६	५	५	४	४	३	३	३	३						१२
५	बेबकूफको महत्व		६	५	५	४	४	४	३,४	४	४	३	३	३	८	३	३	२	२	२	१४	४	४	३	३	३	२	२	२						९
४	माघीलाई भिजी		५	४	४	३	४	३	४,५	३	३	२	२	२	६,७	२	२	१	१	१	१३	३	३	२	२	१	१	१	१						८
३	मकाई पुत्रबाट मन पछि		४, ५	३	३	२	३	३	३	२	३	२	२	२	५	२	२	१	१	१	१६	३	३	२	२	१	१	१	१						१२
२	सुनको मूर्ति		२	२	२	२	२	२	३,४	२	३	२	२	२	९	२	२	१	१	१	१४	३	३	२	२	१	१	१	१						११
१	सबै भन्दा ग्ल्ट		१	१	१	१	१	१	१,२	१	१	१	१	१	२,३	१	१	१	१	१	१६	१	१	१	१	१	१	१	१						११

	माडलटोन शीर्षक	कविता	खरानो	झिल्ली	शब्दभण्डार	शब्दोच्चारण, घुटुलिला	बोध	टंडाल	सपना	थुतिलेखन र सारांश लेखन	गीत	बाध	चित्र वर्णन	शिक्षा	सुनाइ क्रियाकलाप	विरामो	पठन र पठाको पूर्वानुमान	संवाद	घोंटा	भाषिक प्रकार्य, घटनाक्रम	भूमि	परिचयात्मक कार्य	भाग	नोक्सकर	माछा	चिठी, निवेदन, भिनेभोलो	सिर्जनात्मक सेक्सन, परिचर्चात्मक कार्य	चैत्रा	कार्यमूलक व्याकरण	बाघो	लेखे	चित्र निर्माण, रङ भरण	रुखश्रृङ्खला	कलम	सेवाइ क्रियाकलाप	बोर्ड	जोड्ने मिलाने	काड्ने	खाली ठाउँ भर्नु	उठे	कोठोमा, गाउँछाने कथा	परीक्षा	ककैया	जम्मा
		९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९	९

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ

सिकाइ सिँढी (Learning Ladder)

विषय : नेपाली **कक्षा : ४ (चार)**

सिकाइ सिँढी पूरा गरेकोमा बधाई !

१५ साथी

१४ जुनतारा छुन

१३ घले गाउँ

१२ निसाफ

११ नारायणहिटी सङ्ग्रहालय

१० सानी नदी

९ घमण्डको फल

८ कुरिलो खेती

७ समाजसेवी महावीर पुन

६ झुटको परिणाम

५ खेलकुदको महत्त्व

४ साथीलाई चिठी

३ मलाई पुस्तक मन पर्छ

२ सुनको मूर्ति

१ सबै मेरा गुरु

N4.193.02

विषय : नेपाली कक्षा : ५

रङ्ग रङ्गी

| क्र.सं. | माइलस्टोन | शीर्षक | खारो | कविता | शब्दशृङ्खला | सोझ | हाँसो | शब्दभण्डार | गाह्रो | गोरु | पोल्टो | अभिनय | बोझ | गाई | चित्र वर्णन, अनुमानमा आधारित लेखन | गोरेटो | बाघ | सुनाउने क्रियाकलाप | सिङ | घोडा | संवाद | कुराकानी लेखन, प्रश्न निर्माण | खोक्रो | चिराको | पढ्ने र नाटको पूर्वानुमान | चिराको | सिलाई क्रियाकलाप | सेतो | लौरो | निर्माणात्मक लेखन | रोइँ | चिट्ठी, निबन्ध | माछा | खेल, ठिक, बेठिक | हरियो | परियोजना कार्य | भाग | मुसो | भाषिक प्रकार्य, घटनाक्रम | मुसो | संवाद | खाली ठाउँ भराइ | जोड तिलान | बाहँ | सेवाइ क्रियाकलाप | कलम | चित्र निर्माण | लेख | कार्यमूलक व्याकरण | बाखो | लेख | निर्जन

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ

सिकाइ सिँढी (Learning Ladder)

विषय : नेपाली कक्षा : ५ (पाँच)



पूर्ण शिक्षक सहयोग समूह
Fully Teacher Supported Group
N4.194.02

आंशिक शिक्षक सहयोग समूह
Partial Teacher Supported Group
N4.195.02

सहपाठी सहयोग समूह
Peer Supported Group
N4.196.02

स्वयम् सिकाइ समूह
Self Learning Group
N4.197.02

Subject: English

Table of Contents

S.N.	Title	Page
4.1.	Logos and Activities Matrix	87
4.2.	Introduction	89
4.2.1.	Clap	90
4.2.2.	Pineapple	91
4.2.3.	Mango	92
4.2.4.	Bunch of Grapes	93
4.2.5.	Leaf	94
4.2.6.	Triangle	95
4.2.7.	Arrow	96
4.2.8.	Pumpkin	97
4.2.9.	Onion	97
4.2.10.	Peas	98
4.2.11.	Banana	99
4.2.12.	Turnip	99
4.2.13.	Carrot	100
4.2.14.	Pomegranate	101
4.2.15.	Pencil	102
4.2.16.	A Girl with a Book	103
4.2.17.	Train	103
4.2.18.	Papaya	104
4.2.19.	Banyan Tree	105
4.2.20.	Jocker	105
4.2.21.	Apple	106
4.2.22.	Cabbage	107
4.2.23.	Brinjal	108
4.2.24.	Writing Pen	108
4.2.25.	Puppet	109
4.2.26.	Lady finger	110
4.2.27.	Cucumber	111
4.2.28.	Headphone	111
4.2.29.	Microphone	112
4.2.30.	Three Huts	112
4.2.31.	Avocado	113
4.3.	Logos for Kitbox or Tray	114
4.4.	Checklist and Learning Ladder	117
4.5.	Dynamic Grouping Cards	142

4.1. Logos and Activities Matrix

S.N.	Logo	Nature of Activities	Availability of Cards	Skills Focused
1	Clap	Chant/Rhyme/Poem/Song	Cards are available; please prepare letter cards and word cards specified in the concern Milestones of Grade One.	Listening, Speaking
2	Pineapple	Describing the situation, picture etc. Listening/telling stories	Cards are available	Listening, Speaking
3	Mango	Identification of Alphabets/ Words/Vocabularies	Cards are available	Listening, Speaking, Reading, vocabularies
4	Bunch of Grapes	Concretizing the shapes of alphabets/shapes of objects	Cards are available; please also use the mango cards and rubber letters specified in the Milestone.	Listening, Reading
5	Leaf	Bingo/Memory Game	Cards are available; please collect pebbles or grains or seeds as supportive materials.	Listening, Speaking, Reading
6	Triangle	Pairing/Revision & Remedial	Cards are available; please prepare letter cards or word cards specified in the Milestone as supportive materials.	Speaking, Reading
7	Arrow	Preliminary Writing or Tracing	Cards are available	Writing
8	Pumpkin	Drill practice	Cards are available	Listening, Speaking, Reading, Writing
9	Onion	Odd one out/Finding and Marking	Cards are available; please collect old newspapers, magazines or textbooks as supportive materials.	Reading, Writing
10	Peas	Matching	Cards are available; please punch and tie the strings as instructed in the cards.	Reading, Writing

11	Banana	Filling the gaps	Cards are available; but don't let students to write on the cards, ask the students to do as instructed in the cards	Reading and vocabularies
12	Turnip	Unscrambling Letters/ Words/Sentences	Cards are available; ask the students to do as instructed in the cards	Listening, Speaking, Reading, Writing
13	Carrot	Word puzzle	Cards are available; ask the students to do as instructed in the cards	Reading, Writing
विद्यालयमा खुशीसाथ आउन विभिन्न क्रियाकलापहरूको योजना तयार गरी सञ्चालन गर्नुपर्दछ । विद्यालयमा आउने विद्यार्थीहरूलाई पढाइ लेखाइका लागि मानसिक रूपमा तयारी गराउनका लागि नयाँ शैक्षिक सत्रको सुरुको लगभग २ देखि ४ हप्तासम्म पूर्व तयारीमा लाग्न सक्छ । यस अवधिमा विद्यार्थीहरूलाई लोगो पहिचान गराउने, सिकाइ कार्डमा भएको लोगो तथा लोगो नम्बर पहिचान गराउनुपर्दछ । यसका अतिरिक्त लोगो हेरी समूहमा बस्ने, सिकाइ सामग्रीलाई ट्रे वा किट बक्समा व्यवस्थित गराउने अभ्यास गराउने आदि कार्य गराउनुपर्दछ ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइका सामग्री र सामग्रीमा भएका लोगो पहिचान खेलका माध्यमबाट गराउनुहोस् । यसका लागि निम्नानुसारको प्रक्रिया अपनाउनुहोस् :

- कक्षाकोठाको एक छेउमा विद्यार्थीलाई लहरमा राख्नुहोस् । प्रत्येक टेबुलमा समूह कार्ड राख्नुहोस् ।
- खेल सुरु गर्नुभन्दा पहिले विद्यार्थीलाई कुन कुन जनावर र चराहरू देखेको छ भनी सोध्नुहोस् । विद्यार्थीले जानेका चराचुरुङीहरूको नाम भन्नेछन् ।
- अब विद्यार्थीलाई भाले कसरी कराउँछ भनेर सोधी एकै स्वरमा आवाज निकाल्न लगाउनुहोस् ।
- यसैगरी क्रमशः विभिन्न चराचुरुङ्गीहरूको नाम शिक्षकले भनेर र विद्यार्थीलाई आवाज निकाल्न लगाउनुहोस् ।
- अब विद्यार्थीहरूलाई ती चराहरू कसरी कराउँदै हिँड्छन् वा उड्छन् भनी अभिनय गरेर देखाउनुहोस् ।
- अब विद्यार्थीलाई फरक फरक लोगो भएका सिकाइ कार्ड वितरण गर्नुहोस् ।
- कार्डको बायाँ भागको माथिल्लो कुनामा रहेको लोगो पहिचान गराउनुहोस् । ककसलाई कुन कुन लोगो परेको छ, सोध्नुहोस् ।
- लोगो पहिचान गर्न नसक्ने विद्यार्थीलाई लोगो पहिचान गर्न सहयोग गर्नुहोस् ।
- विद्यार्थीलाई पालैपालो गीतका माध्यमबाट लोगो बोलाउँदै समूह टेबुलमा बस्न सिकाउनुहोस् ।
  जस्तै : आऊ साथी आऊ, हाँस जति आऊ, क्वाँक क्वाँक गर्दै आऊ, हाँस लोगो खोजेर समूहमा जाऊ, भन्दै समूह टेबुलमा भएको समूह कार्डमा हाँस लोगो हेरी समूहमा बस्न सिकाउनुहोस् । यसै गरी सबै जनावरका विशेषता गीतमा गाएर बोलाउँदै समूह टेबुलमा बस्न सिकाउनुहोस् ।
- यसरी समूहमा बस्ने अभ्यास गराएपछि वा विद्यार्थीसँग भएको सिकाइ कार्डलाई ट्रे वा किट बक्समा आफ्नो लोगो हेरी राख्ने अभ्यास गराउनुहोस् ।

भर्खर विद्यालय भर्ना भएका विद्यार्थीहरू पाँच वर्षसम्म आफ्नो पारिवारिक वातावरणमा हुर्केर आएका हुन्छन् । त्यसैले उनीहरूलाई घरको वातावरण रमाइलो लागिरहेको हुन्छ । यस्तो अवस्थामा अधिकांश समय घरमा बिताएका विद्यार्थीहरूलाई विद्यालयमा प्रवेश गराउँदा वातावरणमा फरक पर्दछ । यसैले ती साना विद्यार्थीहरूलाई घरकोभन्दा विद्यालयको वातावरण प्रिय लाग्ने बनाउन आवश्यक छ । नयाँ भर्ना भएका विद्यार्थी अथवा समग्र विद्यार्थीहरूलाई घर भन्दा विद्यालय प्यारो लाग्ने, विद्यालयमा नै सधै बसीरहुँ जस्तो लाग्ने वातावरण विद्यालयमा हुनुपर्दछ । जब विद्यार्थीहरू विद्यालयमा बस्न रुचाउँछन् तब सो विद्यालयमा राम्रो सिकाइ हुन सक्छ । विद्यार्थी बिनाको विद्यालय हुन सक्दैन तसर्थ विद्यार्थीलाई आकर्षण गर्न सकिने क्रियाकलाप सिर्जना गरी कक्षालाई अगाडि बढाउनुपर्दछ । गणित विषयमा विद्यार्थीहरूलाई विभिन्न क्रियाकलाप सञ्चालन गरेर सिकाइका लागि तयारी गराउन सकिन्छ । ती तयारी गराउनकोलागि गर्न सकिने सम्भावित केही क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ :

१. लामो छोटो, अग्लो होचो, धेरै थोरै, ठुलो सानो, गरुङगो- हलुकाको धारणा दिने
२. चित्रमा रङ भर्न दिने, अङ्क/सङ्ख्याभित्र रङ भर्न दिने
३. गणितीय कथा, गीत सुनाउने, अभिनयसहित बाल गीत कविता सिकाउने
४. चित्र र अङ्क अङ्कित रेलगाडी वा puzzle बनाएर देखाउने
५. गिलो माटो वा Plasticine वा गिलो पीठोबाट विभिन्न सङ्ख्या आकृति निर्माण गरेर देखाउने
६. विभिन्न चित्रहरू ट्रेस गरेर छापेर देखाउने, पजल निर्माण र खेल
७. लोगोहरूको चित्रपत्ती झुन्ड्याइएको वा ट्रे अथवा किट वक्समा टाँसिएको लोगोहरू प्रयोग गरी लोगो चिनारीसम्बन्धी खेल खेलाउने
८. Hopscotch खेल

५.७. गणित विषयमा विद्यार्थीको स्तर निर्धारण

संसारमा कोही कसैको पनि सबै गुण र क्षमता समान हुदैन । विद्यालय पनि एउटा सानो संसार हो । विद्यालयका कक्षाकोठाभित्र विभिन्न पारिवारिक पृष्ठभूमि परिवेश, संस्कृति, रीतिरिवाज, खानपान र संस्कारबाट आएका विद्यार्थीहरू हुन्छन् । त्यसैले उनीहरूको सिकाइ स्तर पनि फरक फरक हुन्छ । व्यक्तिगत क्षमता पनि फरक हुन्छ । यसै कारण कुनै विद्यार्थी छिटो सिक्छन् भने कुनै ढिला सिक्छन् । यस्तो अवस्था पहिचान गर्न सक्नु नै बहुकक्षा बहुस्तर शिक्षण सिकाइको विशेषता हो ।

विद्यार्थीको स्तर निर्धारण विभिन्न समयमा भई नै रहन्छ । तथापि यस्तो अवस्थामा विशेष रूपमा स्तर निर्धारणको सामग्री प्रयोग गर्नुपर्दछ । शिक्षकले विद्यार्थीको स्तर निर्धारण गरी सिकाइ स्तरमा जानकार भई रहनुपर्दछ । सामान्यतया विद्यार्थीको सिकाइ स्तर पहिचान निम्न अवस्थामा गर्नुपर्दछ :

- विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ गर्ने सुरुको वर्षमा
- विद्यालयमा नयाँ विद्यार्थीहरू भर्ना हुन आएमा
- विद्यालय छाडेर बसेका विद्यार्थी पुनः भर्ना हुन आएमा
- विद्यालयको शैक्षिक सत्रको बीचमा अन्य विद्यालयबाट विद्यार्थी भर्ना हुन आएमा

विद्यार्थीको शैक्षिक स्तर पहिचान गर्नुपर्दा कक्षागत रूपमा गणित विषयको रुजुसूचीमा निर्धारण गरिएको माइलस्टोन अनुसारका सिकाइ उपलब्धिको आधारमा प्रश्नहरू तयार गर्नुपर्दछ । माइलस्टोन नम्बरअनुसारको प्रश्नहरूमा आधारित रहेर मौखिक तथा लिखित रूपमा क्रमशः प्रश्नोत्तर गर्नुपर्दछ । यसका लागि प्रत्येक माइलस्टोनमा भएका हाँस लोगो अङ्कित मूल्याङ्कन गर्ने सिकाइ कार्डको प्रयोग गर्न पनि सकिन्छ । यसरी क्रमिक रूपबाट प्रश्नोत्तर गर्दा विद्यार्थीले जति माइलस्टोन नम्बर सम्मको उत्तर भन्न वा लेख्न सक्छ सो माइलस्टोन सम्म वा उक्त पाठसम्म उ सक्षम छ भन्ने अर्थ राख्छ । जुन माइलस्टोनमा भएको मूल्याङ्कन सिकाइ कार्ड अनुसार विद्यार्थीले उत्तर भन्न वा लेख्न सक्दैन त्यही माइलस्टोनमा आधारित भएर विद्यार्थीको सिकाइ सुरुआत गर्न सकिन्छ । यसप्रकार विद्यार्थीको स्तर निर्धारण गर्दा विद्यार्थीको स्तर कुन माइलस्टोनमा छ र अब कुन माइलस्टोनबाट सिकाइ सुरु गर्ने भन्ने यकिन गर्न सकिन्छ, अनि मात्रै विद्यार्थीको सिकाइ सुरु हुन्छ । यसरी हरेक विद्यार्थीको व्यक्तिगत रूपमा स्तर निर्धारण गर्नुपर्दछ । जुन दिन विद्यार्थीको सिकाइ स्तर परीक्षण हुन्छ सोही दिन विद्यार्थीलाई कुन माइलस्टोनबाट सुरु गर्ने भन्ने यकिन गरी दैनिक सिकाइ अभिलेख फाराममा उल्लेख गर्नुपर्दछ र यसैअनुसार विद्यार्थीको कक्षा सुरु हुन्छ । यसरी सिकाइ सुरु गर्नाले विद्यार्थीको सिकाइ ग्रहण गर्ने क्षमता पहिचान हुन्छ र सिकाइमा दिगोपना आउँछ ।

५.८. विद्यार्थी कार्यपुस्तकको प्रयोग



बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा विद्यार्थीको सिकाइका लागि विभिन्न सामग्रीहरूको विकास गरिएको छ। ती सामग्रीको परिचय र सामग्री प्रयोग गर्ने तरिकाहरू पनि माथि उल्लेख गरिसकेको छ। उल्लिखित सामग्रीसँगै कक्षा १ देखि ५ सम्मका विद्यार्थीको लागि कार्यपुस्तक/पाठ्यपुस्तकको पनि व्यवस्था गरिएको छ। यो सामग्री सबै विषयमा विकास गरिएको छ। यो पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित नियमित रूपमा प्रयोग गरिने पाठ्यपुस्तक नै कार्यपुस्तक भएकाले सबै विद्यार्थीका लागि सबै विषयको १/१ सेट कार्यपुस्तक/पाठ्यपुस्तक विद्यालयले विद्यार्थीलाई उपलब्ध गराउनुपर्दछ। यसको प्रयोग निम्नानुसार गराउन सकिन्छ :

- बहुकक्षा बहुस्तर शिक्षणमा पाठ्यपुस्तक विद्यार्थीको सिकाइलाई अभ्यास गर्ने र मूल्याङ्कन गर्ने साधन हो।
- यसभित्र विद्यार्थीको व्यक्तिगत विवरण, चित्रमा रङ भर्ने, खाली ठाउँ भर्ने, पजलहरू, अभ्यास, प्रश्नोत्तरहरू आदि पाठ/माइलस्टोनगत राखिएको छ। विद्यार्थीहरूले यसको प्रयोग रमाइलो मानेर गर्ने छन्।
- कक्षा १ देखि ३ को लागि शैक्षिक सत्रको सुरुमा सबै विद्यार्थीहरूलाई आफ्नो कार्यपुस्तकमा भएको विद्यार्थी विवरण भर्न सिकाएर आफ्नो परिचय दिन लगाउनुहोस्।

- विद्यार्थीले जब विषयक्षेत्रअनुसारका पाठ/माइलस्टोनगत रूपका ट्रेमा भएका सिकाइ सामग्रीको प्रयोगबाट क्रियाकलाप तथा माइलस्टोन पूरा गर्दछन् अनि मात्रै सोही माइलस्टोनअर्न्तगतका क्रियाकलाप कार्यपुस्तक वा पाठ्यपुस्तकमा गराउनुहोस् वा सम्बन्धित सिकाइ कार्डका क्रियाकलापसँग मेलखाने अभ्यास क्रमशः गराउनुहोस् ।
- प्रत्येक विषय क्षेत्रअर्न्तगत रहेका मूल्याङ्कन गर्ने क्रियाकलापहरू आकाशे निलो रङको पृष्ठमा दिइएको हुन्छ, सोको मूल्याङ्कन पनि गराउनुहोस् ।
- विद्यार्थीले गरेका हरेक क्रियाकलापहरूको राम्ररी जाँच गरी आवश्यकताअनुरूप पृष्ठपोषण दिनुहोस् । विद्यार्थीले गरेका कार्यका आधारमा सम्बन्धित क्रियाकलापमा थप सहायताको आवश्यकता देखिएमा सोहीअनुसार सहयोग गर्नुहोस् ।
- आवश्यक पृष्ठपोषणका लागि विषय शिक्षक र अभिभावकको हस्ताक्षर गरी सो पृष्ठलाई निकाली विद्यार्थी कार्यसञ्चयिका फाइलमा सञ्चित गर्दै जानुहोस् । उक्त विषय क्षेत्रगत मूल्याङ्कनका आधारमा विद्यार्थीको सिकाइ मूल्याङ्कन अभिलेख फाराममा पनि विषयक्षेत्रको मूल्याङ्कन अभिलेख अद्यावधिक गर्दै जानुहोस् ।
- कार्यपुस्तक वा पाठ्यपुस्तक विद्यार्थीको घरमा सधैँ नपठाउनुहोस् किनकि सधैँ घरमा पठाउँदा यसभित्र भएका चित्रहरूमा रङ भर्ने पजल भर्ने जस्ता रमाइला क्रियाकलापहरू विद्यार्थी आफैँ वा विद्यार्थीको दाइ, दिदीले पहिले नै गरिसक्छन् । यसले गर्दा हामीलाई हाम्रा विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्न कठिन हुन्छ । यसलाई विद्यालयमा नै राख्नुभयो र विद्यार्थीले प्रयोग गर्ने बेलामा मात्र घर लैजान दिनुभयो भने शिक्षकले विद्यार्थीको वास्तविक सिकाइ स्तर पहिचान गर्न सक्ने छ।
- कार्यपुस्तक वा पाठ्यपुस्तक घर पठाउनु अगि पुस्तकको कुन क्रियाकलापका अभ्यास विद्यार्थीले गर्नुपर्ने हो सो क्रियाकलापको माथि मिति र कार्य उल्लेख गर्नुहोस् ।
- आमा समूह वा अभिभावकलाई विद्यालयमा बोलाइ विद्यार्थीको सिकाइ सम्बन्धी जानकारी गराउनुपर्दा पुस्तकको पनि प्रयोग गर्नुहोस्। त्यति वेला सम्बन्धित विद्यार्थीको पुस्तक देखाउँदै विद्यार्थीले गरेका कामहरू उल्लेख गर्दै विद्यार्थीको प्रशंसा पनि गर्नुहोस्।
- जब विद्यार्थीले सबै पाठ/माइलस्टोन पूरा गर्छन् त्यतिवेला पाठ्यपुस्तकका पनि सबै क्रियाकलाप सकिसकेको हुन्छ। अब क्रियाकलाप सकिसकेको कार्यपुस्तक वा पाठ्यपुस्तक अभिभावकलाई बुझाउनुहोस्।
- सबै विद्यार्थीको लागि कार्यपुस्तक वा पाठ्यपुस्तकको व्यवस्था मिलाउनुहोस् र सही तरिकाले प्रयोग गराउनुहोस्। यसले गर्दा विद्यार्थीको सिकाइ स्तर वृद्धि हुनका साथै विद्यार्थीको सक्रियता देखी शिक्षकलाई पनि शिक्षण सिकाइ प्रक्रियाका लागि उर्जा थपिने छ।

५.९. गणित विषयमा प्रयोग गरिएको लोगोअन्तर्गतका क्रियाकलापहरूको वर्गीकरण

क्रियाकलाप वर्गीकरण	क्र.सं.	लोगोको नाम	चित्र	अर्थ	क्रियाकलाप	सम्भावित समय	सिकाइ कार्ड सङ्ख्या					समूह
							कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	
परिचयात्मक क्रियाकलाप Introductory	१	मादल		गीत तथा कविता	लय मिलाई गीत र नाचको माध्यमबाट विषयवस्तुको सुरुवात गर्ने	१५ मिनेट (सामूहिक)	६	१	२		३	पूर्ण शिक्षक सहयोग समूह
	२	पेन्गुइन		कक्षाकोठा बाहिर गर्ने परिचयात्मक क्रियाकलाप	कक्षाकोठाबाहिर शिक्षकले ठोस वस्तुहरूको प्रयोग गरी विषयवस्तुको अवधारणा शिक्षण	३०-४५ मिनेट (सामूहिक)	२	४	२			
	३	मयुर		कक्षाकोठा भित्र गर्ने परिचयात्मक क्रियाकलाप	कक्षाकोठा भित्र शिक्षकले ठोस वस्तु, चित्रहरू र सङ्केतको प्रयोग गरी विषयवस्तुको अवधारणा शिक्षण	२०-६० मिनेट (सामूहिक)	१८	१४	२८	२६	३४	
	४	भँगेरो		चित्रकथा चित्र वर्णन	सम्झने खेलको माध्यमबाट अङ्क तथा सङ्ख्या चिन्ने खेल खेलाउने, चित्र वर्णन गर्ने	१५ मिनेट	३	३	४			
	५	रबर सङ्ख्या		सङ्ख्याहरूको संरचना	रबर वा प्लास्टिक नम्बरहरूको प्रयोग गरी अङ्क र सङ्ख्याहरूको संरचना सिकाउने, ट्रेस गर्ने र रबर नम्बर छामेर कुन अङ्क हो भनी पत्ता लगाउने	१० - ३० मिनेट	२					
अभ्यास क्रियाकलाप Practice	६	वाण		सङ्ख्या लेख्ने तरिका, अभ्यास	दिइएको निर्देशनअनुसार सङ्ख्या लेख्ने, लेखन अभ्यास	१० - ३० मिनेट	३	४	६			आंशिक शिक्षक सहयोग समूह
	७	भाले		जोड	जोडसम्बन्धी अभ्यास गर्ने, मूल्याङ्कन गर्ने	१० - ३० मिनेट	११	१२	७	६	२	
	८	सुगा		घटाउ	घटाउसम्बन्धी अभ्यास गर्ने, मूल्याङ्कन गर्ने	१० - ३० मिनेट	७	१२	१३	८	३	
	९	अष्ट्रिच		गुणन	गुणनसम्बन्धी अभ्यास गर्ने, मूल्याङ्कन गर्ने	१० - ३० मिनेट		१०	१८	५	३	
	१०	गिद्ध		भाग	भागसम्बन्धी अभ्यास गर्ने, मूल्याङ्कन गर्ने	१० - ३० मिनेट		५	१२	४	५	
	११	लाटोकोसेरो		शाब्दिक समस्या	व्यावहारिक शाब्दिक समस्याहरू हल गर्ने, छलफल गर्ने	१० - ३० मिनेट	७	१६	२२	२०	१४	

	१२	स्टेन्सिल		ट्रेस	विभिन्न ठोस वस्तुहरूको सतहको आकार ट्रेस गर्ने	१५ मिनेट	१					सहपाठी सहयोग समूह
	१३	सङ्ख्यापत्ती		सङ्ख्याको धारणा	चित्र र सङ्ख्यापत्तीको प्रयोग गरी सङ्ख्या चिनाउने	१५ मिनेट	११					
	१४	राजहाँस		अभ्यास	गणितीय समस्याहरूको अभ्यास गरी समाधान गर्ने	१० - ३० मिनेट	२४	२४	३८	३६	३१	
	१५	किङ्गफिसर		बोर्ड गेम	खेलको माध्यमबाट समस्याहरूको समाधान गर्न	१० - २० मिनेट	२					
	१६	डाँफे		प्रयोगात्मक अभ्यास	प्रयोगात्मक तथा परियोजना कार्य गर्ने	३० - ६० मिनेट	२	८	६	२९	२३	
मूल्याङ्कन क्रियाकलाप Evaluation	१७	रुख		खेल	कार्डमा उल्लेख गरे अनुसारको निर्देशन बमोजिम खेलहरू खेलाउने	१० - ३० मिनेट	३	७	२	८	५	
	१८	हाँस		मूल्याङ्कन	सिकाइको मूल्याङ्कन गर्ने	१० - ३० मिनेट	२१	२५	२८	३१	२५	स्वयम् सिकाइ समूह
	१९	रेलगाडी		पजल	पजल कार्डहरूको प्रयोग गरी क्रम मिलाउने	१० - १५ मिनेट	३					
	२०	काठफोर		जोडा मिलाउने	क्रियाकलापको माध्यमबाट सबलीकरण गर्ने	१० - १५ मिनेट	८	२	१	२	३	
पुनर्अभ्यास क्रियाकलाप Remedial	२१	परेवा		पुनर्अभ्यास	सिकाइको पुनः अभ्यास गर्ने	१० - ३० मिनेट	१२	१२	१३	१४	८	
	२२	तीन झुपडी		गृहकार्य, अतिरिक्त अभ्यास	गृहकार्य तथा अतिरिक्त अभ्यास गर्ने	१० - ३० मिनेट	१२	१४	१३	१५	९	
	२३	कोठेपद		कोठे क्रियाकलाप, पजल	तालिकामा आधारित समस्या समाधान	१० - ३० मिनेट		१				
सबलीकरण क्रियाकलाप Enrichment	२४	डाइस		गणितीय खेल	डाइसको प्रयोग गरी निर्देशन अनुसार खेल खेली गणितीय सीपहरू सिकाउने	१० - ३० मिनेट	२	१				सहपाठी सहयोग समूह
	२५	काग		पुनरावलोकन	पुनरावलोकन गर्ने, क्राउन लगाउने विद्यार्थीको सहयोगबाट विद्यार्थीहरूलाई सहजीकरण गर्न लगाउने	२० - ४५ मिनेट	३	५	५	५	३	
	२६	पेन्सिल		अभ्यास	अभ्यास गर्ने	१० - ३० मिनेट	१३	१७	१३	१६	१०	स्वयम् सिकाइ समूह
	२७	चिल		हेरौं, मैले कति सिकें ?	अपेक्षित सिकाइ उपलब्धिको आवधिक मूल्याङ्कन गर्ने, त्रैमासिक परीक्षा	३० - १२० मिनेट	५	९	८	५	९	
जम्मा क्रियाकलाप सङ्ख्या							**१८१**	**२०६**	**२४१**	**२३०**	**१९०**	
वार्षिक कार्यघण्टा							**१२८**	**१२८**	**१२८**	**१६०**	**१६०**	

५.१०.ट्रे वा किट बक्समा टाँस गर्ने लोगोहरू

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिअनुसार शिक्षण सिकाइ गर्न तयार गरिएका सामग्री व्यवस्थापन तथा कक्षाकोठा व्यवस्थापन विशेष रूपमा गर्नुपर्ने हुन्छ। कक्षाकोठको ज्याकमा ट्रे वा किट बक्स राखी ती ट्रे वा किट बक्सभित्र विषयगत रूपमा लोगोगत सिकाइ कार्डहरू व्यवस्थित गर्नुपर्दछ। त्यसरी व्यवस्थित गर्न किट बक्स वा ट्रेमा लोगो टाँस्नुपर्दछ। ती टाँस्ने लोगोहरू यहाँ राखिएका छन् :

ट्रे वा किटबक्समा टाँस गर्ने लोगोहरू

मादल गीत गाउने	**स्टेन्सिल** ट्रेस गर्ने	**पेन्गुइन** कक्षाकोठाबाहिर गर्ने परिचयात्मक क्रियाकलाप	**मयुर** कक्षाकोठाभित्र गर्ने परिचयात्मक क्रियाकलाप
			
भँगेरो चित्र वर्णन	**रबर सङ्ख्या** सङ्ख्याको धारणा	**सङ्ख्यापत्ती** सङ्ख्याको धारणा	**बाण** लेखन अभ्यास
			
चित्र रेलगाडी पजल, क्रम मिलाउने	**भाले** जोड	**सुगा** घटाउ	**अस्ट्रिच** गुणन
गिद्ध भाग	**लाटोकोसेरो** व्यावहारिक शाब्दिक समस्या	**राजहाँस** अभ्यास	**काठफोर** जोडा मिलाउने

			
डाइस गणितीय खेल	**काग** पुनरवलोकन	**किङ्गफिसर** बोर्ड गेम	**रुख** खेल
डाँफे परियोजना कार्य	**हाँस** मूल्याङ्कन	**तीनझुपडी** गृहकार्य, अतिरिक्त अभ्यास	**परेवा** पुनर्अभ्यास
			
पेन्सिल अभ्यास	**चिल** परीक्षा	**कोठेपद** तालिका	

यो लोगो राखिएको पेजलाई फोटोकपी गर्नुहोस्। फोटोकपी गरेको लोगो चित्रलाई कटिङ गर्नुहोस् र ट्रे वा किट बक्समा टाँस्नुहोस्। जुन किट बक्समा जुन लोगो टाँसिएको छ सोही किट बक्स वा ट्रे मा लोगोअनुसारको सिकाइ कार्डहरू कक्षा १ देखि ३ सम्मको एकै ठाउँमा र कक्षा ४ र ५ को एकै ठाउँमा राख्नुहोस्।

५.११. शिक्षण सिकाइ सामग्री परिचय र प्रयोग

५.११.१ मादल (Madal)

परिचय



गणित विषयमा मादल लोगोले नयाँ विषयवस्तुको शिक्षणमा गीतका माध्यमबाट उक्त विषयवस्तुको परिचय शिक्षणको सङ्केत गर्दछ । नयाँ विषयवस्तु शिक्षणअन्तर्गत गीत र नाच सहितको क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । मादल कार्डको क्रियाकलाप पूर्ण शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा गीतमार्फत माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि हासिल गर्नका लागि विषयवस्तुको उठान गर्न यो सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

(क) लोगोको अर्थ : गीत ।

(ख) उद्देश्य: गीत सङ्गीतको माध्यमबाट विषयवस्तुको परिचय दिने

(ग) सामग्री : मादल, भ्याली, विषयवस्तुसँग सम्बन्धित गीतहरू, सिकाइ कार्ड ।

(घ) सिकाइ क्रियाकलाप:

- विद्यार्थीहरूलाई गीत गाउनका लागि तयारी गराउनुहोस् ।
- शिक्षकले पहिले आफूले गीत गाएर सुनाउनुहोस् र पछि विद्यार्थीलाई पनि गाउन भन्नुहोस् ।
- गीत सँगसँगै नाचेर रमाइलो गर्दै यो अभ्यास गराउनुहोस् ।

- गीतहरू गाउँदा स्थानीय भाकामा गाउनुहोस् । भाका वा लय उल्लेख गरिएको सिकाइ कार्डको गीत गाउँदा सोही भाकामा गाउनुहोस र गाउन लगाउनुहोस् ।
- नाच र गीतको बिचबिचमा विषयवस्तु प्रति केन्द्रित गराउनुहोस् ।
- यो क्रियाकलाप गर्दा गणित कक्षा सुरूआत गर्ने क्रममा सुरूको १० देखि १५ मिनेटको समयमा कक्षा १ देखि ३ तथा कक्षा ४ र ५ का सम्बन्धित विषयवस्तुका पाठ/माइलस्टोनको मादल लोगो अङ्कित कार्डहरूको प्रयोग गरी संयुक्त रूपमा हाउभाउ सहित गीत गाउने अभ्यास गर्नुहोस् ।
- यो सुनाइ बोलाइ सिपमा आधारित विषयवस्तु भएकाले पाठ वा माइलस्टोनको सुरूवातको परिचयात्मक क्रियाकलाप मात्रै हो । त्यसैले विद्यार्थीहरूले यस कार्डमा भएका गीतहरू पूर्ण रूपमा कण्ठ गरिरहनु पर्दैन ।
- यो क्रियाकलाप गराउँदा सबै कक्षाका विद्यार्थीहरूलाई सहभागी गराउनुहोस् । गणित विषय शिक्षणका क्रममा सुरुआतमा यस्ता गीतहरू सामूहिक रूपमा गाउन सकिन्छ ।
- गीतले उठान गर्न खोजेको विषयवस्तुमा छलफल गर्नुहोस् ।

५.११.२ स्टेन्सिल (Stensil)

परिचय

गणित विषयमा स्टेन्सिल लोगोले ठोस वस्तुहरूको प्रयोग गरी ज्यामितीय आकारको ट्रेस गर्ने कुराको सङ्केत गर्दछ । यो क्रियाकलाप गराउँदा ठोस सामग्रीको प्रयोग गरी त्यसका सतहका आकारहरू ट्रेसिङ गर्ने र चित्रहरूको निर्माण गर्ने समेतका क्रियाकलापलाई यस लोगोअन्तर्गत राखिएको छ । स्टेन्सिल कार्डको क्रियाकलाप सहपाठी सहयोग समूहमा

गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा वस्तुहरूको ट्रेसिङ मार्फत माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धिअनुसार हुने गरी विभिन्न ज्यामितीय आकारहरूको ट्रेस गर्ने सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : ट्रेस गर्ने ।

(ख) उद्देश्य: विभिन्न आकारका ठोस वस्तुहरूको मदतले ज्यामितीय आकृतिहरू ट्रेस गर्ने

(ग) सामग्री

स्टेन्सिल, तीनकुने, चारकुने र गोलो ठोसवस्तुहरू, ज्यामिति बक्स आदि ।

(घ) सिकाइ क्रियाकलाप

- यस लोगोका कार्डहरूमा भएका विभिन्न ज्यामितीय आकारहरू भएका वस्तुहरूलाई कागज वा कापीमा राखेर ट्रेस गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूमा विषयवस्तुसम्बन्धी धारणा नभए पनि सम्बन्धित सामग्री बनाउने अभ्यास गराउनुहोस् ।
- विद्यार्थीलाई विभिन्न चित्रहरू निर्माण गर्ने बानीको विकास गराउनुहोस् ।
- विद्यार्थीले बनाएका आकृतिमा रङ भर्न लगाउनुहोस् ।
- तयार गरेका आकृतिहरूलाई कक्षाकोठामा प्रर्दशन गर्न लगाउनुहोस् र प्रर्दशनी पाटीमा प्रर्दशन गरी राख्नुहोस् ।

- प्रदर्शन गरिएको कार्यलाई केही समयको अन्तरालपछि विद्यार्थीको पोर्टफोलियोमा सञ्चित गर्न लगाउनुहोस् ।

५.११.३ पेन्गुइन (Penguin)

परिचय

गणित विषयमा पेन्गुइन लोगोले कक्षाकोठा बाहिर गर्ने परिचयात्मक क्रियाकलापको सङ्केत गर्दछ । यस क्रियाकलापअन्तर्गत विषयवस्तुलाई खेल, अभिनय, विविध क्रियाकलापद्वारा प्रस्तुत गर्ने खालका क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । पेन्गुइन कार्डको क्रियाकलाप पूर्ण शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा खेल, अभिनय तथा सक्रिय सहभागीमार्फत माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि अनुसारका हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : कक्षाकोठाबाहिर गर्ने परिचयात्मक क्रियाकलाप ।

(ख) उद्देश्य: कक्षा बाहिरका क्रियाकलापहरूका माध्यमबाट सम्बन्धित विषयवस्तुको परिचय दिने ।

(ग) सामग्री : सिकाइ कार्डमा उल्लेख गरिएका सामग्रीहरू ।

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई कक्षा बाहिर लगेर सिकाइ कार्डमा उल्लेख गरेका विषय वस्तुलाई अभिनय वा क्रियाकलापद्वारा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यो पूर्ण शिक्षक सहयोग समूहमा शिक्षण गरिने क्रियाकलाप भएकाले शिक्षकले कार्डमा दिएको निर्देशनअनुसार विद्यार्थीलाई क्रियाकलाप गराउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा माथिल्लो कक्षाका विद्यार्थीहरूलाई कार्डअनुसार अभिनय वा क्रियाकलाप गर्न लगाई र तल्लो कक्षाका विद्यार्थीहरूलाई स्थानीय वातावरणसँग मिल्ने खालको कथाहरू तयार गरी सोहीअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- अभिनयलाई अझै रोचक गराउन विषयवस्तुअनुसारका पात्रहरूको मुकुण्डो, क्राउन आदिको प्रयोग गर्न सकिन्छ ।
- यो विषयवस्तुको परिचयात्मक क्रियाकलाप भएकाले विद्यार्थीहरूलाई ठोसवस्तुहरूको प्रयोग गरी क्रियाकलापहरूद्वारा विषयवस्तुलाई थप प्रस्ट पार्न आवश्यक सहयोग गर्नुहोस् ।
- विद्यार्थीहरूलाई चित्र, अभिनय आदि अवलोकन गर्न लगाई विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गर्नुहोस् ।
- कार्डमा समावेश भएको गणितीय अवधारणालाई ठोसवस्तुको प्रयोग गरी छलफल गर्नुहोस् ।

नोट : यो क्रियाकलाप गराउँदा उपयुक्त हुने खालका अर्थात मेल खाने अन्य ३/४ ओटा सिकाइ कार्डहरू समेटी एकै पटक अभ्यास गर्न पनि सकिन्छ । जसले गर्दा एकै समयमा ३/४ ओटा विषयवस्तुको परिचयात्मक क्रियाकलापसम्बन्धी अवधारणा दिन सकिन्छ, जस्तै : गणना गर्ने, ९ सम्मको जोड घटाउ, शून्यको धारणा, सीधा रेखा र वक्र रेखा, अग्लो होचो, ठूलो सानो, धेरै थोरै, सङ्ख्या रेखाको प्रयोगबाट जोड घटाउ जस्ता क्रियाकलापहरू ।

५.११.४. मयूर (Peacock)

परिचय :

गणित विषयमा मयूर लोगोले कक्षाकोठाभित्र गर्ने परिचयात्मक क्रियाकलापको सङ्केत गर्दछ । गणितीय विषयवस्तुलाई ठोस, चित्र र सङ्केतको चरणमा सिकाउनेसम्बन्धी क्रियाकलापहरू यसअन्तर्गत राखिएको छ । मयूर कार्डको क्रियाकलाप पूर्ण शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा विद्यार्थीहरूलाई सामग्रीको प्रयोगमार्फत माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धिअनुसार विषयवस्तुको अवधारणा विकास गर्ने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : कक्षाकोठाभित्र गर्ने परिचयात्मक क्रियाकलाप

(ख) उद्देश्य: कक्षाकोठाभित्र ठोस वस्तु, चित्रहरू र सङ्केतको प्रयोग गरी गणितीय विषयवस्तुको अवधारणा शिक्षण गर्ने

(ग) सामग्री : मयूर कार्डहरू र कार्डमा उल्लेख गरेका शिक्षण सामग्रीहरू जस्तै : सिन्का, मकै, सिमी, लप्सीका दानाहरू, ससाना ढुङ्गाहरू, बेसटेन ब्लक, स्थानमान तालिका, स्केल, मेजरिङ टेप, नोटका फोटोकपी, ढकतराजु, लिटर, घडी, Fraction Block/sheets

(घ) सिकाइ क्रियाकलाप:

- सिकाइ कार्डमा उल्लेख गरेअनुरूप कक्षाकोठाभित्रका क्रियाकलापहरू गराउनुहोस् ।
- कक्षाभित्रको अवस्था हेरी विद्यार्थीमैत्री विधिको प्रयोग गर्नुहोस् ।
- यो विषयवस्तुको धारणा दिने क्रियाकलाप भएकाले विद्यार्थीको सिकाइ क्षमता अनुरूप पर्याप्त समय दिई क्रियाकलाप गराउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा पूर्ण शिक्षक सहयोग समूहमा जुन विद्यार्थीलाई सिकाउनु पर्ने हो सो विद्यार्थीलाई विशेष ध्यानमा राखी उक्त समूहमा भएका अन्य विद्यार्थीहरूलाई पनि सहभागी गराउनुहोस् ।

- विभिन्न किसिमका ठोस, चित्र र सङ्केतको चरण समेट्ने गरी सिकाइ कार्डमा उल्लेख गरेअनुरूपको सिकाइ क्रियाकलाप सञ्चालन गरी विषयवस्तुको अवधारणा शिक्षण गर्नुहोस् ।
- स्थानमान तालिका र सिन्काको प्रयोग गरी जोड, घटाउ, हात लागि आउने जोड, सापटी लिनुपर्ने घटाउ, भिन्न, क्षेत्रफल, मुद्रा, तौल आदि जस्ता अवधारणाहरूको विकास गराउनुहोस् ।
- यो सिकाइ कार्डअन्तर्गत कुनै कार्डहरूमा शिक्षकका लागि निर्देशन पनि राखिएको हुँदा शिक्षणका क्रममा शिक्षकले सिकाइ कार्डमा उल्लेखित शिक्षण निर्देशन र क्रियाकलापअनुरूप हुने गरी सिकाइ क्रियाकलाप गराउनुहोस् ।

५.११.५ भँगेरो (Sparrow)

परिचय

गणित विषयमा भँगेरो लोगोले चित्र अध्ययन गरी त्यससँग सम्बन्धित गणितीय समस्याको समाधान गर्ने क्रियाकलापको सङ्केत गर्दछ। विषयवस्तुलाई सकेसम्म रोचक तरिकाले कथा भनेर, विषयवस्तुको वर्णन गरेर समस्याको समाधान गर्ने क्रियाकलापहरू यसअन्तर्गत राखिएको छ। भँगेरो कार्डको क्रियाकलाप पूर्ण शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो। यस लोगोमा सम्बन्धित भई सिकाइ क्रियाकलाप गर्दा चित्र तथा कथाको माध्यमद्वारा माइलस्टोनमा तोकिएको विषयवस्तुअनुसार हुने गरी चित्र वर्णन तथा छलफल क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।

(क) लोगोको अर्थ : चित्र वर्णन

(ख) उद्देश्य: चित्र अध्ययन गरी त्यससँग सम्बन्धित गणितीय समस्याको समाधान गर्ने, चित्र वर्णन गर्ने

(ग) सामग्री : भँगेरो लोगो अङ्कित सिकाइ कार्डहरू

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई चित्र राम्रोसँग अध्ययन गर्न लगाउनुहोस्।
- भँगेरो लोगो भएका कार्डहरू समेटेर रोचक तरिकाले कथा भनेर, चित्र वर्णन मार्फत गणितीय विषयवस्तु छलफल गर्नुहोस्।
- शिक्षकले सम्बन्धित माइलस्टोनका भँगेरो सिकाइ कार्डहरू समेटी कार्डहरूका माध्यमद्वारा कथा (काल्पनिक/वास्तविक) को रूपमा कार्डको वर्णन गरेर सुनाउनुहोस्।
- कथा सुनाउँदा चित्र र चित्रसँगै रहेको शब्द, सङ्ख्यालाई समेत सम्बन्ध देखाई चित्र र सङ्ख्या पहिचान गराउनुहोस्। यसरी पहिचान गराउँदा बालबालिकासँग धेरै प्रश्नोत्तर गर्नुहोस्।
- पहिले शिक्षकले विषयवस्तुअनुसार हुने गरी चित्र वर्णन गरेर सुनाउनुहोस्। त्यसपछि विद्यार्थीलाई शिक्षकले भने जस्तै गरी कार्डको प्रयोग गरेर चित्र वर्णन गर्न लगाउनुहोस्।
- विद्यार्थीलाई चित्र वर्णन गर्न आवश्यकताअनुरूप सहयोग गर्नुहोस्।
- यो पूर्ण शिक्षक सहयोगमा गरिने क्रियाकलाप भएकाले जुन विद्यार्थीलाई सिकाउनु पर्ने हो सो विद्यार्थीलाई विषेश ध्यानमा राखी उक्त समूहमा भएका अन्य विद्यार्थीहरूलाई पनि सहभागी गराउनुहोस्।
- सिकाइ कार्डमा उल्लेख गरिएको शिक्षण निर्देशनअनुरूप हुने गरी यो क्रियाकलाप गराउनुहोस्।
- यो क्रियाकलाप गराउँदा अधिकतम १० देखि १५ मिनेट सम्म हुने गरी विषयवस्तुअनुसार हुने गरी चित्र वर्णन तथा छलफल गराउनुहोस्।

५.११.६. रबर सङ्ख्या (Rubber Number)

परिचय

गणित विषयमा रबर सङ्ख्या लोगोले अङ्कको चिनारी र सङ्ख्याको धारणासम्बन्धी क्रियाकलाप सङ्केत गर्दछ। यस लोगोको सिकाइ कार्ड नहुने भएकाले प्लास्टिक वा रबर सङ्ख्या ब्लकको प्रयोग गरी ट्रेस गर्ने, सङ्ख्या बनाउने, सङ्ख्याको संरचना बताउने तथा सङ्ख्याहरूलाई क्रमबद्ध रूपमा भन्ने र लेख्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ। रबर सङ्ख्या क्रियाकलाप पूर्ण शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो। यस लोगोमा क्रियाकलाप गराउँदा रबर सङ्ख्या ब्लकहरूको माध्यमद्वारा माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि अनुसार हुने गरी सङ्ख्याको आकृतिसम्बन्धी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।

(क) लोगोको अर्थ : सङ्ख्याको धारणा (सङ्ख्याको आकार)

(ख) उद्देश्य: सङ्ख्याको आकार बारेमा बताउन

(ग) सामग्री : प्लास्टिक वा रबर सङ्ख्याहरू (० देखि ९ र 0 देखि 9 सम्म)

(घ) सिकाइ क्रियाकलाप

- यो क्रियाकलापको सिकाइ कार्ड उपलब्ध छैन। त्यसैले चेकलिस्ट हेरी उद्देश्य अनुरूपको क्रियाकलाप गराउनुपर्ने हुन्छ ।
- रबर सङ्ख्या ब्लकहरू विद्यार्थीलाई लिन लगाई सङ्ख्याको आकार कस्तो छ, त्यसको बनावटबारे छलफल गर्नुहोस् ।
- यसरी अभ्यास गराउँदा हेरेर तथा आखाँ चिम्लेर सो रबर सङ्ख्या छामेर सङ्ख्याको बनावट बारे भन्ने अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई प्लास्टिक वा रबर सङ्ख्या ब्लकलाई ट्रेस गर्न लगाउनुहोस् ।
- सङ्ख्यापत्तीमा लेखिएका सङ्ख्या माथि उस्तै रबर सङ्ख्या ब्लकहरू राखी जोडा मिलाउने अभ्यास गराउनुहोस् ।
- अङ्कहरू लेख्ने अभ्यास गराउन बालुवामा लेख्ने, माटोमा लेख्ने, हावामा लेख्ने, शैक्षणिक पाठीमा लेख्ने तथा प्लास्टिसिन, माटो वा पिठोबाट अङ्कहरू बनाउने अभ्यास समेत गराउनुहोस् ।
- ससाना ढुङ्गा, विभिन्न किसिमका बिउहरू (मकै, सिमी आदि) को प्रयोग गरेर पनि अङ्क/सङ्ख्या लेख्ने अभ्यास गराउनुहोस् ।
- रबर सङ्ख्या ब्लकहरूलाई सानोदेखि ठुलोसम्म क्रमबद्ध रूपमा राख्ने अभ्यास गराउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा सुरुमा १ देखि ५ सम्म त्यसपछि क्रमिक रूपमा ६ देखि ९, शून्य र ० देखि ९, त्यसै गरी 1 देखि 5, 6 देखि 9 र 0 देखि 9 गरी सिकाइ कार्डसँग तादम्यता मिलाई रबर सङ्ख्याको प्रयोग गर्नुपर्छ ।
- विद्यार्थीले गरेका कामहरू राम्ररी जाँचेर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५.११.७. सङ्ख्यापत्ती (Number Card)

परिचय

गणित विषयमा सङ्ख्यापत्ती लोगोले सङ्ख्याहरू चिन्न र भन्न सक्ने क्रियाकलापको सङ्केत गर्दछ । सङ्ख्यापत्तीको प्रयोग गरी चित्र गन्ने, सङ्ख्या भन्ने तथा सङ्ख्याहरूलाई क्रमबद्ध रूपमा भन्ने र लेख्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । सङ्ख्यापत्ती कार्डको क्रियाकलाप सहपाठी सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो ।

(क) लोगोको अर्थ : सङ्ख्याको धारणा

(ख) उद्देश्य: विभिन्न सङ्ख्याहरू चिन्न र भन्न

(ग) सामग्री : सङ्ख्यापत्ती कार्डहरू, तास

(घ) सिकाइ क्रियाकलाप

- सङ्ख्यापत्ती कार्ड देखाई विद्यार्थीलाई कार्डमा भएको चित्रहरूका सङ्ख्या बारे भन्न लगाउनुहोस् ।
- सङ्ख्यापत्ती कार्डमा भएको सङ्ख्या बारे छलफल गर्नुहोस् ।
- रबर सङ्ख्या ब्लक र सङ्ख्यापत्ती सिकाइ कार्ड लिन लगाई कार्ड माथि रबर ब्लक राखेर जोडा मिलाउने अभ्यास गराउनुहोस् ।
- सङ्ख्याको क्रम भन्न र लेख्न लगाउनुहोस् ।
- सिकाइ कार्डमा दिइएको विभिन्न चित्रहरू गन्ने र सङ्ख्या भन्ने अभ्यास गराउनुहोस् । सङ्ख्यापत्तीहरूको प्रयोग गरी सङ्ख्याको क्रमबद्धतासम्बन्धी अभ्यास गराउनुहोस् ।
- सङ्ख्यापत्तीहरूको प्रयोग गरी 'सम्झने खेल', 'जोडा मिलाउने खेल', सङ्ख्या र परिमाण गन्ने खेल, जस्ता विभिन्न खेलहरू पनि खेलाउनुहोस् ।
- सङ्ख्यापत्तीको सिकाइ कार्डसँग मेल खाने लेखन अभ्यास कार्यपुस्तकमा गराउनुहोस् ।
- विद्यार्थीले गरेका कामहरू राम्ररी जाँचेर आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रर्दशनी पाटीमा प्रर्दशन गर्नुहोस् ।
- प्रदर्शन गरिएको कार्यलाई केही समयको अन्तरालपछि विद्यार्थीको पोर्टफोलियोमा सञ्चित गर्न लगाउनुहोस् ।

५.११.८. वाण (Arrow)

परिचय :

गणित विषयमा सङ्ख्या बाण लोगोले लेखन अभ्यासको सङ्केत गर्दछ । वाण लोगो अङ्कित सिकाइ कार्डको क्रियाकलाप आंशिक शिक्षक सहयोग समूहमा गरिन्छ । माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धिअनुसार हुने गरी सिकाइ कार्डमा उल्लेख गरेअनुसार लेखन अभ्यास गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

(क) लोगोको अर्थ : सङ्ख्या लेख्ने तरिका

(ख) उद्देश्य: विभिन्न सङ्ख्याहरू लेख्ने अभ्यास गर्ने

(ग) सामग्री : बाण लोगोका सिकाइ कार्डहरू, रङ्गीन चकहरू, स्लेट वा शैक्षणिक पाठी, कार्यपुस्तक ।

(घ) सिकाइ क्रियाकलाप:

- वाण कार्डमा लेखिएको सङख्याहरू पहिले शिक्षक आफैँले लेखन अभ्यास गर्नुहोस् ।
- वाणले निर्देशन गरे बमोजिमको दिशातर्फ सङ्ख्याहरू लेख्न लगाउनुहोस् ।
- विद्यार्थीलाई वाण चिह्नको प्रयोगबाट विभिन्न सङ्ख्याहरू लेख्न लगाउनुहोस् ।
- अभ्यास गराउँदा सर्वप्रथम व्यक्तिगत रूपमा गराउनुहोस् । त्यसपछि उनीहरूलाई कार्यपुस्तकमा, बालुवा वा भुइँमा पनि लेख्ने अभ्यास गराउनुहोस् ।
- सिकाइ कार्डसँग मेल खाने अभ्यासहरू कार्यपुस्तकमा गराउनुहोस् ।
- विद्यार्थीले गरेका कामहरू राम्ररी जाँचेर आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रर्दशनी पाटीमा प्रर्दशन गर्नुहोस् ।
- प्रदर्शन गरिएको कार्यलाई केही समयको अन्तरालपछि विद्यार्थीको पोर्टफोलियोमा सञ्चित गरी राख्न लगाउनुहोस् ।

५.११.९. रेलगाडी (Train)

परिचय

गणित विषयमा रेलगाडी लोगोले पजल क्रियाकलापमार्फत चित्र तथा सङ्ख्याहरूको क्रम मिलाउने क्रियाकलापको सङ्केत गर्दछ। यस सिकाइ कार्डमा दिइएको रेलगाडीको प्रत्येक चित्रमा दुई भाग राखिएको हुन्छ। रेलको डिब्बाको दायाँ भागमा अर्को डिब्बाको बायाँ भागको अक्षर वा चित्रसँग मेल खाने गरी चित्र वा अक्षर राखिएको हुन्छ। यस कार्डसँग सम्बन्धित विषयवस्तु शिक्षण गर्दा चित्र र त्यससँग सम्बन्धित सङ्ख्याहरूलाई क्रमबद्ध रूपमा मिलाई राख्ने क्रियाकलाप गरिन्छ। रेलगाडी कार्डको क्रियाकलाप स्वयम् सिकाइ समूहमा गरिने सिकाइ क्रियाकलाप हो।



(क) लोगोको अर्थ : चित्र र सङ्ख्याहरूको क्रम

(ख) उद्देश्य: चित्र र सङ्ख्यालाई क्रमबद्ध रूपमा मिलाउने

(ग) सामग्री : रेलगाडी लोगो अङ्कित सिकाइ कार्डहरू

(घ) सिकाइ क्रियाकलाप

- सिकाइ कार्डमा रेलको डिब्बाको बायाँ भागमा दिइएको चित्रअनुसार रेलको डिब्बाको दायाँ भागको अक्षर वा सङ्ख्यासँग मेल खाने गरी क्रम मिलाएर क्रमशः राख्न लगाउनुहोस्।
- विद्यार्थीलाई यस लोगोअर्न्तगत दिइएका रेलका डिब्बाहरूलाई स-साना टुक्राहरूमा विभाजन गर्न लगाई त्यसबाट फेरि क्रमबद्ध रूपमा मिलाएर राख्न लगाउनुहोस्।
- रेलको आकार निर्माण गर्दा रेलको अगाडिको इन्जिनबाट सुरु गरी इन्जिनसँग मेल खाने डिब्बाहरू क्रमशः जोड्दै जोड्दै पूर्ण रूपको रेलको आकृति निर्माण गर्न लगाउनुहोस्।
- यो क्रियाकलाप गराउँदा सम्भव भएसम्म लेमिनेशन गरी कार्डको फोटोकपी गरेर त्यसलाई माइलस्टोन र लोगो नम्बरअनुसार छुट्याएर बन्डल बन्डल बनाएर राख्नुहोस्। यसबाट सिकाइ कार्डलाई मूलप्रतिको रूपमा सुरक्षित राखी आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ।
- विद्यार्थीले गरेका कामहरू राम्ररी जाँचेर आवश्यक पृष्ठपोषण दिनुहोस्।
- क्रियाकलाप सम्पन्न भएपश्चात उक्त सिकाइ कार्डका डिब्बाहरूलाई माइलस्टोन र सिकाइ कार्ड नम्बर हेरी वन्डल बनाई रेलगाडी लोगो अङ्कित ट्रेमा पुर्नव्यवस्थापन गरी राख्नुहोस्। यसले गर्दापछि सोही क्रियाकलाप गर्ने विद्यार्थीलाई सरल र सहज रूपमा सिकाइ कार्ड सामग्री उपलब्ध गराउन सकिन्छ।

५.११.१०. भाले (Cock)

परिचय

गणित विषयमा भाले लोगोले जोडसम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ । यो क्रियाकलाप गर्दा विषयवस्तुअनुसार विभिन्न ठोस वस्तुहरू, विभिन्न चित्रहरूको प्रयोगबाट छलफल र त्यसलाई सङ्केतमा लेख्ने जस्ता सङ्ख्याहरूको जोडसम्बन्धी क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । भाले कार्डको क्रियाकलाप आंशिक शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा सकेसम्म स्थानीय ठोस सामग्रीको प्रयोग गरी विद्यार्थीहरूलाई नै सक्रिय बनाई सङ्ख्याहरूको जोडको अभ्यास गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : जोड

(ख) उद्देश्य: सङ्ख्याको जोडसम्बन्धी अभ्यास गर्ने

(ग) सामग्री : भाले कार्डहरू, सिन्काका मुठा, ढुङ्गा, गेडागुडी, जोडतालिका, बेसटेन ब्लक, स्थानमान तालिका अबाकस आदि ।

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई कार्डमा उल्लेख गरे बमोजिमको अभ्यास गर्न लगाउनुहोस् ।
- स्थानीय स्तरमा उपलब्ध ठोसवस्तुहरू, चित्रहरूको प्रयोग गरी थपिनु, बढ्नु, एकै ठाउँमा मिलाउनु, जोडिनु जस्ता अवस्थाहरू सिर्जना गरी जोडको अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई सकेसम्म स्थानीय सामग्रीहरू (जस्तै : ढुङ्गा, गेडागुडी, सिन्का), चित्रहरूको प्रयोगबाट जोड गर्न लगाउनुहोस् ।
- सम्बन्धित विषयवस्तुअनुसार विद्यार्थीलाई जोड गर्न लगाउनुहोस् (जस्तै: योगफल ५ सम्म आउने, जोडे योगफल ९ सम्म आउने जोड आदि ।)
- जोडको अभ्यास गराउँदा कार्डहरूको फोटोकपी गरेर अथवा विद्यार्थीहरूको आफ्नै कापीमा, कार्यपुस्तक वा व्यक्तिगत कालोपाटीमा अभ्यास गर्न लगाउनुहोस् ।
- विद्यार्थीले गरेका अभ्यासहरू शिक्षकले जाँची आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- प्रदर्शन गरिएको कार्यलाई केही समयको अन्तरालपछि विद्यार्थीको पोर्टफोलियोमा सञ्चित गर्न लगाउनुहोस् ।

५.११.११ सुगा (Parrot)

परिचय

गणित विषयमा सुगा लोगोले घटाउसम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ। यस लोगोमा विभिन्न ठोस वस्तुहरूको प्रयोग गरी सङ्ख्याहरूको घटाउ गर्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । सुगा कार्डको क्रियाकलाप आंशिक शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा सकेसम्म स्थानीय ठोस सामग्रीको प्रयोग गरी विद्यार्थीहरूलाई नै सक्रिय बनाई सङ्ख्याहरूको घटाउसम्बन्धी अभ्यास माइलस्टोनमा उल्लेख गरेबमोजिम हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : घटाउ

(ख) उद्देश्य: सङ्ख्याको घटाउसम्बन्धी अभ्यास गर्ने

(ग) सामग्री : सुगा कार्ड, सिन्का मुठा, ढुङ्गा, केराउ, मकै, सिमी, गेडागुडीहरू, घटाउ तालिका, बेसटेन ब्लक, स्थानमान तालिका अबाकस आदि ।

(घ) सिकाइ क्रियाकलाप

- यस लोगोमा विद्यार्थीहरूले सुगा लोगो अङ्कित सिकाइ कार्डमा निर्दिष्ट गरेबमोजिमको घटाउको अभ्यास गराउँदा सकेसम्म स्थानीय स्तरमा प्राप्त हुने ठोस वस्तुहरूको प्रयोग गरी सिकाउनुहोस् ।
- स्थानीय स्तरमा उपलब्ध ठोसवस्तुहरू, चित्रहरूको प्रयोग गरी घट्नु, हटाइनु, भएको ठाउँबाट जानु जस्ता अवस्थाहरू सिर्जना गरी घटाउको अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई सकेसम्म स्थानीय सामग्रीहरू (जस्तै : ढुङ्गा, गेडागुडी, सिन्का), चित्रहरूको प्रयोगबाट घटाउ गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई नै सक्रिय बनाएर क्रियाकलापहरू गर्न लगाउनुहोस् ।

- सिकाइ सिँढीअनुसार सिकाइ कार्डमा उल्लेख गरेका घटाउका अभ्यासहरू गराउनुहोस् ।
- अभ्यास गराउँदा सिकाइ कार्डको फोटोकपी गरेर अथवा विद्यार्थीको पाटी, कार्यपुस्तक वा कापीमा गराउनुहोस् ।
- विद्यार्थीले गरेका अभ्यासहरू शिक्षकले जाँची आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- केही दिनको अन्तरालपछि उक्त सामग्री सम्बन्धित विद्यार्थीको व्यक्तिगत पोर्टफोलियोमा विषयगत रूपमा अभिलेखहरू राख्नुहोस् ।

५.११.१२. अस्ट्रिच (Ostrich)

परिचय :

अस्ट्रिच लोगोले गुणनसम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ । विषयवस्तु शिक्षणअन्तर्गत विभिन्न ठोस वस्तुहरूको प्रयोग गरी सङ्ख्याहरूको गुणनफल निकाल्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । अस्ट्रिच कार्डको क्रियाकलाप आंशिक शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा सकेसम्म स्थानीय ठोस सामग्रीको प्रयोग गरी विद्यार्थीहरूलाई नै सक्रिय बनाई सङ्ख्याहरूको गुणनसम्बन्धी क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : गुणन

(ख) उद्देश्य: सङ्ख्याको गुणनसम्बन्धी अभ्यास गर्ने

(ग) सामग्री : अस्ट्रिच सिकाइ कार्ड, सिन्काका मुठाहरू, ढुङ्गाहरू, गुणन तालिका, बेसटेन ब्लक, स्थानमान तालिका ।

(घ) सिकाइ क्रियाकलाप

- गुणन क्रियालाई जोड क्रियासँग सम्बन्धित गराई सिकाउनुहोस् (गुणन भनेको जोडको दोहोरिएको रूप हो ।)
- यस क्रियामा विभिन्न गेडागुडी, सिन्का, ढुङ्गाहरू जस्ता सामग्रीको प्रयोग गरी अभ्यास गराउनुहोस् ।
- यस्ता क्रियाकलापमा विद्यार्थीलाई नै सक्रिय बनाई सम्बन्धित कार्यहरू गर्न लगाउनुहोस् ।
- सिन्का वा दानाको प्रयोग गरी गुणन तालिका निर्माण, गुणन तालिकाको प्रयोग, सिन्का वा पेपरको प्रयोग गरी गुणन, औलाको गुणन जस्ता क्रियाकलापहरू गराउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा सिकाइ कार्डको फोटोकपी गरेर उक्त प्रतिलिपिमा, शैक्षणिक पाठीमा वा कापीमा सारेर पनि अभ्यास गराउनुहोस् ।
- सिकाइ कार्डसँग मेल खाने क्रियाकलापहरूलाई विद्यार्थीको कार्यपुस्तकमा कक्षाकार्य वा गृहकार्यका रूपमा अभ्यास दिनुहोस् ।
- विद्यार्थीले गरेका अभ्यासहरू शिक्षकले जाँची आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- केही दिनको अन्तराल पछि उक्त सामग्री सम्बन्धित विद्यार्थीको व्यक्तिगत पोर्टफोलियोमा विषयगत रूपमा अभिलेखहरू सङ्कलन गरी राख्नुहोस् ।

५.११.१३. गिद्ध (Volture)

परिचय

गणित विषयमा गिद्ध लोगोले भागसम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ । विभिन्न ठोस वस्तुहरूको प्रयोग गरी सङ्ख्याहरूको भागफल निकाल्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । गिद्ध कार्डको क्रियाकलाप आंशिक शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा सकेसम्म स्थानीय ठोस सामग्रीको प्रयोग गरी विद्यार्थीहरूलाई नै सक्रिय बनाई सङ्ख्याहरूको भाग गर्न लगाई माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।



(क) लोगोको अर्थ : भाग

(ख) उद्देश्य: सङ्ख्याको भागसम्बन्धी अभ्यास गर्ने

(ग) सामग्री : गिद्ध लोगो अङ्कित सिकाइ कार्डहरू, सिन्काहरू, गेडागुडीहरू आदि ।

(घ) सिकाइ क्रियाकलाप

- यस लोगोअन्तर्गत राखिएका कार्डहरूमा विद्यार्थीलाई गणितका आधारभूत क्रियाअन्तर्गत भाग गर्न लगाउनुहोस् ।
- गिद्ध लोगो अङ्कित सिकाइ कार्डको अभ्यास गराउँदा कार्डमा निर्दिष्ट गरेबमोजिम सिन्काहरू, गेडागुडीहरू जस्ता स्थानीय स्तरमा पाइने सामग्री प्रयोग गर्नुहोस् ।
- सामग्रीहरूको विभाजन गरेर भाग, गुणन तालिकाको प्रयोग, भाग थालीको प्रयोग गरी भागको अभ्यास जस्ता क्रियाकलापहरू गराउनुहोस् ।
- विद्यार्थीलाई कार्यपुस्तकमा सिकाइ क्रियाकलापसँग मेलखाने भागसम्बन्धी दिइएका अभ्यासहरू गर्न लगाउनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- प्रदर्शन गरिएको कार्यलाई केही समयको अन्तरालपछि विद्यार्थीको पोर्टफोलियोमा सञ्चित गर्न लगाउनुहोस् ।

५.११.१४. कोठेपद वर्ग (Square)

परिचय

गणित विषयमा कोठेपद वर्ग लोगोले जोड, घटाउ र गुणनसम्बन्धी कोठेपद खेलको सङ्केत गर्दछ । विषयवस्तु शिक्षणअन्तर्गत कार्डमा भएको निर्देशनअनुसार जोड, घटाउ र गुणनको काम गर्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । कोठेपद वर्ग कार्डको क्रियाकलाप स्वयम् सिकाइ समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा खेलको माध्यमबाट माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

(क) लोगोको अर्थ : कोठेपद वर्ग अभ्यास ।

(ख) उद्देश्य: कोठेपदको माध्यमबाट जोड, घटाउ र गुणनसम्बन्धी समस्याहरू समाधान गर्ने ।

(ग) सामग्री : कोठेपद वर्ग कार्डहरू, जोड, घटाउ, गुणन तालिका ।







(घ) सिकाइ क्रियाकलाप

- दिइएको कोठेपद वर्ग कार्डहरूको प्रयोग गरी कार्डमा भएको निर्देशनअनुसार जोड, घटाउ र गुणन गर्न लगाउनुहोस् ।
- जोड तालिका, घटाउ तालिका र गुणन तालिकाको प्रयोग गरी गणितीय आधारभूत क्रियासम्बन्धी शिक्षण सिकाइ गर्न पनि सकिन्छ ।
- कोठेपदमा सिकाउन खोजेको सिकाइ उपलब्धिहरूलाई आधार मानी विद्यार्थीको कापीमा, पाटीमा वा भुइँमा पनि कोठाहरू बनाई अभ्यास गराउनुहोस् ।
- विद्यार्थीले गरेका अभ्यासहरू शिक्षकले जाँची आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- केही दिनको अन्तराल पछि उक्त सामग्री सम्बन्धित विद्यार्थीको व्यक्तिगत पोर्टफोलियोमा विषयगत रूपमा अभिलेखहरू राख्नुहोस् ।

५.११.१५. लाटोकोसेरो (Owl)

परिचय :

गणित विषयमा लाटोकोसेरो लोगोले शाब्दिक समस्या समाधान तथा पठन अभ्याससम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ । कार्डमा भएको शाब्दिक समस्याहरूलाई समाधान गर्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । लाटोकोसेरोको क्रियाकलाप आंशिक शिक्षक सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा विभिन्न विषयवस्तुहरूमा भएका शाब्दिक समस्याहरू समाधान तथा त्यस्तै खालका शाब्दिक समस्याहरू बनाउन लगाई समस्या समाधानका माध्यमबाट माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धिअनुसार सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।


MS 9

5

तलका प्रश्नहरूलाई गणितीय वाक्यमा लेखी सरल गर्नुहोस् :

(i) सुनितासँग 10 ओटा चकलेट थिए । उनले 6 ओटा चकलेट साथीहरूलाई बाँडिन् र फेरि 5 ओटा किनिन् भने अब उनीसँग जम्मा कतिओटा चकलेट होला, पत्ता लगाउनुहोस् ।

(ii) राधिकासँग रु. 30 थियो । उनलाई बुबाले रु. 45 थपिदिनुभयो र केही दिनपछि उनले रु. 60 को कापी किनिन् । अब उनीसँग जम्मा कति रकम बाँकी छ, पत्ता लगाउनुहोस् ।

(iii) 12 र 6 को योगफलबाट 5 घटाउँदा कति हुन्छ ?

(iv) 8 र 5 को फरकमा 3 जोड्दा कति हुन्छ ?

(v) 15 ओटा स्याउ राखिएको बाकसबाट 5 ओटा कुहिएको स्याउ निकाली फेरि 4 ओटा राम्रो स्याउ राख्दा उक्त बाकसमा जम्मा कतिओटा स्याउ हुन्छन्, पत्ता लगाउनुहोस् ।

(क) लोगोको अर्थ : शाब्दिक समस्या

(ख) उद्देश्य: शाब्दिक समस्या समाधान गर्ने

(ग) सामग्री : लाटोकोसेरो कार्डहरू

(घ) सिकाइ क्रियाकलाप

- यस लोगोका कार्डहरूमा भएका विभिन्न विषयवस्तुहरूसँग सम्बन्धित शाब्दिक समस्याहरू साना कक्षाका लागि शिक्षकले पढेर सुनाउनुहोस् र विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् ।
- पर्याप्त अभ्यासपश्चात विद्यार्थीलाई नै स्वअध्ययन गरी अभ्यास गर्न लगाउनुहोस् ।
- कार्डमा भएका समस्याबाहेक त्यससँग मेल खाने खालका शाब्दिक समस्याहरू बनाउन लगाई समाधान गर्न लगाउनुहोस् । सकेसम्म विषयवस्तु केन्द्रित तथा दैनिक व्यवहारसँग सम्बन्धित शाब्दिक समस्याहरू बनाई समाधान गर्न लगाउनुहोस् ।
- त्यसपछि विद्यार्थीहरूलाई लाटोकोसेरो सिकाइ कार्डका शाब्दिक समस्याहरू उनीहरूको कापीमा वा कार्यपुस्तकमा समाधान गर्न लगाउनुहोस् ।

५.११.१६. राजहाँस (Swan)

परिचय

गणित विषयमा राजहाँस लोगोले अभ्यास गर्ने क्रियाकलापको सङ्केत गर्दछ। सिकाइएको विषयवस्तुहरूलाई दिगो बनाई राख्न गरिने थप क्रियाकलापहरू यसअन्तर्गत राखिएको छ । राजहाँसको क्रियाकलाप सहपाठी सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो। यस लोगोमा क्रियाकलाप गराउँदा शिक्षणपश्चात त्यससँग सम्बन्धित थप अभ्यास तथा त्यस्तै खालका समस्याहरू समाधानका माध्यमबाट माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।



(क) लोगोको अर्थ : अभ्यास

(ख) उद्देश्य: विषयवस्तुको समस्याहरूमा आधारित अभ्यास गर्ने

(ग) सामग्री : राजहाँस कार्ड र सिकाइ कार्डमा उल्लेख गरेका सामग्रीहरू

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई विषयवस्तु सम्बन्धी समस्याहरू समाधान / अभ्यासहरू गर्न लगाउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा सुरुमा शिक्षकले आवश्यक निर्देशन दिई सिकाइ कार्डले भनेका कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।
- सकेसम्म स्थानीय रूपमा सजिलै उपलब्ध हुने र बालमैत्री सामग्रीहरूको प्रयोग गर्न लगाउनुहोस् ।
- हरेक अभ्यास गराउँदा शिक्षकले सिकाइ कार्डमा उल्लेख भएका विषयवस्तुसँग मेल खाने गरी थप अभ्यास गराउनुहोस् ।
- सिकाइ उपलब्धि हासिल गर्नका लागि यो निकै महत्त्वपूर्ण क्रियाकलाप भएकाले विद्यार्थीको सिकाइ क्षमता अनुरूप शिक्षकले पर्याप्त समय दिई अभ्यास गराउनुहोस् ।
- शिक्षकको सहयोग पश्चात विद्यार्थीहरू आफैँलाई अभ्यास गर्न लगाउनुहोस् ।
- विद्यार्थीले गरेका अभ्यासहरू शिक्षकले जाँची आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- केही दिनपछि उक्त सामग्री सम्बन्धित विद्यार्थीको व्यक्तिगत पोर्टफोलियोमा राख्नुहोस् ।

५.११.१७. काठफोर (Wood Picker)

परिचय

गणित विषयमा काठफोर लोगोले जोडा मिलाउने क्रियाकलापको सङ्केत गर्दछ । सिकाइएको कुनै पनि विषयवस्तुहरूलाई मिल्ने विषयवस्तु वा सम्बन्धित विषयवस्तुसँग जोडा मिलाउने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । काठफोरको क्रियाकलाप स्वयम् सिकाइ समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा सिकाइसँग सम्बन्धित विषयवस्तुहरूलाई एकआपसमा जोडा मिलाउने क्रियाकलापका माध्यमबाट माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

(क) लोगोको अर्थ : जोडा मिलाउने

(ख) उद्देश्य: सम्बन्धित विषयवस्तुहरूलाई जोडा मिलाउने

(ग) सामग्री : काठफोर सिकाइ कार्डहरू, रङ्गीन धागोहरू, पन्चिङ मेसिन

(घ) सिकाइ क्रियाकलाप

- काठफोर सिकाइ कार्डलाई पन्चिङ मेसिनले गोलो घेरा लगाएको ठाउँहरूमा कार्डको दायाँ बायाँ प्वाल पारेर बायाँ पट्टिका भागहरूमा छुट्टाछुट्टै रङगिन धागोहरू बाँध्नुहोस ।
- यसरी धाँगो बाँध्दा बायाँबाट दायाँ पट्टी रहेका प्वालहरूमा धागो उन्न पुग्ने गरी सामग्रीको तयारी गर्नुहोस् ।
- सिकाइ सिढीँअनुसार यस लोगोमा पुग्ने विद्यार्थीहरूलाई विभिन्न विषयवस्तुको मिल्ने खालका अथवा सम्बन्धित विषयवस्तुलाई धागोको माध्यमबाट जोडा मिलाउन लगाउनुहोस् । एउटा विषयवस्तु एउटा खण्डमा र त्यससँग मिल्ने वा सम्बन्धित विषयवस्त अर्को खण्डमा धागोको माध्यमबाट जोडा मिलाउनु पर्ने हुन्छ ।
- सम्बन्धित विषयवस्तुमा मेल खाने किसिमका थप जोडा मिलाउने क्रियाकलापहरू गर्न लगाउनुहोस् ।
- काठफोर सिकाइ कार्डलाई आधार मानी अभ्यास कार्यपुस्तक, कापी र कालोपाटीमा समेत थप अभ्यास गराउनुहोस् ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् ।
- प्रदर्शन गरिएको कार्यलाई केही समयको अन्तरालपछि विद्यार्थीको पोर्टफोलियोमा सञ्चित गर्न लगाउनुहोस् ।

५.११.१८. डाइस (Dice)

परिचय

गणित विषयमा डाइस लोगोले गणितीय खेलको सङ्केत गर्दछ । गणितीय खेलका माध्यमबाट सिकाइलाई दिगो बनाउने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । डाइसको क्रियाकलाप सहपाठी सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा डाइसको प्रयोग गरी निर्देशनअनुसार खेल खेली गणितीय सिपहरू सिकाउने जस्ता क्रियाकलापहरू गरी विद्यार्थीलाई नै सक्रिय बनाई माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

(क) लोगोको अर्थ : डाइसको खेल

(ख) उद्देश्य: डाइस खेलको माध्यमबाट गणितका आधारभूत क्रियाहरू गर्ने

(ग) सामग्री : डाइस गोटीहरू, कार्डबोर्ड पेपर, साइनपेन रङ, मैन कलर आदि ।

(घ) सिकाइ क्रियाकलाप

- सिकाइ कार्डमा उल्लेख गरेबमोजिम हुने गरी डाइसहरू तयार गर्नुहोस् ।

- कार्डमा दिइएको निर्देशनबमोजिम खेल खेलाउनुहोस् ।
- डाइस गोटीको सहायताबाट गणितका आधारभूत क्रियाहरू पालैपालो गर्न लगाउनुहोस् (जस्तैः जोड, घटाउ, गुणन, भाग) ।
- खेलबाट आउने सबै परिणामहरू स्वयम् विद्यार्थीलाई नै लेख्न लगाउनुहोस् ।
- यो डाइस खेल अतिरिक्त क्रियाकलाप हो । शिक्षकले गोटीहरूको दौड, पाइलाको चाल, पासको खेल, विङ्गो जस्ता सन्दर्भ सुहाउँदो हुने गरी आवश्यकताअनुरूप विभिन्न डाइस गेमहरू खेलाउन सक्नुहुने छ ।

५.११.१९. काग (Crow)

परिचय

काग लोगोले पुनरवलोकन गर्ने, क्राउन लगाउने विद्यार्थीको सहयोगबाट विद्यार्थीहरूलाई सहजीकरण गर्न लगाउने जस्ता क्रियाकलापको सङ्केत गर्दछ । सिकाइलाई दिगो बनाउनका लागि विभिन्न क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । कागको क्रियाकलाप सहपाठी सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो ।



(क) लोगोको अर्थ : पुनरवलोकन

(ख) उद्देश्यः सिकाइ क्रियाकलाप गरिएका विषयवस्तुको पुनरावलोकन र त्यससम्बन्धी थप समस्याहरू समाधान गर्ने

(ग) सामग्रीः काग लोगो अङ्कित सिकाइ कार्डहरू, काग लोगो अङ्कित कक्षागत श्रीपेच (Crown) ।

(घ) सिकाइ क्रियाकलाप

- काग लोगो अङ्कित कक्षागत रङ (कक्षा १ गुलाबी, कक्षा २ हरियो, कक्षा ३ पहेँलो, कक्षा ४ रातो, कक्षा ५ कालो) का आधारमा छुट्टिने गरी Crown तयार गर्नुहोस् ।
- शिक्षकले सबै विद्यार्थीहरू माँझ काग लोगोमा पुगेको विद्यार्थीहरूलाई परिचित गराउनुहोस् ।
- काग लोगो अङ्कित श्रीपेच (crown) सम्बन्धित विद्यार्थीलाई लगाई दिएर शिक्षकले सहजीकरण गरी अन्य विद्यार्थीलाई अभिवादन गर्न लगाउनुहोस् । उक्त विद्यार्थी जुन कक्षाको हो सोही कक्षा झल्किने रङको Crown लगाइदिनुहोस् ।
- सम्बन्धित विद्यार्थीलाई सम्बन्धित काग लोगो अङ्कित कार्ड लिन लगाई सिकाइ सिँढीमा उसको सिकाइको स्थान देखाई सहपाठी सहयोग समूहमा (समूह कार्ड हेर्न लगाई) राखी सिकाइ कार्डमा उल्लेख गरेबमोजिमका पुनरवलोकन कार्य गराउनुहोस् ।

- Crown लगाएका विद्यार्थीलाई सो विद्यार्थीको सिकाइ स्तरभन्दा कम वा सिकाइ सिँढीमा तल भएका विद्यार्थीहरूलाई सिक्न सिकाउन सहयोग गर्न सक्ने छ । जसले गर्दा शिक्षकलाई सहयोग पुग्ने छ ।
- Crown लगाएका विद्यार्थीको सिकाइ स्तरभन्दा तल भएका अन्य विद्यार्थीको क्रियाकलापहरू अवलोकन, अभ्यास र मूल्याङ्कन गर्न Crown लगाएका विद्यार्थीलाई देखाऊ वा सोध भनेर जानकारी गराउन सकिन्छ ।
- विद्यार्थीले गरेका अभ्यासहरू शिक्षकले जाँची आवश्यक पृष्ठपोषण सहित उल्लेख गर्नुपर्दछ ।
- उक्त अभ्यासहरू प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस र केही दिनपछि उक्त सामग्री सम्बन्धित विद्यार्थीको व्यक्तिगत पोर्टफोलियोमा विषयगत रूपमा अभिलेखहरू सङ्कलन गरी राख्नुहोस् ।

५.११.२०. किङफिसर (Kingfisher)

परिचय

किङफिसर लोगोले गणितीय खेल (बोर्ड गेम) सम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ । कुनै पनि विषयवस्तुहरूमा सिकाइलाई दिगो बनाउनका लागि बोर्डगेमको प्रयोग गरी गणितीय विभिन्न समस्याहरू खेलके माध्यमद्वारा समाधान गर्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । किङफिसरको क्रियाकलाप सहपाठी सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो ।

(क) लोगोको अर्थ : गणितीय खेल (बोर्ड गेम) ।

(ख) उद्देश्य: गणितीय विभिन्न समस्याहरूलाई खेलको माध्यमद्वारा समाधान गर्ने

(ग) सामग्री : किङफिसर सिकाइ कार्डहरू, सिकाइ कार्डमा उल्लेख भएका सामग्री र कार्डमा उल्लेख भएको समस्याहरूको समाधान लेखिएको सङ्ख्याहरूको सानो-सानो चिटहरू

(घ) सिकाइ क्रियाकलाप

- Kingfihser कार्डहरू हेरी आवश्यक पर्ने सामग्रीहरू शिक्षकले पहिले नै व्यवस्था गर्नुपर्दछ ।
- यस लोगो भएका कार्डहरू सिकाउँदा विभिन्न किसिमका कार्डहरू प्रयोग गरी सिकाउनुहोस् । (जस्तै : सर्प र सोपाङ, लुडो खेल, जियोबोर्ड, पजल, ट्यानग्राम आदि)
- शिक्षकले सिकाइ कार्डमा दिइए जस्तै विभिन्न बोर्डगेमहरू बनाएर पनि खेलहरू खेलाउन सकिन्छ ।
- कार्डमा उल्लेख भएको शिक्षण निर्देशनअनुसार आवश्यक तयारी गरी यो क्रियाकलाप गर्नुपर्ने हुन्छ ।
- केही सिकाइ कार्डहरूमा समस्याहरूको समाधान लेखिएको सङ्ख्याहरूका सानासाना चिटहरू प्रयोग गरी सिकाइकार्डमा भएका समस्याहरूमा मिल्ने उत्तर भएको चिट छानेर राख्नुपर्ने पनि हुन्छ ।

५.११.२१. रुख (Tree)

परिचय :

रुख लोगोले गणितीय खेलसम्बन्धी क्रियाकलापको सङ्केत गर्दछ । सिकाइलाई दिगो बनाउनका लागि उपयुक्त खेलको माध्यमद्वारा गणितीय समस्याहरू समाधान गर्ने क्रियाकलापलाई यसअन्तर्गत राखिएको छ । रुखको क्रियाकलाप सहपाठी सहयोग समूहमा गरिने सिकाइ क्रियाकलाप हो । यस लोगोमा क्रियाकलाप गराउँदा सिकाइएका विषयवस्तुसँग सम्बन्धित गणितीय विभिन्न समस्याहरू स्थानीय खेलको माध्यमद्वारा समाधान गर्न क्रियाकलापका माध्यमबाट विद्यार्थीलाई नै सक्रिय बनाई माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धि पूरा हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।


MS 2

1

गते र बार पत्ता लगाउने खेल

- दुई ओटा समूह बनाउनुहोस् ।
- प्रत्येक समूहलाई एक एक ओटा क्यालेण्डर दिनुहोस् ।
- कुनै महिनाको क्यालेण्डर अवलोकन गर्न लगाई गते र बारसँग सम्बन्धित प्रश्न गनुहोस् ।
- विद्यार्थीले प्रश्न सुनेर क्यालेण्डर हेरी ठिक उत्तर दिनुपर्ने छ ।
- जुन समूहले पहिले हात उठाउँछ सो समूहलाई पहिले पालो दिनुहोस् ।
६.८.१३. माटाको भाँडो २२७
६.८.१४. गाइनेकिरा २२८
६.८.१५. पेन्सिल २२८
६.८.१६. जोकर २२९
६.८.१७. लेडिवग २३१
६.८.१८. चस्मा २३२
६.८.१९. पि टी २३२
६.८.२०. हात २३३
६.८.२१. लेन्समा कमिला २३४
६.८.२२. पपेट २३५
६.९. शारीरिक व्यायाम (P.T) सम्बन्धी शिक्षण निर्देशन २३६
६.१०.गाउँखाने कथाको उत्तरहरू २३७
६.११.ट्रे वा किट वक्समा टाँस गर्ने लोगोहरू २३९
६.१२.Checklist and Learning ladder २४१

भाग - ६

सेरोफेरो/सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

६.१. पृष्ठभूमि

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई कार्यान्वयन गर्ने सिलसिलामा विद्यालय तहका पाठ्यक्रम परिमार्जन र विकासलाई निरन्तरता दिने प्रक्रिया स्वरूप कक्षा १-३ को हाम्रो सेरोफेरो विषयलाई एकीकृत पाठ्यक्रमको रूपमा विकास गरी शैक्षिक वर्ष २०७७ मा कक्षा १ र २०७८ मा कक्षा २ र ३ मा कार्यन्वयनमा ल्याइएको छ । हाम्रो सेरोफेरो विषयमा सामाजिक अध्ययन, स्वास्थ्य शिक्षा, विज्ञान, शारीरिक शिक्षा, सिर्जनात्मक कला गरी पाँचओटा विषयका विषयवस्तुलाई एकीकृत गरी एउटा छुट्टै विषयको पहिचान स्थापित गरिएको छ । हाम्रो सेरोफेरो विषयले दशओटा मुख्य विषय क्षेत्र (Theme) मा आधारित छ । यो विषयले क्रियाकलापमा आधारित भई सिकारूका जीवन्त अनुभवसँग जोड्दै व्यावहारिक सिकाइलाई जोड दिएको छ ।

कक्षा ४-५ मा सामाजिक अध्ययन तथा मानव मूल्य विषय कार्यन्वयनमा छ । यस विषयमा हामी र हाम्रो समाज, सामाजिक मूल्य मान्यता, सामाजिक समस्या, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, हाम्रो आर्थिक क्रियाकलाप जस्ता विषय क्षेत्रहरू छन् ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियामा एकीकृत रूपमा नै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिँदै आएको थियो । परिवर्तित हाम्रो सेरोफेरो (कक्षा १-३) को पाठ्यक्रमले पनि विषयवस्तु र सिकाइ सहजीकरणलाई एकीकृत रूपमा सञ्चालन गर्न मार्गनिर्देश गरेको छ । त्यस्तै सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (कक्षा ४-५) ले क्रियाकलापमा आधारित भई, विद्यार्थीका अनुभव र व्यावहारिक सिकाइलाई जोड दिने व्यवस्था गरेको सन्दर्भमा वहुकक्षा वहुस्तर सिकाइ प्रक्रियालाई जोड्नु पर्ने सन्दर्भ कक्षा ४ र ५ मा एकीकृत रूपमा शिक्षण सहजीकरण गर्ने व्यवस्था प्रभावकारी हुन्छ । सोहीअनुसार सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइएको छ ।

वहुकक्षा वहुस्तर सिकाइ सामग्री प्रयोगमा कक्षा १, २ र ३ को लागि एउटै सिकाइ सिँढी (Ladder) को निर्माण गरिएको छ । कक्षा ४ र ५ का लागि सामाजिक तथा मानव मूल्य शिक्षाका लागि समेत एकीकृत रूपमा सामग्री विकास गरिएका छन् । कक्षा १-३ मा हाम्रो सेरोफेरो र कक्षा ४ र ५ मा सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको पाठ्यक्रमका सिकाइ उपलब्धिलाई मध्यनजर गरी मिल्दा सिकाइ उपलब्धिलाई समावेश गरी अलग अलग पाठ्यक्रम नक्साङ्कन गरिएको छ । उक्त सिकाइ उपलब्धिहरू तथा पाठ्यपुस्तकमा समावेश पाठ्यवस्तुहरूलाई आधार मानेर कक्षा १-३ का लागि theme wise रूपमा २७ ओटा माइलस्टोनहरू (milestones) विकास गरिएका छन् भने कक्षा ४-५ का लागि सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको लागि १७ ओटा माइलस्टोन (milestone) विकास गरिएका छन् । दुवै तह कक्षा १-३ र कक्षा ४-५ मा किराफट्याङ्ग्राहरू र अन्य अर्थपूर्ण सङ्केत (लोगो) को प्रयोग गरिएको छ ।

६.२. रुजुसूची (Checklist) र सिकाइ सिँढी (Learning Ladder)



हाम्रो सेरोफेरो कक्षा (१-३) विषयको सिकाइ उपलब्धिहरू पाठ्यक्रम नक्साङ्कनका आधारमा २७ ओटा माइलस्टोनहरूमा र कक्षा ४ र ५ मा सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयका १७ ओटा माइलस्टोनमा विभाजन गरी राखिएका छन् । ती माइलस्टोनहरूलाई क्रमबद्ध रूपमा राखी सिकाइ सिँढी तयार गरिएको छ । प्रत्येक माइलस्टोनमा राखिएको लोगो अङ्कित क्रियाकलापहरूको सङ्ख्या र सिकाइ उपलब्धि राखी रुजुसूची (checklist) तयार गरिएको छ । हरेक माइलस्टोनको शिक्षण गर्दा रुजुसूचीमा उल्लिखित सिकाइ उपलब्धिहरूलाई आधार मानी शिक्षक निर्मित क्रियाकलाप समेत गराउनुपर्नेछ ।

६.३. सिकाइ सिँढी (Learning Ladder)



यस विषयमा अन्य विषयहरू भन्दा फरक पुच्छ्रे ताराको आकृतिमा सिकाइ सिँढी (Learning ladder) तयार गरिएको छ । सिकाइ सिँढीमा अलग अलग रूपमा माइस्टोन राखिएका छन् । सिकाइ सिँढीको प्रयोग गर्दा माइलस्टोन १ देखि सुरु गर्नुपर्छ । हरेक माइलस्टोनको क्रियाकलाप सबैभन्दा पुछारमा रहेको लोगो अङ्कित सिकाइ कार्डमा भएको क्रियाकलापबाट सुरु भई दायाँतिरबाट anti-clock-wise घुम्दै लेडीबग (ladybug) क्रियाकलापमा आएर टुङ्गिन्छ । आवधिक मूल्याङ्कन हुने माइलस्टोनमा चस्मा कार्डको क्रियाकलाप गरेपछि मात्र वा अर्को माइलस्टोनको सिकाइ सुरु हुन्छ । एउटा माइलस्टोनको सिकाइ क्रियाकलाप सकिए पछि मात्र अर्को माइलस्टोनको सिकाइ सहजीकरण सुरु गर्नुपर्ने हुन्छ । पहिलो माइलस्टोनबाट अगाडि बढ्ने क्रममा विशेष समय र परिस्थिति आएको खण्डमा सम्बन्धित माइलस्टोनको सिकाइ सहजीकरण गर्न सकिन्छ । जस्तै : चाडपर्व आउनु पूर्व हाम्रा संस्कार माइलस्टोन सिकाइ गरी पुनः पहिलैको सिकाइ क्रमलाई निरन्तरता दिनुपर्ने हुन्छ ।

६.४. सिकाइ कार्ड (Learning Card)

हाम्रो सेरोफेरो र सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयले बालबालिकाहरूमा सामाजिक सिपमा जोड दिएकाले सामूहिक क्रियाकलापमार्फत सिकाइ सहजीकरणलाई प्राथमिकता दिएर सिकाइ क्रियाकलाप तथा सिकाइ कार्डहरूको विकास गरिएको छ । माइस्टोनमा रहेका कक्षागत सिकाइ उपलब्धिहरू पूरा गर्न सहयोग पुऱ्याउन विभिन्न सिकाइ क्रियाकलाप गर्न लोगो अङ्कित विभिन्न सिकाइ कार्डहरूको विकास गरी प्रयोग गर्नुपर्छ । सिकाइ कार्डहरू विकास गर्दा परिचयात्मक, अभ्यासात्मक, मूल्याङ्कनात्मक, सुधारात्मक र सवलीकरणलाई सहज हुने गरी विकास गरिएको छ । सिकाइ कार्डहरू विभिन्न रङका हुन्छन् । सिकाइ कार्डमा अङ्कित लोगोले विभिन्न क्रियाकलाप र कक्षामा गरिने क्रियाकलापको जानकारी दिन्छ, जस्तै: मौरी लोगोले समुदाय सर्वेक्षण जनाउँछ । त्यसैगरी आकासे निलो रङको सिकाइ कार्डले सामूहिक क्रियाकलाप जनाउँछ । कक्षा १ का लागि गुलाबी रङ, कक्षा २ का लागि हरियो रङ, कक्षा ३ का लागि पहेँलो रङ, कक्षा ४ का लागि रातो रङ र कक्षा ५ का लागि कालो रङका सिकाइ सामग्रीको विकास गरिएको छ । सिकाइ कार्डमा प्रयोग भएको लोगो, सिकाइ क्रियाकलाप र समूह कार्ड (Grouping card) एकआपसमा अन्तर सम्बन्धित रहेका छन् ।

यी विषयहरूले बालबालिकाहरूमा स्थानीय वातावरणसँग परिचित हुने, एकआपसमा माया, सहयोग, आपसी मेलमिलाप गर्ने, स्वस्थ र सफा रहने, आफूमा भएको प्रतिभा खुलेर देखाउन सक्ने, शारीरिक व्यायाम र कसरत गर्ने जस्ता सिपको विकास गर्न खोजिएको हुँदा व्यक्तिगतभन्दा सामूहिक क्रियाकलापहरूमा जोड दिइएको छ । माइलस्टोनमा अङ्कित सबै लोगोहरूको सिकाइ कार्ड निर्माण नभएकाले शिक्षकले रुजुसूचीमा उल्लिखित सिकाइ उपलब्धिसँग सम्बन्धित क्रियाकलापहरू आफैँले निर्माण गरी सञ्चालन गर्नुपर्ने छ ।

६.५ गतिशील कार्ड (Dynamic Grouping Card)

सिकाइ कार्डमा प्रयोग भएका लोगोहरूलाई व्यवस्थित रूपमा अन्य विषयहरूमा जस्तै चारओटा गतिशिल सिकाइ समूहमा विभाजन हुने गरी गतिशील समूह कार्डको प्रयोग गर्नु पर्छ ।

गतिशिल समूह कार्ड

पूर्ण शिक्षक सहयोग समूह
Fully Teacher Supported Group

आंशिक शिक्षक सहयोग समूह
Partial Teacher Supported Group

सहपाठी सहयोग समूह
Peer Supported Group

स्वयम् सिकाइ समूह
Self Learning Group

६.६. सङ्केत (लोगो) परिचय र सोअन्तर्गत गरिने क्रियाकलाप

हाम्रो सेरोफेरो (कक्षा १–३) र सामाजिक अध्ययन तथा मानव मूल्य (कक्षा ४ र ५) का फरक फरक रुजुसूचीका आधारमा विभिन्न लोगोहरू अङ्कित सिकाइ सामग्री विकास गरिएको छ। प्रत्येक लोगोहरूले अलग अलग क्रियाकलापहरूको प्रतिनिधित्व गर्दछन्। शिक्षकहरूलाई प्रत्येक लोगो अन्तर्गतका क्रियाकलाप गर्ने विधि/तरिका विस्तृत रूपमा जानकारी हुनु आवश्यक हुन्छ। त्यसैगरी हरेक लोगोअन्तर्गत सिकाइ सिँढी, रुजुसूची, लोगोअनुसारका क्रियाकलाप गर्ने विधि, समय निर्धारण र सोको आधारमा क्रियाकलापको वर्गीकरण तल प्रस्तुत गरिएको छ।

क्र.स.	सङ्केत	लोगो	अर्थ	क्रियाकलाप	सम्भावित समय	सिकाइ कार्ड सङ्ख्या					क्रियाकलापको प्रकृति
						कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	
१.	पाण्डा		गीत तथा कविता	बालगीत, कविता सामूहिक रूपमा पूर्ण शिक्षक सहयोग पूरै समूहमा हाउभाउसहित कविता गीत गाउने	१५ मिनेट (सामूहिक)	५०			२६		सामूहिक
२.	मौरी		समुदाय सर्वेक्षण	शिक्षकको सहयोगमा विद्यार्थी सबै मिलेर समुदायमा गएर सर्वेक्षण गरी विभिन्न जानकारी एवम् सूचना र तथ्याङ्क सङ्कलन, प्रतिवेदन तयारी तथा प्रदर्शन गर्ने। सर्भेबाट प्राप्त तथ्याङ्कलाई शैक्षिक सत्र भित्र शिक्षण सिकाइमा प्रयोग गर्ने	३५ मिनेट (सामूहिक)	२२			११		सामूहिक
३.	फट्याङ्ग्रा		कथा वा घटना अध्ययन	विद्यार्थीहरूलाई सामूहिक रूपमा पूर्ण शिक्षक सहयोग समूहमा राखी विषयवस्तुसँग सान्दर्भिक कथा सुनाउने	१५ मिनेट (सामूहिक)	३६			१९		सामूहिक
४.	पुतली		छ	पुस्तकको चित्र देखाउँदै सामूहिक रूपमा प्रश्नोत्तर गर्दै छलफल गर्नेर अन्तमा विद्यार्थीहरूलाई पनि प्रश्न गर्न अवसर दिने	१५ मिनेट (सामूहिक)	३१			१९		सामूहिक
५.	लेन्समा कमिला		क्षेत्र भ्रमण	निरीक्षण, अवलोकन वा क्षेत्र भ्रमण गराउने	३० मिनेट				१		सामूहिक
६.	जोकर कार्ड (खुला मुख)		ध्वनि अभिनय	कार्डअनुसार आवाज सहितको (ध्वनि) अभिनय गर्न लगाउने र अर्को समूहलाई कुन शब्द छ भन्न लगाउने र जोकर कार्डलाई अन्य क्रियाकलापमा समेत प्रयोग गर्न सकिने	२० मिनेट	१२० सामूहिक			२४		सामूहिक
	(बन्द मुख)		मौन अभिनय	कार्डअनुसार मौन अभिनय गर्न लगाउने र अर्को समूहलाई कार्डमा कुन शब्द छ भन्न लगाउने, नक्कल गर्दा कार्डमा भएको शब्द उच्चारण गर्न नपाइने	२० मिनेट						
७.	माकुरा		अभ्यास	व्यक्तिगत र सामूहिक रूपमा अभ्यास गर्न लगाउने	२० मिनेट	४९	४९	४९	४०	४०	व्यक्तिगत
८.	टिकटिके किरा (लेडीवड)		मूल्याङ्कन	व्यक्तिगत र सामूहिक रूपमा मूल्याङ्कनात्मक क्रियाकलाप गर्न लगाउने	२० मिनेट	४५	४५	४५	४०	४०	व्यक्तिगत

९.	पपेट		कठपुतली खेल	पपेट बोर्डको प्रयोग गरी विषयवस्तुसँग सम्बन्धित चित्रात्मक कथा भन्न लगाउने । पपेट क्रियाकलापको कथाअनुसारको संवाद शिक्षकले तयार गरिदिने ।	२० मिनेट	४			४		सामूहिक
१०.	बाँदर		अभिनय	सामूहिक रूपमा अभिनय, संवाद नाटक प्रस्तुत गर्न लगाउने	२० मिनेट	२८			१३		सामूहिक
११.	रुख		खेल	कार्डमा भएको र अन्य सम्बन्धित खेलहरू खेलाउने । यसरी खेल खेलाउँदा खेलको प्रकृति हेरी कक्षाकोठा भित्र र बाहिर दुवै स्थानमा खेलाउने	२० मिनेट	३७					सामूहिक
१२.	पेन्सिल		चित्रकला	चित्र बनाएर रङ भर्ने तथा थप रङको प्रयागे गरी राम्रो चित्र बनाउन लगाउने, विभिन्न रेखाचित्र खिच्ने	२० मिनेट	२०	२०	२०	३	३	व्यक्तिगत
१३.	पी.टी.		शारीरिक व्यायाम/ कवाज	शारीरिक कसरत, कवाज, १-१६ नम्बरसम्मका पी.टी.	२० मिनेट	३					सामूहिक
१४.	गाँड्यौला		प्रयोगात्मक कार्य	गाँड्यौला लोगोअन्तर्गतका विभिन्न सिकाइ कार्डअनुसारका प्रयोगात्मक क्रियाकलाप गर्ने	२० मिनेट	२५					सामूहिक
१५.	गमकैंची		कालेज, ओरिगामी, किरीगामी	कोलाजसम्बन्धी क्रियाकलाप/कागजको काम	२० मिनेट	१८					सामूहिक
१६.	घैंटो		माटोको काम	माटोबाट विभिन्न आकृति, वस्तुहरूको नमूना तयार गरी प्रदर्शन गर्ने (आँप, केरा, सुन्तला, मानिस, मूर्ति आदि)	२० मिनेट	६					सामूहिक
१७.	हात		छपाइ कार्य	छपाइसम्बन्धी क्रियाकलाप गर्ने	२० मिनेट	५					व्यक्तिगत
१८.	मादल		नृत्य/सङ्गीत	नाच्ने, लयमा गाउने, बजाउने क्रियाकलाप गर्ने	२० मिनेट	८					सामूहिक
१९.	किताब		पठन बोध	अध्ययन थरी पठन बोध गर्ने	२० मिनेट	१६					सामूहिक
२०.	चस्मा		आवधिक मूल्याङ्कन कार्य	आवधिक अपेक्षित सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने	२० मिनेट	१०	१०	१०	७	७	व्यक्तिगत
२१.	गाइने किरा		परियोजना कार्य	परियोजना कार्यसम्बन्धी क्रियाकलाप गर्न	२० मिनेट				१३		व्यक्तिगत
२२.	डन्डीबियो		खेल	कार्डमा भएको र अन्य सम्बन्धित खेलहरू खेलाउने । यसरी खेल खेलाउँदा खेलको प्रकृति हेरी कक्षाकोठा भित्र र बाहिर दुवै स्थानमा खेलाउने	२० मिनेट				१७		सामूहिक

हाम्रो सेरोफेरो विषयअन्तर्गत माइलस्टोनगत रूपमा आवश्यक पर्ने सामग्रीहरू (कक्षा १-३)

माइलस्टोन न.	माइलस्टोन	आवश्यक समाग्री
१	म र मेरो परिवार	टीका, कागजको टुका, गेडागुडी, धागो, कागज, रङ, कैँची, विभिन्न आकृतिमा काटिएका रङ्गीगन कागजका टुक्राहरू, परिवार झल्कने चित्र, विभिन्न ज्यामितीय आकारको मोडल र चित्र, पहिरनको चित्र
२	हाम्रा काम	पेन्सील, चक, पेस्टल औजारहरूको चित्र, मादल, प्राथमिक उपचारका सामग्रीहरू
३	हाम्रा खानेकुरा	सर्भे कार्ड, धागो ३ ओटा गिलास, चिनी, नुन, सफा पानि, चम्चा, कपी, पेन्सिल, रङ, वास्तविक विरुवा वा वस्तुहरू, विरुवा वा वस्तुका चित्रहरू, खानेकुराका चित्रहरू, मादल
४	खेल खेलौँ	रवर, रिङ, बल सामान्य कसरत झल्कने चित्रहरू
५	हाम्रा सामान	सरसफाइका लागि दैनिक प्रयोग हुने सामानहरू जस्तै साबुन, पेष्ट, ब्रस, काँइयो, र घरायसी सामानहरू
६	शारीरिक क्रियाकलाप	चक, डोरी, फलेक, गेडागुडी, भकुण्डो, कागज, विभिन्न योगासनको चित्र
७	राम्रा बानी	टेसिङ पेपर, रङ, छेस्का विभिन्न आकारका ठोस वस्तुहरू, असल बानीका चित्रहरू, पानी प्रसोधनका चित्रहरू,
८	शक्ति	चुम्बक, बिद्युतीय उपकरण, चिम लाइट
९	मेलमिलाप	पैसाको ढ्याक, पात, आलु प्याज, मुला, कागती, रङ, सादा कागज, कार्बन कागज, छिमेकीलाई सहयोग गरेको चित्रहरू धारा मन्दिरमा लाइन बसेको चित्रहरू
१०	सन्चो विसन्चो	सर्ने नसर्ने रोगको तलिका, खोप तालिका, धुम्रपान र मद्यपानले समुदायमा असर पारेको चित्र
११	जनावर	जनावर र तिनका बच्चा, बासस्थानको चित्र, घरपालुवा र जङ्गली जनावरको चित्र,
१२	मेरो विद्यालय	विद्यालय र कक्षाकोठामा प्रयोग हुने सामाग्रीहरू, पिटी तालिका, कागजका टुक्राहरू
१३	सुरक्षा र हेरचाह	सडक दुर्घटनाका चित्रहरू, अपहरण गरेको चित्र, जङ्गली जनावरले बालबलिकाहरूलाई आक्रमण गरेको चित्र, प्राथमिक उपचारका साधनहरू
१४	प्रकोपबाट बचौँ	पहिरो भूकम्प आगलागीबाट क्षति भएका चित्रहरू, कागजका टुक्राहरू
१५	सजिव र निर्जिव	जीव जनावर र बोटविरूवाको चित्रपत्ती, नमुनाहरू शब्दपत्ती र वास्तविक बोटविरूवाको पात, हाँगा, बिरूवाहरू
१७	बोटविरूवा	बोटविरुवाको चित्रपत्ती, फूल फुलेको र नफुलेको बिरूवाका चित्रहरू, एक बर्से र बहुवर्से बिरूवाका चित्रहरू
१७	सरसफाइ	सफा वातावरण भएको पोस्टरहरू, फोहोर बर्गीकरण गरी व्यबस्थापन गरेको चित्रहरू, सरसफाइका काममा संलग्न भएको चित्रहरू
१८	हाम्रा वरपरका वस्तु	कडा र नरम बस्तुहरू जस्तै फलाम, काठ, कागजका टुक्राहरू, ससाना ढुङ्गाहरू, पानी, पानी राख्ने भाँडो, पानी तताउने भाँडो, तताउने स्टोभ
१९	नाचौँ गाऔँ	साउन्ड स्टिम, बाल गित राष्ट्रिय गीत, मादल झ्याली, गितार, अन्य बाजाहरू
२०	हाम्रो सिर्जनात्मक कार्य	समुदायको नक्सा, माटो पिठो, रङ, स्लाब, पानी, सिन्का
२१	हाम्रा संस्कार	दसैँ, तिहार, इद, क्रिसमस जात्रा झल्कने चित्रहरू, ती पर्वहरूमा खाइने खानेकुराका चित्रहरू
२२	राष्ट्रिय चिह्न र वाजागाजा	मादल झ्याली, गितार, डम्फु, बासुरी, ढोलक, स्थानीय बाजागाजाका चित्रहरू

२३	कुराकानी र जानकारी	मोबाइल, रेडियो टिभी, कम्प्यूटर, साथै बिभिन्न सञ्चारका साधानका चित्रहरू
२४	यातायातका साधन र बजार	यातायातका साधानहरूको चित्र, गाउँघरमा उत्पादन भई बजारमा बेच्न लगिने सागसब्जी तथा अन्य वस्तुको चित्र, हाट बजारको चित्र
२५	मौसम	हिमाली, पहाडी र तराई क्षेत्रमा प्रयोग हुने लत्ताकपडाका चित्रहरू, जाडो र गर्मी मौसम झल्कने चित्रहरू
२६	जमिन	भौगोलिक स्वरूपको चित्र, कागजका टुक्रा, कैँची
२७	हावा र पानी	खोला, नदी, कुवा, इनारका चित्र, कागजका टुक्रा, हावाको प्रयोग गरिएको चित्रहरू

सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयअन्तर्गत माइलस्टोनगत रूपमा आवश्यक पर्ने सामग्रीहरू (कक्षा ४ र ५)

माइलस्टोन न.	माइलस्टोन	आवश्यक समाग्री
१	हाम्रा छिमेकी	सामुदायिक कार्य जस्तैः धारा मन्दिर बाटो निर्माण गर्दै गरेको चित्र, सामाजिक कार्य गदै गरेको चित्र
२	हाम्रो पेसा	बिभिन्न पेसा सम्बन्धि चित्रहरू जस्तै, गाडी चालाउदै गरेको, शिक्षकले पढाउदै गरेको चित्र, खेती गरेको कपडा सिलाउदै गरेको चित्रहरू
३	आदार सम्मान	आफू भन्दा ठुलालाई सम्मान गरेको चित्र, धारा मन्दिरमा लाइन बसेको चित्रहरू
४	हाम्रो समुदाय	भाषा, धर्म, भेषभूषा, रहनसहन जनाउने चित्रहरू, समाजका असल व्यक्तिको चित्र तथा फोटो
५	राष्ट्रिय विभुति	राष्ट्रिय विभूतिको फोटो तथा चित्रहरू
६	हाम्रा सम्पदाहरू	मठ, मन्दिर, पाटी, पौवा, नदी खोलाहरूको चित्र
७	नियमको पालना गरौँ	धारा मन्दिरमा लाइन बसेको चित्रहरू, जेब्रा क्रसिङबाट बाटो काटेको ट्राफिक लाइटको प्रयोग भएको चित्रहरू
८	कर्तव्य र अधिकार	सेवा प्रदायक निकायहरू जस्तै नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकी, दमकलको चित्र
९	असल समाज	सामाजिक कार्यमा सहयोग गरेको चित्र तथा पोष्टरहरू
१०	सामाजिक समस्या	धुमपान र मद्यपानले समुदायमा असर पारेको चित्र, विभिन्न संघसंस्था र प्रहरी कार्यालयको चित्र तथा पोष्टरहरू
११	हाम्रो गौरब	समाजका असल व्यक्तिको चित्र तथा फोटो
१२	श्रमको सम्मान गरौ	बिभिन्न पेशा सम्बन्धि चित्रहरू जस्तै, गाडी चालाउदै गरेको, शिक्षकले पढाउँदै गरेको चित्र, खेती गरेको, कपडा सिलाउदै गरेको चित्रहरू
१३	हाम्रा उत्पादन र बजार	गाउँघरमा उत्पादन भई बजारमा बेच्न लगिने साग सब्जी तथा अन्य बस्तुको चित्र, हाट बजारको चित्र,
१४	हामी बसेको स्थान र हामी कहाँ छौँ	ग्लोब, बिश्वको नक्सा, सौर्यमण्डलको चित्र तथा नक्सा चित्र
१५	हाम्रो वरपर	नेपालको भौगोलिक नक्सा, नदी नाला, हिमाल पहाड तराईको चित्र तथा पोस्टर,
१६	बिपदबाट बचौँ	बाढी, पहिरो र आगलागि भएको चित्र तथा पोस्टर, भूकम्पले बिनास गरेको चित्र तथा पोस्टरहरू
१७	नक्सा अध्ययन	आफ्नो वडा, पालिका, जिल्ला, प्रदेश र नेपालको नक्सा,

सिकाइ सिँढी प्रयोग गर्ने तरिका

सिकाइ उपलब्धिहरूलाई व्यवस्थित रूपमा माइलस्टोनभित्र राखेर विभिन्न क्रियाकलापहरूसहित लहरै राखेर सिकाइ सिँढीं तयार गरिएको हुन्छ । सिकाइ सिँढी विद्यार्थीहरूका लागि तयार भएको सिकाइ सामग्री हो ।

उद्देश्य

- प्रत्येक कोसेढुङ्गा (Milestone) अन्तर्गतका क्रियाकलापहरूमा प्रयोग भएको लोगो (सङ्केत) चिनेर सोअनुसार सिँढी (Ladder) को प्रयोग गर्दै तोकिएका सिकाइ कार्ड पहिचान गर्न ।
- पहिचान भएका कार्डअनुसारको समूह चिनेर समूहमा बस्न ।

सिकाइ सिँढी प्रयोग गर्ने तरिका

- विद्यार्थीले कुन कुन समूहमा कुन सिकाइ कार्डमा के के सिकिरहेका छन् पहिचान गर्न सिकाइ क्रियाकलाप सिकाइ सिँढीको प्रयोग गर्दा निम्न क्रियाकलाप गर्नुहोस् :
    - » सिकाइ सिँढी (Ladder) को सबैभन्दा तल्लो भागमा रहेको सङ्केत (लोगो) को माध्यमबाट क्रियाकलापबाट सुरु गरी क्रमशः चौथो खण्डसम्म पूर्ण शिक्षक सहयोग समूहमा क्रियाकलाप गर्ने । त्यसपछि सिँढी (Ladder) को माथिल्लो भाग अर्थात् तारा खण्डको किताबको सङ्केत (लोगो) को क्रियाकलाप गर्ने, जस्तै : माहुरी लोगोको सामुदायिक सर्वेक्षण क्रियाकलापलाई विद्यालय क्रियाकलापका रूपमा लिइएकाले कक्षा क्रियाकलाप सुरु गर्दा पाण्डा लोगो अर्थात् बाल गीतबाट सुरु भई फट्याङ्ग्रा, पुतली हुँदै दाँयातिरबाट किताबबाट अगाडि बढ्ने
    - » प्रत्येक सिँढीको तल्लो भागबाट सुरु गर्दै Anti-clockwise क्रियाकलाप गर्दै लेडीबग कार्डमा पुगेर क्रियाकलाप गरिसकेपछि मात्र सो कोसेढुङ्गा (Milestone) पूरा हुने हुँदा त्यसपछि मात्र दोस्रो कोसेढुङ्गाको सिकाइ क्रियाकलाप सुरु गर्ने तर जुन माइलस्टोनमा चस्मा लोगो छ सो क्रियाकलाप सकेर मात्र अर्को माइलस्टोनमा जाने
    - » प्रत्येक कोसेढुङ्गा (Milestone) मा दिइएका लोगो बाहेक खाली ठाउँ राखिएकामा त्यहाँ आवश्यकताअनुसार शिक्षकले थप क्रियाकलाप गराउने
- कोसेढुङ्गामा राखिएका कतिपय लोगोका कार्डहरू नभएको अवस्थामा शिक्षक स्रोत सामग्री र चेकलिस्टमा आधारित रही थप क्रियाकलाप गराउनुहोस् ।
- सिकाइ सिँढीको प्रयोग गर्दा स्थानीय वातावरण, चाडपर्व, जात्रा/मेला आदिलाई मध्यनजर गरी जुन सिँढीको प्रयोग गरी शिक्षण गर्न पनि सकिन्छ, जस्तै : दसैँ तिहारको समयमा सम्बन्धित माइलस्टोनबाट सुरु गर्न सकिन्छ । उक्त माइलस्टोनको शिक्षण पश्चात् अगाडिबाट क्रमिक रूपमा नै शिक्षण सिकाइ क्रियाकलाप गराउनुहोस् ।
- माइलस्टोनगत मूल्याङ्कनका लागि प्रत्येक सिँढीमा लेडिवग सङ्केत (लोगो) अनुसार क्रियाकलाप राखिएको छ । माइलस्टोनमा भएका सबै क्रियाकलापहरू सकिएपछि मात्र मूल्याङ्कनका क्रियाकलाप (लेडीवग) गराउनुहोस् ।

६.७. पूर्वतयारी र अभ्यास (Preparatory Activities)

बहुकक्षा बहुस्तर (MGML) सिकाइ पद्धतिमा विद्यार्थीहरूले सिक्ने प्रक्रिया अन्य पद्धतिमा भन्दा निकै भिन्न रहेको छ । जबसम्म विद्यार्थीहरूमा सङ्केत (लोगो) पहिचान गरी त्यससँग सम्बन्धित कार्ड छनोट गर्ने क्षमताको विकास गराउन सकिँदैन । प्रत्येक Milestone मा आवश्यकताअनुसार विभिन्न क्रियाकलापसँग सम्बन्धित निश्चित सङ्केत (लोगो) अङ्कित क्रियाकलाप राखिएका छन् । बहुकक्षा बहुस्तर सिकाइ क्रियाकलाप सुरु गर्नका लागि पूर्वतयारीका विभिन्न क्रियाकलापहरू गराउनुपर्छ । प्रत्येक लोगो अङ्कित क्रियाकलापहरूको कार्ड पहिचान गरी किट बक्समा राख्ने र झिक्ने कार्यमा अभ्यस्त

हुन, कार्ड लिएर सम्बन्धित समूहमा बस्न, सिकाइ सिँढीमा आफ्नो स्तर पहिचान गर्न विद्यार्थीहरूलाई प्रशस्त अभ्यासको आवश्यकता पर्छ । यसका लागि शिक्षकले पूर्वतयारी अवस्थामा कम्तीमा चारदेखि छ हप्तासम्म प्रत्येक विषयका लागि तयारी क्रियाकलापहरू गराउनुपर्छ । विद्यार्थीहरूले सिँढी (Ladder) मा रहेका क्रियाकलापहरूसँग सम्बन्धित सङ्केत (लोगो) पहिचान गरी कार्ड छनोट गरेर समूहमा गई बस्ने अभ्यास गर्दै जाँदा स्वचालित वा गतिशिल रूपमा सिकाइ समूह निर्माण हुँदै जाने हुनाले सिक्ने र सिकाउने दुवै थरीलाई सरल र सहज वातावरण तयार हुन्छ ।

सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई विभिन्न सङ्केत (लोगो) अङ्कित कार्डहरू वितरण गर्ने
- उनीहरूलाई वितरण गरिएको कार्डको लोगो पहिचान गर्न लगाउने
- शिक्षकले कुनै एक लोगो उच्चारण गरी त्यसैअनुसारको आवाज र हाउभाउसहित आफूतिर आउन निर्देशन गर्ने
- निर्देशन बुझेर कार्डका साथमा आएका विद्यार्थीहरूलाई उक्त कार्डमा अङ्कित सङ्केत (लोगो) कुन समूह कार्डमा छ ? पत्ता लगाई त्यसै समूहमा बस्न निर्देशन दिने
- सोहीअनुसार पालैपालो गरी सङ्केत (लोगो) उच्चारण गर्दै माथिको प्रक्रियाअनुसार विद्यार्थीलाई बोलाउँदै सम्बन्धित सङ्केत (लोगो) अङ्कित समूह पत्ता लगाई बस्न निर्देशन गर्ने
- जबसम्म विद्यार्थीहरूले माथिको प्रक्रियाअनुसार समूहमा गई बस्न सक्दनैन् तबसम्म यसलाई दोहोऱ्याइराख्ने
- लोगो परिचय, लोगोअनुसारको क्रियाकलाप र समूह पहिचानको जानकारी गराइसकेपछि मात्र कोसेढुङ्गा (Milestone) अनुसारको शिक्षण सिकाइ गराउने
- पूर्वतयारी चरणमा कक्षाकोठा व्यवस्थापन, आवश्यक सामग्री निर्माण तथा खरिद, सिकाइ सामग्री र कार्ड, विद्यार्थीको job chart निर्माण र प्रयोग, कक्षाकोठाको नियम chart निर्माण र कार्यन्वयन, समाचार भन्ने पालो चार्ट निर्माण र प्रयोग अभ्यास, शान्तिको कामना क्रियाकलाप अभ्यासलगायतका नियमित बिहानी बैठकअन्तर्गत हुने क्रियाकलापको तयारी र अभ्यास गर्ने । यसरी पूर्वतयारी क्रियाकलाप गर्दा milestone को सिकाइ क्रियाकलाप सुरु नहुँदा पनि कक्षामा नियमित र व्यवस्थित सिकाइ क्रियाकलाप भइरहेको हुने हुन्छ । कक्षा ४ र ५ का लागि समेत उपर्युक्त क्रियाकलाप गरी प्रारम्भिक कक्षा/पूर्वतयारी क्रियाकलाप गर्नुपर्छ ।

६.८. सङ्केत (लोगो) र तिनीहरूको प्रयोग गर्ने तरिका

बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा कक्षा १–३ सम्मका लागि मेरो सेरोफेरो विषय र कक्षा ४–५ का लागि सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयमा विभिन्न सङ्केतहरू (पाण्डा, मौरी, फट्याङ्ग्रा, पुतली, माकुरा, लेडिवग आदि) प्रयोग गरिएका छन् । कक्षा ४–५ का लागि सोभन्दा बाहेक डन्डीबियो र गाइने किरा लोगो थप गरी प्रयोग भएको छ । यहाँ ती सङ्केतहरूको परिचय, अर्थ, उद्देश्य, सामग्रीहरू र प्रयोग गर्ने तरिका (सिकाइ क्रियाकलाप) हरूको वर्णन गरिएको छ । शिक्षकले कक्षाकोठामा सिकाइ क्रियाकलाप सहजीकरण गर्दा सोहीअनुसार गर्नुपर्छ ।

६.८.१. मौरी

विषयवस्तुसँग सम्बन्धित सूचना तथा जानकारी प्राप्त गर्ने क्रियाकलापका रूपमा मौरी लोगोको प्रयोग गरिन्छ । समुदाय सर्वेक्षण क्रियाकलापलाई विद्यालय क्रियाकलापका रूपमा लिइएको हुँदा सर्वेक्षणमा लैजादा ठुला कक्षाका विद्यार्थीहरूलाई समेत सहभागी गराउनुपर्छ । सम्बन्धित विषयवस्तुको शिक्षण गराउनु अगि सो विषयवस्तुसम्बन्धी सूचना तथा जानकारी प्राप्त गर्नको लागि मौरी कार्डको प्रयोग गरिन्छ । समुदाय सर्वेक्षण क्रियाकलापले विद्यालय र समुदायबिचको सम्बन्ध सुमधुर बनाउन टेवा पुऱ्याउँछ । विद्यार्थीहरूमा आदर सम्मान शिष्टाचार गर्ने, प्रश्नोत्तर गर्ने, अवलोकन गरेका वा सोधेर प्राप्त गरेका जानकारीहरू टिपोट गर्ने र प्रस्तुत गर्ने सिपको विकास हुन्छ । जसले गर्दा समुदाय सर्वेक्षण क्रियाकलाप पनि सिकाइकै एउटा चरण हो भन्ने कुरामा समुदायका मानिसहरू विश्वस्त भई सहयोग गर्ने वातावरण सिर्जना हुन्छ । समुदाय

सर्वेक्षण क्रियाकलापका लागि विद्यालयले एक शैक्षिक सत्रभित्र सङ्कलन गर्नुपर्ने सूचनाहरूका आधारमा समय निर्धारण गरी कति पटक गर्ने हो यकिन गरी सोहीअनुसार क्रियाकलाप गर्नुपर्छ । यसबाट सूचना सङ्कलन, शिष्टाचार गर्ने, बोल्ने, जिज्ञासा राख्ने, समूहमा मिलेर काम गर्ने बानीको विकास हुन्छ ।


MS 2

कसले के काम गर्छन् ?

१

आफ्नो समुदायका मानिसले कसले के काम गर्छन् ? सोधेर लेख्नुहोस् :

क्र.सं.	नाम	पेसा
१.		
२.		
३.		
४.		
५.		
६.		
७.		
८.		
९.		
१०.		

हाम्रो सेरोफेरो SCHOOL IN A BOX ◆ GOVT/MOEST/CDC

GRADE- 1, 2 & 3

(क) लोगोको अर्थ: समुदाय सर्वेक्षण

(ख) उद्देश्य

- वातावरण सर्वेक्षणका माध्यमबाट सम्बन्धित विषय वस्तुसँग सूचना सङ्कलन गर्न
- सङ्कलित सूचनाहरूलाई शिक्षण सिकाइमा प्रयोग गर्नु

(ग) सामग्रीहरू : मौरी कार्डहरू र अन्य आवश्यक सामग्री

(घ) सिकाइ क्रियाकलाप

- मौरी लोगोअन्तर्गत राखिएका काडर्हरूलाई समूहीकृत गरी विद्यालय व्यवस्थापनको सहभागितामा समुदाय सर्वेक्षण जाने पटक, समय, स्थान र मिति तय गर्नुहोस् ।
- समुदायका मानिसहरूलाई/अभिभावकहरूलाई समुदाय सर्वेक्षण क्रियाकलापको बारेमा भेटेर जानकारी गराउनुहोस् । यसका लागि आमा समूहको बैठकमा जानकारी, भेटघाट, घरदैलो आदि गर्नुहोस् ।
- समुदायमा गई अभिभावकहरूसँग भेटेर समुदाय सर्वेक्षणको मिति र समय जानकारी गर्नुहोस् ।
- सर्वेक्षण क्रियाकलापका लागि सबै समूहमा पढ्न लेख्न सक्ने विद्यार्थी बराबर हुने गरी विद्यार्थीहरूलाई चारपाँचओटा समूहमा विभाजन गर्नुहोस् ।
- सबै कक्षाका विद्यार्थीहरू समेतको सहभागिता हुने गरी समूह विभाजन गर्नुहोस् र क्षमता अनुसारका जिम्मेवारी प्रदान गर्नुहोस ।
- विद्यार्थीहरूले समुदायमा गएर तथ्याङ्क सङ्कलन गर्ने, सूचना तथा जानकारीहरूको बारेमा स्पष्ट हुने गरी मौरी कार्डहरूका आधारमा फारामहरू तयार गर्नुहोस् ।
- समुदायका व्यक्तिहरूसँग शिष्टाचारपूर्वक कुराकानी गर्ने, पालैपालो बोल्ने, समूहमा मिलेर काम गर्ने जस्ता विषयमा छलफल गर्नुहोस् ।
- वातावरण, गाउँघर र समुदायमा गई सूचना सङ्कलन गरी टिपोट गर्न प्रत्येक समूहलाई १/१ मौरी कार्डको फोटोकपी वा विकास गरिएको फाराम, पेन्सिल, इरेजर कागज आदि आवश्यक सामग्री दिनुहोस् ।
- विद्यार्थीहरूलाई कार्डको नमुनाअनुसार आवश्यक जानकारी आफ्नो कागजमा टिपेर ल्याउनुपर्ने र विद्यालयमा फर्केर प्रतिवेदन तयार गर्ने प्रस्तुत गर्नुपर्ने कुरामा सहजीकरण गर्नुहोस् ।
- आवश्यक सूचना गाउँमा अभिभावक तथा अन्य व्यक्तिसँग सोधेर पत्ता लागेको कुरा, अवलोकन गरिएको कुराहरूको टिपोट तयार गर्न लगाउनुहोस् ।
- समूहलाई तोकिएअनुसार काम गर्न कठिनाइ भएमा शिक्षकले सहजीकरण गर्नुहोस् ।
- सबै समूहले सङ्कलित सूचनाहरूलाई विद्यालयमा लगेर छलफल गरी प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् र सो प्रतिवेदन प्रदर्शनी पाटीमा टाँसेर प्रदर्शन गर्नलगाउनुहोस् ।
- समुदाय सर्वेक्षणबाट प्राप्त तथ्य तथा सूचनाहरूलाई शैक्षिक सत्र भित्र हाम्रो सेरोफेरो तथा सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको सिकाइ क्रियाकलाप सञ्चालन गर्दा एवम् अन्य विषयहरूको शिक्षण सिकाइमा पनि आवश्यकताअनुसार प्रयोग गर्नुहोस् ।

६.८.२. पाण्डा

शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि मेरो सेरोफेरो (कक्षा १-३) र सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (कक्षा ४-५) विषयका माइस्टोनको सुरुमा बालगीत/कविता लयबद्ध रूपमा हाउभाउसहित प्रस्तुत गर्नका लागि पाण्डा लोगो प्रयोग हुन्छ । यस लोगोअन्तर्गत विषयवस्तुसँग सम्बन्धित बालगीत/कविता राखिएको छ । यसबाट विद्यार्थीहरूलाई विषयवस्तु प्रति आकर्षित हुने र विषयवस्तु प्रति जानकारी प्राप्त गर्ने अवसर मिल्छ । बालगीत/कविताबाट विषयवस्तुको सुरुआत गर्दा विद्यार्थीहरूको क्षमता, अर्न्तनिहित प्रतिभा प्रष्फुटनमा सहयोग मिल्नुका साथै शिक्षकलाई उनीहरूको क्षमता पत्ता लगाउन मदत पुग्दछ ।

(क) लोगोको अर्थः बालगीत/कविता

(ख) उद्देश्य

- विषयवस्तुलाई गीत तथा कविताको माध्यमबाट हाउभाउ र लयबद्ध रूपमा प्रस्तुत गर्न
- बालगीत/कविताको माध्यमबाट विषयवस्तुको चिनारी गर्न
- विद्यार्थीहरूको गायन, नृत्य र सँगीतको क्षेत्रमा अन्तरनिहित प्रतिभा प्रस्फुटनमा सहयोग गर्न ।

(ग) सामग्रीहरू : पाण्डा कार्डहरू र अन्य आवश्यक सामग्रीहरू

(घ) सिकाइ क्रियाकलाप

- सर्वप्रथम सबै विद्यार्थीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
- शिक्षकले कार्डमा भएको बालगीत/कविताकाको लय गुनगुनाएर ताली बजाएर लय प्रस्तुत गर्नुहोस् ।
- शिक्षकले बालगीत/कविता लयबद्ध रूपमा हाउभाउसहित विद्यार्थीहरूलाई वाचन गरेर सुनाउनुहोस् ।
- शिक्षकले गीत/कविताको हरफ/पङ्क्ति लयबद्ध रूपमा वाचन गरी विद्यार्थीहरूलाई पछ्याउन लगाउनुहोस् । एवम् रितले पूरा गीत/कविता लयबद्ध रूपमा वाचन गर्नुहोस् ।
- शिक्षक र विद्यार्थीहरूले सँगसँगै लयबद्ध रूपमा मिलाएर पूरै गीत/कविता वाचन गर्नुहोस् ।
- यसरी गीत/कविता लयबद्ध रूपमा वाचन गर्दामादल, भ्याली, खैंजडी, जस्ता वाद्यवादनका सामग्रीहरूको समेत प्रयोग गर्ने । विद्यार्थीहरूलाई नै वाद्यवादनमा सहभागी गराउनुहोस् ।
- यसरी गायन क्रियाकलाप गर्दा सँगसँगै नृत्य र हाउभाउसमेत गरी कक्षाकोठामा मनोरञ्जनात्मक सिकाइ वातावरण सिर्जना गर्नुहोस् ।
- गीत/कविताको विषयवस्तु र आशयका बारेमा छलफल गराउनुहोस् ।
- सिकाइ सिँढीमा नभएका अन्य बाल गीतहरू तथा शिक्षक र विद्यार्थीहरूबाट सङ्कलित र सिर्जित गीतसमेत प्रयोग गर्नुहोस् ।
- पाण्डा कार्डमा लय दिएका गीतहरू सोही लयमा वा स्थानीय लयमा गाउन सकिन्छ । लय नदिएका गीत/कविताहरूमा शिक्षकले माइलस्टोन सुरु हुनुभन्दा पूर्व नै कुन लयमा गाउने हो ? तयारी गर्नुहोस् ।
- शिक्षकले पाण्डा कार्डमा भएका शब्दहरू परिवर्तन गरेर समेत प्रयोग गर्न सकिन्छ ।

६.८.३. फट्याङ्ग्रा

पाण्डा लोगोअनुसार बालगीत/कविताबाट विषयवस्तुको सुरुआत गरेपश्चात् पुनः पूर्ण शिक्षक सहयोग समूहमा राखी कथाका माध्यमबाट विषयवस्तुका बारेमा विद्यार्थीहरूलाई विषयवस्तुसम्बन्धी जानकारी प्रदान गर्नका लागि फट्याङ्ग्रा लोगो (कथा) क्रियाकलाप राखिएको छ । यो क्रियाकलापलाई परिचयात्मक चरणका रूपमा लिइएको छ ।

(क) लोगोको अर्थः कथा

(ख) उद्देश्य

- कथा/कहानीका माध्यमबाट विषयवस्तुको प्रस्तुतीकरण गर्न
- बालबालिकाहरूमा कथासम्बन्धी सिर्जनात्मक सिपको विकास गराउन

(ग) सामग्रीहरू : फट्याङ्ग्रा कार्डहरू तथा अन्य आवश्यक सामग्रीहरू

(घ) सिकाइ क्रियाकलाप


मेरो परिवार

१

मेरो नाम अनिस हो । म पोखराको बाटुलेचौरमा बस्छु । मेरो परिवारमा हजुरबुबा, हजुरआमा, बुबा, आमा, हुनुहुन्छ । मेरो परिवारमा काका, काकी, म र बहिनी पनि छौं । म परिवारका ठुला व्यक्तिलाई आदर र सम्मान गर्छु । मलाई पनि सबैले माया गर्नुहुन्छ । म विरामी पर्दै भने परिवारका ठुला मानिसलाई भन्छु । उहाँहरूले मलाई जँचाउन अस्पताल लैजानु हुन्छ ।

मेरी बहिनी म भन्दा ४ वर्षले कान्छी छिन् । मेरी बहिनीले मलाई दाई भन्छिन् । म बहिनीलाई धेरै माया गर्छु । हामी सबैजनाले घरको काममा सहयोग गर्छौं । आज मैले मेरो कोठा सफा गरें । मेरो बाले लुगा पट्याएर राख्नुभयो । म पाहुना, नातेदार र छिमेकीलाई आदर गर्छु ।

म आमासँग मामाघर जान्छु । मामाघर जाँदा आमा साडी र चोली लगाउनुहुन्छ । बुबाले सर्ट, पाइन्ट र कोट लगाउनु हुन्छ । म टि सर्ट र पाइन्ट लगाउँछु ।

- कक्षाकोठामा विद्यार्थीहरूलाई कक्षा सुरुआतको क्रममा गीत वा कवितापछि पूर्ण शिक्षक सहयोग समूहमा राखेर हाउभाउसहित कथा कथन विधिका माध्यमबाट कथा सुनाउनुहोस् ।
- कथाको आशय, शब्दहरूबारे प्रश्नोत्तर गरेर छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूले यस्ता कथाबाट रमाइलो मान्दै विषय वस्तुसँग सम्बन्धित आधारभूत ज्ञान प्राप्त गर्ने र नयाँ कथावस्तुको रचना गर्न प्रेरित हुने भएकाले शिक्षकले अभिनयात्मक तथा रोचक रूपमा कथा सुनाउनुहोस् ।
- बिच बिचमा कथा रोक्दै अब के हुन्छ होला ? भन्ने अनुमान गर्न लगाउने र प्रश्नोत्तर गर्न लगाउनुहोस् ।
- विच विचमा कथाको को पात्र मनपर्‍यो वा परेन किन मन पर्‍यो वा परेन वा कथाका पात्र तपाईं भए के गर्नुहुन्थ्यो आदि प्रश्नमार्फत सिर्जनात्मक सोचाई विकासका लागि प्रेरित गर्नुहोस् ।
- सम्पूर्ण कथाहरू छुट्टा छुट्टै कार्डका रूपमा तयार पारिएकाले शिक्षकले जुन जुन कोसेढुङ्गामा फट्याङ्ग्राको सङ्केत (लोगो) छ । त्यही नम्बरको कथा कार्डबाट कथा सुनाउनुहोस् ।
- कथा कार्डमा दिइएका कथाहरू नमुनाका रूपमा मात्र भएकाले विषयवस्तुसँग सम्बन्धित कथाहरू, शिक्षक तथा विद्यार्थीबाट सिर्जित कथा तथा लेखकहरूलाई प्राथमिकता दिई प्रयोग गर्नुहोस् ।
- कुनै नयाँ कथाका बनाउने क्रियाकलाप गराउनुहोस् । जस्तैः कथा देशमा कुनै जङ्गलमा एउटा भालु बस्दथ्यो । अब पालैपालो विद्यार्थीहरूलाई उक्त अवस्थामा आधारित भई एक एकओटा मिल्दो वाक्य भन्न लगाई कथा बनाउने क्रियाकलाप गराउनुहोस् ।

६.८.४. पुतली

पूर्ण शिक्षक सहयोग समूहअन्तर्गत पुतली लोगो अङ्कित छलफल पुस्तिका सिकाइ सामग्रीको विकास गरिएको छ । माइलस्टोनमा रहेका सिकाइ उपलब्धि पूरा गर्नका लागि प्रमुख परिचयात्मक क्रियाकलापका रूपमा पुतली कार्ड/छलफल पुस्तिका विकास गरिएको छ । यो कार्डमा एकातिर चित्र र अर्कोतिर प्रश्न राखिएका छन् । चित्र विद्यार्थीहरूको अध्ययन र छलफलका लागि हो भने प्रश्न शिक्षकको लागि हो । शिक्षकलाई विषयवस्तुसँग सान्दर्भिक प्रश्न सोधी विस्तृत रूपमा छलफललाई सहज बनाउनका लागि नमुना प्रश्नहरू राखिएको छ । माइलस्टोनमा भएका सिकाइ उपलब्धि र पाठ्पुस्तकमा भएका विषयवस्तुमा आधारित भई प्रश्नावली तयार गरिएका छन् । यसले गर्दा कक्षाकोठामा शिक्षक र विद्यार्थीबिच आपसी

छलफल र प्रश्नोत्तर गर्ने प्रशस्त अवसर सिर्जना हुन्छ। कक्षा १ देखि ३ सम्म र ४ र ५ कक्षाका लागि साझा क्रियाकलापको रूपमा प्रयोग हुने गरी यो क्रियाकलाप विकास गरिएको छ।



(क) लोगोको अर्थः चित्र छलफल

(ख) उद्देश्य

- छलफल र प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीहरूलाई विषयवस्तुको जानकारी हासिल गर्न
- विद्यार्थीहरूलाई प्रश्नोत्तर गर्ने सिपको विकास गर्न

(ग) सामग्रीहरू : छलफल पुस्तिका र अन्य सान्दर्भिक सामग्रीहरू

(घ) सिकाइ क्रियाकलाप

- शिक्षकले छलफल पुस्तिकाको प्रयोग गर्नुभन्दा पहिले त्यसमा दिइएका सबै प्रश्नहरूलाई राम्रोसँग पढेर स्पष्ट हुनुहोस्।
- छलफल पुस्तक साझा क्रियाकलाप भएकाले कक्षा १ देखि ३ तथा ४ र ५ का सबै बालबालिकाहरूलाई पूर्ण शिक्षक सहयोग समूहमा शिक्षकको वरिपरी राख्नुहोस्।
- छलफल पुस्तकलाई टेबुलमाथि राख्दा चित्र भएको भाग सबै विद्यार्थीहरूले देख्ने गरी फर्काएर राख्नुहोस्। कमजोर दृष्टि क्षमता भएका विद्यार्थीहरूलाई नजिकै लगेर चित्र देखाउन सकिन्छ।
- शिक्षकले छलफल पुस्तिकामा भएका प्रश्नहरू र विषयवस्तुसँग सान्दर्भिक अन्य प्रश्नहरू प्रयोग गर्दै विभिन्न विषयसँग सम्बन्धित छलफल र प्रश्नोत्तर गर्नुहोस्।
- सबैभन्दा पहिले पुरै कक्षालाई प्रश्न सोध्नुहोस्। सबै विद्यार्थीहरूलाई उत्तर सोच्ने मौका दिनुहोस् अनि मात्र व्यक्तिगत रूपमा पालैपालो उत्तर दिने मौका दिनुहोस्। उत्तर मिले नमिलेको जाँच्नुहोस् र नमिलेका सही उत्तर बताई दिनुहोस्।
- कक्षा १ देखि ३ वा कक्षा ४ र ५ कुन कक्षाका लागि शिक्षण सिकाइ क्रियाकलाप सहजीकरण गरेको हो सोका आधारमा छलफल गर्ने र कुन प्रश्न कुन कक्षाको लागि हो ? यकिन गरी सोका आधारमा विद्यार्थीहरूलाई प्रश्नको उत्तर दिने अवसर दिनुहोस्।
- छलफलको अन्त्यमा विद्यार्थीहरूलाई पनि शिक्षकसँग प्रश्न सोध्ने अवसर दिनुहोस्।
- अन्त्यमा कार्डमा भएको गाउँखाने कथा सोध्नुहोस्। शिक्षक र विद्यार्थीले जानेका थप गाउँखाने कथाहरू सोधेर छलफललाई रोचक बनाउनुहोस्।
- छलफल पुस्तकमा एउटा माइलस्टोनमा भएका प्रश्नहरू शिक्षण योजनाअनुसार एक दिनमा मात्र प्रयोग नगरी सम्बन्धित माइलस्टोन शिक्षण अवधिमा आवश्यकताअनुसार प्रयोगमा ल्याउनुहोस्।
- यसरी प्रत्येक theme मा राखिएका सिकाइ उपलब्धिलाइ आधार मानेर चित्र देखाउँदै र प्रश्न सोधिएका छन्। त्यसैले शिक्षकले सिकाइ उपलब्धि हासिल हुने गरी थप प्रश्नहरू समेत सोधी छलफल गर्नुहोस्।
- कहिलेकाहीँ विद्यार्थीहरूले प्रश्न बुझ्न नसक्दा उत्तर दिन कठिनाई पर्न सक्छ। यस्तो अवस्थामा विद्यार्थीहरूलाई देखाएको कार्डमा शिक्षकले विषयवस्तुसँग सम्बन्धित पूरक प्रश्नहरू गर्दै विषयवस्तुमा छलफल गर्नुहोस्।
- प्रश्न फरक तर उत्तर एउटै आउने प्रश्नहरूले बालबालिकाहरूमा फरक ढङ्गको प्रश्न भए पनि उत्तर एउटै आउँदो रहेछ भन्ने कुराको ज्ञान हुन्छ। त्यसैले यस्ता प्रश्नहरू समेत सोधेर छलफल गर्नुहोस्।
- यो छलफल पुस्तक कक्षा १, २ र ३ तथा ४ र ५ का लागि एउटै भएकाले विद्यार्थीको कक्षागत सिकाइ उपलब्धिअनुसार प्रश्न गर्नुपर्ने, जस्तै : प्रश्न सामूहिक रूपमा प्रश्न सोधेर कक्षागत रूपमा विद्यार्थी तोकेर उत्तर दिने अवसर दिने गर्नुपर्छ।
- विद्यार्थीहरूलाई आफैँ प्रश्न बनाएर सोध्ने मौका समेत दिनुहोस्।

६.८.५. किताब

तलका अनुच्छेद पढेर समूहमा साथीहरूलाई सुनाऔं र तलको प्रश्न सोधौं :

हामी परिवारमा मिलेर बस्छौं । परिवारमा आफू भन्दा ठुला व्यक्तिलाई आदर गर्छौं । साना भाइ बहिनीलाई माया गर्छौं । अभिभावकले हामीलाई माया गर्नुहुन्छ । हामीले परिवारमा सकेको सहयोग गर्छौं ।

उत्तर भन्नुहोस् :

अ) तपाईंको परिवारमा कति जना हुनुहुन्छ ?

आ) तपाईंको परिवारमा को को हुनुहुन्छ ?

इ) तपाईंको परिवारमा कसले के काम गर्नुहुन्छ ?

ई) तपाईंको घरको के के काममा सहयोग गर्नुहुन्छ ?

विद्यार्थीले सिक्नुपर्ने विषयवस्तुलाई अन्तरक्रियात्मक बनाउनको लागि विविध प्रकारका क्रियाकलापहरूको प्रयोग गरिन्छ । तर त्यस्ता क्रियाकलापले मात्र विद्यार्थीको सिकाइ पूर्ण हुन सक्दैन । यसका लागि विषयवस्तुमा प्रष्ट हनु, थप ज्ञान प्राप्त गर्न, क्रियाकलापका लागि आधार प्रदान गर्न पनि थप पाठ्यसामग्री र स्वाध्याय सामग्रीको आवश्यकता पर्छ । यस्ता सामग्रीका लागि पाठ्यपुस्तकमा भएका पाठहरूलाई नै किताब लोगो अङ्कित सिकाइ कार्डका रूपमा विकास गरिएको छ । यस कार्डमा कक्षा १-३ को मेरो सेरोफेरो र कक्षा ४-५ को सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको पाठ्यपुस्तकमा भएका सम्बन्धित पाठ् सामग्री तथा सान्दर्भिक सामग्रीहरू समावेश गरिएको छ । यस सामग्रीलाई विद्यार्थी आफैंले अध्ययन गर्ने गरी तयार गरिएको छ । साथै शिक्षकले आफ्नो पाठयोजना बनाउँदा र शिक्षण सिकाइका क्रममा सहयोगी सामग्रीका रूपमा समेत यस किताब कार्डलाई प्रयोग गर्न सक्छन् । यसमा विभिन्न प्रकारका विषयवस्तुको वर्णन, परिचय, त्यससँगसम्बन्धी कथा, कविता, संवाद, चार्ट, तालिका, तथ्याङ्क, चित्र आदिका रूपमा प्रस्तुत गरिएको छ । यदि किताब कार्डमा दिइएको विषयवस्तु पर्याप्त नभएमा वा थप सामग्री आवश्यक भएमा शिक्षकले थप सन्दर्भ सामग्रीको पनि प्रयोग गर्न सक्ने छन् ।

यो लोगोअन्तर्गतका क्रियाकलापहरू अभ्यासात्मक चरणको सहपाठी सहयोग समूहमा पर्छन् ।

(क) लोगोको अर्थः पठन बोध

(ख) उद्देश्य

- विद्यार्थीहरूमा विषयवस्तुका बारेमा प्रस्ट अवधारणाको विकास गर्न
- स्वअध्ययन र सहपाठी छलफलमार्फत विषयवस्तुको थप जानकारी प्राप्त गर्नु

(ग) सामग्रीहरू

- किताब लोगोअन्तर्गतको सिकाइ कार्ड
- सो कार्डसँग सम्बन्धित अन्य सथानीय तथा सन्दर्भ सामग्रीहरू

(घ) सिकाइ क्रियाकलाप

- माइलस्टोनअनुसारका विषयवस्तुलाई सिकाउनका लागि पुतली कार्ड/छलफल पुस्तिकामा भएका प्रश्नोत्तरमा भाग लिई आवश्यक सिकाइ क्षमता हासिल गरिसकेका विद्यार्थीलाई किताब कार्ड खोज्न लगाई त्यसमा भएको विषयवस्तु स्वाध्याय गर्न लगाउनुहोस् । समूहका साथीलाई पढेर सुनाउने, दिइएका प्रश्नमा छलफल गर्ने र साथीको पालोमा समेत सुन्ने र छलफलमा भाग लिन लगाउनुहोस् ।
- अन्य सिकाइ कार्डहरू अनुसारका क्रियाकलापहरू सञ्चालन गर्ने क्रममा किताब कार्डका विषयवस्तु प्रयोग गर्नुहोस् ।
- किताब कार्डका विषयवस्तुमा आधारित भएर समूह छलफल गराउनुहोस् ।
- किताब कार्डमा भएका संवाद, गीत, चार्ट, तालिका, कथा, निवन्ध, आदिको अन्य कार्डको प्रयोग गरी छलफल, अभिनय एवम् मूल्याङ्कनसमेतका क्रियाकलाप गराउनुहोस् ।
- किताब कार्ड कक्षा १-३ मा सहपाठी सहयोग समूह र कक्षा ४-५ मा स्वयम् सिकाइ समूहअन्तर्गत पर्दछ ।

६.८.६. माकुरा



विद्यार्थीहरूलाई उनीहरूले अध्ययन गरेका विषयवस्तुमा अझै प्रस्ट हुनका लागि सहयोग गर्न प्रशस्त थप अभ्यासको जरूरत पर्छ । अभ्यासका लागि माकुरा लोगो भएको कार्डको प्रयोग गरिन्छ । यो कार्ड किताब कार्डपछि प्रयोग गरिन्छ । विद्यार्थीले प्राप्त गरेका किताब, फट्याङ्ग्रा, पाण्डा, पुतली, आदि कार्डबाट सिकाइ गरिसकेपछि ती कार्डमा भएका विषयवस्तुमा थप प्रस्ट हुनका लागि थप अभ्यास गर्न यो कार्डको प्रयोग गरिन्छ । यस कार्डमा विषयवस्तसुँग सम्बन्धित भएर छोटा प्रश्नहरूको उत्तर दिने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउनेलगायतका क्रियाकलाप गराउनुपर्छ । यसले विद्यार्थीको सिकाइलाई सुदृढ गर्ने हुनाले यसको अभ्यास व्यक्तिगत वा सहपाठी विचमा गराउन सकिन्छ । यो लोगोअन्तर्गतका क्रियाकलापहरू सहपाठी सहयोग समूहअन्तर्गत राखिएको छ । कार्डमा दिइएको अभ्यास विद्यार्थी कार्यपुस्तकमा पनि दिइएको हुन्छ । विद्यार्थीलाई ती कार्यहरू कक्षा कार्यका रूपमा गराउनुपर्छ र नसक्ने अवस्थामा सहपाठीबाट सिक्न र सामूहिक छलफल गर्न प्रोत्साहन गर्नुपर्छ ।

(क) लोगोको अर्थ : अभ्यास

(ख) उद्देश्य

- विषयवस्तुमा थप प्रस्टता हासिल गर्नका लागि अभ्यासात्मक क्रियाकलाप गर्न
- विद्यार्थीहरूलाई अभ्यासमार्फत विषयवस्तुलाई थप मजबुत बनाउन
- विद्यार्थीलाई विषयवस्तुमा पर्याप्त सिकाइ अवसर प्रदान गर्न
- विद्यार्थीको सिकाइलाई सुदृढ गर्न
- विद्यार्थीहरूलाई सिकाइमा व्यस्त गराउन

(ग) सामग्रीहरू

- विद्यार्थी कार्यपुस्तक (माकुरा कार्डअनुसार)
- कापी, कलम
- थप अभ्यास फाराम तथा सामग्री

(घ) सिकाइ क्रियाकलाप

- सिकाइ सिँढीअनुसार विद्यार्थीहरूलाई कार्ड झिक्न लगाउने र कार्डमा दिइएका निर्देशनअनुसार सहपाठी विच वा व्यक्तिगत रूपमा अभ्यास गर्न लगाउनुहोस् ।
- कार्डमा लेख्न नमिल्ने भएकाले विद्यार्थीको अभ्यास पुस्तकमा गराउन पनि सकिन्छ । एकै पटक केही विद्यार्थीहरूलाई माकुरा कार्डको अभ्यास गराउनु पर्ने अवस्थामा मात्र कार्ड फोटोकपी गरी प्रयोग गर्न सकिन्छ ।
- कार्डमा दिइएको अभ्यास पर्याप्त नभएमा वा सान्दर्भिक नभएमा शिक्षकले त्यस्तै अभ्यास सामग्री बनाएर अभ्यास गराउन सकिन्छ ।
- शिक्षकले आवश्यकताअनुसार निर्देशन दिँदै विद्यार्थीहरूले गरेका क्रियाकलाप ठिक भए नभएको हेर्ने र थप पृष्ठपोषणसहित अभ्यास गराउँदै जानुहोस् ।
- कहिले काहीँ सहपाठी बिचमा पनि एक अर्काको अभ्यास मिले नमिलेको हेर्न लगाउनुहोस् ।

६.८.७. बाँदर

शिक्षण सिकाइका क्रममा विषयवस्तुलाई सामूहिक रूपमा अभिनय गराएर मनोरञ्जनात्मक ढङ्गबाट प्रस्तुत गराई कुनै विषयवस्तुको अवधारणा विकास गर्नका लागि अभिनय विधिको प्रयोग गरिन्छ । अभिनय विधि बालकेन्द्रित विधि हो । यसले विद्यार्थीमा विषयवस्तुलाई प्रस्ट रूपमा बुझ्न, सिर्जनात्मक सिपको विकास गर्नर सामाजिकीकरण हुन सहयोग गर्दछ । यसले विद्यार्थीलाई सिकाइप्रति आकर्षित गर्न पनि सहयोग गर्दछ ।

अभिनय विधिका लागि MGML सिकाइमा विभिन्न कोसेढुङ्गाहरूमा विभिन्न क्रियाकलापका बाँदर लोगो भएका कार्डहरू राखिएका छन् । यो क्रियाकलाप सामूहिक रूपमा गराउनुपर्ने भएकाले विभिन्न कक्षाका लागि एउटै कार्डको विकास गरिएको छ । त्यसैले यो क्रियाकलाप गराउँदा अन्य कक्षाका विद्यार्थीहरूलाई समेत सहभागी गराउन सकिन्छ । शिक्षकको आंशिक सहयोगबाट सहपाठी समूहमा यो क्रियाकलाप गराउनुहोस् ।

(क) लोगोको अर्थ : अभिनय (छोटो संवाद बनाई सामूहिक रूपमा हाउभाउसहित विषयवस्तुसँग सम्बन्धित अभिनय गर्ने)

(ख) उद्देश्य

- विद्यार्थीहरूमा वर्णन गर्ने, व्याख्या गर्ने, साच्चि सक्ने र कल्पना शक्ति वृद्धि गर्ने क्षमताको विकास गराउनु
- विषयवस्तुलाई कलात्मक र मनोरञ्जनात्मक रूपमा अभिनयद्वारा अभिव्यक्त गर्न
- विषयवस्तुलाई जीवन्त रूपमा प्रस्तुत गरी सिकाइलाई दीगो बनाउनु
- विद्यार्थीलाई अभिनय कला, संवाद वाचन, हाउभाउको प्रयोग आदि सिर्जनात्मक कलामा प्रष्फुटन गर्ने अवसर प्रदान गर्नु

(ग) सामग्रीहरू : बाँदर लोगोका कार्डहरू

(घ) सिकाइ क्रियाकलाप

- सर्वप्रथम शिक्षकले आफ्नो साथमा केही विद्यार्थीहरू लिई यस कार्डमा दिइएको विषयहरू नाटक, अभिनय र अनुकरण आदिका बारेमा परिचय दिएर कक्षामा प्रदर्शन गराउन प्रोत्साहित गराउनुपर्छ । यसले विद्यार्थीहरूमा सङ्कोच र भयको भावना हट्छ । त्यसपछि उनीहरू एकआपसमा मिली आफ्ना अभिनय कला प्रदर्शन गर्न उत्साहित हुने छन् ।
- बाँदर कार्डमा उल्लेख भएको निर्देशनअनुसार अभिनयको तयारी गर्न लगाउनुहोस् । त्यसका अलावा विषयवस्तुसँग मिल्ने गरी उपयुक्त विषयमा विद्यार्थीहरूले रोजेका विषयमा पनि अभिनय गर्न प्रोत्साहित गर्नुहोस् । बाँदर कार्डका अलावा शिक्षकले विभिन्न विषयमा अभिनयात्मक क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीहरूलाई समूहमा छलफल गरेर कसले कुन कुन भूमिका निर्वाह गर्नेर के के संवाद बोल्ने भनी जिम्मेवारी बाँडफाँड गर्नुहोस् ।
- अभिनयका लागि आवश्यक सामग्री पहिले नै जुटाइराख्ने वा विद्यार्थीहरूलाई बनाउन वा सङ्कलन गर्न लगाउने गर्नुहोस् ।
- जिम्मेवारीअनुसार केही समय पूर्वाभ्यास गर्न लगाउनुहोस् । तयारी पूरा भएपछि पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले अभिनय गरिरहँदा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

- अभिनय क्रियाकलाप सहपाठी सहयोग समूहमा गर्नुपर्ने सामूहिक क्रियाकलाप भएकाले सामूहिक रूपमा मिलेर सहभागी हुन र एकअर्कालाई सहयोग गर्ने कुरामा शिक्षकले सधैँ प्रोत्साहित गर्नुहोस् ।
- प्रत्येक समूहको अभिनय सकिएपछि विषयवस्तुमा आधारित भएर प्रश्नोत्तर गर्दै छलफल गर्नुहोस् जस्तै :
  - » नाटक कस्तो लाग्यो ?
  - » नाटकमा के के देखियो ?
  - » के के भएको थियो ?
  - » किन भएको थियो ?
  - » के के राम्रो भयो ?
  - » के के नराम्रो भयो ?
  - » तिमी भए के गर्थ्यौ?
  - » नाटकबाट के सिक्यौ ? आदि ।

६.८.८. रुख

रुख लोगोअन्तर्गतको कियाकलाप कक्षा १-३ का लागि परिचयात्मक आंशिक शिक्षक सहयोग समूहमा रहेको छ । सामान्यतया विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरित गर्ने क्रियाकलापको रूपमा खेललाई लिने गरिन्छ । MGML शिक्षण सिकाइ पद्धतिमा रुख लोगोअन्तर्गत कक्षा १, २ र ३ लागि सामूहिक क्रियाकलापका रूपमा विषयवस्तुको जानकारी दिने, पुनः सिकाइ गर्ने (सुधारात्मक) तथा सबलीकरण सिकाइको अवसर दिने गरी विकास र व्यवस्थापन गरिएको छ । यसप्रकारका खेल खेलाउँदा कक्षाका साना र ठुला दुबै खाले विद्यार्थीहरूलाई मिसाएर खेलाउनुपर्छ । पढाइ र लेखाइमा पछाडि परेका विद्यार्थीहरूको पहिचान गरी खेलको माध्यमबाट सिक्नका लागि अवसर प्रदान गर्नुपर्छ । शिक्षक स्वयम् पनि खेलमा सहभागी भएमा अझै उत्प्रेरणा मिल्छ । यसरी खेलको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरूको सिकाइमा सक्रिय सहभागिता हुनुका साथै नियमितता अभिवृद्धि हुने र मनोरञ्जनात्मक सिकाइ वातावरणको सिर्जनासमेत हुन्छ । खेलबाट विद्यार्थीहरूमा सामूहिक भावना विकास, मेलमिलाप, सहयोग र नियमको पालना जस्ता सिप विकास गराउन सकिने हुँदा खेललाई मर्यादित र व्यवस्थितरूपमा तयारी गरेर खेलाउनुपर्छ ।

(क) लोगोको अर्थ : खेल

(ख) उद्देश्य

- विद्यार्थीहरूलाई खेलका माध्यमबाट सिकाइ क्रियाकलापमा सहभागी भई विषयवस्तु बोध गर्न
- शारीरिक विषयका विभिन्न खेलहरू खेल्ने सिप विकास गर्न
- खेलका माध्यमबाट विद्यार्थीहरूको चौतर्फी विकासमा सहयोग गर्न
- विद्यार्थीहरूलाई सामूहिक भावनाको विकास गर्नु

२. सामग्री : रुख लोगो अङ्कित भएका कार्डहरू र खेलका लागि आवश्यक अन्य सामग्रीहरू

३. सिकाइ क्रियाकलाप

- शिक्षकले माइलस्टोनमा शिक्षण सिकाइ क्रियाकलापहरूका लागि रुख लोगोका कार्डहरूको अध्ययन गरी पूर्वतयारी गर्नुहोस् ।

- कुन रुख कार्डमा कुन खेल छ ? पूर्वतयारीपश्चात् मात्र शिक्षकले विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- रुख लोगोअन्तर्गत भएको खेलका लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्नुहोस् ।
- खेलको प्रकृति हेरी Indoor वा Outdoor कहाँ खेलाउने हो यकिन गर्नुहोस् ।
- तोकिएका सिकाइ उपलब्धि पूरा गर्नका लागि खेल क्रियाकलाप राखिएको हुँदा सबै विद्यार्थीहरूलाई खेलमा सहभागी गराउने गरी खेल खेलाउनुहोस् ।
- कुनै पनि खेल खेलाउनु पूर्वशिक्षकले खेलको नियम र नमुना खेल प्रदर्शन, खेल खेल्दा अपनाउनुपर्ने होसियारी, खेल खेल्ने स्थानको सुरक्षा आदि कुरामा ध्यान दिनुहोस् ।
- साना नानीहरूले खेल्ने खेलहरूलाई आवश्यकताअनुसार परिवर्तन गरेर ठुलो कक्षाका विद्यार्थीहरूका लागि समेत खेलाउन सकिने हुँदा सो व्यवस्थापन गर्नुहोस् ।
- शारीरिक विषयअन्तर्गतका विभिन्न खेलहरू खेलाउनु पूर्व जिउ तताउने क्रियाकलाप गराउनुहोस् ।
- तोकिएका रुख कार्डमा भएका खेलका अलावा विषयवस्तुअनुसार स्थानीय खेलहरू एवम् शिक्षक निर्मित अन्य खेलहरूसमेत खेलाउनुहोस् ।
- खेलको अन्त्यमा खेलका माध्यमबाट सिकाउन खोजिएको सिकाइ उपलब्धिका आधारमा विद्यार्थी मूल्याङ्कन गर्ने तथा अन्य अभ्यासहरू गराउनुहोस् ।
- विद्यार्थीहरूले खेल्न रूचाएका स्थानीय खेलहरू पनि खेल्ने अवसर दिनुहोस् ।

६.८.९. डन्डीबियो

डन्डीबियो लोगोअन्तर्गतको कियाकलाप कक्षा ४ र ५ का लागि आंशिक शिक्षक सहयोग समूहमा रहेको क्रियाकलाप हो । सामान्यतया विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरित गर्ने क्रियाकलापका रूपमा खेललाई लिने गरिन्छ । MGML शिक्षण सिकाइ पद्धतिमा डन्डीबियो लोगोअन्तर्गत कक्षा ४ र ५ लागि सामूहिक क्रियाकलापका रूपमा विषयवस्तुको जानकारी दिने, पुनः सिकाइ गर्ने (सुधारात्मक) तथा सबलीकरण सिकाइको अवसर दिने गरी विकास र व्यवस्थापन गरिएको छ । यसप्रकारका खेल खेलाउँदा कक्षाका साना र ठुला दुवै खाले विद्यार्थीहरूलाई मिसाएर खेलाउनुपर्छ । पढाइ र लेखाइमा पछाडि परेका विद्यार्थीहरूको पहिचान गरी खेलको माध्यमबाट सिक्नका लागि अवसर प्रदान गर्नुपर्छ । शिक्षक स्वयम् पनि खेलमा सहभागी भएमा अझै उत्प्रेरणा मिल्छ । यसरी खेलको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरूको सिकाइमा सक्रिय सहभागिता हुनुका साथै नियमितता अभिवृद्धि हुने र मनोरञ्जनात्मक सिकाइ वातावरणको सिर्जनासमेत हुन्छ । खेलबाट विद्यार्थीहरूमा सामूहिक भावना विकास, मेलमिलाप, सहयोग र नियमको पालना जस्ता सिप विकास गराउन सकिने हुँदा खेललाई मर्यादित र व्यवस्थित रूपमा तयारी गरेर खेलाउनुपर्छ ।

(क) लोगोको अर्थ : खेल

(ख) उद्देश्य

- विद्यार्थीहरूलाई खेलका माध्यमबाट सिकाइ क्रियाकलापमा सहभागी भई विषयवस्तु बोध गर्न
- शारीरिक विषयका विभिन्न खेलहरू खेल्ने सिप विकास गर्न
- खेलको माध्यमबाट विद्यार्थीहरूको चौतर्फी विकासमा सहयोग गर्न
- विद्यार्थीहरूलाई सामूहिक भावनाको विकास गर्नु

२. सामग्री डन्डीबियो लोगो अङ्कित भएका कार्डहरू र खेलका लागि आवश्यक अन्य सामग्रीहरू

३. सिकाइ क्रियाकलाप

- शिक्षकले माइलस्टोनमा शिक्षण सिकाइ क्रियाकलापहरूका लागि डन्डीबियो लोगोका कार्डहरूको अध्ययन गरी पूर्वतयारी गर्नुहोस् ।

- कुन डन्डीबियो कार्डमा कुन खेल छ ? पूर्वतयारीपश्चात् मात्र शिक्षकले विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।
- डन्डीबियो लोगोअन्तर्गत भएको खेलका लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्नुहोस् ।
- खेलको प्रकृति हेरी Indoor वा Outdoor कहाँ खेलाउने हो यकिन गर्नुहोस् ।
- तोकिएका सिकाइ उपलब्धि पूरा गर्नका लागि खेल क्रियाकलाप राखिएको हुँदा सबै विद्यार्थीहरूलाई खेलमा सहभागी गराउने गरी खेल खेलाउनुहोस्
- कुनै पनि खेल खेलाउनु पूर्व शिक्षकले खेलको नियम र नमुना खेल प्रदर्शन, खेल खेल्दा अपनाउनु पर्ने होसियारी, खेल खेल्ने स्थानको सुरक्षा आदि कुरामा ध्यान दिनुहोस् ।
- साना नानीहरूले खेल्ने खेलहरूलाई आवश्यकताअनुसार परिवर्तन गरेर ठुलो कक्षाका विद्यार्थीहरूका लागि समेत खेलाउन सकिने हुँदा सो व्यवस्थापन गर्नुहोस् ।
- शारीरिक विषयअन्तर्गतका विभिन्न खेलहरू खेलाउनु पूर्व जिउ तताउने क्रियाकलाप गराउनुहोस् ।
- तोकिएका डन्डीबियो कार्डमा भएको खेलको अलावा विषयबस्तु अनुसार स्थानीय खेलहरू एवम् शिक्षक निर्मित अन्य खेलहरूसमेत खेलाउनुहोस् ।
- खेलको अन्त्यमा खेलका माध्यमबाट सिकाउन खोजिएको सिकाइ उपलब्धिका आधारमा विद्यार्थी मूल्याङ्कन गर्ने तथा अन्य अभ्यासहरू गराउनुहोस् ।
- विद्यार्थीहरूले खेल्न रुचाएका स्थानीय खेलहरू पनि खेल्ने अवसर दिनुहोस् ।

६.८.१०. गँड्यौला

प्रयोगात्मक कार्यहरूलाई यस लोगोअन्तर्गत समेटिएका छन् । यस्ता क्रियाकलाप वा गतिविधिहरूबाट विद्यार्थीहरूले सामूहिक रूपमा वा अलग अलग रूपमा प्रयोग गरेर सिक्न सक्दछन् । शिक्षकले विद्यार्थीहरूलाई त्यस विषयका विविध गतिविधिहरू आफैँ गर्न प्रोत्साहन गर्नुपर्छ । प्रत्येक गतिविधिको परिणाम विद्यार्थीले आफैले जान्न र बुझ्नका लागि नै यी क्रियाकलापहरू राखिएका छन् । गँड्यौलाको सङ्केतमा राखिएका कतिपय प्रयोगात्मक कार्यहरू कक्षा १, २ र ३ का विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग सम्बन्धित र केही थपसमेत राखिएको छ ।



(क) लोगोको अर्थ : प्रयोगात्मक कार्य

(ख) उद्देश्य

- विद्यार्थीहरूमा विभिन्न प्रयोगात्मक क्रियाकलापहरूका माध्यमबाट खोज तथा अनुसन्धान गर्ने सिपको विकास गराउन

(ग) सामग्री : विभिन्न विषय वस्तुसँग सम्बन्धित गँड्यौला कार्ड (यसका लागि थप सामग्रीहरूको विवरण अनुसूचीमा दिइएको छ ।)

(घ) सिकाइ क्रियाकलाप

- शिक्षकले शैक्षणिक योजना बनाउँदा नै चेकलिस्टमा उल्लेख भएका गँड्यौला कार्डहरूको अध्ययन गरी पूर्वतयारी गर्नुपर्दछ ।
- प्रयोगात्मक कार्यका लागि आवश्यक सामग्री कक्षाकोठामा क्रियाकलाप पूर्व नै आवश्यकताअनुसार व्यवस्थापन गर्नुहोस् ।
- शिक्षकले विद्यार्थीहरूलाई त्यस विषयका विविध गतिविधिहरू आफैँ गर्न प्रोत्साहन गर्नुहोस् ।
- प्रत्येक गतिविधिको परिणाम विद्यार्थीले आफैँ जान्न र बुझ्न अवसर दिनुहोस् ।
- यदि कुनै विद्यार्थीले परिणाम बुझ्न सकेनन् भने जान्ने विद्यार्थीहरूका माध्यमबाट उनीहरूलाई परिणामको जानकारी गराउनुहोस् ।

- पढ्न र लेख्न सक्ने विद्यार्थीहरूबाट अभ्यास गराउँदै स्पष्ट पार्नुहोस् ।
- सलाइ वा कडा तथा जोखिमपूर्ण वस्तुसँग सम्बन्धित गतिविधि गराउने समयमा शिक्षक सँगै हुनुपर्छ । ठुला विद्यार्थीहरूबाट यो गतिविधि गर्दा साना विद्यार्थीहरूलाई हेर्ने अवसर प्रदान गर्नुपर्छ ।
- गँड्यौलाको सङ्केतमा राखिएका कतिपय प्रयोगात्मक कार्यहरू कक्षा १, २ र ३ का विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग सम्बन्धित र केही थपसमेत राखिएको छ । प्रयोग पछि किन भयो, कसरी भयो, जस्ता विषयमा छलफल गराउनुहोस् ।
- प्रयोग पछि किन भयो, कसरी भयो, जस्ता विषयमा छलफल गराउनुहोस् । प्रयोगात्मक कार्यका लागि आवश्यक सामग्री कक्षाकोठामा क्रियाकलाप पूर्व नै आवश्यकताअनुसार व्यवस्थापन गर्नुहोस् । शिक्षकले थप प्रयोगात्मक कार्य गराउन पनि सक्नुहुने छ ।

६.८.११. गम कैंची

सिर्जनात्मक कलासँग सम्बन्धित कागजका चित्रहरू, कागजका टुक्राहरू विभिन्न आकारमा काटने् र जम्मा गरी तयारी चित्र तथा टुक्राहरू ठुलो कागजमा टाँसी कोलाज तयार गर्न यो क्रियाकलाप गरिन्छ । यसबाट विद्यार्थीको सिर्जनात्मक तथा कलात्मक सिपको विकास गर्न सकिने हुनाले शिक्षकले प्रशस्त अभ्यासको वातावरण तयार गरिदिनुपर्छ । बोटबिरुवाका विभिन्न भागहरू छुट्टाछुट्टै सङ्कलन गरी कागजमा क्रमशः टाँस्ने तथा अन्य प्राकृतिक वस्तुहरूबाट पनि विज्ञान विषय र अन्य विषयसँग सम्बन्धित विभिन्न कोलाजहरू निर्माण गर्न सकिने छ। यो लोगोअन्तर्गतको क्रियाकलाप अभ्यासात्मक चरणअन्तर्गत आंशिक शिक्षक सहयोग समूहमा पर्छ ।

(क) लोगोको अर्थ : कोलाज र कागजको काम

(ख) उद्देश्य: विद्यार्थीहरूलाई सिर्जनात्मक कलासँग सम्बन्धित विभिन्न कोलाज र मोज्याकसम्बन्धी क्रियाकलापहरू परिचित गराउन

(ग) सामग्री : गम, कागज, कैंची, रङ, पूराना पत्रपत्रिका, विभिन्न आकारका वस्तुहरू, बिरुवाका पातहरू, कपास, खेर गएका विभिन्न वस्तुहरू

(घ) सिकाइ क्रियाकलाप

- सिर्जनात्मक कलासँग सम्बन्धित कागजका चित्रहरू, कागजका टुक्राहरू विभिन्न आकारमा काट्न र जम्मा गर्न लगाउनुहोस् ।
- तयारी चित्र तथा टुक्राहरू ठुलो कागजमा टाँसी चित्र बनाउन लगाउनुहोस् ।
- बोटबिरुवाका विभिन्न भागहरू छुट्टा छुट्टै सङ्कलन गरी कागजमा क्रमशः टाँस्ने तथा अन्य प्राकृतिक वस्तुहरूबाट पनि विज्ञान विषय र अन्य विषयसँग सम्बन्धित विभिन्न कोलाजहरू निर्माण गर्न लगाउनुहोस् ।
- विभिन्न जनावरहरूको रेखाचित्र बनाई कपास टाँसेर चित्र बनाई र प्रदर्शन गर्नुहोस् ।
- खेर गएका वस्तुहरूको प्रयोगबाट आकर्षक कोलाज तयार गरी कक्षाकोठामा प्रदर्शन गर्न लगाउनुहोस् ।

६.८.१२. मादल

सिर्जनात्मक कलालगायत प्रत्येक माइलस्टोनमा राखिएका गीत/कविताहरूमा लयबद्ध तरिकाबाट गाउन, वाद्यवाधन तथा नृत्यमा यो लोगोअनुसारको कार्य गराउनुपर्छ । यसबाट विद्यार्थीहरूमा मनोरञ्जन प्राप्त हुनुका साथै सिर्जनात्मक र अन्तर्निहित क्षमताको प्रस्फुटन हुने भएकाले शिक्षकले सक्रिय भएर सबै विद्यार्थीलाई क्रियाकलापमा भाग लिन लगाउनुपर्छ। यो लोगोअन्तर्गतको क्रियाकलाप कक्षा १-३ मा परिचयात्मक चरणको आंशिक शिक्षक सहयोग समूहमा पर्छ ।

(क) लोगोको अर्थ : नृत्य, सङ्गीत र वाद्यवादन

(ख) उद्देश्य

- गीत, सङ्गीत र नृत्यको माध्यमबाट मनोरञ्जन प्रदान गरी सिर्जनात्मक तथा अन्तर्रनिहित प्रतिभा प्रस्फुटन गर्न
- वाद्यवादनप्रति आकर्षित गराउन

(ग) सामग्रीहरू : मादल, पाण्डा कार्डमा समावेश भएका गीत तथा कविताहरू, राष्ट्रिय गीत, कक्षागत गीतहरू

(घ) सिकाइ क्रियाकलाप

- सिर्जनात्मक कलालगायत प्रत्येक माइलस्टोनमा राखिएका गीत/कविताहरूमा लयबद्ध तरिकाबाट आवश्यकताअनुसार वाद्यवादनका सामग्रीहरू प्रयोग गराई समूहमा गाउने/गाउन लगाउने, वाद्यवादनको अभ्यास गराउनुहोस् ।
- स्थानीय गीतहरू, विद्यार्थीहरूलाई मन पर्ने गीतहरू, राष्ट्रिय गीत, कक्षागत गीतहरू लयबद्ध रूपमा वाद्यवादनसहित गाउन लगाउनुहोस् ।
- यी क्रियाकलापहरू शिक्षण सिकाइ क्रियाकलापको सुरुमा, बिच बिचमा, अन्तमा र माइलस्टोनमा तोकिएको सिकाइ उपलब्धिलाई आधारित भएर गराउन सकिनेछ ।
- मादललाई म्युजिकल चियरलयायत खेलहरूमा पनि प्रयोगमा ल्याउनुहोस् ।
- आरोह र अवरोह तथा मादलको तालअनुसार वाद्यवादनको सिप विकास गराउन प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीहरूमा मनोरञ्जन प्राप्त हुनुका साथै सिर्जनात्मक र अन्तर्निहित क्षमताको प्रस्फुटन हुने भएकाले शिक्षकले सक्रिय भएर सबै विद्यार्थीलाई क्रियाकलापमा भाग लिन लगाउनुहोस् ।

६.८.१३. माटाको भाँडो

विद्यार्थीहरूलाई सिर्जनात्मक कला विषयमा उल्लेख भएका विषयवस्तु तथा कोसेढुङ्गाका उद्देश्यअनुसार समूहमा वा व्यक्तिगत रूपमा माटाको काम गर्नका लागि यो लोगोअनुसारको क्रियाकलाप गराइन्छ । यसका लागि तयार पारी राखेको माटोलाई शिक्षकले सुरुमा आफैँले केही नमुना देखाई त्यसपछि विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफूलाई मन परेको आकृतिहरू निर्माण गर्न लगाउन सकिन्छ । यी क्रियाकलापहरू एकै दिनमा पूरा नहुने भएकाले गृहकार्यका रूपमा पनि दिन सकिन्छ । यो लोगोअन्तर्गतको क्रियाकलाप अभ्यासात्मक चरणअन्तर्गत कक्षा पर्दछ ।

(क) लोगोको अर्थ : माटोको काम

(ख) उद्देश्य

- गिलो माटोबाट विभिन्न आकारहरू (गोलो, च्याप्टो, लाम्चो) बनाई जोडेर विभिन्न प्रकारका आकृति निर्माण गर्न
- भाँडाकुँडा, फलफूल, जनावर र पन्छीका नमुना आकृतिहरू बनाउन

(ग) सामग्रीहरू : गिलो माटो, रङ, छेस्का, पात, काठको फलेक वा डाइ

(घ) सिकाइ क्रियाकलाप

- सर्वप्रथम कुन सामग्री तयार गर्ने हो किटान गरी गिलो माटो तयार गर्नुहोस् ।
- तयार पारी राखेको माटोलाई शिक्षकले सुरुमा आफैँले केही नमुना देखाउने र विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफूलाई मन परेको आकृतिहरू निर्माण गर्न लगाउनुहोस् ।
- ती विभिन्न आकारका माटाका आकृतिहरू जोडेर नयाँ वस्तुहरू बनाउन लगाउनुहोस् ।
- आँप, स्याउ, सुन्तला, चरा, भाँडाकुँडा जस्ता वस्तुहरू निर्माण गर्न लगाई रङ लगाउन सिकाउने र कक्षा कोठामा प्रदर्शन गर्नुहोस् ।
- सबै विद्यार्थीहरूलाई यस्ता सिर्जनात्मक कार्यमा भाग लिन प्रोत्साहत गर्नुहोस् ।
- यी क्रियाकलापहरू एकै दिनमा पूरा नहुने भएकाले गृहकार्यका रूपमा पनि दिन सकिन्छ ।

६.८.१४. गाइनेकिरा

सामाजिक तथा मानव मूल्य शिक्षा विषयमा विद्यार्थीहरूलाई माइलस्टोनमा निर्दिष्ट सिकाइ उपलब्धि प्राप्तिका लागि परियोजना कार्य दिई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्न यो लोगोअनुसार क्रियाकलाप गराइन्छ । यसबाट सिकाइ दिगो र प्रभावकारी हुने र गरेर सिक्ने बानीको विकास हुन्छ । यो लोगो सवलीकरण चरणअन्तर्गत स्वयम् सिकाइ समूहमा पर्छ । यो लोगो कक्षा ४ र ५ का लागि परियोजना कार्यका रूपमा प्रयोग गरिन्छ ।



(क) लोगोको अर्थ : परियोजना कार्य

(ख) उद्देश्य : माइलस्टोनअनुसार विद्यार्थीहरूलाई परियोजना कार्य दिई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्न

(ग) सामग्रीहरू : गाइनेकिरा कार्ड

(घ) सिकाइ क्रियाकलाप

- Milestone अनुसार विद्यार्थीहरूलाई परियोजना कार्य दिनुहोस् ।
- उनीहरूले गरेको कार्य निरीक्षण गरेर कक्षाकोठामा प्रस्तुत गर्न लगाउने र आवश्यकता अनुसार प्रदर्शन गरी राख्नुहोस् ।
- परियोजना कार्यमा आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- प्राप्त नतिजालाई थप विषयवस्तुको शिक्षणमा प्रयोगमा ल्याउनुहोस् ।
- परियोजना कार्यलाई विद्यार्थीको निरन्तर मूल्याङ्कनमा समेत प्रयोगमा ल्याउनुहोस् ।

६.८.१५. पेन्सिल

सिकाइको सबैभन्दा सरल माध्यम चित्र हो । सुरुमा बालबालिकाहरूले चित्रकै माध्यमबाट अक्षर र धारणा बुझ्छन् । उनीहरूलाई चित्रको माध्यमबाट धारणा बसाउन सहज पनि हुन्छ । त्यसैले बालबालिकाको प्यारो सामग्री चित्र हो । शिक्षण सिकाइका क्रममा विभिन्न प्रकारका चित्रहरूको प्रयोग गरी विषयवस्तुलाई बुझाउनुपर्ने हुन्छ । विद्यार्थीलाई अभ्यास र विषयवस्तु सिकाइका क्रममा त्यस्ता चित्रहरू तथा नक्साहरू बनाउन लगाउनु पर्ने पनि हुन्छ । सिर्जनानत्मक कलाअन्तर्गत चित्र बनाउने र रङ भर्न सिकाउने छुट्टै पाठ रहेको छ । त्यसमा पनि बालबालिकाहरूलाई उनीहरूको स्तरअनुसारका चित्र कोर्ने, रङ भर्ने अभ्यास गराउनुपर्ने हुन्छ । त्यसैले यसमा छुट्टै सिकाइ सिँढीका रूपमा पेन्सिल लोगोको प्रयोग गरिएको छ । यो लोगो सवलीकरण चरणको स्वयम् सिकाइ समूहमा पर्छ ।

(क) लोगोको अर्थ : चित्र बनाउने, रङ भर्ने

(ख) उद्देश्य

- पेन्सिलको प्रयोग गरी सिधारेखा र वक्ररेखाहरूको प्रयोग गरेर विभिन्न प्रकारका रेखाचित्रहरू कोर्न सिकाउन
- विभिन्न प्रकारका थोप्ले चित्र र रेखा चित्रमा उपयुक्त रङ छनोट गरी भर्न र आकर्षक रङ्गीन चित्र बनाउन सिकाउन
- विद्यार्थीमा कल्पना क्षमताको विकास गर्न
- चित्रका माध्यमबाट अभिव्यक्ति प्रस्तुति क्षमता विकास गर्न विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्न चित्र प्रदर्शनी सिपको विकास गर्न ।

(ग) सामग्रीहरू

- पेन्सिल, सादा कागज, कार्डबोर्ड पेपर, विभिन्न प्रकारका रङ्गीन पेन्सिल, पानी रङहरू, रङ्गीन साइनपेन, साना ब्रसहरू
- विभिन्न जनावर, फलफूल, वस्तुहरू, आदिको रेखा चित्रहरू (sketch drawing)
- विभिन्न थोप्ले चित्रहरू
- कार्यपुस्तक
- प्रदर्शन पाटी, थम पिन, डोरी, पेपर क्लिप आदि ।

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई अभ्यास पुस्तकमा थोप्ले चित्र बनाएर दिनुहोस् र त्यसमा पेन्सिलले कोरेर रेखा चित्र पूरा गर्न लगाउनुहोस् र सबैका चित्रहरू प्रदर्शन गर्नुहोस् ।
- कार्यपुस्तकमा भएका वा शिक्षकले उपलब्ध गराएका तयारी रेखा चित्रहरू (जस्तै : जनावर, फलफूल तथा विभिन्न वस्तुहरू) मा आफू खुसी वा उपयुक्त रङ भर्न लगाउने र प्रदर्शन पाटीमा प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई चित्र कोर्न र चित्रमा रङ भर्न प्रोत्साहन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीहरूलाई आफू खुसी वा पेन्सिल काडर्मा दिइएको निर्देशनअनुसार चित्र बनाउन र रङ भर्न लगाउनुहोस् ।
- विषयवस्तुसँग सम्बन्धित चित्रहरू बताउन लगाई प्रदर्शन गर्नुहोस् ।
- कार्यपुस्तकमा दिइएका अभ्यासहरू गराउनुहोस् ।
- त्यसका अलावा शिक्षकले चित्र बनाउने र रङ भर्ने थप अभ्यास गराउनुहोस् ।

६.८.१६. जोकर

बन्द मुख र खुला मुखको सङ्केत भएको ससाना जोकर कार्डहरूको विकास गरिएको छ । मौन (नबोलेर) अभिनय गर्ने र ध्वनि (बोलेर) अभिनय (अनुकरण) गर्ने सङ्केतको रूपमा मुख खोलेको र मुख बन्द भएको सङ्केत जोकर कार्डमा राखिएको छ । मुख खोलेको जोकरको अर्थ हो- ध्वनि अभिनय र मुख बन्दको अर्थ- मौन अभिनय । यो कार्डबाट विद्यार्थीहरूमा अभिनय सिपको विकास हुन्छ । खेलको माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन हुने हुँदा कक्षाकोठामा मनोरञ्जनात्मक वातावरण सिर्जना गर्न सहयोग पुग्छ । जोकर कार्डमा विभिन्न जनावर, फलफूल र तरकारी, पशुपन्छी, किरा फट्याङ्ग्रा,

वाद्यवादनका सामग्री, घरायसी सर सामानहरू, लुगाकपडा आदिको चित्र र नाम राखिएको हुँदा सामाजिक विषय समूह अन्तर्गतका सबै विषयवस्तुहरूसम्बन्धी जानकारी हनुका साथै अभ्यास र छलफल गर्ने अवसर सिर्जना हुन्छ ।

(क) लोगोको अर्थः बन्द मुख र खुला मुख अभिनय

(ख) उद्देश्य

- विद्यार्थीहरूमा वर्णन गर्ने, अभिनय गर्ने तथा नक्कल गर्ने क्षमता अभिवृद्धि गर्न
- सोच्ने, तर्क गर्ने तथा कथावस्तु निर्माण गरी अभिनय गर्ने सिप विकास गर्न

(ग) सामग्रीहरूः मौन अभिनय र ध्वनि अभिनय (अनुकरण) सम्बन्धी जोकर कार्डहरू ।

(घ) सिकाइ क्रियाकलाप

मौन तथा ध्वनि अभिनय (अनुकरण) खेल

- जोकर कार्डअन्तर्गत ध्वनि तथा मौन अभिनय (अनुकरण) सम्बन्धी क्रियाकलाप गराउँदा खेल नाटक आदिका माध्यमबाट गराउनुहोस्, जस्तै : कक्षाका सबै विद्यार्थीहरूलाई दुई समूहमा बराबर सङ्ख्या हुने गरी समूह विभाजन गर्नुहोस् ।
- समूहका सबै विद्यार्थीहरूलाई एक/एकओटा जोकर कार्ड वितरण गर्ने र आफूलाई परेको कार्ड आफूले मात्रै हेर्ने, अरूलाई नदेखाउने कुराको जानकारी दिनुहोस् ।
- विद्यार्थीहरूलाई आफूलाई परेको कार्डअनुसारको सङ्केतबमोजिम ध्वनि वा मौन कुन अभिनय गर्ने हो यकिन गरी सोहीअनुसार अभिनय गर्नुपर्ने कुराको निर्देशन दिने र निर्देशन बुझे/नबुझेको यकिन गर्नुहोस् ।
- समूहको नाम राख्ने र खेल कुन समूहबाट सुरु गर्ने सहमति गर्ने र शैक्षणिक पाटीमा दुवै समूहको नाम लेखी तालिका बनाउनुहोस् ।
- एउटा समूहका व्यक्तिले अभिनय गरेका आधारमा अर्को समूहले अभिनय गर्ने व्यक्तिसँग भएको कार्डमा के छ ? पत्ता लगाउनुपर्नेछ । कार्डमा भएको शब्द भन्नका लागि दुईपटकसम्म अवसर दिनुहोस् । दुई पटकमा उत्तर मिलेन भने नम्बर नआउने र मिल्यो भने नम्बर आउने भनी खेलको नियम बताउनुहोस् ।
- उत्तर मिले/नमिलेको पहिचान गर्नका लागि अभिनय गर्ने विद्यार्थीसँग भएको कार्ड देखाउन लगाउनुहोस् र कार्डमा भएको शब्द वा अवस्थाको नामअनुसार भनेमा मात्र नम्बर आउने कुराको समेत जानकारी गराउनुहोस् ।
- खेल सुरु गर्नुभन्दा पहिला दुवै समूहका एक/एक जना विद्यार्थीहरूलाई नमुनाका रूपमा आफूलाई परेको जोकर कार्डअनुसार अभिनय गर्न लगाउनुहोस् ।
- यसरी नमुना अभिनय गरेका विद्यार्थीहरूलाई पुनः अर्को कार्ड दिनुहोस् ।
- खेलको नियमअनुसार सबै विद्यार्थीहरूले खेलमा सहभागी हुने अवसर पाउने गरी खेल खेलाउनुहोस् ।
- खेल सकिएपछि समूहले ल्याएको नतिजा सुनाउनुहोस् ।
- प्रतिस्पर्धात्मक खेलका रूपमा प्रयोग गर्दा मनोरञ्जन हुनुका साथै विद्यार्थीहरूलाई पढेको नभई खेलेको अनुभूति हुने हुँदा खेलको माध्यमबाट सिकाइ गर्न मदत पुग्ने हुँदा खेल खेलाउनुहोस् ।
- यो खेलबाट विद्यार्थीहरूमा अभिनय सिपको विकास गराउन खोजेको हुँदा जित र हारलाई महत्त्व नदिनुहोस् ।
- जोकर कार्डमा मानिसले गर्ने विभिन्न व्यवसायसँग सम्बन्धित कार्डमा दिइएको चित्र हेरेर विद्यार्थीलाई मौन अभिनय (नबोलेर) गर्न लगाउनुहोस् । कक्षाको ठुलो विद्यार्थीले गरेको क्रियाकलाप देखेर कक्षाका अन्य साना विद्यार्थीहरूलाई त्यसको नक्कल गर्नका लागि प्रेरित गर्नुहोस् ।

६.८.१७. लेडिवग



सिकाइ सिँढीअन्तर्गतका क्रियाकलाप सञ्चालनपश्चात् विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्त भयो/भएन भनी मूल्याङ्कन गर्न लेडिवग कार्डको प्रयोग गरिएको छ । विद्यार्थीले गरेका विभिन्न क्रियाकलापहरू सर्वेक्षण, बाल गीत, कथा, कविता, अभिनय, प्रयोगात्मक कार्य, क्षेत्र भम्रण, परियोजना कार्य, स्वाध्ययन सामग्री अध्ययन आदि क्रियाकलापका माध्यमबाट सिकेका सिकाइको अवस्था पत्ता लगाएर विद्यार्थीलाई थप सुधारको निम्ति यो क्रियाकलापले सहयोग गर्दछ । यसले विद्यार्थीको सिकाइको अवस्था र कमजोरी पत्ता लगाएर अगाडि बढ्नका लागि समेत सहयोग गर्दछ। यो क्रियाकलाप छुट्टै मूल्याङ्कनका रूपमा वा शिक्षण सिकाइका क्रममा पनि गराउन सकिन्छ । लेडिवग कार्ड मात्रै विद्यार्थी सिकाइको मूल्याङ्कनका लागि पर्याप्त नहुन सक्छ । यसका लागि शिक्षकले विषयवस्तु र क्रियाकलापअनुसारका थप मूल्याङ्कनका सामग्रीहरू तयार पारी प्रयोग गर्नुपर्छ । लेडिवग क्रियाकलापअन्तर्गतका क्रियाकलापहरू मूल्याङ्कन चरणको स्वयम् सिकाइ समूहमा पर्छ ।

(क) लोगोको अर्थ : मूल्याङ्कन

(ख) उद्देश्य

- विद्यार्थीको सिकाइ उपलब्धि र क्रियाकलापको मूल्याङ्कन गर्न
- विद्यार्थीको सिकाइको स्तर पत्ता लगाउन
- विद्यार्थीहरूको सिकाइ कमजोरी पत्ता लगाएर सुधार गर्न सिकाइलाई पूर्णता दिन

(ग) सागग्री

- लेडिवग कार्डहरू
- विद्यार्थी कार्यपुस्तकमा भएका लेडिवग कार्डअनुसारका पुस्तक र मूल्याङ्कन सामग्रीहरू
- शिक्षकले तयार पारेका मूल्याङ्कनका साधनहरू, जस्तै : श्रेणीमापन फाराम, रुजुसूची, छोटा प्रश्नहरू, प्रश्नपत्र आदि ।

(घ) सिकाइ क्रियाकलाप

- सिकाइ सिँढीमा दिइएको नम्बरका आधारमा विद्यार्थीहरूलाई लेडिवग कार्ड भिक्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई कार्डमा दिइएको निर्देशनअनुसारको क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थी कार्यपुस्तकमा सोही कार्डको प्रयोग गर्न सामग्री दिएको भए सोही पुस्तकमा गराउनुहोस् । त्यहाँ नभए विद्यार्थीको अभ्यास पुस्तकमा गराउनुहोस् ।
- प्रत्येक विषयवस्तुसँग सम्बन्धित सिँढीमा दिइएका सबै क्रियाकलाप गराइसकेपछि मात्र यो क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीले गरेका मूल्याङ्कन क्रियाकलापका आधारमा शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीमा कमजोरी भएमा पुनः सिकाइ सिँढीअनुसार सहयोगी क्रियाकलाप गराएर सिकाइ उपलब्धिलाई पूर्णता दिनुहोस् ।

६.८.१८. चस्मा

कुनै पनि विद्यार्थीले तोकिएका माइलस्टोनका क्रियाकलापहरू पूरा गरिसकेपछि ती माइलस्टोनमा आधारित सिकाइ उपलब्धि प्राप्त भए नभएको परीक्षण गर्न यो चस्मा कार्डको प्रयोग गरिन्छ । यसलाई आवधिक परीक्षाका रूपमा पनि लिन सकिन्छ । यसका लागि नमुना प्रश्न पत्रलाई सिकाइ कार्डकोरूपमा तयार गरिएको छ । तर शिक्षक आफैंले पनि सोअनुसार प्रश्नपत्र तयार गरी प्रयोगमा ल्याउन सकिने छ । यो लोगोअन्तर्गतको क्रियाकलाप मूल्याङ्कन चरणको स्वयम् सिकाइ समूहमा पर्छ ।


हेरौं, मैले कति सिकें ?

१४. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

१. विभिन्न स्थानमा हुनसक्ने कुनै पाँच प्रकारका दुर्घटनाको नाम लेख्नुहोस् :

(क) .....

(ख) .....

(ग) .....

(घ) .....

२. दुर्घटना भएमा प्राथमिक उपचारको सेवा लिन कहाँ जानुपर्छ ?

(क) .....

(ख) .....

(ग) .....

(घ) .....

१५. तिम्रो समुदायमा हुन सक्ने अशक्त र अपाङ्गको सूचि बनाऊ तिनलाई कसी सहयोग पऱ्याउँछा ?

अपाङ्ग/अशक्त	गर्ने सहयोग
वृद्ध/वृद्धा	

GRADE- 3

(क) सामग्रीको अर्थ : आवधिक मूल्याङ्कन

(ख) उद्देश्य : तोकिएका सिकाइ उपलब्धिहरू हासिल भए/नभएको पहिचान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न

(ग) सामग्रीहरू : चस्मा कार्डहरू

(घ) सिकाइ क्रियाकलाप

- चस्मा कार्ड प्रयोग गर्दा समूहमा नभई व्यक्तिगत रूपमा गर्न लगाउनुहोस् ।
- चस्मा कार्डले नसमेटेका विषयवस्तुहरू शिक्षक आफैले आवश्यकताअनुसार निर्माण गरी प्रयोग गर्नुहोस् ।
- चस्मा कार्डको परीक्षणपछि विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण र थप सहयोग प्रदान गर्नुहोस् ।
- कार्यपुस्तकबाट पनि विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुहोस् ।
- यो क्रियाकलापलाई आवधिक रूपमा प्रयोग गराउने तर विद्यार्थीलाई हतोत्साहित नहुने गरी परीक्षा भएको जानकारी गराउनुहोस् ।

६.८.१९. पि टी

शारीरिक शिक्षाअन्तर्गत शारीरिक व्यायाम र कसरतका अभ्यास गराउनका लागि यो लोगोअन्तर्गतका क्रियाकलापहरू समावेश गरिएका छन् । यसमा शरीरलाई स्वस्थ, तन्दुरुस्त र फुर्तिलो राख्न, प्रार्थना समयमा वा कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापका क्रममा विद्यार्थीहरूलाई शारीरिक अभ्यासहरू, माइलस्टोनमा तोकिएअनुसार सतर्क, गोडाफाट र विश्रामका अभ्यास तथा क्रमशः पि.टी. कसरतका अभ्यासहरू सामावेश गरिएको छ । यो लोगोअन्तर्गतको क्रियाकलाप अभ्यासात्मक चरणको पूर्ण शिक्षक सहयोग समूहमा पर्छ ।


पिटी खेलौं :

तालिका न. ५ :

तालिका न. ६ :

तालिका न. ७ :

GRADE- 1, 2 & 3

(क) लोगोको अर्थ: कवाज तथा कसरत

(ख) उद्देश्य

- शरीरलाई स्वस्थ तन्दुरुस्त र फुर्तिलो राख्न
- मनोरञ्जनका माध्यमबाट शारीरिक अभ्यास गराउन
- शारीरिक विषयअन्तर्गतका विभिन्न व्यायामहरू गर्न

(ग) सामग्रीहरू

- ड्रम सेट, सिट्ठी

- क्रियाकलापसँग सम्बन्धित सामग्रीहरू
- पि.टी. १ न. देखि १६ न. सम्मका निर्देशन कार्ड

(घ) सिकाइ क्रियाकलाप

- शरीरलाई स्वस्थ, तन्दुरुस्त र फुर्तिलो राख्न, प्रार्थना समयमा वा कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापका क्रममा विद्यार्थीहरूलाई शारीरिक अभ्यासहरू गराउनुहोस् ।
- ड्रम सेटको प्रयोग गरी माइलस्टोनमा तोकिएअनुसार सतर्क, गोडाफाट र विश्रामका अभ्यास गराउनुहोस् ।
- शारीरिक विषयको पाठ्यपुस्तकको समेत सहयोगमा क्रियाकलाप गराउनुहोस् ।
- ड्रम सेटको प्रयोग गरी दिइएको निर्देशनअनुसार पि.टी. क्रियाकलापहरू कक्षागत सिकाइ उपलब्धिअनुसार क्रमशः १ न. देखि १६ न. सम्मको कसरत गराउनुहोस् ।

६.८.२०. हात

विद्यार्थीहरूलाई विभिन्न ठोस वस्तुहरू पात, काठ, ढुङ्गा, निश्चित आकारका ठोस वस्तुहरू सङ्कलन गर्न लगाई सो वस्तुहरूलाई रङ दलेर कागजमा छाप्न वा स्वतन्त्र छपाइ कार्यका लागि यो लोगोअनुसारका क्रियाकलाप गराइन्छ । यसबाट विद्यार्थीमा छपाइ कार्य तथा रङ रोगन गर्ने सिपको विकास हुन्छ । छपाइका लागि प्रयोग गरिने सामग्रीहरू रङ लगाएर छाप्न योग्य हुनुपर्ने छ, जस्तै : प्याजलाई आधा पारेर काट्ने, मुलालाई आधा पारेर काटने र रङमा चोपी छपाइ गर्नुपर्छ । यो लोगोअन्तर्गतका क्रियाकलाप सुधारात्मक चरणको स्वयम् सिकाइ समूहमा पर्छन् । यो लोगोअनुसारका सिकाइ कार्ड नभएकाले शिक्षकले चेकलिष्ट अनुसारका क्रियाकलाप गराउनुपर्ने छ ।

(क) लोगोको अर्थः छपाइको काम

(ख) उद्देश्य : विभिन्न वस्तुहरूको आकृतिमा रङ दलेर कागजमा छाप्न

(ग) सामग्रीहरू : पात, रुख, काठ, ढुङ्गा, पैसा, फलफूल तथा तरकारी, सिक्का, मुला, आलु, कागती, धागो, कागज र रङहरू

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई विभिन्न ठोस वस्तुहरू पात, काठ, ढुङ्गा, निश्चित आकारका ठोस वस्तुहरू सङ्कलन गर्न लगाउनुहोस् ।
- सो वस्तुहरूलाई रङ दलेर कागजमा छाप्न लगाउनुहोस् ।
- हातमा रङ दलेर कागजमा छाप्न लगाउनुहोस् ।
- पैसा, मुला, आलु, कागती, काठका विभिन्न आकारका टुक्राहरूमा रङ दलेर कागजमा छाप्न लगाएर र प्रदर्शन गराउनुहोस् ।
- चुरा, बोतलका बिर्को, पात आदिमा रङ लगाई छपाइ कार्य गराउन लगाउनुहोस् ।
- क्रियाकलाप गराइसकेपछि विद्यार्थीहरूको हात, छपाइ सामग्री तथा कक्षाकोठा राम्ररी सफा गर्न लगाउनुहोस् ।
- रङको रूपमा स्थानीय सामग्रीहरू पातहरू, फूलहरू, रातो माटो, कमेरो, बेसार आदि प्रयोग गर्न सकिन्छ ।

६.८.२१. लेन्समा कमिला

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षामा हुने क्रियाकलाप क्षेत्र भ्रमणका लागि लेन्सभित्र कमिलो अङ्कित लोगो राखिएको छ । यो लोगो सुधारात्मक चरण अन्तर्गत आंशिक शिक्षक सहयोग समूहमा पर्छ । आधारभूत तह कक्षा ४-५ को सामाजिक अध्ययन तथा मानव मूल्य विषयसँग सम्बन्धित स्थानीय विषयवस्तुको शिक्षण सिकाइलाई पाठ्यपुस्तक र सन्दर्भ सामग्री मात्र पर्याप्त हुँदैन । यी विषयका कतिपय विषयवस्तु स्थानीय परिवेश, वातावरण र समुदायसँग सम्बन्धित हुन्छन् । त्यस्ता विषयवस्तुहरूको सिकाइबिना सिकाइले पूर्णता पाउन सक्दैन । त्यसैले विद्यार्थीहरूलाई समुदायको क्षेत्र भ्रमणमा लगी प्रत्यक्षीकरण गराउनुपर्ने हुन्छ । कुनै खास विषयवस्तुको विस्तृत अध्ययन गर्न यस्ता क्षेत्र भ्रमण तथा निरीक्षण भ्रमण गराउनुपर्छ । विद्यार्थीलाई शिक्षकले योजना बनाई सामूहिक रूपमा निरीक्षण भ्रमण तथा क्षेत्र भ्रमणमा लैजानुपर्छ ।

(क) लोगोको अर्थः क्षेत्र भ्रमण

(ख) उद्देश्य



- स्थानीय परिवेशसँग परिचित हुन
- सिकाइलाई स्थानीय सन्दर्भसँग जोडेर व्यावहारिक ज्ञान, सिप र धारणाको विकास गर्न सिकाइलाई पूर्णता दिन
- सामाजिक अध्ययन, विज्ञान, स्वास्थ्य, शारीरिक, सिर्जनात्मक कला विषयसँग सम्बन्धित स्थानीय प्रकृतिक, ऐतिहासिक, धार्मिक, आर्थिक, सांस्कृतिक विषयवस्तुहरूको खोजी गर्न

(ग) सामग्री

- लेन्समा कमिला कार्ड
- कापी, कलम
- आवश्यक प्रश्नावली
- क्यामेरा
- अन्य आवश्यक सामग्री

(घ) सिकाइ क्रियाकलाप

- शिक्षकले लेन्सभित्र कमिला कार्डमा दिइएको विषयवस्तु र निर्देशनअनुसार क्षेत्र भ्रमणको योजना बनाउनुहोस् ।
- उक्त क्षेत्र भ्रमणमा अन्य विषयवस्तु पनि जोड्न सकिन्छ कि भनी योजनामा समावेश गर्नुहोस् ।
- अरू विषयका शिक्षकसँग समन्वय गरी सो क्षेत्र भ्रमणबाट पूरा गर्न सकिने विषयवस्तु पहिचान गरी योजनामा समावेश गर्नुहोस् ।
- क्षेत्र भ्रमणको दिन, समय र गरिने क्रियाकलापका बारेमा प्रधानाध्यापक र विद्यार्थीका अभिभावकलाई पूर्व जानकारी गराउनुहोस् ।
- विद्यार्थीहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा अवलोकन र तथ्याङ्क सङ्कलन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।
- क्षेत्र भ्रमणका क्रममा र भ्रमणबाट फर्किएपछि विद्यार्थीले भ्रमणमा देखेका र अनुभव गरेका कुराहरूका बारेमा प्रश्नोत्तर गर्दै छलफल गर्नुहोस् ।
- विद्यार्थीले सङ्कलन गरेका तथ्य तथ्याङ्कहरूलाई सामूहिक तथा व्यक्तिगत रूपमा सङ्क्षिप्त रूपमा लेख्न, चित्र बनाउन, प्रदर्शन सामग्री बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- राम्रो प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने विद्यार्थीलाई प्रोत्साहित गर्नेर अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

६.८.२२. पपेट

यो लोगोअन्तर्गतका क्रियाकलाप सबलीकरण चरणको आंशिक शिक्षक समूहमा पर्छन् । विभिन्न कथा/कहानीका आधारमा संवाद तयार गरी पपेट बोर्डमा नाटक प्रस्तुत गर्ने क्रियाकलापलाई पपेट क्रियाकलापलाई भनिन्छ । पपेट क्रियाकलापले विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सहयोग गर्दछ ।

(क) लोगोको अर्थ : कठपुतली खेल

(ख) उद्देश्य

- बालबालिकाहरूलाई अभिनयात्मक ढङ्गले कथा भन्न, संवाद र नाटक गर्ने सिप विकास गर्न
- ससाना कथावस्तु तयार गरी पपेट बोर्डमा नाटक प्रस्तुत गर्न

(ग) सामग्रीहरू : पपेट बोर्ड (सेतो पातलो नैनसुत कपडाको बोर्ड) कथामा आधारित विभिन्न चित्रहरू, Stick Puppet / Hand Puppet

(घ) सिकाइ क्रियाकलाप

- एउटा पातलो सेतो नैनसुत कपडाको पपेट बोर्ड तयार गर्नुहोस् । यो बोर्डको पछाडिबाट देखाएको वस्तु अगाडिबाट देख्ने हुनुपर्छ ।
- शिक्षकले विद्यार्थीहरूको सहभागितामा पपेटका लागि कथावस्तु तयार गरिदिनुहोस् ।
- कथावस्तुअनुसारको पात्रहरू छनोट गर्ने र संवाद (dialogue) तयार गरी वितरण गर्नुहोस् ।
- विद्यार्थीहरूलाई कथामा आफूलाई परेको dialogue को अभ्यास गर्न लगाउनुहोस् ।
- सबै विद्यार्थीहरूले तयार गरिसकेपछि कथा/कहानीअनुसार संवाद गर्दै पपेटको पछाडिको भागबाट पालैपालो अभिनयसहित गराउने र अगाडिबाट अरू विद्यार्थीहरूलाई सुन्न र हेर्न लगाउनुहोस् ।
- कठपुतली खेल प्रस्तुत भइरहेका वेला साना तथा नयाँ विद्यार्थीहरूलाई अगाडि बसेर हेर्ने अवसर दिनुहोस् ।
- क्रियाकलापको अन्त्यमा विषयवस्तुमाथि छलफल गराई निष्कर्ष निकाल्नुहोस् ।
- कठपुतली खेलका लागि सुरुमा शिक्षकले सामग्री निर्माण गर्नुहोस् ।
- विस्तारै विद्यार्थीहरूलाई सामग्री निर्माण गर्न विभिन्न कथाहरू निर्माण गरी दिने र सामग्री निर्माण गर्न सहयोग गर्ने गर्नुहोस् ।
- पपेट बोर्ड आवश्यकताअनुसार पटक पटक प्रयोग गर्न सकिने हुनाले बलियो फ्रेम राखी निर्माण गर्नुहोस् ।
- एक पटक निर्माण भएको Stick Puppets आवश्यकता अनुसार पुनः नयाँ कथा/कहानीमा प्रयोग गर्न सकिने हुँदा सुरक्षित तरिकाले राख्नुहोस् ।
- शिक्षण सिकाइमा कक्षा १ देखि ३ सम्मका विद्यार्थी एउटै कक्षामा र ४ र ५ का विद्यार्थीहरू एउटै कक्षामा रहने हुँदा साना विद्यार्थीहरूले ठुला विद्यार्थीबाट सिक्ने अवसर हुँने हुँदा सोहीअनुसार कार्य जिम्मेवारी दिनुहोस् ।

६.९. शारीरिक व्यायाम (P.T) सम्बन्धी शिक्षण निर्देशन

तालिका न. १ : गन्ती १, २ मा दुवै हात अगाडिबाट माथि लाने, गन्ती ३, ४ मा हात दायाँबायाँबाट तल ल्याउने र १६ गन्तीमा दुवै हातलाई क्रस पारी उभिने अभ्यास गराउनुहोस् ।

तालिका न. २ : गन्ती १ मा क्रस पारिएको हातलाई दायाँबायाँ फैलाउँदै घुँडा खुम्च्याउने र सिधा उभिने । गन्ती २ मा दायाँबायाँ भएको हातलाई तल झार्दा कुर्कुच्चाले टेक्ने र फेरि पन्जाले मात्र टेकेर उभिने अभ्यास गराउनुहोस् ।

तालिका न. ३ : गन्ती १, २ मा दुवै क्रस पारिएको हातलाई नखुम्च्याई तलबाट दायाँ बायाँ ल्याएर निधार माथि क्रस पार्ने र फेरि तल ल्याएर हातलाई सिधा दायाँबायाँ फैलाएर राख्ने । गन्ती ३, ४ मा फैलाएर राखेको हातलाई तल पेटनेर ल्याएर हातलाई दायाँबायाँ फैलाएर अगाडि क्रस पारेर राख्ने अभ्यास गराउनुहोस् ।

तालिका न. ४ : गन्ती १ मा क्रस भएको हातलाई दायाँबायाँ लैजाँदा खुट्टालाई बायाँ लैजाने । गन्ती २ मा दुवै हातलाई फेरि तल ल्याएर क्रस गर्ने । गन्ती ३ मा दुवै हातलाई दायाँबायाँबाट माथि अलि पछाडि लैजाने र छातीलाई तन्काउने । गन्ती ४ मा दुवै हातलाई तल ल्याएर क्रस गर्ने ।

अन्त्यमा हातलाई तन्काई सिधा राख्ने अभ्यास गराउनुहोस् । यी विभिन्न व्यायाम गराउनु भन्दा पहिले जिउ तताउने कसरत गराउनुहोस् । विद्यार्थीले नबुझेको क्रियाकलाप शिक्षकले प्रदर्शन गरी देखाउनुहोस् ।

तालिका न. ५ : सुरुमा तालिका न. ४ को अन्तिम स्थितिबाट गन्ती १ मा दायाँ हातलाई बगल मै राखी दायाँतिर कम्मर झुकाएर बायाँ हात टाउको माथिबाट दायाँतिर लाने । यसरी गर्दा दायाँ हात घुँडासम्म सरेर जान्छ र बायाँ हात टाउको माथिबाटै दायाँतिर झुकाइन्छ । गन्ती २ मा सिधा हुने र गन्ती ३, ४ मा फेरि गन्ती १ र २ कै कार्य दोहोऱ्याउन लगाउने । गन्ती ५ मा गन्ती १ को ठिक उल्टो दायाँ हात टाउको माथि उठाई बायाँतिर झुक्न लगाउने । त्यस्तै ६ मा सिधा हुने, ७ मा दोहोऱ्याउन लगाउने र ८ मा सिधा उभिने । यही कार्य पुनः गन्ती १६ सम्म गर्न लगाउनुहोस् ।

तालिका न. ६ : सुरुको अवस्थामा तालिका न. ५ अन्तिम स्थितिमा जस्तै राख्ने । गन्ती १, २ र ३ मा दुवै हात अगाडि तल लागि झुक्ने र गन्ती ४ मा सिधा उभिने । गन्ती ५, ६ र ७ मा दुवै हात कम्मर पछाडि राखी टाउको र शरीरलाई पछाडि झुकाउने र गन्ती ८ मा सिधा हुने । उपर्युक्त कार्यलाई दोहोऱ्याएर गन्ती १६ सम्म गराउनुहोस् ।

तालिका न. ७ : सुरुको अवस्थामा तालिका न. ६ मा जस्तै राख्ने । गन्ती १ मा कम्मर मर्काइ बायाँ घुम्दा दायाँ हात अगाडिबाट बायाँतिर र बायाँ हात पछाडिबाट दायाँतिर घुमाउन लगाउने । गन्ती २ मा सोही अवस्थाबाट दायाँतिर घुम्न लगाउने । त्यसैगरी गन्ती ३ र ४ मा १ र २ कै दोहोऱ्याउन लगाउने । गन्तीमा ५ मा दुवै हात बायाँतिर माथि उठाउन लगाउने र गन्ती ६ मा दुवै हात दायाँतिर तल झार्न लगाउने । गन्ती ७ मा फेरि गन्ती ५ कै कार्य दोहोऱ्याउन लगाउने, गन्ती ८ मा सुरुको अवस्थामा ल्याउन लगाउनुहोस् । गन्ती ९ देखि सोही कार्य उल्टो दिशामा गराउनुहोस् ।

व्यायाम गराउनुभन्दा पहिले जीउ तताउने कसरत गराउनुपर्छ ।

६.१०. गाउँखाने कथाको उत्तरहरू

सिकाइ शिक्षणलाई प्रभावकारी बनाउन र क्रियाकलापका क्रममा मनोरञ्जनपूर्ण तरिकाबाट थप ज्ञान प्रदान गर्ने उद्देश्यले कक्षा १-३ हाम्रो सेरोफेरो र कक्षा ४ र ५ का सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयहरूको पुतली कार्डअन्तर्गत फ्लिपचार्टको प्रश्नहरूको अन्तमा गाउँ खाने कथाका प्रश्नहरू राखिएका छन् । आवश्यकताअनुसार शिक्षकले उत्तरकुञ्जिका हेर्न सक्नुहुने छ ।

कक्षा १-३ पुतली कार्डको उत्तरकुञ्जिका

कार्ड न.	उत्तरहरू	कार्ड न.	उत्तरहरू	कार्ड न.	उत्तरहरू	कार्ड न.	उत्तरहरू
१	अङ्गुर, दाम्लो	११	कपाल	२१	खाल्डो	३१	असिना, खरानी
२	हात्ती	१२	लौरो	२२	चाल्ना, छाया		
३	टोपी	१३	ढिकी	२३	पनिउँ, छाया		
४	अरिङ्गाल	१४	अरिङ्गाल	२४	करेन्ट, सियो धागो		
५	मास	१५	असिना	२५	हात्ती, खरानी		
६	बाँदर	१६	असिना	२६	हुरी		
७	—	१७	अरिङ्गाल	२७	करेन्ट		
८	छाता	१८	कलम	२८	कुकुर		
९	चर्खाले धागो काटेको	१९	चाल्ना	२९	—		
१०	बाँदर	२०	हुरी, चङ्गा	३०	कपाल, मुला		

कक्षा ४ र ५ पुतली कार्डको उत्तरकुञ्जिका

कार्ड न.	उत्तरहरू	कार्ड न.	उत्तरहरू
१	ऐसेलु, दाम्लो	११	दाँत, हलो जोतेको
२	ऐसेलु, दाम्लो	१२	—
३	चिठ्ठी	१३	हुक्का
४	रहर	१४	पिङ
५	लव्सी, आँसु	१५	—
६	बन्चरो, सोफा	१६	—
७	भित्तेपात्रो, भिङ्गा	१७	—
८	जुनकिरी	१८	चस्मा
९	मह, साइकल	१९	—
१०	मौरी		

विद्यार्थीको सिकाइ स्तर निर्धारणका लागि नमुना प्रश्नहरू (कक्षा १)

१. तपाईंको नाम के हो ?
२. तपाईंको परिवारमा को को हुनुहुन्छ ?
३. तपाईंको बुबा र आमाको नाम भन्नुहोस् ।
४. तपाईं घरमा के के काम गर्नुहुन्छ ?
५. हामीहरू के केबाट होसियार हुनुपर्छ ?
६. तपाईंको घर परिवारमा के के सामानहरूको प्रयोग गरिन्छ ?
७. सास फेर्ने र नफेर्ने दुई दुईओटा वस्तुको नाम भन्नुहोस् ।
८. जनावरबाट हामीले के के प्राप्त गर्छौं ?
९. बोटबिरुवाबाट के के पाइन्छन् ?
१०. तपाईंलाई मनपर्ने कुनै एउटा गीत गाउनुहोस् ।
११. पानी सफा राख्न के के गर्नुपर्छ ?
१२. तपाईंको गाउँघरमा खेलिने खेलहरूमध्ये कुनै तीनओटाको नाम भन्नुहोस् ।

विद्यार्थीको सिकाइ स्तर निर्धारणको लागि नमुना प्रश्नहरू (कक्षा २)

१. तपाईंको परिवारमा कस कसले के के काम गर्नुहुन्छ ?
   (क) बुबाले .....
   (ख) आमाले .....
   (ग) दाइले .....
२. तपाईंको छिमेकीहरूले के के काम गर्नुहुन्छ ?
३. हामी कुन कुन कुराबाट होसियार रहनुपर्छ ?
४. पानी सफा राख्न के के गर्नुपर्छ ?
५. हामीले खानेकुरा के के बाट प्राप्त गर्दछौं ?
६. सजीव र निर्जीव वस्तुका कुनै तीन तीनओटा उदाहरण दिनुहोस् ।
७. तपाईंलाई मन पर्ने एउटा गीत लेख्नुहोस् ।
८. तपाईंको गाउँघरमा खेलिने स्थानीय खेलहरूमध्ये कुनै पाँचओटा खेलको नाम लेख्नुहोस् ।

विद्यार्थीको सिकाइ स्तर निर्धारणको लागि नमुना प्रश्नहरू (कक्षा ३)

१. तपाईंको घर कति न. वडामा पर्दछ ?
२. ती वडामा कुन कुन ठाँउ/टोलहरू पर्दछन् ?
३. घरमा आउने मान्यजनहरूलाई तपाईं कसरी सत्कार गर्नुहुन्छ ?
४. तपाईंले आफ्नो घरमा के कस्ता काममा सहयोग गर्नुहुन्छ ?
५. वरपरका वातावरण सफा राख्न के कस्ता कार्य गर्न सक्नुहुन्छ ?
६. रोगबाट बच्न के कस्तो स्वस्थकर बानी अवलम्बन गर्नुपर्छ ?

यी माथिका तरिका उदाहरणका लागि मात्र हुन् । कक्षागत रूपमा स्तर पहिचान गर्नुपर्दा माइलस्टोनमा निर्धारण गरिएको सिकाइ उपलब्धिका आधारमा सामग्री तयार गरी प्रयोग गर्नुपर्छ । विषयगत रूपमा स्तर निर्धारण गर्दा विषयगत माइलस्टोनहरू (चेकलिस्ट) लाई आधार लिन सकिन्छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा तयार भएका सामग्रीहरू र सिकाइ पद्धति माइलस्टोनगत रहेका छन् । यसैका आधारमा बाल बालिकाको स्तर निर्धारण गर्दा बालबालिकाको स्तर कुन माइलस्टोनमा छ र अब कुन माइलस्टोनबाट सिकाइ सुरु गर्ने भन्ने यकिन गर्न सकिन्छ अनि बालबालिकाका सिकाइ गति सुरु हुन्छ । यसरी स्तर निर्धारण गर्दा हरेक बालबालिकाको व्यक्तिगत रूपमा गर्नुपर्छ । यस वेला शिक्षक साथीहरूलाई काम गर्न केही कठिन हुन पनि सक्दछ । यस्तो अवस्थामा शिक्षक साथीले आफूलाई चाहिने सहयोग विद्यालयमा माग्नु पर्छ र आफ्नो कार्यलाई सम्पादन गर्नुपर्छ । जुन दिन बालबालिकाको सिकाइ स्तर परीक्षण हुन्छ सोही दिनमा नै बालबालिकालाई कुन माइलस्टोनबाट सुरु गर्ने भन्ने यकिन गरी दैनिक सिकाइ अभिलेख फाराममा उल्लेख गर्नुपर्छ र यसैअनुसार बालबालिकाको कक्षा सुरु हुन्छ । यसरी सिकाइ सुरु गर्नाले बालबालिकाको सिकाइ ग्रहण गर्ने क्षमता पहिचान हुन्छ । सिकाइमा दिगोपना आउँछ । यद्यपि सेरो फेरो विषयको अधिकांश सिकाइ क्रियाकलाप सामूहिक रूपमा नै हुने हुँदा यस विषयअन्तर्गत विद्यार्थीको सिकाइ स्तर निर्धारणलाई अनिवार्य रूपमा लिइएको छैन । तर कुनै विद्यार्थी शैक्षिक सत्रको बिचमा भर्ना हुन आएमा वा लामो समयको अनुपस्थितपछि विद्यालय आएको अवस्थामा भने स्तर निर्धारण गर्नु आवश्यक हुन्छ ।

६.११. ट्रे वा किट वक्समा टाँस गर्ने लोगोहरू








		
		
		

Checklist and Learning ladder

विषय : हाम्रो सेरोफेरो, कक्षा १-३ एकीकृत पाठ्यक्रमका आधारमा निर्मित बहुकक्षा बहुस्तर शिक्षण सिकाई सामग्रीको रुजुसूची (Checklist)

थिम	माइलस्टोन नं.	माइलस्टोन	मेरो -परिवार)	पाण्डा -बालगीत)	पटवाङ्ग -कथा)	पुतली -कहानी)	किताब -पठन अभ्यास)	माछा -अभ्यास)	पेन्सिल -चित्रकला)	बोतल -अभिनय)	गइरहेका -प्रयोगात्मक)	रुख -खेल)	गगलैपी -कोलाज र मोजाक)	जोकर -मौज र खुसी अभिनय)	माटोको भाँडो -माटोको काम)	हात -कलाय कार्य)	व्यायाम (P.T.) -शारीरिक व्यायाम)	प्लेट मा	मादल -नृत्य र सङ्गीत)	गाईको किरा/पुतोट मो -भाषाकी	रेडियम -मूल्याङ्कन)	घण्टा -परीक्षा)	जम्मा कार्ड	कार्यघाटा	मुख्य सिकाइ उपलब्धि	सिकाइ उपलब्धिहरू (कक्षा १)	मुख्य सिकाइ उपलब्धि	सिकाइ उपलब्धिहरू (कक्षा २)	मुख्य सिकाइ उपलब्धि	सिकाइ उपलब्धिहरू (कक्षा ३)	व्यवहार हुकुलिस
म र मेरा परिवार -४०)	१	म र मेरो परिवार	-	१-५	१-२	१	१	१-३	१	१-२	-	१-२	-	१-१२	-	-	-	-	१	१	१-३	-	३४	८	आफू र आफ्नो परिवारको परिचय दिन	- आफ्नो नाम, ठेगाना र पहिरन बताउन - आफ्नो परिवारको सदस्यहरुको नाम र नाता बताउन - परिवारका सदस्यहरूलाई उपयुक्त अभिवादन गन - आफूभन्दा सानालाई माया जर्ने - समूहमा साधारण बालगीतमा लय मिलाई खुट्टा चाल्न र शरिर हल्लाउन - मोटा, मसिना, सिधा रेखा कोर्ने	आफ्नो परिवारप्रति सकारात्मक व्यवहार प्रदर्शन जर्ने	- आफ्नो कक्षामा पहले साथीहरूको घर ठेगाना बताउन - छरछिमेकीको आदर, सत्कार जर्ने - आफ्नो परिवारका सदस्यहरुले लगाउने पहिरनको नाम बताउन - घरपरिवारका सदस्यहरूसँग सहयोग लिन र दिन - ज्यामितीय आकारमा आधारित विभिन्न आकृतिहरू बनाउन	परिवार र नातेदारबीच असल सम्बन्ध स्थापना गर्ने	- आफू बसेको वडाको सामान्य परिचय दिन - नातेदार र पाहुनाहरूको सत्कार जर्ने - आफ्नो र परिवारका सदस्यहरूको नातासम्बन्ध बुझ्न - आफ्ना पारिवारिक पृष्ठभूमि बताउन (पुर्खा, पुस्तागत) - गोलो, ध्याप्टो, बाटुलो र लाम्चो आकारलाई जोडेर विभिन्न प्रकारका आकृति बनाउन	S 1.2 S 1.5 S 2.6 S 2.7 S 3.1 S 3.2 S 3.3
	२	हाम्रा काम	१	६, ७	३-५	२-३	२	४-५	-	३-९	-	-	-	१३-१८	-	-	-	-	२	-	४-५	-	२७	८	आफ्नो परिवारका सदस्यले जर्ने काम बताउन	- आफ्नो परिवारका सदस्यहरूले जर्ने मुख्यमुख्य काम बताउन - समूहमा साधारण बालगीतमा लय मिलाई शरीर हल्लाउन - पेन्सिल, चक ,प्रेस्टल वा खरीको प्रयोग जरी मोटा, मसिना, बाङ्गा गाटिङ्गा रेखा कोर्ने	आफ्नो परिवारका सदस्यको काम बताउन	- आफू र आफ्नो परिवारका सदस्यहरूको काम (पेसा) र उमेर बताउन - परिवारका सदस्यहरू बिरामी परेको अवस्थामा स्वास्थ्य सेवा लिन - परिवारका सदस्यहरू बिरामी पर्दा सहयोग जर्ने - सिकेका जानेका गीतमा खुट्टा र हातको चाल मिलाई हाउभाउ सहित नृत्य जर्ने	आफ्नो परिवार र समुदायको काममा सहयोग र सम्मान जर्ने	- परिवारको काममा आफूले सकेको सहयोग जर्ने - आफूले सिकेका जीवहरूलाई ताल र भाव मिलाई समूहमा साधारण नृत्य जर्ने - समुदायका विभिन्न व्यक्तिहरूले जर्ने श्रमको पहिचान जर्ने र सम्मान जर्ने - समुदायको काममा आफुले सकेको सहयोग जर्ने	S 1.3 S 3.3 S 5.7
	३	हाम्रा खानेकुरा	२-३	८-११	६-७	४	३	६-७	२	१०	१-३	३	-	१९-३६	-	-	-	-	-	२	६-८	-	४०	८	सफा र ताजा खानेकुरा खाने बानी बसाल्न	- आफूले खाने खानेकुराका नाम बताउन - स्थानीय स्तरमा पाइने सफा र ताजा खानेकुरा खाने बानी बसाल्न - खानेकुरा सफा राख्न - स्थानीय स्तरमा पाइने सफा र ताजा खानेकुरा खाने बानी बसाल्न - समूहमा साधारण बालगीतमा लय मिलाई खुट्टा चाल्न र शरीर हल्लाउन - मोटा, मसिना, सिधा र बाङ्गाटिङ्गा रेखा कोर्ने	सफा र ताजा खानेकुरा खाने बानी बसाल्न	- घर र आफ्नो वरपर पाइने खानेकुराको पहिचान र उपयोग जर्ने - रैथाने खानेकुराहरू पहिचान जरी सुरी तयार पार्ने - स्थानीय स्तरमा पाइने हरियो सागपात र पहेंला फलफूल खाने बानी बसाल्न	सफा र ताजा खानेकुरा खाने बानी बसाल्न	- विभिन्न प्रकारका खानेकुराको स्रोत पहिचान, वर्गीकरण र प्रयोग जर्ने - आफ्नो शारीरिक स्वास्थ्यप्रति सचेत रहन - साकाहारी र मांसाहारी पौष्टिक खानेकुराको पहिचान र प्रयोग जर्ने	S 1.1 S 1.5
	४	खेल खेलौं	४	१२	८	५	४	८	-	-	-	४-८	१	३७-४२	-	-	-	-	-	-	९		१९	८	आफ्नो खेलौनाको प्रयोग जरी खेल खेल्ने अभ्यास गर्ने	- आफ्नो खेलौना बताउन र घरमा भएका खेलौनाहरू प्रयोग जरी खेल खेल्न - साथीसँग रमाइलो गर्दै स्थानीय खेल खेल्न - लाइनमा मिलेर हिड्न बानी विकास गर्ने - शिक्षकको निर्देशन अनुसारका विभिन्न कथामा आधारित खेलहरू खेल्न	खेलौनाको प्रयोग जरी वा नगरी खेल खेल्ने अभ्यास गर्ने	- परिवारका सदस्यहरूसँग खेलौना र स्थानीय सामग्रीहरू प्रयोग जरी खेल्न - शरीर तताउने सामान्य कसरत गर्ने - जोडी जोडी बनाएर चारै दिशामा हिड्न - निश्चित दिशामा हाँक्न गर्ने - निश्चित स्थानमा टेनिक्वट (रबर रिङ) फ्याँक्ना - शिक्षक र समूह नेताको निर्देशनअनुसार कथाहरूमा आधारित खेलहरू खेल्न	विभिन्न खेल खेल्ने अभ्यास गर्ने	- हात समाइ लखेटेर खेलिने खेलहरू खेल्न - छोटो दुरी हिड्न र ससाना उद्याह नाच्न - विभिन्न तरिकाले हप गर्ने - साइड स्किपिङ र घुमेको डोरीमा स्किपिङ गर्ने - सानो तौलका वलहरू निश्चित दिशामा फ्याँक्ना - तौंती र पछुत्तिमा ठिकरांग उभिन - सामूहिक रूपमा कदम मिलाएर हिड्न - पाठ्यपुस्तकमा भएका कथा वस्तुहरूलाई सरल किसिमले अभिनय गर्ने - आफू समूह र शिक्षक निर्मित कथाहरूमा आधारित खेलहरू खेल्न	S 1.5 S 2.5
	५	हाम्रा सामान	५	१३-१४	९	६	५	९	३	११-१२	४-५	९	-	४३-४४	-	-	-	१	-	-	१०	१	१४	८	घरायसी सामानको जतनकासाथ उपयोग गर्ने	- आफ्नो घरमा भएका सरसामानहरूको नाम बताउन र जतन गर्ने - आफ्नो घरमा भएका सरसामानहरू उपयुक्त स्थानमा राख्न - साधारण उपकरणको अवलोकन गर्ने र आवश्यकताअनुसार मापनका लागि प्रयोग गर्ने - मोटा, मसिना, सिधा रेखा र बाङ्गोटिङ्गो रेखा कोर्ने	सिकाइ र सरसफाइका लागि सरसामानहरू प्रयोग गर्ने	- घरायसी दैनिक प्रयोगका सरसामानहरूको नाम बताउन र हिफाजतसाथ प्रयोग गर्ने - व्यक्तिगत सरसफाइमा प्रयोग हुने सामग्रीहरूको पहिचान र प्रयोग गर्ने - साधारण उपकरणको अवलोकन गर्ने, आवश्यकताअनुसार मापनका लागि प्रयोग गर्ने र तुलना गर्ने - दैनिक जीवनमा प्रयोग हुने सरसमानको सामान्य रेखाङ्कन गर्ने	सिकाइ लागि सरसामानहरू प्रयोग गर्ने	- साधारण उपकरणको आवश्यकताअनुसार मापनका लागि प्रयोग गर्ने, परीक्षण गर्ने र निष्कर्ष दिन - दैनिक जीवनमा प्रयोग हुने सरसमानको रेखाङ्कन गर्ने	S 1.1 S 2.7 S 4.4
मेरो दैनिक जिवन	६	शारीरिक क्रियाकलाप	-	-	१०	७	६	१०	-	-	-	१०-१३	-	-	-	-	-	१	-	-	११		१०	२०	आधारभूत शारीरिक क्रियाकलाप गर्ने	- शिक्षकको निर्देशनमा आधारभूत योग गर्ने (सुखासन, शिशु आसन र सवासन) - शरीरलाई विभिन्न दिशामा तन्काउन र भुक्काउन - भकुन्डो गुडाउने र समाउने अभ्यास गर्ने - ठिक तरिकाले हिड्न, उभिन, बस्न र सुत्न र सिधा रेखामा दौडन - आफ्नो इच्छाअनुसार स्वतन्त्र रूपमा चित्र कोर्ने - सिधा र बाँगोटिङ्गो रेखामा ताल मिलाएर हिड्न - विविध दिशामा ताल मिलाएर शरीर घुमाउन र बटार्ने	आधारभूत शारीरिक क्रियाकलाप गर्ने	- शिक्षक र समूह नेताको निर्देशनमा आधारभूत योग -भुजंगासन, पदमासन, ताडासन, अर्धचन्द्रासन) गर्ने - भकुन्डो भुर्दैमा उफार्ने, फाल्ने र समाउन - कुर्कुच्चा र पञ्जाले हिड्ने अभ्यास गर्ने - ठाडो वस्तुमा चढ्ने भर्ने र वारमा झुन्डिने अभ्यास गर्ने – खेर जाने वस्तुहरुको प्रयोग जरी राम्रा आकृती बनाउन	आधारभूत शारीरिक क्रियाकलाप गर्ने	- शिक्षक र समूह नेताको निर्देशनमा आधारभूत योग -भुजंगासन, पदमासन, ताडासन, अर्धचन्द्रासन) गर्ने - भकुन्डो भुर्दैमा उफार्ने, फाल्ने र समाउन - कुर्कुच्चा र पञ्जाले हिड्ने अभ्यास गर्ने - ठाडो वस्तुमा चढ्ने भर्ने र वारमा झुन्डिने अभ्यास गर्ने – खेर जाने वस्तुहरुको प्रयोग जरी राम्रा आकृती बनाउन	S 1.3 S 1.5
	७	राम्रा बानी	-	१५-१७	११-१२	८	७	११-१२	४	१३	६-७	१४-१५	२	५५-६९	-	-	-	-	-	-	१२-१३		३३	१०	स्वस्थकर र सुरक्षित बानी बसाल्न	- शरीरका बाहिरी अङ्गहरूको पहिचान र सरसफाइ गर्ने - हात धोएर खाने बानी बसाल्न - घर्पीमा दिशापिसाब गर्ने बानी बसाल्न - सफा र सुरक्षित पानी पिउने बानी बसाल्न - आफ्नो वरपर उपलब्ध सामग्रीहरूबाट बनाइएका रङहरू प्रयोग गरी आँखा वा हेर्दाखाले कागजमा स्वतन्त्र रूपले चित्र बनाउन	स्वस्थकर र सुरक्षित बानी बसाल्न	- खोक्दा, हाछिउँ गर्दा नाकमुख छोप्न र जथाभावी नखुक्न - शरीरका विभिन्न अङ्गहरुलाई सफा गर्ने - शरीरमा पानीको मात्रा सन्तुलन गर्ने समय समयमा पानी पिउन - पिउने पानी सुरक्षित राख्ने तरिका पहिचान गर्ने - ठिक तरिकाले हिंड्न, उभिन, बस्न र सुत्न - रङहरू चिन्न र चिनाई मिश्रण गर्ने	स्वस्थकर र सुरक्षित बानी बसाल्न	- शरीरका अङ्गहरू सफा राख्ने बानीको विकास गर्ने - घर्पी तथा धारा र वरपरको वातावरण सफा राख्न - पिउने पानी सुरक्षित राख्न - रोज लाउनबाट बस्न र स्वस्थकर बानी अवलम्बन गर्ने - शरीरका लागि आराम,निद्रा र व्यायामको सन्तुलन मिलाउन - मनपर्ने विषयमा चित्र बनाउन	S 1.3 S 5.4
	८	शक्ति	६	१८	१३	९	८-९	१३ -१४	-	-	८ -१०	१६	-	-	-	-	-	-	३	१४	२	१५	१०	दैनिक जीवनमा प्रयोग हुने शक्तिका स्रोत पहिचान	- दैनिक जीवनमा विद्युत्को उपयोग उल्लेख गर्ने - घरमा खाना पकाउन प्रयोग गरिने इन्धनको नाम बताउन - विभिन्न प्रकारका ध्वनिहरू पहिचान गर्ने र तिनीहरूका स्रोत बताउन - वस्तु देख्न प्रकाश आवश्यक पर्ने तथ्य बताउन र प्रकाशका मुख्य स्रोत पहिचान गर्ने	शक्तिका स्रोतहरूको परिचय र दैनिक जीवनमाप्रयोग गर्ने	- दैनिक जीवनमा प्रयोग हुने प्रकाशका स्रोतहरू पहिचान गर्ने - दैनिक जीवनमा प्रयोग हुने तापका स्रोतहरू पहिचान गर्ने - विद्युत्को घरायसी प्रयोग बताउन - चुम्बकको प्रयोग जरी छिड्का वस्तुहरु मध्य चुम्बकले तान्ने वस्तु छुट्याउन - विद्युत्का प्रमुख स्रोतहरू पहिचान गर्ने र विद्युत्को घरायसी प्रयोग बताउन । - चुम्बकलाई शक्तिका रूपमा पहिचान गर्ने - विभिन्न प्रकारका ध्वनिहरू पहिचान जरी वसका स्रोतहरू खोजी गर्ने	शक्तिका स्रोतहरूको मितव्ययी उपयोग र संरक्षण गर्ने	- दैनिक जीवनमा विद्युत्को उपयोगीता उल्लेख गर्ने - विद्युत्को प्रयोगमा सावधानी अपनाउन - चुम्बकको प्रयोग जरी चुम्बकीय र अचुम्बकीय पदार्थ छुट्याउन - ध्वनि प्रदूषण र मानव जीवनमा यसको असर सम्बन्धमा सचेत हुन	S 1.2 S 3.4
हाम्रो समुदाय	९	मेलमिलाप	-	१९-२१	१४-१५	१०	१०	१५	-	१४-१५	-	१७-२२	३	-	-	१-२	-	-	-	-	१५-१६		२१	१३	सहयोगात्मक भावनाको विकास गर्ने	- आफ्ना दौतरीहरू र परिवारमा आपसी मेलमिलाप, सहयोग र सहकार्य गर्ने - साथी र परिवारमा आपसी सहयोग लिन र दिन तथा सहकार्य गर्ने - धारा, शौचालय आदिको प्रयोगको क्रममा पालो पर्खिन - साथीसँग रमाइलो गर्दै खेल -घेरामा खेलिने खेल, समूहमा खेलिने खेल) खेल्न - पात, रुखका बोक्रा, सिक्का, कपडा आदिलाई घोटेर विभिन्न टेक्सचर छपाइ गर्ने र प्रदर्शन गर्ने	सहयोग र सम्मानको व्यवहार प्रदर्शन गर्ने	- आआफ्नो गाउँटोलमा सामाजिक काम गर्ने व्यक्तिहरूको नाम बताउन - छरछिमेकमा आपसी सहयोग लिन र दिन - सार्वजनिक स्थल र साधनहरू उपयोग गर्दा पछुत्तिमा पालो पर्खन र अरूलाई पालो दिन - निर्धारित स्थानमा खेलिने साधारण खेलहरू खेल्न (साधारण लखेटाइ, कुकुर फुस्के आदि) - साथीहरूसँग स्किपिङ खेल्न - रेल, कार्टुन, कागज पुतोल गरेर विभिन्न आकारहरू छाप्न	सहयोग र सम्मानको व्यवहार प्रदर्शन गर्ने	- छरछिमेकको काममा आफूले सकेको सहयोग गर्ने - आफ्नो वडाका सामाजिक काममा सहभागी हुन र समाजसेवीहरूको सम्मान गर्ने - जेष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मान र सहयोग गर्ने - धरपरिवार र साथीसाथीमा समझदारी कायम गर्नका लागि आफ्नो भूमिका निर्वाह गर्ने - बालअधिकारप्रति सचेत रहन - स्थानीय खेलहरूको पहिचान, प्रदर्शन र सामूहिक रूपमा प्रतिस्पर्धा गर्ने - मनपर्ने विषयमा चित्र बनाउन र रङ भर्ने	S 3.2 S 3.3 S 5.1
	१०	सन्चो विसन्चो	७	२२	१६	११	११	१६-१७	५	१६	११	२३-२४	-	-	-	१	-	-	४	१७		१५	१२	स्वास्थ्यप्रति सचेत हुन	- आफूलाई सन्चो नभएको कुरा परिवार, साथी र शिक्षकलाई बताउन - बिरामीपर्दा उपचार गर्न जाने स्वास्थ्य संस्थाहरूको नाम भन्न - आफू बिरामीपर्दा परिवार, साथी र शिक्षकको सहयोग लिन - सर्ने रोगहरूको नाम बताउन - विविध दिशामा मुख्याभै पल्टने अभ्यास गर्ने	स्वास्थ्यप्रति सचेत भई व्यवहारमा अवलम्बन गर्ने	- सर्ने र नसर्ने रोगहरूको नाम बताउन - रोग सर्ने माध्यमहरु बताउन - स्वास्थ्य सेवा दिने स्थानीय संस्थाहरूको छोटो परिचय दिन - बिरामी हुँदा स्वास्थ्य सेवा लिन - बिरामी, अशक्त र असहाय व्यक्तिलाई स्वास्थ्य सेवाका लागि सहयोग गर्ने - स्वतन्त्ररूपमा अगाडि र पाछाडि पल्टने अभ्यास गर्ने	स्वास्थ्यप्रति सचेत भई व्यवहारमा अवलम्बन गर्ने	- नसर्ने रोगका सामान्य कारक तत्वहरू बताउन - बिरामी हुँदा स्वास्थ्य सेवा लिन र अरूलाई स्वास्थसेवा लिनका लागि उत्प्रेरित गर्ने - खोपको आवश्यकता र महफव बताउन - धुमपान र मद्यपानको प्रयोगले परिवार र समुदायमा पर्ने असर बताउन - धुमपान र मद्यपानबाट टाढा रहन - निश्चित्त दिशामा भाला -टर्बो ज्यावलिन) फ्याँक्ना	S 2.1 S 2.7 S 3.1
	११	जनावर	८-१२	२३-२४	१७	१२-१३	१२	१८-१९	-	-	-	२५-२६	-	७०-८१	-	-	-	-	-	५	१८-२२	३	३३	१५	आफ्ना वरपरका जनावरहरू पहिचान गर्ने	- वरपरका जनावरहरू पहिचानगर्ने - जनावरहरूको खानाचिन्न र नामबताउन - जनावरहरूबावच्याचिन्न र तिनीहरूकानामबताउन - जनावरहरूको हेरचाहमा सबको सहयोग गर्ने - आफनो वरिपरि रहेका पशुपन्छीहरूको क्रियाकलापको अवलोकन गरी चित्रको अभिनयगर्ने	जनावरको वर्गीकरण र जीवहरूसँगको अन्तरनिर्भरता सम्बन्धमा जानकार हुन	- वरपरका जमिन र पानीमा बस्ने जनावरहरू चिन्न - जनावरलाई घरपालुवा र जङ्गली समूहमा वर्गीकरण गर्ने - जनावरहरूको खाना चिन्न र खाने तरिका बताउन - जनावर र बिरुवाहरूबाट पाउने खानेकुराको नाम बताउन - आफ्ना वरिपरि पाइने पशुपन्छीको हिंड्ाइ र उफ्राइ र बोलीको नक्कल गर्ने	जीवहरूसँगको अन्तरनिर्भरता र तिनीहरूको अनुकूलता सम्बन्धमा सुसूचित हुन	- जमिन र पानीमा बस्ने वरपरका जनावरका बाहिरी अङ्गहरू चिन्न र उपयोगीता बताउन - वरपरका जनावरहरूको खाना खान सधाउने अङ्गहरू चिन्न - विभिन्न मौसम र समयमा देखिने जनावरहरू चिन्न र तिनीहरूको सूची तयार गर्ने - माछिसले जनावर र बिरुवाहरूबाट पाउने फाइदा -खाना र लुगा) बताउन - आफ्ना वरिपरि पाइने पशुपन्छीको हिंड्ाइ र उफ्राइ र बोलीको नक्कल गर्ने	S 1.3 S 5.4
मेरो विद्यालय	१२	मेरो विद्यालय	१३	२५	१८	१४	१३	२०-२१	-	-	-	२७-२८	४	-	-	३	२-३	-	-	६	२३-२४		१६	१५	विद्यालयमा जरिने क्रियाकलापमा सचेतता अपनाउन	- आफ्नो विद्यालयको नाम ठेगाना बताउन - आफना साथीहरू र कक्षा शिक्षकको नाम बताउन - विद्यालयमा भएका सरसामानहरूको नाम बताउन - शरीर तताउने सामान्य कसरत गर्ने - पी.टी. तालिका नं. १ देखि ३ सम्मका कसरतहरू ताल मिलाएर गर्ने - प्राकृतिक वस्तुहरू टाँसेर सरल आकृतिहरूको संयोजन गर्ने	शारीरिक कसरत, व्यायाम र खेलका सिप हासिल गर्ने	- विद्यालयको कक्षाकोठा सरसफाइ गर्ने - विद्यालयमा प्रयोग गरिने सामानको पहिचान गर्ने र जतन गर्ने - बगैंचाको निर्माणमा सहयोग गर्ने - सतर्क, जोडाफाट र विश्राम जस्ता कार्यहरू गर्ने र लाइनमा अगाडि हिड्न - पी.टी. (तालिका नं. १ देखि ५ सम्मका) कसरतहरू ताल मिलाएर गर्ने - २५ मिटरसम्मको दुरी दौडन - छापिएका चित्रहरूलाई काटेर वा च्यातेर टाँसी आफूलाई मनपर्ने आकार वा आकृति बनाउन - च्यातेका वा काटेका कागजका टुक्राहरूलाई संयोजन जरी नमुना तयार गर्ने	शारीरिक कसरत, व्यायाम र खेलका सिप हासिल गर्ने	- विद्यालयको हाताको सरसफाइ कार्यक्रममा सहभागी हुन - विद्यालयमा भएको खेल सामग्री, पुस्तकालय तथा बुक कर्नरमा भएका सामानको जतन साथ प्रयोग गर्ने - विद्यालयमा निश्चित समयमा गरिने क्रियाकलापहरू बताउन जस्तैः अभिभावक दिवस, वार्षिक उत्सव, आदि - पी.टी.तालिका नं. १ देखि ७ सम्मका ताल मिलाएर कसरतहरू गर्ने - ५० मिटरसम्मको दुरी दौडन - विभिन्न किसिमका कागजलाई काटेर/च्यातेर टाँसी आफूलाई मन पर्ने आकृति बनाउन - च्यातेका/काटेका कागजका टुक्राहरूलाई रुकमाथि अर्को टाँस्दै चित्र संयोजन गर्ने	S 2.3 S 3.5 S 5.6

विषय : हाम्री सेरोफेरो, कक्षा १-३ अफ्रीकेली आप्रारम्मा लागिर्न वहुकक्षा वहुस्तर शिक्षाप्र सिकाइ सामग्रीको अनुसूची (Checklist)

| विषय | ऋतुको अवलोकन र वर्णन | मानवसर्जित वस्तुहरू | जनावरको हेरचाह | खेती र उत्पादन | पानी र जीवन | हाम्रो वरपरका पेशाहरू | हाम्रो शरीर | हाम्रो परिवार | हाम्रो विद्यालय | हाम्रो समुदाय | हाम्रो गाउँ/नगर | हाम्रो जिल्ला | हाम्रो प्रदेश | हाम्रो देश | हाम्रो छिमेकी देशहरू | हाम्रो पृथ्वी | हाम्रो सौर्यमण्डल | हाम्रो ब्रह्माण्ड | जम्मा पाठ | पाठ सङ्ख्या | पहिलो सेमेस्टर | दोस्रो सेमेस्टर | पाठ्यक्रम | पाठ्यपुस्तक | पाठ्यसामग्री

सिकाइ सिँढी (Learning Ladder)



तपाईंहरूलाई बधाइ छ !















हाम्रो सेरोफेरो कक्षा १-३ (एकीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित) बहुकक्षा बहुस्तरका लागि निर्मित

सिकाइ सिँढी (Learning Ladder)



विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा **कक्षा : ४ र ५**

पाठ्यक्रमका आधारमा निर्मित बहुकक्षा बहुस्तर शिक्षण सिकाई सामग्रीको रुजुसूची (Checklist)

विषयवस्तुको क्षेत्र	माइलस्टोन नं.	माइलस्टोन	मौरी (सर्वेक्षण)	पाण्डा (बालगीत)	फट्याङ्ग्रा (कथा)	पुतली (छलफल)	किताब (पठन अभ्यास)	माकुरा (अभ्यास)	बाँदर (अभिनय)	जोकर (मौन र ध्वनी अभिनय)	डल्फिन (खेल)	लेदीवस्त्र मूल्याङ्कन	पेन्सिल (चित्र कोर्ने)	फूल (प्रदर्शन)	लेन्समा कमिला (क्षेत्र भ्रमण)	गाइनेकिरा (परियोजना कार्य)	पपेट सो	चस्मा (परीक्षा)	जम्मा काई	सिकाइ उपलब्धिहरु (कक्षा ४)	सिकाइ उपलब्धिहरु (कक्षा ५)
		विद्यार्थीकलापको प्रकृती	C	C	C	C	I	I	C	C	C	I	I	I	C	I	C	I			
१. हामी र हाम्रो समुदाय (२०)	१	हाम्रा छिमेकी		१	१	१	१,२	१,२,३	१			१,२					१		१२	१. निकट छिमेकीहरुको सम्बन्ध पहिचान गरी सहयोग आदानप्रदान गर्न २. आफ्ना छिमेकीहरुसँग उचित व्यवहार गर्न	१. समुदायको विकासका लागि सञ्चालित सामुदायिक कार्यहरु पहिचान गरी तिनीहरुको महत्व बताउन २. आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक कार्यहरुमा सहयोग गर्न र सहभागी हुन् ।
	२	हाम्रो पेशा	१,२	२,३	२ (क,ख)	२	३ (क,ख)	४,५	२	१-१२	१,२	३					२	१	२७	३. आफ्ना छिमेकीहरुको काम एवम् पेसा बताउन र सम्मान गर्न ४. विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामाग्रीहरुको पहिचान र सुरक्षित प्रयोग गरी तिनीहरुको हिफाजत गर्न	४. समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसायहरु पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गर्न र सम्मान गर्न
२. हामा मानव मूल्य मान्यता (२६)	३	आदार सम्मान		४,५	३	३	४ (क,ख) ५	६,७	३		३	४,५							१२	५. मान्यजनको सम्मान गरी उनीहरुबाट प्रेरणा प्राप्त गर्न ६. असल बानी बसाल्न र व्यवहार गर्न	५. स्थानीय परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरुको पहिचान गर्न ८. अनुशासन तथा असल आचरण पालना गर्न
	४	हाम्रो समुदाय	३	६,७,८	४	४,५	६,७	८, ९, १०	४		४	६,७				१			१७	७. आफ्नो समुदायका विभिन्न भाषा, वेषभूषा, रहनसहन र चाडपर्वको पहिचान र सम्मान गर्न ८. आफ्नो जन्मस्थानको महत्व बोध गरी अपनत्व प्रदर्शन गर्न	६ स्थानीय भाषा, वेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरुको परिचय दिई महत्व पहिचान गर्न ७. आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी
	५	राष्ट्रिय विभूती		९, १०	५ (क,ख) ६ (क-ग)	६	८ (क,ख)	११, १२, १३			५	८	१					२	१२	९. राष्ट्रिय विभुतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न	९. राष्ट्रिय विभुतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न
३. नागरिक चेतना, कर्तव्य र अधिकार (२४)	६	हाम्रा सम्पदाहरु	४	११	७	७	९ (क,ख) १० (क,ख)	१४, १५		१३-२४	६,७	९,१०			१	२, ३, ४			२७	१०. स्थानीय क्षेत्रका सार्वजनिक सम्पदाहरुको पहिचान गरी तिनीहरुको उचित उपयोग र संरक्षणमा सहभागी हुन	१०. प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनका लागि
	७	नियमको पालना गरौं		१२, १३	८	८	११ (क,ख)	१६, १७	५		८	११, १२				५			१२	११. व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता बताउन र सुरक्षाका उपायहरु अपनाउन	११. परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरुको पालना गर्न १२. सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन
	८	कर्तव्य र अधिकार		१४, १५, १६	९	९	१२	१८, १९, २०	६		९	१३				६		३	१४	१२. आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न १३. आफ्नो समुदायमा भएका विभिन्न व्यक्तिहरुसँग समान व्यवहार गर्न १४. स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरुको पहिचान र उपयोग गर्न	१३. साथीहरुविच हुने सानातिना विवादको समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने कार्यमा सहयोग गर्न १४. व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरुको पहिचान गर्न
४. सामाजिक समस्या र समाधान (२०)	९	असल समाज		१७	१०	१०	१३ (क,ख)	२१	७			१४							९	१५. असल समाजको निर्माणमा सहयोग गर्न	१५. असल समाजको निर्माणमा सहयोग गर्न
	१०	सामाजिक समस्या	५	१८	११,१२	११	१४ (क,ख) १५	२२, २३, २४, २५, २६	८		१०	१५, १६				७		४ (क,ख)	१८	१६. सामाजिक समस्याहरुको पहिचान गर्न र माधानका उपायहरु बताउन १७. सामाजिक समस्या समाधानमा स्थानीय टोल/समुदाय स्तरमा भएका सङ्घसंस्थाहरुको योगदान बताउन	१६. मादक पदार्थ सेवनबाट हुने असर बताउन र सचेत रहन १७. समाजमा चोरी, डकैती जस्ता घटनाबाट सुरक्षित रहन १८. सामाजिक समस्या समाधान गर्ने कार्यमा संलग्न सङ्घसंस्थाहरुको योगदान बताउन
५. हाम्रो विगत (१८)	११	हाम्रो गौरब	६,७	१९	१३	१२	१६, १७, १८	२७, २८	९		११	१७, १८						५	१५	१८. आफ्नो परिवार र छिमेकीको विगत बताउन १९. आफ्नो गाउँ ठाउँको नाम र सो नाम रहनुको कारण बताउन २०. आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरुको भूमिका बताउन २१. आफ्ना पुर्खाको योगदानको पहिचान र सम्मान गर्न	१९. आफू रहेको समुदायको विगत र वर्तमान बताउन २०. आफ्नो समुदायमा भएका ऐतिहासिक वस्तुहरुको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन् २१. नेपाल शब्दको उत्पतिसम्मन्धी विभिन्न किंवदन्तीहरु बताउन
६. हाम्रो आर्थिक क्रियाकलाप (२६)	१२	श्रमको सम्मान गरौं	८	२०	१४ (क,ख)	१३	१९	२९, ३०, ३१	१०		१२	१९, २०				८	३		१४	२२. आफ्नो समुदायका मानिसहरुले गर्ने कामको पहिचान गरी सम्मान गर्न ।	२२. आफ्नो समुदाय र क्षेत्रका मानिसले गर्ने श्रम/कामको सम्मान र सहयोग गर्न
	१३	हाम्रा उत्पादन र बजार	९, १०	२१, २२	१५	१४, १५	२० २१ (क,ख) २२	३२, ३३	११		१३	२१				९, १०	४	६ (क,ख)	१९	२३. आफ्नो स्थानीय क्षेत्रमा उत्पादित तथा निर्मित वस्तुहरुको पहिचान र उपयोग गर्न २४. समुदायमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी विवरण प्रस्तुत गर्न २५. दैनिक जीवनमा. वस्तुहरुको उपयोगमा मितव्ययिता अपनाउन २६. स्थानीय हाटबजार/बजारमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी महत्व बताउन	२३. आफ्नो स्थानीय तहभित्रका आर्थिक क्रियाकलापको पहिचान गर्न र महत्व बताउन २४. स्थानीय समुदायमा उत्पादन हुने वस्तुहरुको सुची तयार गर्न र बिक्री गर्ने बजारको नाम उल्लेख गर्न २५. हाम्रो देशका प्रमुख आर्थिक क्रियाकलाप उल्लेख गर्न २६. स्वदेशमा उत्पादित तथा निर्मित वस्तुहरुको उपयोग प्रति सचेत रहन
७. हाम्रो पृथ्वी (२६)	१४	हामी बसेको स्थानर हामी कहाँ छौं		२३	१६	१६	२३ (क,ख) २४ (क,ख)	३४, ३५	१२		१४	२२				११			११	२७. हाम्रो पृथ्वीको सामान्य परिचय दिन २८. पृथ्वीबाट हामीले प्राप्त गर्ने विभिन्न साधन स्रोतको पहिचान गर्न	२७. सौर्यमण्डल, ग्रह र उपग्रहको सामान्य परिचय दिन २८. पृथ्वीको बनोटको परिचय दिन
	१५	हाम्रो वरपर	११	२४	१७	१७	२५ (क,ख)	३६, ३७			१५	२३,२४	२			१२			१२	२९. आफू बसेको स्थानीय तहको भौगोलिक स्वरूप, जनसङ्ख्या र सामाजिक रहनसहनको परिचय दिन	२९. नेपालको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन उल्लेख गर्न
	१६	विपतबाट बचौं		२५	१८	१८	२६ (क,ख)	३८, ३९	१३		१६	२५				१३			१०	३०. विपत्को परिचय दिन र सावधानीका उपाय अवलम्बन गर्न	३०. स्थानीय विपत्को पहिचान गर्न र सावधानीका उपाय अपनाउन
	१७	नक्सा अध्ययन		२६	१९ (क,ख)	१९	२७ (क,ख)	४०			१७	२६	३					७	९	३१. हाम्रो गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान गरी नक्सामा हुने मुख्य तथ्य सम्बन्धमा जानकारी लिन ३२. आफू रहेको स्थानीय तह र जिल्लाको नक्सा उतार गरी सङ्केतमा देखाउन	३१. आफू रहेको प्रदेशको नक्सा उतार गरी आफ्नो जिल्ला र स्थानीय तह देखाउन ३२. नेपालको नक्सा अध्ययन र प्रयोग गन
			११	२६	१९	१९	२७	४०	१३	२४	१७	२६	३		१	१३	४	७	२५०		

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

सिकाइ सिँढी

कक्षा : ४ र ५

सफलतापूर्वक सम्पन्न गरेकोमा बधाई छ !



Subject: विज्ञान तथा प्रविधि

Table of Contents

S.N.	Title	Page
७.१.	विज्ञान तथा प्रविधि	२४८
७.२.	रुजुसूची (Checklist)	२४८
७.३.	सिकाइ सिँढी (Learning Ladder)	२४८
७.४.	गतिशील समूह कार्ड	२४९
७.५.	दैनिक सिकाइ अभिलेख	२४९
७.६.	न्यूनतम साझा दिनहरू (Common Minimum Days- CMD)	२४९
७.७.	स्तम्भचित्र (Bar Graph)	२४९
७.८.	स्तर निर्धारण र समूह पहिचान	२४९
७.८.१.	सङ्केत (लोगो) परिचय	२५०
७.८.२.	कक्षा ४ को विज्ञान तथा प्रविधि विषयमा प्रयोग हुने सामग्रीहरू	२५१
७.८.३.	कक्षा ५ का लागि विज्ञान तथा प्रविधि विषयमा प्रयोग हुने सामग्रीहरू	२५३
७.९.	ट्रे वा किट वक्समा टाँस गर्ने लोगो (सङ्केत)	२५५
७.१०.	लोगो (सङ्केत) र तिनीहरूको प्रयोग	२५६
७.१०.१.	मोबाइल : छलफल पुस्तिका	२५६
७.१०.२.	स्पिकर : गीत/कविता	२५८
७.१०.३.	ओठ : कथा/पठन सामग्री	२५८
७.१०.४.	कम्प्युटर : अभ्यासका क्रियाकलाप	२५९
७.१०.५.	डन्डीबियो : शारीरिक खेल	२६०
७.१०.६.	तराजु : मूल्याङ्कन	२६१
७.१०.७.	दूरबिन : परियोजना कार्य	२६१
७.१०.८.	लेन्समा कमिला : क्षेत्र भ्रमण (Field Trip)	२६२
७.१०.९.	सूक्ष्मदर्शक यन्त्र : प्रयोगात्मक कार्य	२६३
७.१०.१०.	पेन्सिल : चित्र बनाउने, रङ भर्ने	२६४
७.१०.११.	रोबोट : अभिनय	२६५
७.१०.१२.	डिजिटल तराजु : आवधिक मूल्याङ्कन	२६६
७.१०.१३.	पत्रिका : समूह छलफल	२६६
७.११.	Dynamic Grouping Cards, Checklist and Learning Ladders	२६७

भाग - ७

विज्ञान तथा प्रविधि

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिमाा कक्षा १, २ र ३ का लागि हाम्रो सेरोफेरो विषयअन्तर्गत सामाजिक अध्ययन, विज्ञान, स्वास्थ्य, शारीरिक र सिर्जनात्मक कला विषयहरूलाई एउटै गरिएको छ । कक्षा ४ र ५ का लागि विज्ञान तथा प्रविधि विषयलाई छुट्टै विषयका रूपमा विकास गरिएको छ । कक्षा १, २ र ३ मा एउटै सिकाइ सिँढी (Ladder) को निर्माण गरिएको छ भने कक्षा ४ र ५ का लागि कक्षागत रूपमा सिकाइ सिँढीको निर्माण गरिएको छ । पाठ्यक्रममा रहेका उपलब्धि मिल्ने मिल्ने सिकाइ उपलब्धिलाई विश्लेषण गरी उपयुक्तताका आधारमा संयोजन र वियोजन गरिएको छ । उक्त सिकाइ उपलब्धिहरू हासिल गर्नका लागि कक्षा ४ र ५ मा छुट्टाछुट्टै सिकाइ सिँढीमा १७ ओटा कोसेढुङ्गा (milestone) हरू विकास गरिएको छ । विज्ञान तथा प्रविधि विषयमा मुख्य क्रियाकलापहरूमा वैज्ञानिक उपकरणहरू जस्तै मोबाइल, कम्प्युटर, दूरबिन आदीलाई सङ्केत (लोगो) कोरूपमा लिइएको छ ।

रुजुसूची (Checklist)

कक्षा ४ र ५ को विज्ञान तथा प्रविधि विषयका सिकाइ उपलब्धिहरू पाठ्यक्रम नक्साङ्कनका आधारमा १७ ओटा माइलस्टोनहरूमा विभाजन गरिएको छ । ती milestones लाई क्रमबद्ध रूपमा राखी सिकाइ सिँढी तयार गरिएको छ । प्रत्येक milestone मा राखिएको लोगो अङ्कित क्रियाकलापहरूको सङ्ख्या र सिकाइ उपलब्धि राखी रुजुसूची (checklist) तयार गरिएको छ । हरेक milestone शिक्षण गर्दा रुजुसूचीमा उल्लिखित सिकाइ उपलब्धिहरूलाई आधार मानी शिक्षक निर्मित क्रियाकलापसमेत गराउनुपर्नेछ ।

रुजुसूची विद्यार्थीलाई भन्दा पनि शिक्षकका निमित्त अति आवश्यक छ । यो सूचीमा कुन माइलस्टोनमा कुन लोगोको कतिओटा क्रियाकलापहरू छन् भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ । साथै ती क्रियाकलापहरूले भन्ने कुरा पनि प्रस्ट हुन्छ । त्यसैले MGML शिक्षण पद्धतिमा रूजुसुची शिक्षकका निमित्त बढी सरोकार राख्ने हुनाले प्रयोग तथा व्यवस्थापनमा कक्षाकोठामा प्रदर्शनीमा राख्नु पर्दैन । आवश्यकताअनुसार शिक्षकले अध्ययन गरी रुजु गर्नुपर्छ ।

सिकाइ सिँढी (Learning Ladder)

बहुकक्षा बहुस्तर शिक्षण विधिको विज्ञान तथा प्रविधि विषयको सिकाइ सिँढी नागबेली आकारको छ । सिकाइ सिँढीको प्रयोग गर्दा तल्लो भागको दायाँतिरबाट सुरु गर्नुपर्छ । हरेक miletones को क्रियाकलाप स्पिकर लोगोबाट सुरु भई तराजु लोगोको क्रियाकलापमा आएर टुङ्गिन्छ, अनि मात्र अर्को milestone को क्रियाकलाप सुरु हुन्छ । कक्षा ४ का लागि रातो र कक्षा ५ का लागि कालो रङको किनारा भएका सिकाइ सामग्रीको विकास गरिएको छ । यो विषयले विद्यार्थीहरूमा वैज्ञानिक सिकाइ प्रक्रियाको बोध तथा विज्ञान प्रक्रियागत सिपको प्रयोग, दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सावधानीका उपायहरू अवलम्बन, जीवको वर्गीकरण तथा जीवन प्रक्रियासम्बन्धी आधारभूत जानकारी, जीव र वातावरणबिचको अन्तरसम्बन्ध र सन्तुलनको महत्त्व बोध, मौसम र प्राकृतिक विपत्को आधारभूत जानकारी तथा सो अनुसारका अनुकूलनका उपायहरू अवलम्बन, पदार्थ र शक्तिका आधारभूत विशेषताहरूको जानकारी लिई दैनिक जीवनमा प्रयोग र पृथ्वीको बनोट तथा आकाशीय पिण्डहरूको सामान्य जानकारी गराउन खोजिकएको छ ।

विज्ञान तथा प्रविधि विषयको सिकाइ र सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा Milestone मा अङ्कित सबै लोगोहरूको क्रियाकलापका साथै स्थानीय स्तरमा उपलब्ध हुन सक्ने पाठ्यक्रमसँग सम्बन्धित क्रियाकलापहरू शिक्षक र विद्यार्थी आफैले निर्माण गरी सञ्चालन गर्न सकिने छ ।

कक्षाकोठामा सिकाइ सिँढी हेरेर विद्यार्थीहरूले आफू कुन लोगोमा छु भनेर थाहा पाउँछन् । त्यसैले यसलाई व्यवस्थित गर्दा कक्षाकोठामा विद्यार्थीको पहुँच हुने गरी कक्षागत रूपमा भित्तामा टाँसेर झुन्ड्याएर राख्नुपर्छ ।

गतिशील समूह कार्ड

बहुकक्षा बहुस्तर विधिमा शिक्षण प्रक्रियामा विद्यार्थीहरू निरन्तर गतिशील अवस्थामा सिकिरहेका हुन्छन् वा तसर्थ एक समूहमा बसेर सिकिसकेपछि अर्को समूहमा गएर सिक्नुपर्ने हुन्छ। अन्य विषयमा जस्तै यो विषयमा सिकाइको प्रकृतिअनुसार लोगोहरूलाई ४ ओटा गतिशील समूह (पूर्ण शिक्षक सहयोग समूह, आंशिक शिक्षक सहयोग समूह, सहपाठी सहयोग समूह र स्वम् सिकाइ समूह) मा निर्माण गरिएको छ। गतिशील समूह छुट्याउनका लागि ४ ओटा समूह कार्डहरू निर्माण गरिएको छ । शिक्षण सिकाइको समयमा कक्षाकोठाभित्र ४ ओटा प्रत्येक टेबुलमा एक एकओटा कार्ड राख्नुपर्छ र विद्यार्थीहरूले सिक्ने क्रममा आफ्नो सिकाइ कार्डमा भएको लोगोअनुसार समूह कार्डमा लोगो हेरेर/खोजेर आफ्नो समूह पत्ता लगाउँछन् र क्रियाकलापमा सहभागी हुन्छन्। गतिशील समूह र त्यसमा रहेका लोगोहरू निम्नानुसार छन् :

(क) पूर्ण शिक्षक सहयोग समूह (Fully Teacher Supported Group) : मोबाइल, स्पिकर र ओठ

(ख) आंशिक शिक्षक सहयोग समूह (Partial Teacher Supported Group) : पत्रिका, रोबोट, लेन्समा कमिला, सुक्ष्म दर्शक यन्त्र

(ग) सहपाठी सहयोग समूह (Peer Supported Group) कम्प्युटर, दूरबिन, डण्डीवियो

(घ) स्वयम सिकाइ समूह (Self Learning Group) : कलम, भौतिक तराजु, डिजिटल तराजु

दैनिक सिकाइ अभिलेख

MGML शिक्षण विधिको विज्ञान तथा प्रविधि विषयमा विद्यार्थी मूल्याङ्कनको मुख्य आधारको रूपमा दैनिक सिकाइ अभिलेखलाई लिन सकिन्छ । यो अभिलेखमा हरेक दिन विज्ञान विषयमा कुन विद्यार्थी कुन लागेामा पुगेको छ, सोको मितिसहित किटान गरी अभिलेख राख्नुपर्छ। दैनिक सिकाइ अभिलेखको नमुना मूल्याङ्कनको परिशिष्टमा देखाइएको छ ।

न्यूनतम साझा दिनहरू (Common Minimum Days- CMD)

विज्ञान तथा प्रविधि विषयमा शिक्षकले कुन माइलस्टोनभित्रका क्रियाकलापहरू कति दिनमा पूरा गर्ने भनी योजना निर्माण गर्नुपर्छ। यो योजना शैक्षिक सत्रको सुरुमा नै निर्माण गर्नुपर्छ। यसरी कुन माइलस्टोनमा सामान्यतया कति दिन लगाउन सकिन्छ भनेर गरिएको योजना नै न्यूनतम साझा दिन (Common Minimum Days- CMD) हो । CMD लाई एउटा फारामको रूपमा विकास गरिएको छ । यसमा माथिल्लो लहरमा शिक्षकको आफ्नो योजनामा रहेको दिन उल्लेख गरिएको हुन्छ भने तल्लो लहरहरूमा विद्यार्थीहरूले कति दिनमा क्रियाकलापहरू सम्पन्न गरे भनेर पनि अभिलेख राखिएको हुन्छ। त्यसैले CMD लाई विद्यार्थीको आन्तरिक मूल्याङ्कनको एउटा साधनका रूपमा पनि लिन सकिन्छ। यसको नमुना परिशिष्टमा दिइएको छ ।

स्तम्भचित्र (Bar Graph)

MGML कक्षाको विज्ञान तथा प्रविधि विषयमा विद्यार्थीहरूको नाम र जम्मा माइलस्टोन सङ्ख्या उल्लेख गरी एउटा बार ग्राफ निर्माण गर्नुपर्छ। यो बारग्राफ शैक्षिक सत्रको सुरुमा कक्षाकोठा व्यवस्थापनको समयमा नै शिक्षकले निर्माण गर्नुपर्छ र विद्यार्थीको पहुँच हुने गरी भित्ता राख्नुपर्छ। शिक्षण सिकाइका क्रममा एउटा माइलस्टोनका क्रियाकलापहरू सकिसकेपछि विद्यार्थी आफैँले यो बारग्राफमा एउटा कोठामा रङ लगाउनुपर्छ। यो एउटा वर्षभरिको निरन्तर क्रियाकलाप हो जुन विद्यार्थीले माइलस्टोन सम्पन्न गरेको हुन्छ उसले मात्र एउटा कोठामा रङ भर्ने गर्छ। सबै विद्यार्थीले विज्ञान तथा प्रविधि विषयको १७ ओटै माइलस्टोन सम्पन्न गरिसकेपछि मात्र यो क्रियाकलाप सकिन्छ।

स्तर निर्धारण र समूह पहिचान

विज्ञान तथा प्रविधि विषयमा चार ओटा गतिशील समूहहरू छन्। विद्यार्थीहरू कक्षा ४ वा ५ मा प्रवेश गरेपछि सुरुमा चारओटा गतिशील समूहमध्ये कुन समूहमा पर्छ भन्ने कुरा निक्यौंल गर्न सकिँदैन । यस्तो अवस्थामा सबैभन्दा पहिला विद्यार्थीहरूको स्तर निर्धारण मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसका लागि शिक्षकहरूले माइलस्टोनमा आधारित भएर प्रश्नपत्र निर्माण गर्नुपर्छ। प्रश्नपत्रको आधारमा लिखित वा मौखिक परीक्षा लिई ती नवआगन्तुक विद्यार्थीहरू कुन माइलस्टोनमा

पर्छन् भनी पहिचान गर्न सकिन्छ । त्यस्तै गरी प्रश्नहरूको प्रकृति वा लोगो हेरेर ती विद्यार्थीहरू कुन गतिशील समूहमा पर्छन् भनी पहिचान गर्नुपर्छ । यसरी उनीहरूको सिकाइ स्तर र गतिशील समूहमा पहिचान गरिसकेपछि नियमित शिक्षण सिकाइमा समावेश गर्नुपर्छ । शैक्षिक सत्रको बिचमा विद्यालय भर्ना भएका विद्यार्थीहरूलाई यो परीक्षा लिनुपर्छ । यदि कक्षा ३ मा पनि MGMLपद्धतिबाट नै पढेर आएका विद्यार्थीहरू भएमा नियमित रूपमा गतिशील समूहबाट स्थानान्तरण हुँदै आएको हो भने स्तर निर्धारण परीक्षा लिनु नपर्ने हुन्छ ।

७.८.१ सङ्केत (लोगो) परिचय

विज्ञान तथा प्रविधि विषय अध्यय अन्तर्गत समावेश भएका विषयहरूका लागि विविध खालका लोगोहरू अङ्कित सिकाइ सामग्री विकास गरिएको छ । मोबाइल, ओठ, कम्प्युटर, तराजु, डन्डीबियो, पत्रिका, लेन्समा कमिला, दूरबिन, सूक्ष्मदर्शक यन्त्र, स्पिकर, रोबोट, डिजिटल तराजु र कलम लोगोहरू राखिएको छ । लेन्स भित्र कमिला र कलम लोगो अन्य विषयसँग मिल्दाजेुल्दो भएकाले कार्ड व्यवस्थापनमा शिक्षकले विशेष निगरानी गर्नुपर्ने हुन्छ । प्रत्येक लोगोहरूले अलग अलग क्रियाकलापहरूको प्रतिनिधित्व गर्दछन् । जुन निम्नानुसार प्रस्तुत गरिएको छ :

विज्ञान तथा प्रविधि

क्र.सं.	लोगोको नाम	चित्र	अर्थ	क्रियाकलाप
१.	मोबाइल		छलफल	चित्र देखाई चित्रका बारेमा पूरै समूहमा छलफल गर्ने
२.	ओठ		कथा/पठन सामग्री	विद्यार्थीहरूले कार्डमा दिइएको पठन सामग्री एक्लै वा समूहमा पढ्ने, सस्वर वाचन गर्ने र अर्थ बुझ्ने
३.	कम्प्युटर		अभ्यास	सिकाइ कार्डहरूमा दिइएका अभ्यास गर्ने तथा शिक्षक निर्मित अभ्यास क्रियाकलाप गराउने
४.	तराजु		मूल्याङ्कन	सिकाइ कार्डहरूमा दिइएका र शिक्षक स्वनिर्मित प्रश्न तथा क्रियाकलापहरूबाट विद्यार्थीको सिकाइ उपलब्धिहरूको मूल्याङ्कन गर्ने
५.	डन्डीबियो		शारीरिक खेल	सिकाइ कार्डअनुसारका खेलहरू खेलाउने तथा स्थानीय खेलहरू अभ्यास गराउने
६.	पत्रिका		समूह छलफल	कार्डअनुसारका क्रियाकलाप तथा शिक्षक निर्मित क्रियाकलापहरूको समूह छलफल गर्ने
७.	लेन्समा कमिला		स्थलगत भ्रमण/ अवलोकन	सिकाइ कार्डअनुरूपका स्थलगत भ्रमण तथा अवलोकन क्रियाकलाप गराउने
८.	दूरबिन		परियोजना कार्य	सिकाइ कार्डमा उल्लिखित तथा स्थानीय परिवेशसँग मिल्दोजुल्दो परियोजना कार्य गराउने
९.	सूक्ष्मदर्शक यन्त्र		प्रयोगात्मक कार्य	सिकाइ कार्डमा उल्लिखित एवम् स्थानीय परिवेशसँग मिल्दोजुल्दो प्रयोगात्मक कार्य गराउने

१०.	स्पिकर		गीत/कविता	गीत तथा कविताको प्रयोग गरी शिक्षण गराउने, शिक्षक निर्मित गीत/कविता समेत प्रयोग गर्न सकिने
११.	पेन्सिल		चित्र बनाउने/रङ भर्ने	सिकाइ कार्डमा उल्लिखित र सो अनुरूपका चित्रहरू बनाउन लगाउने र रङ भर्न लगाउने ।
१२.	रोबोट		संवाद, अभिनय	सिकाइ कार्डमा उल्लिखित संवाद र अभिनय गराउने
१३.	डिजिटल तराजु		आवधिक मूल्याङ्कन	सिकाइ कार्डमा उल्लिखित र सोअनुरूपका प्रश्नहरूको निर्माण गरी सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने

७.८.२ कक्षा ४ को विज्ञान तथा प्रविधि विषयमा प्रयोग हुने सामग्रीहरू

माइलस्टोन नं.	माइलस्टोनगत पाठ शीर्षकहरू	शिक्षण सिकाइका लागि आवश्यक सामग्रीहरू
१	वैज्ञानिक सिकाइ	- वैज्ञानिकहरूका फोटो, प्रयोगशालामा प्रयोग हुने उपकरणहरू (बिकर, टेस्ट ट्युब, सोली, बन्सेन बर्नर, रुलर, घडी आदि) - ट्राइपड स्ट्यान्ड, कोनिकल फ्लाक्स, राउन्ड बटम फ्लाक्स, मेजरिङ सिलिन्डर, ढक तराजु, कमानी तराजु र थर्मोमिटर - प्रयोगशालामा प्रयोगात्मक कार्य गर्दा अपनाउनु पर्ने आचरणहरूको चार्ट - सानो बोतल वा कप, माना, पाथी,
२	नाप	- नाप्नुपर्ने वस्तुहरू र नाप्नका लागि प्रयोग गरिने उपकरणहरू नाप्ने फित्ता, चुन, लौरी, Stop Watch, रिबन, सिटी
३	सूचना तथा सञ्चार प्रविधि	- पत्र पत्रिका, चिठी, सूचना पाटी, टिभी, रेडियो, टेलिफोन, मोबाइल फोनहरू ईपुस्तक, इन्टरनेट, टेलिफोन, मोबाइल फोन, रेडियो, टेलिभिजन, अनलाईन पत्रिका आदि - मल्टिमिडिया (अडियो, भिडियो, चित्र र टेक्स्ट) सहितको सामग्री
४	कम्प्युटरको सामान्य परिचय	- कम्प्युटरका प्रमुख भागहरू - CPU, key board, mouse, monitor, storage, paint software / typing software, internet, computer, mobile
५	जीव र वातावरण	- विभिन्न जनावरहरू, मानिस, चराचुरुङ्गी, किरा, बोटबिरुवा, घाम, पानी, पहाड, खोला, ताल, आदि भएको चित्र, माछा, भ्यागुता, छेपारो, कुखुरा, गाई, परेवा, खरायो, कुकुर आदि । - चार्ट, पोस्टरहरू
६	जीव र वातावरण बिचको अन्तरसम्बन्ध	- चित्र, चार्ट, पोस्टर र भिडियो क्लिप

७	हाम्रा वरपरका जनावर	- स्थानीय स्तरमा पाइने मेरुदण्ड भएका (विद्यार्थी, शिक्षक, आफैँ, माछा, गाई, कुकुर आदि) र मेरुदण्ड नभएका (गड्यौला, झिङ्गा, शङ्खेकिरा लामखुट्टे आदि) - चित्र तथा पोस्टर - चार्टहरू, मूर्त वस्तुहरू
८	हाम्रा वरपरका बिरुवा	- झारपात, बुट्यान र रुखका चित्र - विभिन्न भागहरू जरा, काण्ड, पात, फूल, फल - खाली चार्ट - पानीमा पाइने र जमिनमा पाइने बिरुवाका गुणहरू लेखिएको चाट - केराउ, चना, सिमी, कोदो, मकै, धान, गहुँ, फापर आदिको बिउ/फल - चित्र, पोस्टरहरू, पत्रपत्रिकाहरू, फोटोहरू, भिडियो क्लिप्सहरू
९	जनावर र बिरुवाको जीवन चक्र	- स्थानीय क्षेत्रमा पाइने फुल पार्ने जनावरहरू (कुखुरा, हाँस, आदि) - भर्खर जन्मिएका बच्चासहितका जनावरहरू (मानिस, फुल पार्ने र बच्चा जन्माउने जनावर का फोटोहरू, बाखा, कुकुर, गाई आदि) - पुतलीको जीवनचक्रको भिडियो वा चित्र/पोस्टर
१०	पानी	- ठोस, तरल, ग्याँस अवस्थामा असिना र बरफ बन्ने श्रव्य दृश्य सामग्री - जलचक्रको सरल भिडियो - पानी घट्ट, जलविद्युत्को भिडियो - मानिस तथा जनावरले घाम तापिरहेको चित्र
११	हावा	- चार्ट, पोस्टर र भिडियो क्लिप
१२	चट्टान	- विभिन्न प्रकारका चट्टानका टुक्रा (ढुङ्गा) चक, स्लेट, पथ्थर कोइला
१३	शक्ति परिचय	- गधा, खच्चर, घोडा, चौंरी, गोरु, राँगा तथा ट्रयाक्टर, कारका फोटोहरू जनावरले वा किराले खाएको चित्र
१४	विद्युत् शक्ति	- अलार्म घडी वा भित्ते घडी वा स्टप वाचको ब्याट्री
१५	चुम्बकीय शक्ति	- छड चुम्बकीय र चुम्बकीय वस्तु,
१६	हाम्रो पृथ्वी	- ग्लोव, पृथ्वीको भिडियो वा फोटो - पृथ्वीको धरातलको भिडियो वा फोटो
१७	मौसम र प्राकृतिक विपत्	- बादलका चित्र वा भिडियो - मौसमसम्बन्धी समाचारको पत्रिकामा भएको मौसमसम्बन्धी विवरण, मोबाइलमा मौसमको जानकारी दिने एप्लिकेसन - विभिन्न प्रकारका बादलको चित्र - विभिन्न प्रकारका प्राकृतिक प्रकोपको भिडियो क्लिप

७.८.३ कक्षा ५ का लागि विज्ञान तथा प्रविधि विषयमा प्रयोग हुने सामग्रीहरू

माइलस्टोन नं.	माइलस्टोनगत पाठ शीर्षकहरू	शिक्षण सिकाइका लागि आवश्यक सामग्रीहरू
१	वैज्ञानिक सिकाइ	– वैज्ञानिकहरूका फोटो, प्रयोगशालामा प्रयोग हुने उपकरणहरू (बिकर, टेस्ट ट्युब, सोली, बन्सेन बर्नर, रुलर, घडी आदि) – ट्राइपड स्ट्यान्ड, कोनिकल फ्लाक्स, राउन्ड बटम फ्लाक्स, मेजरिङ सिलिन्डर, ढक तराजु, कमानी तराजु र थर्मोमिटर, स्टपवाच, मेजरिङ सिलिन्डर – प्रयोगशालामा प्रयोगात्मक कार्य गर्दा अपनाउनुपर्ने आचरणहरूको चार्ट – सानो बोतल वा कप, माना, पाथी
२	नाप	– नाप्नुपर्ने वस्तुहरू र नाप्नका लागि प्रयोग गरिने उपकरणहरू नाप्ने फित्ता, चुन, लौरी, Stop Watch, रिबन, सिटी
३	सूचनाको स्रोत र सञ्चार	– पत्रपत्रिका, चिठी, सूचना पाटी, टिभी, रेडियो, टेलिफोन, मोबाइल फोनहरू ईपुस्तक, इन्टरनेट, टेलिफोन, मोबाइल फोन, रेडियो, टेलिभिजन, अनलाइन पत्रिका आदि – मल्टिमिडिया (अडियो, भिडियो, चित्र र टेक्स्ट) सहितको सामग्री
४	सञ्चारको साधनका रूपमा कम्प्यूटर र टाइपिङ् सफ्टवेयर	– कम्प्युटरका प्रमुख भागहरू - CPU, key board, mouse, monitor, storage, paint software / typing software, internet, computer, mobile , वर्ड प्रोसेसर (word processor)
५	जीवहरूको लागि ताप र प्रकाश	– विभिन्न जनावरहरू, मानिस, चराचुरुङ्गी, किरा, बोटबिरुवा, घाम, पानी, पहाड, खोला, ताल, आदि भएको चित्र, माछा, भ्यागुता, छेपारो, कुखुरा, गाई, परेवा, खरायो, कुकुर आदि । – चार्ट, पोस्टरहरू
६	उर्जाको स्रोतहरू	– मानिस तथा जनावरले घाम तापिरहेको चित्र – हिउँद र वर्षायमका तथा हिमाल र तराईका वनजङ्गलका चित्र वा भिडिया
७	मेरुदण्ड भएका जनावर	– स्थानीय स्तरमा पाइने मेरुदण्ड भएका (विद्यार्थी, शिक्षक, आफैँ, माछा, गाई, कुकुर आदि) र मेरुदण्ड नभएका (गँड्यौला, झिङ्गा, शङ्खेकिरा लामखुट्टे आदि) – पानीमा बस्ने (माछा), जमिन र पानी दुवैमा बस्ने (उभयचर), घिस्रेर हिड्ने र खस्रो शरीर भएका (सरीसृप), शरीरमा प्वाख भएका र उड्न सक्ने (चरा) र बच्चा जन्माउने र स्तनपान गराउने (स्तनधारी) का भिडियो र चित्रहरू – चित्र तथा पोस्टर – चार्टहरू, मूर्त वस्तुहरू

८	बिरुवाका भागहरू र तिनका कार्य तथा बिरुवाको वर्गीकरण	- केराउ, चना, सिमी, कोदो, मकै, धान, गहुँ, फापर अदिको बिउ/फल - झारपात, बुट्यान र रुखका चित्र - विभिन्न भागहरू जरा, काण्ड, पात, फूल, फल - खाली चार्ट - पानीमा पाइने र जमिनमा पाइने बिरुवाका गुणहरू लेखिएको चाट - केराउ, चना, सिमी, कोदो, मकै, धान, गहुँ, फापर अदिको बिउ/फल - चित्र, पोस्टरहरू, पत्रपत्रिकाहरू, फोटोहरू, भिडियो क्लिप्सहरू - चित्र, पोस्टर, फोटो - मादल, ड्रम, सिटी, रिबन, ओछ्याउने म्याट्रेक्स
९	जनावर र बिरुवाको जीवन चक्र	- स्थानीय क्षेत्रमा पाइने फुल पार्ने जनावरहरू (कुखुरा, हाँस, आदि) - भर्खर जन्मिएका बच्चा सहितका जनावरहरू (मानिस, फुल पार्ने र बच्चा जन्माउने जनावर का फोटोहरू, बाखा, कुकुर, गाई आदि) - पुतलीको जीवनचक्रको भिडियो वा चित्र/पोस्टर
१०	पदार्थका गुणहरू (ठोस, तरल, ग्याँस) तापको असर	- ठोस, तरल, ग्याँस अवस्थामा असिना र बरफ बन्ने श्रव्य दृश्य सामग्री - जलचक्रको सरल भिडियो - पानी घट्ट, जलविद्युत्को भिडियो - मानिस तथा जनावरले घाम तापिरहेको चित्र
११	ताप	- चार्ट, पोस्टर र भिडियो क्लिप - Round Buttom flask and capillary tube, balloon and bottle, ring and ball - कपुर, मैन, पानी, घिउ
१२	मिश्रण	- विभिन्न प्रकारका चट्टानका टुक्रा (ढुङ्गा)चक, स्लेट, पत्थर कोइला - ठोस तरल मिश्रण (नुन र पानी, चिनी र दुध आदि) - तरल तरल मिश्रण (दुध र पानी, अल्कोहल र पानी आदि) - ग्याँस-ठोस मिश्रण (सोडा पानी, ग्याँसयुक्त पेय पदार्थ आदि)
१३	प्रकाश	- गधा, खच्चर, घोडा, चौरी, गोरु, राँगा तथा ट्र्याक्टर, कारका फोटोहरू जनावरले वा किराले खाएको चित्र - दीप्त, अदीप्त, पारदर्शी, अपारदर्शी वस्तुका उदाहरण
१४	ध्वनि	- अलार्म घडी वा भित्ते घडी वा स्टप वाचको ब्याट्री - ध्वनिका स्रोतहरू (मादल, गितार, चरा, जनावर, विद्युतीय उपकरणहरू, हुरी बतास, झरना आदि) को सूची तयार गर्न लगाउने
१५	विद्युत्	- छड चुम्बकीय र चुम्बकीय वस्तु, - स्विच, तार, चिम
१६	आकाशीय पिण्ड	- ग्लोब, पृथ्वीको भिडियो वा फोटो - पृथ्वीको धरातलको भिडियो वा फोटो
१७	चन्द्रमा र यसको कला	- चन्द्रमाको कलाको भिडियो क्लिप - सूर्य , पृथ्वी, चन्द्रमा र अन्य आकाशीय पिण्डहरू (उल्का, उल्का पिण्ड, ग्रह) उल्लिखित श्रव्यदृश्य सामग्री, चार्ट वा चित्र - ग्लोब, मैनवत्ती

ट्रे वा किट वक्समा टाँस गर्ने लोगो (सङ्केत)

		
		
		

लोगो (सङ्केत) र तिनीहरूको प्रयोग

बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा विज्ञान तथा प्रविधि विषयमा विभिन्न सङ्केतहरू (मोबाइल, ओठ, कम्प्युटर, दूरबिन, रुख, तराजु, डिजिटल तराजु आदि) प्रयोग गरिएका छन् । यी सङ्केतहरूको उद्देश्य, सामग्रीहरू र सिकाइ क्रियाकलाप छुट्टाछुट्टै वर्णन गरिएको छ ।

७.९.१ मोबाइल : छलफल पुस्तिका

विज्ञान तथा प्रविधिसँग सम्बन्धित विषयवस्तुहरू समेटेर ३१ ओटा कार्डहरूको चित्र छलफल पुस्तिका तयार गरिएको छ। उक्त कार्डको सङ्केत वा लोगो मोबाइल हो। यस कार्डमा एकतर्फ चित्र र अर्कोतर्फ प्रश्नहरू राखिएका छन् । यो लोगोमा भएका कार्डहरूलाई स्पाइरल बाइन्डिङ गरी छलफल पुस्तिकाका रूपमा तयार गरिएको छ । यो पुस्तिकाको विद्यार्थीपट्टि देखाउने पेजमा चित्र र शिक्षकपट्टि हेर्ने पेजमा प्रश्नावलीहरू छन् । यो छलफल पुस्तिका विज्ञान तथा प्रविधि विषयमा कक्षा ४ र ५ का लागि छुट्टाछुट्टै निर्माण गरिएको छ । विद्यार्थीको कक्षागत सिकाइ उपलब्धिअनुसार प्रश्न गर्नुपर्ने हुन्छ ।

यो कार्डलाई प्रयोग गर्नुभन्दा पहिले शिक्षकले त्यसमा दिइएको सबै प्रश्नहरूलाई राम्रोसँग पढेर स्पष्ट हुनुपर्छ । कुनै पनि विषयवस्तुको माध्यमबाट सम्बन्धित छलफललाई सुरु गर्नुभन्दा पहिले शिक्षकले कक्षाका सबै विद्यार्थीहरूलाई पूर्ण शिक्षक सहयोग समूहमा बसाउनुपर्छ । छलफल पुस्तिका (फ्लिप चार्ट लाई टेबुलमाथि राख्दा चित्र भएको भाग सबै विद्यार्थीहरूले देख्ने गरी फर्काएर राख्नुपर्छ । शिक्षकले आफूतिर भएको प्रश्नहरू हेर्दै विद्यार्थीहरूलाई प्रश्न सोध्नुपर्छ । छलफलको दौरानमा बिचबिचमा पूरक प्रश्नहरू सोध्दै विद्यार्थीहरूलाई त्यसको जवाफ दिन लगाउनुपर्छ । यस्तो गरेमा विद्यार्थीहरूमा उत्तर दिने इच्छा बढ्दै जान्छ । विद्यार्थीहरूलाई आफैँ प्रश्न बनाएर सोध्ने मौका दिनुपर्छ । यसो गर्दा विद्यार्थीमा जिज्ञासा बढ्न सहयोग पुग्छ । छलफल पुस्तिकामा एउटा माइलस्टोनमा भएका प्रश्नहरू शिक्षण योजनाअनुसार एक दिनमा मात्र प्रयोग नगरी सम्बन्धित माइलस्टोन शिक्षण अवधिमा आवश्यकताअनुसार प्रयोगमा ल्याउन सकिन्छ । छलफल गर्ने अभ्यासले विद्यार्थीलाई सोच्न सक्ने क्षमताको विकास गराउँछ ।

उद्देश्य : सम्पूर्ण विद्यार्थीहरू एउटै सममूहमा बसी छलफलका माध्यमबाट हरेक माइलस्टोन वा पाठ्यवस्तुबारे जानकारी लिने दिने र सिकाइको विषयवस्तुमा प्रवेश गर्ने

सामग्रीहरू : छलफल पुस्तिका (फ्लिप चार्ट ।

सिकाइ क्रियाकलाप

✍ कक्षाका सबै विद्यार्थीहरूलाई एउटै समूहमा शिक्षकको अगाडि राख्नुहोस् ।

✍ छलफलका लागि सजिलो हुने गरी छलफल पुस्तिकालाई टेबुलमा राख्नुहोस् ।

- जुन माइलस्टोनको पाठ सुरु गर्न लागेको हो उक्त पेज पल्टाउनुहोस् र सबै विद्यार्थीहरूले चित्र स्पष्ट देख्ने गरी बस्नुहोस् ।
- आफूतिर भएको प्रश्नहरूका आधारमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।
- छलफल गर्दा विद्यार्थीहरूलाई हात उठाएर प्रश्न गर्ने र उत्तर दिने बानीको अभयास गराउनुहोस् । छलफलको क्रममा आवश्यकताअनुसार छलफल पुस्तिकामा भएका प्रश्नहरूबाहेक रचनात्मक भई विषयवस्तुसँग सम्बन्धित अन्य प्रश्नहरू पनि सोध्नुहोस् ।
- छलफलको दौरानमा विद्यार्थीहरूलाई उत्तर गर्ने, सोच्ने र तर्क गर्ने मौका पनि दिनुहोस् ।
- छलफलको आधारमा आवश्यकताअनुसार चित्र बनाउने, उतर लेख्ने र रङ भर्ने खालका गृहकार्य पनि दिनुहोस् ।



- छलफल गरिसकेपछि उक्त माइलस्टोनको सिकाइ उपलब्धिअनुसार निष्कर्षमा पुगेर छलफल टुङ्ग्याउनुहोस् र अर्को लोगोमा जानका लागि प्रोत्साहन गर्नुहोस् ।
- यही तरिकाले हरेक माइलस्टोनको सुरुमा मोबाइल लोगोमा रहेको क्रियाकलाप गर्नुहोस् ।
- यो क्रियाकलाप पूर्ण शिक्षक सहयोग समूहमा गरिने क्रियाकलाप हो । शैक्षिक सत्रको सुरुमा सबै विद्यार्थी एउटै समूहमा राखेर यो क्रियाकलाप गरे पनि पछि विद्यार्थीहरूको आफ्नो सिक्ने फरक गतिअनुसार केही विद्यार्थीहरूको समूह मात्र पूर्ण शिक्षक सहयोग समूहमा आउन सक्छन्, यस्तो परिस्थितिमा केही विद्यार्थीको समूहमा पनि यो क्रियाकलाप गर्नुहोस् ।

यसले विद्यार्थीलाई सोच्न र तर्क शक्ति बढाउन सहयोग गर्छ । शिक्षकले छलफलका दौरानमा धेरै जवाफ आउने खालका प्रश्नहरूलाई चिनेर त्यस्ता प्रश्नहरूको उत्तर लिने प्रयास गर्नुपर्छ । प्रश्न फरक तर उत्तर एउटै आउने प्रश्नहरूले बालबालिकाहरूमा फरक ढङ्गको प्रश्न भए पनि उत्तर एउटै आउँदो रहेछ भन्ने कुराको ज्ञान हुन्छ । बालबालिकाको क्षमता र बुझाइअनुसार छलफल कार्डमा भएका भन्दा अन्य प्रश्नहरू पनि गर्न सकिन्छ । छलफलको अन्तमा विद्यार्थी शिक्षकबिच दोहोरो प्रश्नोत्तर गर्न सकिन्छ ।

७.९.२ स्पिकर : गीत/कविता

विज्ञान तथा प्रविधि विषयसँग सम्बन्धित विषयहरू समेटेर कक्षा ४ मा जम्मा दुईओटा स्पिकर अङ्कित कार्ड र कक्षा ५ मा चारओटा गरी जम्मा ६ ओटा स्पिकर अङ्कित सिकाइ कार्डहरू रहेका छन् । स्पिकर अङ्कित सिकाइ कार्डहरूले पाठलाई गीत अथवा कविताका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप गर्ने भन्ने बुझाउँछ । उक्त कार्यलाई प्रभावकारी बनाउनका लागि कार्डमा उल्लिखित अथवा शिक्षक निर्मित गीत/कविताको अभ्यास प्रार्थना समयमा अथवा कक्षाभित्र र बाहिर आवश्यकताअनुसार गराउन सकिन्छ । तयार भएका स्पिकर कार्डहरू केवल नमुना मात्र भएकाले यसमा स्थानीय परिवेशअनुसार विभिन्न पाठको आवश्यकता अनुसार स्वनिर्मित गीत/कविता निर्माण गरी सिकाइ क्रियाकलाप गराउन सकिन्छ । यस विषयमा स्पिकर लोगोका कार्डहरूलाई पूर्ण शिक्षक सहयोग समूहमा राखिएको छ ।



उद्देश्य

विषयवस्तुलाई गीत तथा कविताका माध्यमबाट हाउभाउ र लयबद्ध रूपमा प्रस्तुत गरी शिक्षण सिकाइमा प्रभावकारिता ल्याउनु

सामग्रीहरू : स्पिकर अङ्कित कार्डहरू

सिकाइ क्रियाकलाप

- सर्वप्रथम सबै विद्यार्थीहरूलाई एउटै समूहमा बस्न लगाउनुहोस् ।
- लयबद्ध तरिकाले हाउभाउसहित गीत गाउँदै अथवा कविता भन्दै सँगसँगै विद्यार्थीहरूलाई गाउन/भन्न लगाउनुहोस् ।
- गीत/कविताले समेटेको विषयवस्तुको बारेमा छलफल गराउनुहोस् ।
- कार्डमा अङ्कित गीत/कविता नमुना मात्र भएकाले आवश्यकताअनुसार स्थानीय परिवेश मिल्दोजुल्दो स्वनिर्मित गीत/कविता प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि गीत/कविता निर्माण गरी प्रस्तुत गर्न लगाउनुहोस् । यसो गर्दा पाठहरूलाई विद्यार्थीहरूले सजिलो र मनोरञ्जनात्मक तरिकाबाट सजिलै सिक्न सक्नेछन् ।
- विद्यार्थीहरूले लेखेका गीत/कविता कक्षाकोठाका प्रस्ट देखिने ठाउँमा प्रदर्शन गर्न लगाउनुहोस् ।
- गीत/कविताको माध्यमबाट सिकेका पाठहरूसँग सम्बन्धित प्रश्नहरूको अभ्यास गराई लेख्न लगाउनुहोस् ।
- पाठसँग सम्बन्धित अभ्यासहरू आवश्यकताअनुसार गृहकार्य दिनुहोस् ।

७.९.३ ओठ : कथा/पठन सामग्री

विज्ञान तथा प्रविधि विषयसँग सम्बन्धित विषयहरू समेटेर कक्षा ४ र ५ का लागि छुट्टाछुट्टै कार्डहरू निर्माण गरिएका छन् । कक्षा ४ का लागि २९ र कक्षा ५ का लागि ४३ गरी जम्मा ७२ ओटा सिकाइ कार्डहरू रहेका छन् । यो कार्ड पूर्ण शिक्षक सहयोग समूहमा पर्छन् । त्यसैले उक्त कार्डमा भएका पाठ्यसामग्रीलाई विद्यार्थीले एक्लै वा समूहमा बसी पढ्ने, सस्वरवाचन गर्ने तथा अर्थ बोध गर्दछन् ।

उद्देश्य: हरेक माइलस्टोनका पठन सामग्रीहरू विद्यार्थीहरूले शिक्षकको सहयोगमा एक्लै बसेर पढ्ने, सस्वर वाचन गर्ने र अर्थ बोध गर्ने सामग्रीहरू : कक्षा ४ र ५ का लागि छुट्टाछुट्टै सिकाइ कार्डहरू ।

सिकाइ क्रियाकलाप

- विद्यार्थीलाई आफू कुन माइलस्टोनमा पुगेको हो सोहीअनुसारको ओठ लोगो अङ्कित कार्ड लिन लगाउनुहोस् ।
- यसरी कार्ड लिँदा एउटै माइलस्टोनमा दुई वा दुईभन्दा बढी विद्यार्थी भएमा एउटै समूहमा बसी पठन कार्य गर्न लगाउनुहोस् ।
- पठन सामग्रीलाई सस्वरवाचन तथा अर्थ बोध हुने गरी पढ्न लगाउनुहोस् ।
- पठन कार्यसँगसँगै उक्त सामग्रीमा रहेका मुख्य मुख्य विषयवस्तुको बुँदा टिपोट गर्न लगाउनुहोस् ।
- सिकाइ कार्डमा भएका जस्तै स्थानीय परिवेशअनुसार मिल्दोजुल्दो स्वनिर्मित पठन सामग्रीहरूसमेत दिनुहोस् ।
- विद्यार्थीले कार्डअनुसार पढे/नपढेको अनुगमन गर्नुहोस् र दैनिक अभिलेखमा जनाउनुहोस् र अर्को लोगोमा जानका लागि प्रोत्साहन गर्नुहोस् ।



७.९.४ कम्प्युटर : अभ्यासका क्रियाकलाप

विज्ञान तथा प्रविधि विषयमा कम्प्युटर लोगोमा कक्षा ४ र ५ मा गरी ३८ ओटा कार्डहरू निर्माण गरिएका छन । उक्त कार्डको सङ्केत वा लोगो कम्प्युटर हो । यो लोगो भएको कार्डमा रहेका क्रियाकलापहरू विद्यार्थीहरूलाई अभ्यासको चरणमा गराउने उद्देश्यले निर्माण गरिएका छन् । पाठका विषयवस्तुबारे जानकारी वा ज्ञान हासिल गरिसकेपछि पुनःस्मरण वा दिगो सिकाइका लागि अभ्यास गर्नुपर्ने हुन्छ । त्यसका लागि प्रश्नोत्तर, खाली ठाउँ भर्ने, ठिकबेठिक छुट्याउने, जोडा मिलाउने जस्ता विभिन्न अभ्यासका क्रियाकलाप गर्नुपर्ने हुन्छ । यस्ता क्रियाकलापहरू कम्प्युटर लोगोमा समावेश गरिएका छन् । कक्षाकोठामा विद्यार्थीहरूले ओठ लोगोको क्रियाकलापमा सहभागी भइसकेपछि यस किसिमको कम्प्युटर लोगोको क्रियाकलापमा प्रवेश गर्नुपर्छ । कम्प्युटर लोगोमा रहेका क्रियाकलापहरू सहपाठी सहयोग समूहमा राखिएका छन् । त्यसैले यो लोगोमा पुगेका विद्यार्थीहरू समूहमा एकआपसमा सल्लाह गरी अभ्यास गर्नुपर्ने हुन्छ । एउटा माइलस्टोनमा सम्बन्धित विषयवस्तुको एउटा मात्र कार्ड हुने भएकाले सो लोगोमा आइपुगेका सबै विद्यार्थीहरू समूहमा मिलेर यो क्रियाकलाप गर्नुपर्ने हुन्छ । यो क्रियाकलाप गराउँदा विद्यार्थीहरूले आफ्नो कापी र कलम प्रयोग गर्नुपर्छ ।



उद्देश्य : वस्तुगत तथा विषयगत प्रश्नोत्तर तथा चित्रहरूका माध्यमबाट पाठको बोध अभ्यास गर्न

सामग्रीहरू : कक्षा ४ र ५ का कम्प्युटर लोगोका कार्डहरू, कार्यपुस्तिका

सिकाइ क्रियाकलाप

✍ सबभन्दा पहिला शिक्षकले दैनिक सिकाइ अभिलेख पल्टाउनुहोस् र कम्प्युटर लोगोमा पुगेका विद्यार्थीहरू पहिचान गर्नुहोस् । कम्प्युटर लोगोमा पुगेका विद्यार्थीहरूलाई कार्ड लिएर सहपाठी सहयोग समूहमा बस्न लगाउनुहोस् ।

- यो लोगोका एउटै माइलस्टोनमा धेरैओटा कार्डहरू पनि हुने भएकाले एक पटकमा एउटा कार्डको क्रियाकलाप गर्न लगाउनुहोस् । । सम्बन्धित अभ्यास गरिसकेपछि यो लोगोसँग सम्बन्धित अभ्यासहरू कार्यपुस्तिकामा पनि भएकाले सो अभ्यास पनि गृहकार्यका रूपमा गर्न लगाउनुहोस् ।
- सिकाइ सिँढीअनुसार कम्प्युटर लोगो अङ्कित कार्ड लिएर आएपछि त्यसमा रहेका बोध प्रश्नोत्तरमा अभ्यास गर्नुपछ । यो अभ्यास विद्यार्थीले सहपाठी समूहमा बसेर गर्नुपर्छ । अभ्यासको क्रममा आफूलाई कठिनाइ आइपरेमा आनो सहपाठीसँग छलफल गर्न लगाउनुहोस् र समस्या समाधान गर्न लगाउनुहोस् ।

७.९.५ डन्डीबियो : शारीरिक खेल

विज्ञान तथा प्रविधि विषयमा डन्डीबियो लोगोले विज्ञानसम्बन्धी खेललाई चिनाउँछ । यो लोगो अङ्कित सिकाइ कार्ड कक्षा ४ मा १२ ओटा र कक्षा ५ मा पनि १२ ओटा रहेका छन् । यी कार्डहरूमा अङ्कित क्रियाकलापहरूले विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गराई सिकाइलाई मनोरञ्जनात्मक तथा दिगो बनाउन सहयोग गर्दछन् । यसका साथै खेलका क्रियाकलापहरूले शरीर स्वस्थ, फूर्तिलो तथा लचकदार बनाउन मदत गर्दछ । सिकाइ क्रियाकलापमा लगाव जगाउने तथा आत्मविश्वास बढाउँछ । यस उमेर समूहका विद्यार्थीहरूलाई छोटा निर्देशनहरू, लचकदार नियमहरू तथा अभ्यासका लागि प्रशस्त समय भएको रमाइला खेलहरू मन पर्छन् । शिक्षकले कार्डमा दिइएका खेलहरू बाहेक सिकाइ उपलब्धिको मर्मअनुसार रचनात्मक भएर अन्य खेलहरू खेलाएर पनि विद्यार्थीहरूलाई थप उत्प्रेरित गर्न सकिन्छ । खेलका क्रियाकलापहरू सहपाठी सहयोग समूहमा पर्छ ।



उद्देश्य: विद्यार्थीहरूलाई खेलको माध्यमबाट विभिन्न सिपहरू सिकाइ सर्वाङ्गीण विकास गराउने

सामग्रीहरू : डन्डीबियोको सङ्केत भएका खेल कार्डहरू

सिकाइ क्रियाकलाप

- यो क्रियाकलाप सहपाठी सहयोग समूहअन्तर्गत पर्छ । कार्डहरूमा दिइएका वा आवश्यकताअनुसार स्वनिर्मित अन्य खेलहरूसमेत अभ्यास गराउन सकिने छ ।
- डन्डीबियो लोगोमा पुगेका विद्यार्थीहरूको समूह बनाउनुहोस् ।
- डन्डीबियो लोगोका सिकाइ कार्ड लिन लगाउनुहोस् ।
- उक्त खेल कक्षाकोठाभित्र वा बाहिर खेल्न सकिने हो यकिन गर्नुहोस् ।
- आवश्यकताअनुसार शिक्षकले आफैँ खेलेर देखाउनुहोस् र सोहीअनुसार विद्यार्थीहरूलाई हेरेर सोहीअनुसार गर्न लगाउनुहोस् ।
- टोली नेता आवश्यक पर्ने भएमा राम्रो अभ्यास भएका वा पालैपालो नेता हुने गरी खेल अभ्यास गराउनुहोस् । कहिलेकाहीँ प्रतिस्पर्धात्मक रूपमा खेल्न सकिने खेल क्रियाकलापलाई सोहीअनुसार गराउनुहोस् ।
- समूहमा खेलिने खेलअनुसार विद्यार्थीले हासिल गर्नुपर्ने सिपलाई आधार मानेर व्यक्तिगत मूल्याङ्कन गर्नुहोस् । यी सिपहरूलाई आधार मानेर मूल्याङ्कन गर्दा तल देखाएको जस्तो मूल्याङ्कन फाराम प्रयोग गर्न सकिन्छ ।
- खेल अवधिमा विद्यार्थीहरूको खेल सिपको मूल्याङ्कनका लागि अवलोकन गर्नुहोस् ।

७.९.६ तराजु : मूल्याङ्कन

विज्ञान तथा प्रविधि विषयमा तराजु लोगोले माइलस्टोनगत मूल्याङ्कन क्रियाकलापलाई बुझाउँछ । कक्षा ४ र ५ मा १८/१८ ओटा गरी जम्मा २३६ ओटा तराजु अङ्कित सिकाइ कार्डहरू तयार गरिएका छन् । एउटै माइलस्टोनमा पनि सिकाइ उपलब्धिहरूलाई मध्यनजर गरी दुईभन्दा बढी सिकाइ कार्डहरू निर्माण गरिएका छन् । यी कार्डहरूमा भएका लेखन वा अन्य क्रियाकलाप सम्पन्न गरी विद्यार्थीको उपलब्धिको लेखाजोखा गरी निरन्तर मूल्याङ्कन पद्धतिको अभिलेख राख्नुपर्ने छ । यो लोगो स्वयम् सिकाइ समूहअन्तर्गत पर्छ ।


MS 1

वैज्ञानिक सिकाइ (Scientific Learning) 1

तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) वैज्ञानिक सिकाइ प्रक्रिया भनेको के हो ?

(ख) वैज्ञानिक सिकाइमा अवलोकन किन आवश्यक छ ?

(ग) वैज्ञानिक सिकाइमा प्रयोगको महत्त्व लेख्नुहोस् ।

(घ) सोधखोजले वैज्ञानिक सिकाइलाई कसरी मदत गर्छ ?

(ङ) वैज्ञानिक प्रयोग गर्दा अपनाउनुपर्ने कुनै चारओटा सावधानी लेख्नुहोस् ।

(च) तपाईंले आफ्नो करेसाबारीमा एउटा नयाँ बिरुवा देख्नुभयो । उक्त बिरुवाका गुण थाहा पाउन के के गर्नुहुन्छ ?

(छ) सविनाले विज्ञान प्रयोगशालामा कार्य गर्दा एउटा बिकर हातबाट झरेर फुटेछ । अब उनले के गर्नुपर्ला, लेख्नुहोस् ।

Science and Technology : ◆ GOVN/MOEST/CDC/CEHRD S4.012.02 GRADE 4

उद्देश्य: प्रत्येक माइलस्टोनको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने

सामग्री : तराजु लोगोका सिकाइ कार्डहरू

सिकाइ क्रियाकलाप

- तराजु लोगोमा पुगेका विद्यार्थीहरूको पहिचान गर्नुहोस् ।
- तराजु लोगोमा पुगेका विद्यार्थीहरूलाई उक्त सिकाइ कार्डहरू लिन लगाउनुहोस् ।
- त्यसमा भएका क्रियाकलापहरू जस्तै : प्रश्नोत्तरलगायत अन्य लेखन कार्यहरू व्यक्तिगत रूपमा गर्न लगाउनुहोस् ।
- कार्डमा भएका क्रियाकलापहरू अपुग हुन सक्छन् । यस्तो अवस्थामा स्वनिर्मित मूल्याङ्कनका अभ्यासहरू गर्न लगाउनुहोस् ।

७.९.७ दूरबिन : परियोजना कार्य

विज्ञान तथा प्रविधि विषयसँग सम्बन्धित कक्षा ४ मा २१/२१ ओटा गरी सिकाइ कार्डहरू निर्माण गरिएका छन् । विद्यार्थीहरूमा वैज्ञानिक धारणाको विकास गरी खोजअनुसन्धानमा प्रेरित गर्नका लागि परियोजना कार्यहरू दिइने गरिन्छ । त्यसैले यो कार्डहरूमा उल्लिखित गरिएभन्दा थप परियोजनाहरू शिक्षकले सिकाइ उपलब्धिअनुसार स्थानीय परिवेशमा सम्पन्न गर्न सक्ने परियोजनाहरू आफैँ बनाएरसमेत दिन सकिन्छ । दूरबिनको लोगो अङ्कित सिकाइ कार्डहरूमा समावेश क्रियाकलापहरू सहपाठी सहयोग समूहमा पर्छन् ।


MS 1

वैज्ञानिक सिकाइ (Scientific Learning) 1A

परियोजना कार्य

१. एउटा बाटा वा बाल्टिनमा पानी हाल्नुहोस् । तल दिइएका वस्तुहरूलाई पालै पालो पानीमा हाल्नुहोस् । पानीमा कुन कुन वस्तुहरू डुबे, कुन कुन वस्तुहरू उत्रिए । तल दिइएको तालिकामा भर्नुहोस् । रबर, प्लास्टिकको खाली बोटल, पात, फलामको किला, सुकेको काठको टुक्रा, डटपेन, पेन्सिल ।

पानीमा उत्रने वस्तु	पानीमा डुब्ने वस्तु

Science and Technology : ◆ GOVN/MOEST/CDC/CEHRD S4.009.02 GRADE 4

उद्देश्य : विद्यार्थीहरूमा विभिन्न परियोजना कार्यको माध्यमबाट खोजअनुसन्धान जस्ता वैज्ञानिक सिपको विकास गर्ने

सामग्रीहरू : कक्षा ४ र ५ दूरबिन लोगोका सिकाइ कार्डहरू

सिकाइ क्रियाकलाप

- दूरबिन लोगोमा पुगेका विद्यार्थीहरूलाई समूहमा बसाई उनीहरूको milestone अनुसारको दूरबिन अङ्कित कार्ड लिन लगाउनुहोस् ।
- कार्डमा दिइएका परियोजना कार्य वा सिकाइ उपलब्धि स्थानीय परिवेशमा सम्पन्न गर्न सकिने स्वनिर्मित परियोजनाको छोटो वर्णन (description) सहित सम्पन्न गर्नुपर्ने कार्यहरूको निर्देशन दिनुहोस् ।
- परियोजनाको स्वरूपअनुसार एक्लै वा समूहमा गर्ने, सम्पन्न गरी कति समयमा प्रतिवेदन वा दिइएको ढाँचामा पत्ता लागेका तथ्य/प्राप्तिहरू पेस गर्नुपर्ने निर्देशन दिनुहोस् ।

✍ उनीहरूका खोज तथा अनुसन्धानबाट उजागर भएका तथ्य तथा प्राप्तिहरूलाई कक्षाकोठाभित्र वा बाहिर आकर्षक ढङ्गले प्रदर्शन गर्न सघाउनुहोस् ।

✍ प्रतिवेदनको खाका बनाई प्रतिवेदन पनि लेख्न लगाउनुहोस् ।

७.९.८ लेन्समा कमिला : क्षेत्र भ्रमण (Field Trip)



विज्ञान तथा प्रविधि विषयमा स्थलगत भ्रमणको क्रियाकलापलाई लेन्समा कमिला लोगोमा राखिएको छ । MGML सामग्रीमा कक्षा ४ मा ४ र कक्षा ५ मा पनि ४ ओटा गरी जम्मा ८ ओटा भ्रमणको क्रियाकलाप निर्माण गरिएको छ । शिक्षकले यसलाई व्यवस्थित गर्दा अन्य विषयसँग पनि एकीकृत गरी भ्रमणको व्यवस्था गर्न सकिन्छ । साथै शिक्षकले कुन कुन कार्डका क्रियाकलापलाई समेटेर कक्षा ४ र ५ का विद्यार्थीहरूलाई एकैपटक भ्रमणमा लैजाने भनेर पूर्व योजना बनाउनुपर्छ । स्थलगत भ्रमणबाट विद्यार्थीहरूको सिकाइमा प्रत्यक्ष अनुभव (First hand experience) प्रदान गर्दछ । एक पटकको स्थलगत अध्ययन भ्रमणबाट पनि विभिन्न सिकाइ उपलब्धिहरूलाई समेट्न सकिन्छ । यसले समूहकार्य र सहयोगात्मक सिकाइका अवसरहरू प्रदान गर्दछ । विद्यार्थीहरूले नोट/टिप्पणी लेख्ने कुराको अनुभव लिन पाउँछन् । अवलोकनका सिपहरू सुदृढ हुन्छन् । विद्यार्थीहरूमा आफैंले प्रश्नावली निर्माण गर्ने सिपको विकास हुन्छ । कक्षाको नियमित तालिकामा उत्साहित गर्ने किसिमको परिवर्तन आउँछ । सबै किसिमका सिकारुहरूलाई समेट्छ र सामाजिक सवालहरू (Issues) प्रति विद्यार्थीहरूमा चेतनाको निर्माण गर्छ । स्थलगत भ्रमणलाई सफल हुने गरी सञ्चालन गर्न ध्यानपूर्वक योजना बनाउनु आवश्यक हुन्छ । स्थलगत अध्ययन भ्रमण वा क्षेत्र भ्रमणमा लैजाँदा विद्यार्थीहरूलाई निरीक्षण गर्न पर्याप्त शिक्षक वा परिपक्व मानिस हुनुपर्ने कुराको सुनिश्चित गर्नुपर्छ । अभिभावकहरूलाई स्थलगत भ्रमणबारे पूर्व जानकारी गराउनुपर्छ र यदि विद्यालयलाई आवश्यक पर्छ भने अभिभावकहरूबाट स्थलगत भ्रमणको अनुमति पत्र (Permission slips) लिनुपर्छ ।

सिकाइ क्रियाकलाप

✍ सर्वप्रथम शिक्षक आफैंले विद्यार्थीहरूलाई स्थलगत भ्रमणमा लैजाने स्थानको अवलोकन गर्नुहोस् । त्यसपछि मात्र स्थलगत भ्रमणको योजना बनाउनुहोस् । यसो गर्दा भ्रमणलाई केमा केन्द्रित गर्ने र यसको पछाडिको औचित्य के हुने भन्ने बारेमा शिक्षकलाई प्रस्ट हुने मौका मिल्छ ।

✍ शिक्षक अवलोकनमा जाँदा कति समय लाग्यो भनेर विचार गर्नुहोस् । यसबाट विद्यार्थीहरूलाई स्थलगत भ्रमणमा कति समय चाहिन्छ भनी योजना बनाउन मदत पुग्छ ।

✍ स्थलगत भ्रमणमा विद्यार्थीहरूले के कस्ता काम गर्ने भन्ने कुराहरूलाई समेटेर एउटा स्थलगत भ्रमणको विवरण तालिका (Trip sheet) तयार पार्नुहोस् वा विद्यार्थीहरूले के गर्ने भन्ने बारेमा योजना बनाउनुहोस् ।

✍ स्थलगत भ्रमण (र तालिका भर्ने तरिकाहरू) का बारेमा विद्यार्थीहरूलाई प्रस्टचाउनुहोस् ताकि उनीहरूलाई भ्रमणबाट के कस्ता कुराहरू अपेक्षा गरिएको रहेछ र हामीहरू कतिखेर फर्कने भन्ने कुरामा स्पष्ट हुन मदत पुगोस् ।

✍ स्थलगत भ्रमणमा जानु अगि र गएर आइसकेपछि सञ्चालन गरिने पाठहरू (Pre-trip and post-trip lessons) पनि स्थलगत भ्रमण जत्तिकै महत्त्वपूर्ण हुन्छन् । तसर्थ स्थलगत भ्रमणलाई सफल बनाउन यी कुराहरूमा गम्भीरताका साथ योजना बनाउनुहोस् ।

✍ स्थलगत भ्रमणलाई धेरै लामो बनाउन सकिँदैन । तसर्थ प्राथमिक स्तरका विद्यार्थीहरूका लागि स्थानीय प्रविधि (जाँतो, पानीघट्ट, पानी मिल, वायु मिल, तोरी पेल्ने कोल बगैंचा, उद्योग, फार्म आदि) हरू भएको स्थलको पटक पटक

गरिने भ्रमण पनि प्रभावकारी हुन्छ ।

- विद्यार्थीहरूलाई स्थलगत भ्रमणमा लैजानु अगि जाने ठाउँको सम्बन्धित व्यक्तिलाई सोको जानकारी दिनुहोस् र उसबाट अनुमति लिनुहोस् । यसो गर्दा विद्यार्थीहरू भ्रमण स्थलमा गएको वेलामा उनीहरूले जान्न खोजेका कुराहरूबारे जानकारी दिने व्यक्ति उपलब्ध हुन सक्छन् ।
- स्थलगत भ्रमणमा जाँदा क्लिपबोर्डको प्रयोग गर्नाले विद्यार्थीहरूलाई नोट लेख्न र जानकारीहरूलाई व्यवस्थित गरेर राख्न मदत पुग्छ ।
- स्थलगत भ्रमणमा जाँदा वरिपरिको छरछिमेकको सहयोग लिई त्यसबाट विद्यार्थीहरूलाई फाइदा पुग्ने गरी योजना बनाउनुहोस ।
- तपाईंले योजना गर्ने स्थलगत भ्रमण विद्यार्थीहरूले सिक्ने कुराहरूसित सान्दर्भिक हुनुपर्छ ।
- स्थलगत भ्रमण सकेपछि सम्बन्धित व्यक्ति/संस्थालाई धन्यवाद दिनु अति आवश्यक हुन्छ ।
- स्थलगत भ्रमणलाई अन्य विषयहरूको पाठ्यक्षेत्रसित पनि एकीकृत गर्ने प्रयास गर्नुहोस्, जस्तै : गणित, सामाजिक, आदि ।
- स्थलगत भ्रमणको कार्य गरिसकेपछि विद्यार्थीहरूलाई समूह विभाजन गरी भ्रमणपछि गरिने क्रियाकलाप (Post Trip Activities) गराउनुहोस ।
- स्थलगत भ्रमणपछि गरिने क्रियाकलापहरूको उदाहरण
- विद्यार्थीहरूका विभिन्न समूहलाई प्रस्तुतीकरण गर्न लगाउने
- सहयोगात्मक रूपमा भ्रमणको किताब (Trip book) बनाउन लगाउने
- रमाइलो नाटक बनाउन लगाउने
- लेखहरू लेख्न र चित्रहरूको शीर्षानुलेख (Caption) तयार पार्न लगाउने
- कक्षाकोठामा प्रदर्शनी गर्न लगाउने
- त्यसपछि निरन्तरता दिने अन्य पाठहरू सञ्चालन गर्न यसलाई आधार बनाउने
- स्थलगत भ्रमणलाई आधार बनाएर कविता, कथा र रचनात्मक लेखहरू लेख्न/रचना गर्न लगाउने स्थलगत भ्रमणमा देखेका कुराहरूलाई वास्तविक अनुभव गर्न विद्यालयमा पनि त्यसै गर्न लगाउने, जस्तै : कागज वा माटोको पानी घट्ट बनाउन लगाउने, आदि

७.९.९ सूक्ष्मदर्शक यन्त्र : प्रयोगात्मक कार्य

विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक क्रियाकलापहरूलाई सूक्ष्मदर्शक यन्त्रले अङ्कित गरिएको छ । यस विषयमा कक्षा ४ मा १८ ओटा र कक्षा ५ मा १९ ओटा गरी जम्मा ३७ ओटा सूक्ष्मदर्शक यन्त्र अङ्कित सिकाइ कार्डहरू बनाइएको छ । यो विषयका धेरैजसो पाठ्यांशहरूलाई प्रयोगात्मक कार्यका माध्यमबाट दिगो र प्रभावकारी ढङ्गले सिकाउन सकिन्छ । सिकाइ कार्डका दिइएका विषयवस्तुले विद्यार्थीहरूले आफैँले गरेर सिक्न (learning by doing) क्रियाकलापहरू प्रस्तुत गर्दछन् । आवश्यकताअनुसार शिक्षकले आफैँले बनाई थप प्रयोगात्मक कार्य गराउन सकिन्छ । सूक्ष्मदर्शक यन्त्र अङ्कित सिकाइ कार्डहरू आंशिक शिक्षक सहयोग समूहअन्तर्गत पर्दछन् ।

उद्देश्य: विद्यार्थीहरूमा विभिन्न प्रयोगात्मक क्रियाकलापहरूका माध्यमबाट सिकाइलाई दिगो, टिकाउ र वैज्ञानिक सिपको विकास गराउने

सामग्रीहरू : कक्षा ४ र ५ का सूक्ष्मदर्शक यन्त्र अङ्कित कार्डहरू, कार्डमा सुझाइएका शैक्षिक सामग्रीहरू ।

सिकाइ क्रियाकलाप

- सूक्ष्मदर्शक यन्त्र लोगोमा पुगेका विद्यार्थीहरूको समूह बनाउनुहोस् ।
- उक्त लोगो अङ्कित कार्ड लिन लगाउनुहोस् ।
- कार्डमा दिइएको प्रयोगात्मक कार्यका लागि आवश्यक सामग्रीहरू जुटाउनुहोस् ।
- सुरुमा बुझिने गरी निर्देशनसहित उक्त प्रयोग गरी देखाउनुहोस् । त्यसपछि क्रियाकलाप गर्दा अपनाउनुपर्ने सावधानी वा नियमहरू बताउनुहोस् ।
- समूहमा गर्नुपर्ने प्रयोगात्मक कार्यका लागि समूह बनाई कार्य विभाजनसमेत गराई सहकार्यात्मक तवरले सहयोग आदानप्रदान गर्न लगाउनुहोस् ।
- विद्यार्थीले गरेको प्रयोगात्मक कार्यलाई बिच बिचमा निरीक्षण गर्नुहोस् ।
- विद्यार्थीले गरेको प्रयोगात्मक कार्यको आफ्नो स्वनिर्मित ढाँचामा अभिलेख पुस्तिका बनाउन लगाउनुहोस् ।


वैज्ञानिक सिकाइ (Scientific Learning)

१. आफ्नो कक्षाकोठामा रहेका विभिन्न सामग्रीहरूको अवलोकन गरी तिनका गुणहरू तथकको तालिकामा भर्नुहोस् :

क्र.सं.	सामग्रीको नाम	आकार कस्तो छ ?	रङ कस्तो छ ?	छाम्दा कस्तो छ ?	के बाट बनेको छ ?	उपयोग
1.	सेक्ने पाती	आयताकार	सेतो	चिल्लो र कडा	काठ	सेक्न मिल्ने
2.						
3.						
4.						
5.						

२. आफ्नो परपर पाइने माटो, ढुङ्गा, बालुवा, चिनी, नुन, किटकिरी, काठको धुलो आदि जम्मा गर्नुहोस् । यी वस्तुहरूमध्ये कुन कुन पानीमा घुल्छन् होला ? अनुमान गर्नुहोस् । त्यसपछि परीक्षण गर्नुहोस् । यसका लागि एकटा गाँसेमा पानी लिनुहोस् । सम्बन्धन गरेका वस्तुहरू एक एक गरी पानीमा राखेर घोलाउनुहोस् । वस्तु घुल्यो कि घुलेन, अवलोकन गर्नुहोस् । प्रयोगका आधारमा प्राप्त नतिजालाई तालिकामा भर्नुहोस् ।

क्र.सं.	वस्तुको नाम	अनुमान (घुल्छ होला / घुल्दैन होला)	आफ्नो नतिजा (घुल्यो / घुलेन)
1.	माटो	.....	.....
2.	चिनी	.....	.....
3.			
4.			
.....			

(अ) तपाईंले गरेका आधारमा घुल्ने र नघुल्ने अनुमान गर्नुभयो ?
(आ) तपाईंको अनुमान र नतिजा मिल्यो कि मिलेन ?
(इ) के सबै वस्तुका तली वस्तुहरू पानीमा घुल्छन् होला त ?

३. विज्ञान प्रयोगशालामा प्रयोग गर्दा कस्ता कस्ता सावधानी अपनाउनुपर्ने ? चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Science and Technology | GOVN/MOEST/CDC/CEHRD | S4.008.02 | GRADE 4

७.९.१० पेन्सिल : चित्र बनाउने, रङ भर्ने

सिकाइको सबैभन्दा सरल माध्यम चित्र हो । सुरुमा बालबालिकाहरूले चित्रकै माध्यमबाट अक्षर र धारणा बुझ्छन् । उनीहरूलाई चित्रका माध्यमबाट धारणा बसाउन सहज पनि हुन्छ । त्यसैले बालबालिकाको प्यारो सामग्री चित्र हो । सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य र शारीरिक शिक्षा विषयमा विभिन्न प्रकारका चित्रहरूको प्रयोग गरी विषयवस्तुलाई बुझाउनुपर्ने हुन्छ । विद्यार्थीलाई अभ्यास र विषयवस्तु सिकाइका क्रममा त्यस्ता चित्रहरू तथा नक्साहरू बनाउन लगाउनुपर्ने पनि हुन्छ । सिर्जनानत्मक कलाअन्तर्गत चित्र बनाउने र रङ भर्न सिकाउने छुट्टै पाठ रहेको छ । त्यसमा पनि बालबालिकाहरूलाई उनीहरूको स्तरअनुसारका चित्र कोर्ने, रङ भर्ने अभ्यास गराउनुपर्ने हुन्छ । त्यसैले यसमा छुट्टै सिकाइ सिँढीका रूपमा पेन्सिल लोगोको प्रयोग गरिएको छ । यो लोगो सवलीकरण चरणको स्वयम् सिकाइ समूहमा पर्छ ।


नाप (Measurement)

यसपछि तालिकामा दिइएको भाँडो वस्तुहरूलाई स्केल्याटिक चित्र बनाएर पहेँलो :

वास्तविक चित्र	स्केल्याटिक	तपाईंले कोरेको स्केल्याटिक चित्र
फनेल		
बिकर		
स्पर		
बर्नर		
ट्राइपोड स्ट्याण्ड		
कोनिकल फ्लास्क		
परीक्षण नली		

Science and Technology | GOVN/MOEST/CDC/CEHRD | S4.019.02 | GRADE 4

(ख) उद्देश्य

- पेन्सिलको प्रयोग गरी सिधारेखा र वक्ररेखाहरूको प्रयोग गरेर विभिन्न प्रकारका रेखाचित्रहरू कोर्न सिकाउन
- विभिन्न प्रकारका थोप्ले चित्र र रेखा चित्रमा उपयुक्त रङ छनोट गरी भर्न र आकर्षक रङ्गीन चित्र बनाउन सिकाउन
- विद्यार्थीमा कल्पना क्षमतको विकास गर्न
- चित्रका माध्यमबाट अभिव्यक्ति प्रस्तुति क्षमता विकास गर्न
- विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्न
- चित्र प्रदर्शनी सिपको विकास गर्न ।

(ग) सामग्रीहरू

- पेन्सिल लोगोका सिकाइ कार्डहरू, पेन्सिल, सादा कागज, विभिन्न प्रकारका रङ्गीन पेन्सिल आदि ।

(घ) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई अभ्यास पुस्तिकामा थोप्ले चित्र बनाएर दिने र त्यसमा पेन्सिलले कोरेर रेखा चित्र पूरा गर्न लगाउनुहोस् र सबैका चित्रहरू प्रदर्शन गर्नुहोस् ।
- सिकाइ कार्डमा भएका आफूखुसी वा उपयुक्त रङ भर्न लगाउने र प्रदर्शन पाटीमा प्रदर्शन गर्नुहोस् ।

- ✍ विद्यार्थीहरूलाई चित्र कोर्न र चित्रमा रङ भर्न प्रोत्साहन गर्ने र आवश्यक सहजीकरण गर्नुहोस् ।
- ✍ विद्यार्थीहरूलाई आफूखुसी वा पेन्सिल कार्डमा दिइएको निर्देशनअनुसार चित्र बनाउन र रङ भर्न लगाउनुहोस् ।
- ✍ विषयवस्तुसँग सम्बन्धित चित्रहरू बताउन लगाउने र प्रदर्शन गर्नुहोस् ।
- ✍ कार्य पुस्तिकामा दिइएका अभ्यासहरू गराउनुहोस् ।
- ✍ त्यसका अलावा शिक्षकले चित्र बनाउने र रङ भर्ने थप अभ्यास गराउनुहोस् ।

७.९.११ रोबोट : अभिनय

शिक्षण सिकाइका क्रममा विज्ञानका विषयवस्तुलाई सामूहिक रूपमा अभिनय गराएर मनोरञ्जनात्मक ढङ्गबाट प्रस्तुत गराई धारणा बसाउनका लागि अभिनय विधिको प्रयोग गरिन्छ । अभिनय विधि बालकेन्द्रित विधि हो । यसले विद्यार्थीमा विषयवस्तुलाई प्रस्ट रूपमा बुझ्न, सिर्जनात्मक सिपको विकास गर्न र सामाजिकीकरण हुन सहयोग गर्दछ । यसले विद्यार्थीलाई सिकाइप्रति आकर्षित गर्न पनि सहयोग गर्दछ ।

अभिनय विधिका लागि MGML सिकाइमा विभिन्न माइलस्टोनमा रोबोट लोगो भएका कार्डहरू राखिएका छन् । यो क्रियाकलाप सामूहिक रूपमा गराउनुपर्ने भएकाले कक्षागत रूपमा एउटै कार्डको विकास गरिएको छ । त्यसैले यो क्रियाकलाप गराउँदा कक्षा ४ र ५ कक्षाका विद्यार्थीहरूलाई छुट्टाछुट्टै सहभागी गराउन सकिन्छ । शिक्षकको आंशिक सहयोगबाट यो क्रियाकलाप गराउन सकिन्छ ।

उद्देश्य

- ✍ विषयवस्तुलाई कलात्मक र मनोरञ्जनात्मक रूपमा अभिव्यक्त गर्न
- ✍ विषयवस्तुलाई जीवन्त रूपमा प्रस्तुत गरी बुझन
- ✍ विद्यार्थीहरूलाई अभिनय कला, संवाद वाचन, हाउभाउको माध्यमबाट विज्ञान तथा प्रविधिका विषयवस्तुबारे अवधारणा दिन

सामग्रीहरू : रोबोट लोगोका कार्डहरू

सिकाइ क्रियाकलाप

राम साहै सेतो गीत गाउन आफ्नो संच राख्छन् । साथीभाईको माझमा खेल्दा पनि गीत गाउँछन् । गाउँघरमा सानै जत्रामा उनलाई बेस्सै धिनिकै गीत गाउन लगाउँछन् । उनि कुनै पनि गीत सुरु, ठिकर, ठिहार भएर गाउने गर्दछन् । आफू पढ्ने स्कुलका छात्र सबै साथुहरु सँगसँगै उनले अहलम गाएर मनोरञ्जन दिन्छन् र गीत रेकर्ड गर्ने अवसर पनि पाएका थिएनन् । तर एकैदिन अचानक उनको गायकजगतमा प्रभावित भएर एकजना साथीलाई आफ्नो उनलाई हाम्रा लिएर आएछन् । सबैलाई सोधा र विभिन्न आयामहरुमा सानोमा गीत गाउने सोचिन्छ र आयाम गराउँछन् । एकदिन हरुमा धेरै दर्शक जोगिएका थिए उनको एकल गीत गाउने आयोजना गरिन्छ । यस कार्यक्रमको आयोजने उनलाई सबैले भिन्छन् । यस भेटि धेरै छाउँकेबाट उनको गीत सुन्ने साथ हुन्छ । उनी बिस्तारै गायिका स्तर को अभ्यासको लागि स्थापित हुन्छन् । तर्सैले आई अनेकौंका हार्मोनि हाम्रो प्रतिभा पुजारार र खोज्छन् । मनलाई उजागर गर्न थाल्छ ।

तपाईंलाई पनि गीत गाउन मन पर्छ ?
कुनसी कस्तो खालको गीत गाउन मन पर्छ, त एक एक जनाले भन्नुहोस् त ?
गीत गाउनको लागि पहिले तपाईं सोचाईई धेरै पटक सुन्न पर्ने रहेछ हो ?
हार्मोनि बाहेक पुलकमा आफ्ना कुन कुन गीत सुन्नी त ?
गाइने पुस्तका गीतहरु गाउन क-कसले बजाइन्छ ?
हजुरहरुलाई गीत गाने क्रण्ड मनको छ ?

(क) लोगोको अर्थ : कथा/ घटना

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : परिचयात्मक

(घ) उद्देश्य

- कथाको माध्यमबाट विषयवस्तुको प्रस्तुतीकरण गर्न
- बालबालिकाहरूमा कथासम्बन्धी सिर्जनात्मक सिपको विकास गराउन

(ङ) सामग्री : नरसिङ्गा कार्डहरू र अन्य आवश्यक सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- कक्षाकोठामा विद्यार्थीहरूलाई पूर्ण शिक्षक सहयोग समूहमा राखेर हाउभाउसहित कथा सुनाउनुहोस् ।
- कथाको आशय, शब्दहरूबारे प्रश्नोत्तर गरेर छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूले यस्ता कथाबाट रमाइलो मान्दै विषयवस्तुसँग सम्बन्धित आधारभूत ज्ञान प्राप्त गर्ने र नयाँ कथावस्तुको रचना गर्न प्रेरित हुने भएकाले शिक्षकले अभिनयात्मक तथा रोचक रूपमा कथा सुनाउनुहोस् ।
- बिच बिचमा कथा रोक्दै अब के हुन्छ होला ? भन्ने अनुमान गर्न लगाउने र प्रश्नोत्तर गर्न लगाउनुहोस् ।
- सम्पूर्ण कथाहरू छुट्टाछुट्टै कार्डका रूपमा तयार पारिएकोले शिक्षकले जुन जुन माइलस्टेनमा नरसिङ्गा लोगो छ , त्यही नम्बरको कथा कार्डबाट कथा सुनाउनुहोस् ।
- कथा कार्डमा दिइएका कथाहरू नमुनाका रूपमा मात्र भएकाले विषय वस्तुसँग सम्बन्धित कथाहरू, शिक्षक तथा विद्यार्थीबाट सिर्जित कथाहरूलाई पनि प्रयोग गर्नुहोस् ।

८.८.४ ढोलक

माइलस्टोनमा रहेका सिकाइ उपलब्धि पूरा गर्नका लागि परिचयात्मक क्रियाकलापको रूपमा ढोलक कार्ड/छलफल पुस्तक विकास गरिएको छ । यो कार्डमा एकातिर चित्र र अर्कोतिर प्रश्न राखिएको छ । चित्र विद्यार्थीहरूका लागि हो भने प्रश्न शिक्षकका लागि हो । शिक्षकलाई विषयवस्तुसँग सान्दर्भिक प्रश्न सोधी विस्तृत रूपमा छलफल गर्न सहज बनाउनका लागि नमुना प्रश्नहरू राखिएको छ । यसले गर्दा कक्षाकोठामा शिक्षक र विद्यार्थीबिच आपसी छलफल र प्रश्नोत्तर गर्ने प्रशस्त अवसर सिर्जना हुन्छ । साझा क्रियाकलापको रूपमा प्रयोग हुने गरी यो क्रियाकलाप विकास गरिएको छ ।



(क) लोगोको अर्थ : छलफल पुस्तक

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : परिचयात्मक

(घ) उद्देश्य

- छलफल र प्रश्नोत्तरका माध्यमबाट विद्यार्थीहरूलाई विषयवस्तुको जानकारी हासिल गर्न
- विद्यार्थीहरूलाई प्रश्नोत्तर गर्ने सिपको विकास गर्न

(ङ) सामग्री : ढोलक कार्डहरू र अन्य आवश्यक सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- शिक्षकले छलफल पुस्तकको प्रयोग गर्नुभन्दा पहिले त्यसमा दिइएका सबै प्रश्नहरूलाई राम्रोसँग पढेर स्पष्ट हुनुहोस् ।
- छलफल पुस्तक साझा क्रियाकलाप भएकाले कक्षा ४ र ५ का सबै बालबालिकाहरूलाई पूर्ण शिक्षक सहयोग समूहमा शिक्षकको वरिपरि राख्नुहोस् ।
- छलफल पुस्तकलाई टेबुलमाथि राख्दा चित्र भएको भाग सबै विद्यार्थीहरूले देख्ने गरी फर्काएर राख्नुहोस् ।
- शिक्षकले छलफल पुस्तकमा भएका प्रश्नहरू र विषयवस्तुसँग सान्दर्भिक अन्य प्रश्नहरू प्रयोग गर्दै विभिन्न विषयसँग सम्बन्धित छलफल र प्रश्नोत्तर गर्नुहोस् ।
- सबैभन्दा पहिले पुरै कक्षालाई प्रश्न सोध्ने र विद्यार्थीहरूलाई उत्तर सोच्ने मौका दिने अनि मात्र व्यक्तिगत रूपमा उत्तर दिने मौका दिनुहोस् ।
- सबै विद्यार्थीहरूलाई उत्तर दिने अवसर प्रदान गर्नुहोस् ।
- कुन कक्षाका लागि शिक्षण सिकाइ क्रियाकलाप सहजीकरण गरेको हो सोका आधारमा छलफल गर्ने र कुन प्रश्न कुन कक्षाको लागि हो ? यकिन गरी सोका आधारमा विद्यार्थीहरूलाई प्रश्नको उत्तर दिने अवसर दिनुहोस् ।
- छलफलको अन्त्यमा विद्यार्थीहरूलाई पनि शिक्षकसँग प्रश्न सोध्ने अवसर दिनुहोस् ।
- छलफल पुस्तकमा एउटा माइलस्टोनमा भएका प्रश्नहरू शिक्षण योजनाअनुसार एक दिनमा मात्र प्रयोग नगरी सम्बन्धित माइलस्टोन शिक्षण अवधिमा आवश्यकताअनुसार प्रयोगमा ल्याउनुहोस् ।
- यसरी प्रत्येक माइलस्टोनमा राखिएका सिकाइ उपलब्धिलाई आधार मानेर चित्र देखाउँदै र प्रश्न प्रस्तुति सोधिएका छन् । त्यसैले शिक्षकले सिकाइ उपलब्धि हासिल हुने गरी थप प्रश्नहरूसमेत सोधी छलफल गर्नुहोस् ।
- यो छलफल पुस्तक कक्षा ४ र ५ का लागि एउटै भएकाले विद्यार्थीको कक्षागत सिकाइ उपलब्धिअनुसार प्रश्न गर्नुपर्ने, जस्तै : प्रश्न सामूहिक रूपमा प्रश्न सोधेर कक्षागत रूपमा विद्यार्थी तोकेर उत्तर दिने अवसर दिने गर्नुपर्छ ।
- विद्यार्थीहरूलाई आफैं प्रश्न बनाएर सोध्ने मौका दिनुहोस् ।

८.८.५ खैजडी

विद्यार्थीले सिक्नुपर्ने विषयवस्तुमा प्रस्ट हनु, थप ज्ञान प्राप्त गर्न, क्रियाकलापका लागि आधार प्रदान गर्न पनि थप पाठ्यसामग्री र स्वाध्ययन सामग्रीको आवश्यकता पर्छ । यस्ता सामग्रीका लागि छुट्टै कार्डका रूपमा खैजडी कार्ड विकास गरिएको छ । यस सामग्रीलाई विद्यार्थी आफैंले स्वाध्यन गर्ने गरी तयार गरिएको छ । यसमा विभिन्न प्रकारका विषयवस्तुको वर्णन, परिचय, त्यससँगसम्बन्धी कथा, कविता, संवाद, चार्ट, तालिका, तथ्याङ्क, चित्र, आदिका रूपमा प्रस्तुत गरिएको छ । यदि खैजडी कार्डमा दिएको विषयवस्तु पर्याप्त नभएमा वा थप सामग्री आवश्यक भएमा शिक्षकले थप सन्दर्भ सामग्रीको पनि प्रयोग गर्न सक्नुहुनेछ ।

वातावरणको सरसफाइ 13A

घर र विद्यालय वरपरको वातावरणको सरसफाइ (Cleanliness of home and surrounding)

लोचनको घर राउतेा छ। उनको घर वरपरि फोहोरले अरिल छ। घरको छेवेमा धुरे छ। धारो पनिको स्रोतसाधो छ। फोसाधारी गोरुको राईलो गोठ पनि छ। लोचनका भुवा र आमा विहान उठेर धरको सरसफाइ गर्नुहुन्छ । आमाले धरभित्रको सरसफाइ गर्नुहुन्छ। बुवाले शौचालय र धारा वरपरको सरसफाइ गर्नुहुन्छ। लोचन र उनकी दिदी विहान विहान दिदी र आमा सङ्गै, त्यसपछि उनीहरू पैठीआ मुखुर जोड्दाएर पढ्छन्, र सधा अरुनमा विभिन्न खेल खेल्छन्।

लोचनको घर, बुवा दुईजना मिलेर धारामा लुगा धुने गर्नुहुन्छ । लुगा धोएर आएपछि पानीलाई फोसाधारीमा सराउनुहुन्छ । भिजेको लुगा झिराहरू नहाउने घरेर लोचनका बुवाले जेला भेल्म धारा वरपर बस्ता गर्नुहुन्छ। लोचनका बुवा र आमा वातावरण सरसफाइप्रति सचेत हुनुहुन्छ।

लोचनको बुवा र आमा गाईगोठमा पनि काम गर्नुहुन्छ । उहाँहरूले गोठलाई सधा राख्नुहुन्छ। गाई गोठमानिकै भेल जम्मा गर्ने खाल्डो छ। गाईबस्तुको गोबरलाई यही खाल्डामा राखेर मल बनाउनुहुन्छ। घेर एकछा खनेकुरा, तरकारी र फलफूलका बोक्रा गाईबस्तुलाई खान दिनुहुन्छ। अन्य कुहिने फोहोर मल खाल्डामा हालेर मल बनाउनुहुन्छ । यसरी मलबाट खेतबारीमा प्रयोग गर्नुहुन्छ। लोचनका घरका सुरक्षित राख्नमले फोहोर बिलकुल

- विद्यार्थीलाई स्वाध्ययन सामग्री तथा पठन सामग्री उपलब्ध गराउनु
- विद्यार्थीलाई थप सन्दर्भ सामग्री उपलब्ध गराउनु

(ङ) सामग्री : खैजडी कार्डहरू र अन्य आवश्यक सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- माइलस्टोनअनुसारका विषयवस्तुलाई सिकाउनका लागि खैजडी कार्डमा भएको विषयवस्तु विद्यार्थीलाई स्वाध्ययन गर्न लगाउनुहोस् ।
- खैजडी कार्डका विषयवस्तुमा आधारित भएर समूह छलफल तथा प्रश्नोत्तर गराउनुहोस् ।
- किताब कार्डमा भएका संवाद, गीत, चार्ट, तालिका, कथा, निबन्ध, आदिको अन्य कार्डको प्रयोगमा, मूल्याङ्कनमा, छलफलमा समेत प्रयोग गरेर क्रियाकलाप गराउनुहोस् ।

८.८.६ अभ्यास पुस्तिका

विद्यार्थीहरूलाई उनीहरूले अध्ययन गरेका विषयवस्तुमा अझै प्रस्ट हुनको लागि प्रशस्त थप अभ्यासको जरुरत पर्छ । अभ्यासका लागि अभ्यास पुस्तिका लोगो भएको कार्डको प्रयोग गरिन्छ । यस कार्डमा विषयवस्तसुँग सम्बन्धित भएर प्रश्नहरूको उत्तर दिने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउनेलगायतका क्रियाकलाप गराउनुपर्छ । यसले विद्यार्थीको सिकाइलाई सुदृढ गर्ने हुनाले यसको अभ्यास व्यक्तिगत वा सामूहिक रूपमा गराउन सकिन्छ । कार्डमा दिइएको अभ्यास विद्यार्थी कार्यपुस्तक वा पाठ्यपुस्तकमा पनि दिइएको हुन्छ । विद्यार्थीलाई ती कार्यहरू कक्षा कार्य तथा गृहकार्यका रूपमा गर्न प्रोत्साहन गर्नुपर्छ ।


वातावरणको सरसफाइ 9

तलको प्रश्नहरूमा उत्तर दिनुहोस् ।

१ वातावरण सरसफाइ भनेको के हो ?

२ घर वरपरको वातावरण सफा राख्न के के गर्नु पर्छ ? सो को सूचि तयार गर्नुहोस् ।

३ चरन्ते निम्त्याने फोहरलाई कसरी व्यवस्थित गर्नु पर्छ ? उल्लेख गर्नुहोस् ।

४ आफू बस्ने टोलमा वरपरको वातावरण सफा राख्न गरेको के के गर्न सक्नु हुन्छ ?

५ कक्षा कोठा र विद्यालय परिसरी सफा राख्न हुने सहयोग गर्नुहरूका उल्लेख गर्नुहोस् ।

६ तपाईं घर विद्यालयबाट निस्कने फोहरलाई कसरी व्यवस्था गर्न सकिन्छ ?

७ वातावरण प्रदूषणले हाम्रो स्वास्थ्यमा के असरी पर्दछ ? खुले र बद्ध नासस्वहरू उल्लेख गर्नुहोस् ।

(क) लोगोको अर्थ : अभ्यास

(ख) क्रियाकलापको प्रकृति : व्यक्तिगत सिकाइ

(ग) सिकाइ चरण : अभ्यासात्मक

(घ) उद्देश्य

- विषयवस्तुमा थप प्रष्ट पार्न
- विषयवस्तुमा पर्याप्त अभ्यास गराउन र याद गराउन
- विद्यार्थीलाई विषयवस्तुमा पर्याप्त सिकाइ अवसर प्रदान गर्न
- विद्यार्थीको सिकाइलाई सुदृढ गर्न

(ङ) सामग्री

- माकुरा कार्ड
- विद्यार्थी कार्यपुस्तक
- कापी, कलम

(च) सिकाइ क्रियाकलाप

- सिकाइ सिँढीअनुसार विद्यार्थीहरूलाई कार्ड भिक्न लगाउने र कार्डमा दिइएका निर्देशनअनुसार समूहगत वा व्यक्तिगत रूपमा अभ्यास गर्न लगाउनुहोस् ।
- थप अभ्यासका लागि कार्यपुस्तक वा पाठ्यपुस्तकमा सोही प्रकृतिको अभ्यास सामग्री खोज्न लगाउने र सोअनुसार अभ्यास गर्न लगाउनुहोस् ।
- कार्डमा दिइएको अभ्यास पर्याप्त नभएमा वा सान्दर्भिक नभएमा शिक्षकले त्यस्तै अभ्यास सामग्री बनाएर अभ्यास गराउन सकिन्छ ।
- शिक्षकले आवश्यकताअनुसार निर्देशन दिँदै विद्यार्थीहरूले गरेका क्रियाकलाप ठिक भए नभएको हेर्ने र थप पृष्ठपोषणसहित अभ्यास गराउँदै जानुहोस् ।

८.८.७ मुकुन्डो

यो लोगोअन्तर्गतको क्रियाकलापद्वारा विद्यार्थीहरूमा अभिनय सिपको विकास हुन्छ । खेल तथा अभिनयका माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन हुने हुँदा कक्षाकोठामा मनोरञ्जनात्मक वातावरण सिर्जना गर्न सहयोग पुग्छ साथै विषयवस्तुहरूसम्बन्धी जानकारी, अभ्यास र छलफल गर्ने अवसर सिर्जना हुन्छ ।



(क) लोगोको अर्थ : अभिनय (छोटो संवाद बनाई सामूहिक रूपमा हाउभाउसहित विषयवस्तुसँग सम्बन्धित अभिनय तथा नाटक गर्ने)

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : पुन अभ्यासात्मक

(घ) उद्देश्य

- विद्यार्थीहरूमा वर्णन गर्ने, व्याख्या गर्ने, साच्चे सक्ने र कल्पना शक्ति वृद्धि गर्ने क्षमताको विकास गराउन
- विषयवस्तुलाई कलात्मक र मनोरञ्जनात्मक रूपमा अभिव्यक्त गर्न
- विषयवस्तुलाई जीवन्त रूपमा प्रस्तुत गरी बुझ्न
- विद्यार्थीहरूलाई अभिनय कला, संवाद वाचन, हाउभाउको प्रयोग आदि सिर्जनात्मक कलामा दक्ष बनाउन

(ङ) सामग्री : मुकुन्डो कार्डहरू र अन्य आवश्यक सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- यस कार्डअन्तर्गत क्रियाकलाप गराउँदा खेल नाटक आदिका माध्यमबाट गराउनुहोस् ।
- कार्डमा उल्लेख भएको निर्देशनअनुसार अभिनयको तयारी गर्न लगाउनुहोस् । त्यसका अलावा विषयवस्तुसँग मिल्ने

गरी उपयुक्त विषयमा विद्यार्थीहरूले रोजेका विषयमा पनि अभिनय गर्न प्रोत्साहित गर्नुहोस् । मुकुन्डो कार्डका अलावा शिक्षकले विभिन्न विषयमा अभिनयात्मक क्रियाकलाप गराउनुहोस् ।

- विद्यार्थीहरूलाई समूहमा छलफल गरेर कसले कुन कुन भूमिका निर्वाह गर्ने र के के संवाद बोल्ने भनी जिम्मेवारी बाँडफाँड गर्नुहोस् ।
- अभिनयका लागि आवश्यक सामग्री पहिले नै जुटाइराख्ने वा विद्यार्थीहरूलाई बनाउन वा सङ्कलन गर्न लगाउने गर्नुहोस् ।
- जिम्मेवारीअनुसार केही समय पूर्वाभ्यास गर्न लगाउनुहोस् । तयारी पूरा भएपछि पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले अभिनय गरिरहँदा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।
- प्रत्येक समूहको अभिनय सकिएपछि विषयवस्तुमा आधारित भएर प्रश्नोत्तर गर्दै छलफल गर्नुहोस् । जस्तै :
  - ➢ नाटकमा के के देखियो ?
  - ➢ के के भएको थियो ?
  - ➢ किन भएको थियो ?
  - ➢ के के राम्रो भयो ?
  - ➢ के के नराम्रो भयो ?
  - ➢ तिमी भए के गर्थ्यौ ? ल नाटकबाट के सिक्यौ ? आदि ।

८.८.८ भलिबल

यस लोगोमा विद्यार्थीहरूलाई एथलेटिक्स, जिम्नास्टिक, स्थानीय तथा साधारण खेलहरू र बल खेलहरूलगायतका क्रियाकलापहरू समाावेश गरिएका छन् । यस लोगोअन्तर्गतका क्रियाकलापहरू कक्षाका सबै विद्यार्थीहरूलाई सामूहिक रुपमा गराउनु पर्छ । सुरुमा शिक्षक तथा टोली नेताबाट खेलकुद सम्बन्धी नमुना प्रस्तुत गराउनु पर्दछ । त्यसछि विद्यार्थीहरूलाई सामूहिक रूपमा त्यस्ता क्रियाकलापहरूको अभ्यास र प्रस्तुति गर्न लगाउनु पर्दछ । आवश्यकताअनुसार शिक्षकले खेलकुदका सिपहरूको थप अभ्याास गराउँदै विद्यार्थीहरूलाई एकलरूपमा प्रस्तुति गर्न लगाउन पनि सकिन्छ । यस्ता क्रियाकलाप सिकी सकेका विद्यार्थीहरूलाई परिचालन गरी अन्य विद्यार्थीहरूलाई थप अभ्यास गराउन सकिन्छ । एथलेटिक्स, जिम्नास्टिक, स्थानीय तथा साधारण खेलहरू र बल खेलहरूका क्रियाकलापहरू अन्य सबै विषयका क्रियाकलापहरू गराउँदा एकीकृत गरी सञ्चालन गर्दा सिकाइ रोचक र मनोरञ्जनात्मक हुन्छ ।



(क) लोगोको अर्थ : खेल

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : पुन : अभ्यासात्मक

(घ) उद्देश्य

- एथलेटिक्स, जिम्नास्टिक, स्थानीय, साधारण र बल खेलका क्रियाकलापमा सहभागी गराउन
- एथलेटिक्स, जिम्नास्टिक, स्थानीय, साधारण र बल खेलका सिपको अभ्यास गर्न

(ङ) सामग्री : बलहरू, म्याट, चुना, डोरी, पोसाक, सिटी, डन्डीबियो, लक्कु बललगायत स्थानीय खेलअनुसारका सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- शिक्षकले माइलस्टोनमा भएका शिक्षण सिकाइ क्रियाकलापहरूको अध्ययन गरी पूर्व तयारी गर्नुहोस् ।

- कुन भलिबल कार्डमा कुन खेल छ ? पूर्व तयारीपश्चात् खेल मैदान र खेल सामग्री व्यवस्थापन गर्नुहोस् ।
- खेल खेलाउनुपूर्व शिक्षकले खेलको नियम र खेलका सिपहरूका नमुना प्रदर्शन, खेल खेल्दा अपनाउनुपर्ने होसियारी, खेल खेल्ने स्थानको सुरक्षा आदि कुरामा ध्यान दिनुहोस् ।
- विद्यार्थीहरूको सङ्ख्या र उपलब्ध खेल मैदानको आधारमा ताँती वा पङ्क्तिमा रही खेलका लागि तयारी अवस्थामा रहन भन्नुहोस् ।
- खेलकुदका क्रियाकलापहरू गराउनु अगाडी ५ देखी १० मिनेटसम्म शरीर तताउने क्रियाकलाप (Warm-up activities) जस्तै: मांशपेशी खुम्च्याउने र तन्काउने व्यायाम, छेटो दुरीको बाङ्गो टिङ्गो दौड गराउनुहोस् ।
- शिक्षक वा टोली नेताको सहयोगमा सबै विद्यार्थीहरूलाई खेलको सिपहरू पालैपालो समुहमा, जोडीमा र एकलरूपमा अभ्यासमा सहभागी गराउनुहोस्
- आवश्यकताअनुसार खेलकुदका सिपहरू सिकाउनका लागि स्थानीय अनुभवी व्यक्ति खेलाडी प्रशिक्षक पनि आमन्त्रण गर्न सकिन्छ ।
- खेलकुद क्रियाकलपको अभ्यास तथा प्रस्तुतिका क्रममा शिक्षक, टोली नेता, सहपाठी मार्फत मूल्याङ्कन र स्वमूल्याङ्कन गराई आवश्यकताअनुसार थप सिक्ने अवसर र प्रोत्साहन प्रदान गर्नुहोस् ।
- खेलकुदका क्रियाकलापहरू गराइसकेपछि ५ देखी १० मिनेटसम्म शरीर चिस्याउने क्रियाकलाप (Cool down activities) जस्तै योगासन वा स्थानीय खेल वा अनुकरणात्मक खेल गराउनुहोस् ।
- यस्ता खेलकुदका क्रियाकलापहरू आवश्यकताअनुसार यस विषयका अन्य सिकाइ क्रियाकलाप र अन्य विषयका क्रियाकलापमा पनि एकीकरण गरी सिकाइलाई मनोरञ्जनात्मक र सिकारुमैत्री बनाउनुहोस् ।

८.८.९ पिटी



यस लोगोमा विद्यार्थीहरूलाई कवाज, शारीरिक कसरत, योग र ध्यानलगायतका क्रियाकलापहरू समाावेश गरिएका छन् । यस लोगोअन्तर्गतका क्रियाकलापहरू कक्षाका सबै विद्यार्थीहरूलाई सामूहिक रूपमा गराउनु पर्छ । सुरुमा शिक्षक तथा टोली नेताबाट क्रियाकलापसम्बन्धी नमुना प्रस्तुत गराउनु पर्दछ । त्यपछि विद्यार्थीलाई सामुहिक रूपमा त्यस्ता क्रियाकलापहरूको अभ्यास र प्रस्तुति गर्न लगाउनु पर्दछ । आवश्यकताअनुसार शिक्षकले क्रियाकलापका सिपहरूको थप अभ्याास गराउँदै विद्यार्थीहरूलाई एकलरूपमा प्रस्तुति गर्न लगाउन पनि सकिन्छ । यस्ता क्रियाकलाप सिकी सकेका विद्यार्थीहरूलाई परिचालन गरी अन्य विद्यार्थीहरूलाई थप अभ्यास गराउन सकिन्छ । कवाज, शारीरिक कसरत, योग र ध्यानका क्रियाकलापहरू अन्य सबै विषयका क्रियाकलापहरू गराउँदा एकीकृत गरी सञ्चालन गर्दा सिकाइ रोचक र मनोरञ्जनात्मक हुन्छ ।

(क) लोगोको अर्थ : योग तथा कसरत

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : अभ्यासात्मक

(घ) उद्देश्य

- कवाज, शारीरिक कसरत, योग र ध्यानका क्रियाकलापमा सहभागी गराउन

- कवाज, शारीरिक कसरत, योग र ध्यानका सिपको अभ्यास गर्न

(ङ) **सामग्री** : म्याट, पोसाक, सिटीलगायत क्रियाकलापअनुसारका अन्य सामाग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- शिक्षकले माइलस्टोनमा भएका कवाजका आदेशहरू, पिटी तालिका नम्बर र योगासनका क्रियाकलापहरूको अध्ययन गरी पूर्व तयारी गर्नुहोस् ।
- कुन पिटी कार्डमा कुन कुन क्रियाकलाप छन् ? ती क्रियाकलापका लागि खेलकुद हल वा खेल मैदान र खेलकुद सामग्रीको बन्दोबस्त गर्नुहोस् ।
- कवाज, शारीरिक कसरत, योग र ध्यानका क्रियाकलाप गराउनुपूर्व शिक्षकले क्रियाकलापको नियम र क्रियाकलापका सिपहरूका नमुना प्रदर्शन, क्रियाकलाप गराउँदा अपनाउनुपर्ने होसियारी, क्रियाकलाप गर्ने स्थानको सुरक्षा आदि कुरामा ध्यान दिनुहोस् ।
- विद्यार्थीहरूको सङ्ख्या र उपलब्ध खेल मैदानका आधारमा ताँती वा पङ्क्तिमा रही खेलका लागि तयारी अवस्थामा रहन भन्नुहोस् ।
- कवाज, शारिरीक कसरत, योग र ध्यानका क्रियाकलापहरू गराउनु अगाडि ५ देखी १० मिनेट सम्म शरिर तताउने क्रियाकलाप (Warm-up activities) जस्तै: मांशपेसी खुम्च्याउने र तन्काउने ब्यायाम, छेटो दुरीको बाङ्गो टिङ्गो दौडलगायतका अन्य क्रियाकलाप गराउनुहोस् ।
- शिक्षक वा टोली नेताको सहयोगमा सबै विद्यार्थीहरूलाई खेलको सिपहरूका पालैपालो समुहमा र एकलरूपमा अभ्यासमा सहभागी गराउनुहोस् ।
- आवश्यकताअनुसार माथिका क्रियाकलापका सिपहरू सिकाउनका लागि स्थानीय अनुभवी व्यक्ति, प्रशिक्षक, योग गुरु पनि आमन्त्रण गर्न सकिन्छ ।
- खेलकुद क्रियाकलपको अभ्यास तथा प्रस्तुतिका क्रममा शिक्षक, टोली नेता, सहपाठीमार्फत मूल्याङ्कन र स्वमूल्याङ्कन गराई आवश्यकताअनुसार थप सिक्ने अवसर र प्रोत्साहन प्रदान गर्नुहोस् ।
- खेलकुदका क्रियाकलापहरू गराइसकेपछि ५ देखि १० मिनेट सम्म शरीर चिस्याउन क्रियाकलाप (Cool down activities) जस्तै कुनै साधारण तथा स्थानीय खेल खेलाउनुहोस् ।
- यस्ता खेलकुदका क्रियाकलापहरू आवश्यकताअनुसार यस विषयका अन्य सिकाइ क्रियाकलाप र अन्य विषयका क्रियाकलापमा पनि एकीकरण गरी सिकाइलाई मनोरञ्जनात्मक र सिकारुमैत्री बनाउनुहोस् ।
- विद्यार्थीलाई विद्यालयको प्रार्थना समयमा कवाज, पिटी र योग जस्ता क्रियाकलापहरू नियमित रूपमा गराउनुहोस् ।

८.८.१० गमकैंची

सिर्जनात्मक कलासँग सम्बन्धित कागजका चित्रहरू, कागजका टुक्राहरू विभिन्न आकारमा काट्ने र जम्मा गरी तयारी चित्र तथा टुक्राहरू ठुलो कागजमा टाँसी कोलाज तयार गर्न यो क्रियाकलाप गरिन्छ । यसबाट विद्यार्थीको सिर्जनात्मक तथा कलात्मक सिपको विकास गर्न सकिने हुनाले शिक्षकले प्रशस्त अभ्यासको वातावरण तयार गरिदिनुपर्छ । बोटबिरुवाका विभिन्न भागहरू छुट्टाछुट्टै सङ्कलन गरी कागजमा क्रमशः टाँस्ने तथा अन्य प्राकृतिक वस्तुहरूबाट पनि विज्ञान विषय र अन्य विषयसँग सम्बन्धित विभिन्न कोलाजहरू निर्माण गर्न सकिने छ । यो लोगोअन्तर्गतका क्रियाकलाप अभ्यासात्मक चरणअन्तर्गत सहपाठी सहयोग समूहमा पर्छ ।

(क) लोगोको अर्थ : कोलाज र छपाइ रेखा चित्र र रङ

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : अभ्यासात्मक

(घ) उद्देश्य


छपाइ

- उद्देश्य विद्यार्थीहरूलाई सिर्जनात्मक कलासँग सम्बन्धित विभिन्न रङ, चित्र, छपाइ र कोलाजसम्बन्धी क्रियाकलापहरू परिचित गराउन

(ङ) सामग्री : गम, कागज, कैंची, रङ, पूराना पत्रपत्रिका, विभिन्न आकारका वस्तुहरू, बिरुवाका पातहरू, कपास, खेर गएका विभिन्न वस्तुहरू

(च) सिकाइ क्रियाकलाप

- सिर्जनात्मक कलासँग सम्बन्धित सामग्रीहरू रङ, र चित्र कार्यका लागि आवश्यक सामग्रीहरू, कागजका टुक्राहरू, कोलाजका सामग्रीहरू, छपाइका सामग्रीहरू, बुनाइका सामग्रीहरू (जस्तै पेन्सिल, कलर पेन्सिल, चक्कु, कार्टुन कागज, रङको प्लेट, बाँस, पराल, सिन्का, र अन्य आवश्यक स्थानीय सामग्रीहरू) जम्मा गर्न र उचित स्थानमा भण्डारण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई रङ, चित्र, छपाइ र कोलाजसम्बन्धी क्रियाकलापहरूको पूर्व अनुभव सुनाउन लगाउनुहोस् ।
- रङ, चित्र, छपाइ र कोलाजसम्बन्धी क्रियाकलापहरू, शिक्षक वा विद्यार्थीले तयार पारेका नमुना वा वास्तविक सामग्री अथवा निर्माणसम्बन्धी भिडियो सामाग्रीहरू अवलोकन र छलफल गराउनुहोस् ।
- रङ, चित्र, छपाइ र कोलाज कार्यको सिप विकासका लागि कार्यशाला वा परियोजना आयोजना गर्नुहोस् । यस कार्यका लागि आवश्यक परेमा स्थानीय विज्ञ वा अनुभवी व्यक्तिलाई आमन्त्रण गर्नुहोस् ।
- विद्यार्थीद्वारा निर्मित सामग्रीहरूको प्रदर्शनी गराई आवश्यक पृष्ठपोषण र हौसला दिनुहोस् । निर्मित सामग्रीहरू बिभिन्न शैक्षिक मेला तथा कार्यक्रमहरूमा पनि विद्यार्थीहरूद्वारा प्रदर्शन गर्न लगाउनुहोस् ।
- शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सामग्रीहरू विद्यालयको प्रदर्शनी कक्षमा सजाएर उचित भण्डारण गर्नुहोस् । अभिभावक दिवस तथा अन्य कार्यक्रमहरूमा उपस्थित सरोकारवालाहरूलाई अवलोकन गराउनुहोस् । यस्ता समग्रीहरू विभिन्न विषयका सिकाइ क्रियाकलाप सञ्चालन गर्दा आवश्यकताअनुसार प्रयोग गर्नुहोस् ।

८.८.११ माटाको भाँडो

माटोको काम

सिर्जनात्मक कलासँग सम्बन्धित माटाका भाडोद्वारा विभिन्न आकृतिहरू तयार गर्न, स्थानीय सामग्रीहरूबाट बिभिन्न आकृति निर्माण गर्ने र बुनाइ गर्ने क्रियाकलाप यस लोगोमा समावेश गरेका छन् । यसबाट विद्यार्थीको सिर्जनात्मक सिपको विकास गर्न सकिने हुनाले शिक्षकले अभ्यासको पर्याप्त अवसर वातावरण तयार गरिदिनुपर्छ । विभिन्न स्थानीय सामग्रीहरू प्राकृतिक वस्तुहरू सङ्कलन र उचित संयोजन गरी यस विषय र अन्य विषयसँग सम्बन्धित अर्थपुर्ण र उपयोगी विभिन्न सामग्रीहरू निर्माण गर्न सकिनेछ ।

(क) लोगोको अर्थ : माटोको काम र निर्माण कार्य

(ख) क्रियाकलापको प्रकृति : साझा सिकाइ

(ग) सिकाइ चरण : अभ्यासात्मक

(घ) उद्देश्य

- विद्यार्थीहरूलाई सिर्जनात्मक कलासँग सम्बन्धित विभिन्न माटाका आकृतिहरू तयार गर्न, स्थानीय सामग्रीहरूबाट

बिभिन्न आकृति निर्माण गर्न र बुनाइ गर्नसम्बन्धी क्रियाकलापहरू परिचित गराउन ।

(ङ) सामग्री : माटो, कैँची, तार, पराल, सियो धागो, माटो मुछ्ने भाँडो, छ्वाँलीलगायत अन्य स्थानीय सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- सिर्जनात्मक कलासँग सम्बन्धित माटो तथा स्थानीय सामग्रीहरूको प्रयोगद्वारा विभिन्न आकृति निर्माण र बनाइका सामग्रीहरू (जस्तै : चक्कु, माटो, बाँस, पराल, सिन्का, सियो धागो, तार जाली र अन्य आवश्यक स्थानीय सामग्रीहरू) जम्मा गर्न र उचित स्थानमा भण्डारण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई माटो तथा अन्य स्थानीय सामग्रीहरूद्वारा आकृति निर्माण र बुनाइसम्बन्धी क्रियाकलापहरूको पूर्व अनुभव सुनाउन लगाउनुहोस् ।
- माटो तथा अन्य स्थानीय सामाग्रीहरूद्वारा आकृति निर्माण र बुनाइसम्बन्धी क्रियाकलापहरू सम्बन्धी शिक्षक वा विद्याथीले तयार पारेका नमुना वा वास्तविक सामग्री अथवा निर्माणसम्बन्धी भिडियो सामग्रीहरू अवलोकन र छलफल गराउनुहोस् ।
- माटो तथा अन्य स्थानीय सामग्रीहरूद्वारा आकृति निर्माण र बुनाइ सिप विकासका लागि कार्यशाला वा परियोजना आयोजना गर्नुहोस् । यस कार्यका लागि आवश्यक परेमा स्थानीय विज्ञ वा अनुभवी व्यक्तिलाई आमन्त्रण गर्नुहोस् ।
- विद्यार्थीद्वारा निर्मित सामग्रीहरूलाई रङ लगाउन सिकाउनुहोस् र कक्षा कोठामा प्रदर्शन गर्नुहोस् । प्रदर्शनी गराई आवश्यक पृष्ठपोषण र हौसला दिनुहोस् । निर्मित सामग्रीहरू विभिन्न शैक्षिक मेला तथा कार्यक्रमहरूमा पनि विद्यार्थीहरूद्वारा प्रदर्शन गर्न लगाउनुहोस् ।
- शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सामग्रीहरू विद्यालयको प्रदर्शनी कक्षमा सजाएर उचित भण्डारण गर्नुहोस् । अभिभावक दिवस तथा अन्य कार्यक्रमहरूमा उपस्थित सरोकारवालाहरूलाई अवलोकन गराउनुहोस् । यस्ता समाग्रीहरू यस विषय र अन्य विषयका सिकाइ क्रियाकलाप सञ्चालन गर्दा आवश्यकताअनुसार प्रयोग गर्नुहोस् ।

८.८.१२ फिरफिरे

माइलस्टोनमा निर्दिष्ट गरिएको सिकाइ उपलब्धि प्राप्तिका लागि परियोजना कार्य दिई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्न यो लोगोअनुसार क्रियाकलाप गराइन्छ । यसबाट सिकाइ दिगो र प्रभावकारी हुने र गरेर सिक्ने बानीको विकास हुन्छ ।

(क) लोगोको अर्थ : परियोजना कार्य

(ख) क्रियाकलापको प्रकृति : व्यक्तिगत सिकाइ

(ग) सिकाइ चरण : सबलीकरण

(घ) उद्देश्य

- माइलस्टोनअनुसार विद्यार्थीहरूलाई परियोजना कार्य गर्न र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्न

(ङ) सामग्री : फिरफिरे कार्ड र अन्य स्थानीय सामग्रीहरू

(च) सिकाइ क्रियाकलाप

- कार्डको निर्देशनअनुसार विद्यार्थीहरूलाई परियोजना कार्य दिनुहोस् ।
- उनीहरूले गरेको कार्य निरीक्षण गरेर कक्षाकोठामा प्रस्तुत गर्न लगाउने र आवश्यकताअनुसार प्रदर्शन गरी राख्नुहोस् ।
- प्राप्त नतिजालाई थप विषयवस्तुको शिक्षणमा प्रयोगमा ल्याउनुहोस् ।
- परियोजना कार्यलाई विद्यार्थीको निरन्तर मूल्याङ्कनमा समेत प्रयोगमा ल्याउनुहोस् ।

माइलस्टोनअन्तर्गतका क्रियाकलाप सञ्चालनपश्चात् विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्त भयो/भएन भनी मूल्याङ्कन गर्न डम्फु कार्डको प्रयोग गरिएको छ । विद्यार्थीले गरेका विभिन्न क्रियाकलापहरू सर्वेक्षण, बाल गीत, कथा, कविता, अभिनय, अभ्यास, प्रयोगात्मक कार्य, परियोजना कार्य, स्वाध्ययन सामग्री अध्ययन आदि क्रियाकलापका माध्यमबाट सिकेका सिकाइको अवस्था पत्ता लगाएर विद्यार्थीलाई थप सुधारको निम्ति यो क्रियाकलापले सहयोग गर्दछ। यसले विद्यार्थीको सिकाइको अवस्था र कमजोरी पत्ता लगाएर अगाडि बढ्नका लागि समेत सहयोग गर्दछ । डम्फु कार्ड मात्रै विद्यार्थी सिकाइको मूल्याङ्कनका लागि पर्याप्त नहुन सक्छ । यसका लागि शिक्षकले विषयवस्तु र क्रियाकलापअनुसारका थप मूल्याङ्कनका सामग्रीहरू तयार पारी प्रयोग सकिन्छ ।



(क) लोगोको अर्थ : मूल्याङ्कन कार्य

(ख) क्रियाकलापको प्रकृति : व्यक्तिगत सिकाइ

(ग) सिकाइ चरण : मूल्याङ्कन

(घ) उद्देश्य

- विद्यार्थीको सिकाइ उपलब्धि र क्रियाकलापको मूल्याङ्कन गर्न
- विद्यार्थीको सिकाइको स्तर पत्ता लगाउन
- विद्यार्थीहरूको सिकाइ कमजोरी पत्ता लगाएर सुधार गर्न
- सिकाइलाई पूर्णता दिन

(ङ) सामग्री

- डम्फु कार्डहरू
- शिक्षकले तयार पारेका मूल्याङ्कनका साधनहरू, जस्तै : श्रेणीमापन फाराम, रुजु सूची, छोटा प्रश्नहरू, प्रश्नपत्र आदि ।

(च) सिकाइ क्रियाकलाप

- सिकाइ सिँढीमा दिइएको नम्बरको आधारमा विद्यार्थीहरूलाई डम्फु कार्ड झिक्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई कार्डमा दिइएको निर्देशनअनुसारको क्रियाकलाप गराउनुहोस् ।
- प्रत्येक विषयवस्तुसँग सम्बन्धित सिँढीमा दिइएका सबै क्रियाकलाप गराईसकेपछि मात्र यो क्रियाकलाप गराउनुहोस् ।
- विद्यार्थीले गरेका मूल्याङ्कन क्रियाकलापका आधारमा शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीमा कमजोरी भएमा पुनः सिकाइ सिँढीअनुसार सहयोगी क्रियाकलाप गराएर सिकाइ उपलब्धिलाई पूर्णता दिनुहोस् ।

८.८.१४ पेन्सिल

यस विषयमा विभिन्न प्रकारका चित्रहरूको प्रयोग गरी विषयवस्तुलाई बुझाउनुपर्ने हुन्छ । विद्यार्थीलाई अभ्यास र विषयवस्तु सिकाइका क्रममा त्यस्ता चित्रहरू तथा नक्साहरू बनाउन लगाउनुपर्ने पनि हुन्छ । बालबालिकाहरूलाई उनीहरूको स्तरअनुसारका चित्र कोर्ने, रङ भर्ने अभ्यास गराउनुपर्ने हुन्छ ।



(क) लोगोको अर्थ : चित्र कोर्ने

(ख) क्रियाकलापको प्रकृति : व्यक्तिगत सिकाइ

(ग) सिकाइ चरण : अभ्यासात्मक

(घ) उद्देश्य

- पेन्सिलको प्रयोग गरी विभिन्न प्रकारका रेखाचित्रहरू कोर्न
- उपयुक्त रङ छनोट गरी भर्न र आकर्षक रङ्गीन चित्र बनाउन सिकाउन
- विद्यार्थीमा कल्पना क्षमताको विकास गर्न
- चित्रका माध्यमबाट अभिव्यक्ति, सिर्जनात्मक क्षमता र चित्र प्रदर्शनी सिपको विकास गर्न ।

(ङ) सामग्री

- पेन्सिल, सादा कागज, कार्डबोर्ड पेपर, विभिन्न प्रकारका रङ्गीन पेन्सिल, पानी रङहरू, रङ्गीन साइनपेन, साना ब्रसहरू
- प्रदर्शनपाटी, थम पिन, डोरी, पेपर क्लिप आदि ।

(च) सिकाइ क्रियाकलाप

- विद्यार्थीहरूलाई पेन्सिल कार्डको फोटोकपी प्रदान गर्ने र त्यसमा पेन्सिलले कोरेर रेखा चित्र पूरा गर्न लगाउनुहोस् र सबैका चित्रहरू प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीहरूलाई चित्र कोर्न र चित्रमा रङ भर्न प्रोत्साहन गर्ने र आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीहरूलाई आफूखुसी वा पेन्सिल कार्डमा दिइएका निर्देशनअनुसार चित्र बनाउन र रङ भर्न लगाउनुहोस् ।
- विषयवस्तुसँग सम्बन्धित चित्रहरू बनाउन लगाई र प्रदर्शन गर्नुहोस् ।
- शिक्षकले चित्र बनाउने र रङ भर्ने थप अभ्यास गराउनुहोस् ।

८.८.१५ फाउन्टेन पेन

विद्यार्थीले तोकिएका थिमअन्तर्गतका माइलस्टोनका क्रियाकलापहरू पूरा गरिसकेपछि ती अपेक्षित सिकाइ उपलब्धि प्राप्त भए नभएको परीक्षण गर्न यो फाउन्टेन पेन कार्डको प्रयोग गरिन्छ । यसलाई थिमगत परीक्षाका रूपमा पनि लिन सकिन्छ । यसको लागि नमुना प्रश्न पत्रलाई सिकाइ कार्डका रूपमा तयार गरिएको छ । तर शिक्षक आफैंले पनि सोअनुसार प्रश्नपत्र तयार गरी प्रयोगमा ल्याउन सकिने छ । यो लोगोअन्तर्गतको क्रियाकलाप मूल्याङ्कन चरणको स्वयम् सिकाइ समूहमा पर्छ ।

(क) लोगोको अर्थ : परीक्षा

(ख) क्रियाकलापको प्रकृति : व्यक्तिगत सिकाइ

(ग) सिकाइ चरण : मूल्याङ्कन

(घ) उद्देश्य

- तोकिएका सिकाइ उपलब्धिहरू हासिल भए/नभएको पहिचान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न


मैले कति सिकें

(ङ) सामग्री :

- फाउन्टेन पेनका कार्डहरू

(च) सिकाइ क्रियाकलाप

- फाउन्टेन पेनकार्ड व्यक्तिगत रूपमा प्रयोग गर्न लगाउनुहोस् ।
- कार्डले नसमेटेका विषयवस्तुहरू शिक्षक आफैले आवश्यकता अनुसार प्रश्नपत्र निर्माण गरी प्रयोग गर्नुहोस् ।
- परीक्षणपछि विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण र थप सहयोग प्रदान गर्नुहोस् ।
- कार्यपुस्तकबाट पनि विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुहोस् ।
- यो क्रियाकलापलाई गराउँदा विद्यार्थीलाई हतोत्साहित हुने गरी परीक्षा भएको जानकारी नगराउनुहोस् ।

बहुकक्षा बहुस्तर (MGML) शिक्षण सिकाई
रुजुसूचि (Checklist)

विषय: स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला

कक्षा: ४ र ५

क्र स	विषयवस्तुको क्षेत्र	माइलस्टोन नं.	माइलस्टोन	चोरी (सर्वेक्षण र क्षेत्र भ्रमण)	सारणी गरिने	नतिजामा (कक्षा)	खेलेक (खेलमैदान)	बैचेडी (पढ्ने उपमास)	अध्ययन पुस्तका (उपमास)	मुकुन्डो (प्रोजेक्ट तुल्य)	डिटी (सेरेको बार्षिक जोन र अवस्था)	मालिसल (खेल)	डायरी (नोट्स गर्ने)	पोस्टल (चित्र कोर्ने)	माटोसँगै भाँडाहरू निर्माण)	फिल्डवर्क (परिचालना कार्य)	गण कौच (खेलाँच र छलाइ)	फाउन्डेसन पेन (परीक्षा)	जम्मा काई	सिकाइ उपलब्धिहरू (कक्षा ४)	सिकाइ उपलब्धिहरू (कक्षा ५)
			कियाकलाप	C	C	C	C	I	I	C	C	C	I	I	C	I	C	I			
१	गायन र वादन (५)	१	गाउँ र रमाऔं		1	1	1	1,2,3	1	1			1			1			10	» राष्ट्रिय गान र कक्षागत गीत र लय र ताल मिलाई समूहमा गाउन » पाठ्यपुस्तकमा समावेश भएका आसपासगीतमध्ये कुनै एक गीत समूहमा लय मिलाई गाउन	» राष्ट्रिय गान र कक्षागत गीत समूह र एकलाएको लय मिलाई गाउन र लयमा गन्ति गरी तालमा बजाउन » पाठ्यपुस्तकमा समावेश भएका आस गीतमध्ये कुनै दुई गीतलाई भाका मिलाई गाउन
२	रेखाचित्र र रंग (६)	२	चित्र कोरौं			2	2	(4,5) AB	2,3				2	1		2			9	» रङ्गको परिचय दिन » प्राथमिक रङ्गबाट द्वितीय रङ्गको निर्माण गर्ने » विभिन्न प्रकारका रेखाहरूको प्रयोगबाट चित्र निर्माण गर्ने » विभिन्न ज्यामितीय आकारका वस्तुको चित्र कोर्ने र त्यसमा छाया दिन » अवलोकन गरेका वस्तुको चित्र खोर्ने र रङ भर्ने » कल्पनामा आधारित र कथामा आधारित चित्र कोर्ने र रङ भर्ने » गुहार चित्रको अभ्यास गर्ने र रङ भर्ने	» रेखा चित्र बनाउन आवश्यक आधारभूत कुरा बताउन » विभिन्न किसिमका आकृतिहरूको रेखाङ्कन (outline sketch) गर्ने » व्यक्तिगत रूपमा आफूले अनुभव गरेका र कल्पनामा आधारित चित्रको अभ्यास गर्ने » विभिन्न किसिमका पुनरावृत्ति भएका र नभएका बुट्टाको अभ्यास गर्ने » रेखाङ्कन गरिएका स्केच (sketch) मा रङको प्रयोग गर्ने » विभिन्न प्रकारका वस्तुको अवलोकन गरी चित्र बनाउन र उपयुक्त रङ भर्ने » कुनै विषयवस्तुमाथि सामूहिक रूपमा स्थरुर चित्र (Mural art) बनाउन
३	योग (६)	३	योग गरौं				3	(6) ABC	4		1		3			3			6	» योगको संक्षिप्त परिचय दिन » प्राणायाम र ध्यानको संक्षिप्त परिचय दिन » योगासन गर्दा ध्यान दिनुपर्ने पक्ष बताउन » सुखासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्ने » बज्रासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्ने » अर्धहलासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्ने	» प्रणायामको महत्त्व बताउन » ध्यानको महत्त्व बताउन » साधारण प्राणायाम र ध्यानको अभ्यास गर्ने » ताडासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्ने » पर्वतासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्ने » त्रिकोणासनको परिचय दिन र ठिक तरिकाबाट सिप प्रदर्शन गर्ने
४	व्यक्तिगत स्वच्छता ५)	४	व्यक्तिगत सरसफाइ गरौं		2	3,4	4	(7) AB , 8	5				4			4			9	» शरीरको हेरचाह र सरसफाइको आवश्यकता बताउन » कन्चुवा, कपास, छातामोढा र नङको सरसफाइ गर्ने » हात धुने तरिका प्रदर्शन गर्ने » उपयुक्त समय र विधिबाट दाँत माझ्न » महिनावारीको परिचय दिन	» ज्ञानेन्द्रियको हेरचाह र सरसफाइ गर्ने » सफा पहिरनको महत्त्व बताउन र प्रयोग गर्ने » आराम, निन्द्रा र शारीरिक व्यायामको महत्त्व बताउन » महिनावारी हुँदा अपनाउनु पर्ने स्वास्थ्यकर तथा सुरक्षित व्यवहारहरू उल्लेख गर्ने » महिनावारी स्वच्छतामा परिवार र साथीहरूको भूमिका बताउन
५	गायन र वादन (५)	५	बजाऔं र रमाऔं		3,4,5		5	(9,10) AB	6,7	2			5,6			5			12	» हार्मोनियम/किबोर्डबाट सिरकने स्वरहरूको स्वर अभ्यास गर्ने » स्थानीय बाजाहरूको पहिचान गर्ने » आफूले कक्षामा गाउन सिकेका गीतमा अरुले कुनै एउटा तालसाई ताल वाद्यमा बजाउन वा तालमा ताली पिट्दै सामान्य अभ्यास गर्ने	» हार्मोनियम/किबोर्डबाट निस्कने स्वरहरूको बेलो धसाइसहित स्वर अभ्यास गर्ने » स्थानीय बाजाहरूको सामान्य परिचय दिन » अभ्यास गरेका स्वरहरू सुन्दै लयमा सम्ती गरी तालवाद्य वा ताली बजाउन » फलरुवा र भ्यालरे तालसाई ताल वाद्यमा बजाउन वा कक्षामा आफूले गाउन सिकेका कुनै दुईओटा गीतमा बजै तालसाई ताल वाद्यमा वा तालीमा अभ्यास गर्ने
६	कवाज र शारीरिक कसरत (४)	६	कवाज र पाँटी खेली,				6	(11, 12) AB	8		2	(1) AB	7						7	» कवाज र शारीरिक कसरतको परिचय दिन » गोडा फार्ट, गोडाघास र अड्ड र सतर्कको अभ्यास गर्ने र आदेशअनुसार ठिक किसिमले सो कार्य प्रदर्शन गर्ने » दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क ठिक किसिमले प्रदर्शन गर्ने » तोकिएको नियमअनुसार शारीरिक कसरत गर्ने	» कवाज र शारीरिक कसरतको महत्त्व बताउन » छिटो हिँड, गोडाघास र अड्ड आदेश अनुसार प्रदर्शन गर्ने » दायाँ मार्च र सिधा मार्च आदेश अनुसार प्रदर्शन गर्ने » तोकिएको नियम अनुसार शारीरिक कसरतहरूको आदेश अनुसार प्रदर्शन गर्ने
७	वातावरणीय सरसफाई (३)	७	वरपरको सरसफाइ	१	6,7		7	(13) AB	9				8			6		1	9	» वातावरण सरसफाइको परिचय दिन » घर वरपरको वातावरण रुपमा राख्ने » कक्षाकोठा, विद्यालय र वरपरको वातावरण सरसफाइमा सहभागी हुने » फोहोरमैलाको उचित विसर्जनको अभ्यासमा समस्याहरू पहिचान गर्ने	» वातावरणीय सरसफाइको महत्त्व बर्णन गर्ने » यसो हाड्ने गर्ने विधि अवलम्बन गर्ने » वातावरणीय प्रदूषणले स्वास्थ्यमा पार्ने प्रभावहरू बताउन
८	नृत्य र अभिनय (४)	८	नाची र रमाऔं		8	5	8	14	10	3			9			7			8	» कक्षागत गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्ने » आफूलाई कक्षामा गाउन सिकेका बालगीतमध्ये कुनै एक गीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्ने	» कक्षागत गीतमा हाउभाउसहित ताल मिलाई नृत्य गर्ने » आफूलाई कक्षामा गाउन सिकेका कुनै दुईओटा गीतमा लय र तालमा हाउभाउसहित नृत्य गर्ने
९	छपाई माटोको काम र निर्माण ३	९	छपाई गरौ				9	(15) AB	11				10			8	1		6	» छपाईको परिचय दिन र विभिन्न किसिमका आकृतिलाई छपाइ गर्ने » आकृतिमूलक (representational) र आकृतिविहीन (non- representational) चित्रहरू निकाल्न र त्यसको प्रयोग गर्ने » स्टेन्सिल छपाइ गर्ने	» जानेको भएका विभिन्न रेखा (texture) को पहिचान गर्ने » काठमा भएका विभिन्न रेखाहरूको छपाई गर्ने
१०	एथ्लेटिक्स र त्रिमनाष्टिक ४	१०	दौडिऔ, उफ्रौ र पयाकौ			6,7	10	(16) AB	12		3	2	11						8	» ४० मि र ७५ मि को दौड ठिक किसिमले प्रदर्शन गर्ने » उफ्रने क्षमता बढाउन हाँपि, दिशा बदली गर्ने हप दौड र जोडीमा खेल्ने स्किपिङको प्रदर्शन गर्ने » दुई खालले बल फ्याक्ने सिपको प्रदर्शन गर्ने » तोकिएका ठाउँमा बसेर निशाना लगाउने सिपको प्रदर्शन गर्ने	» उभिएर सुरु गर्ने दौड र समूहमा विभिन्न साधारण दौडको अभ्यास गर्ने » ताल दौडमा क्राउच स्टार्ट गर्ने तरिका प्रदर्शन गर्ने » ७५ मि र १०० मि दौडको सिपको प्रदर्शन गर्ने » क्रस स्किपिङ र घुमाएको साथी क्रेरीमा समूह स्किपिङ गर्ने
११	वातावरणीय सरसफाई २	११	प्रदूषणबाट बचौ	२	9		11	17, 18, 19, 20	13,14				12			9			11	» चर्पी प्रयोगको आवश्यकता र महत्त्व बताउन » वातावरण प्रदूषणको परिचय र कारण बताउन » फोहोरमैलाको उचित विसर्जनको अभावमा समस्याहरू पहिचान गर्ने	» वातावरणीय प्रदूषणबाट बच्ने उपायहरू उल्लेख गर्ने » वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने उपायहरू बताउन » जैविक र अजैविक फोहोरको व्यवस्थापन गर्ने
१२	एथ्लेटिक्स र त्रिमनाष्टिक ४	१२	तल्कौं, झली पल्टौ				12	21,22	15		(4)AB	3	13						7	» ठिक तरिकले लम्बने र तल्किने कसरत गर्ने » ठिक तरिकले तान्ने र तल्किने कसरत गर्ने » ठिक तरिकले झुन्डिने, चढ्ने र झर्ने कसरत गर्ने » जमाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्ने » दुवै खालले र ठाउँफाले भुई टेकी गोडाबाँधि राखी शरीर सन्तुलनमा राख्ने » पैंतले माथ भुई छोई दुवै हात र गोडा सिधा तन्काई शरीर सन्तुलनमा राख्ने	» कैंची तरिकको हाङ्गमाका सिप प्रदर्शन गर्ने » ठिक तरिकले सामो उचाइका सिप प्रदर्शन गर्ने » पछाडिबाट बिस्तारै पल्टने सिपको प्रदर्शन गर्ने » बार र पोलमा झोरीमा झुन्डिने र झर्ने सिपको प्रदर्शन गर्ने » छेउबाट मुढा भै पल्टने र कोदले टेवेर पल्टने सिपको प्रदर्शन गर्ने » शरीरलाई विभिन्न आकारमा सन्तुलन गरा उने सिपको प्रदर्शन गर्ने
१३	छपाई, माटाको काम र निर्माण कार्य ३ (१०)	१३	माटाको काम	३			13	(23) AB	16				14		(1)AB	10			7	» ब्लक, स्पन्ज विधिबाट विभिन्न आकारमा माटाका नमुनाहरू तयार गर्ने र » रङको प्रयोग गर्ने	» एउटा आकृति छपाइपश्चात् त्यसमाथि उचित तरिकले थप्दै छपाई (over lapping) गर्ने » थप्ने र हटाउने वा मिल्ने विधि (additive / subtractive) बाट माटाका विभिन्न समुना बनाउन
१४	खाना र पोषण ५	१४	सन्तुलित खाना	४	10, 11		14	(24, 25) AB	(17)AB			4	15	2		11		2	12	» खानाको परिचय र कार्य बताउन » भोजन आधारमा खानाका आधारभूत पकारहरू वर्गीकरण गर्ने » सन्तुलित खानाको परिचय दिन » स्वस्थकर खानाको छनोट र प्रयोग गर्ने » अल्पपोषक खानेकुरा (स्थानीय नाममा) को परिचय दिन	» पोषण र पोषक तत्त्वको परिचय दिन » पोषक तत्त्वको कार्य उल्लेख गर्ने » खानेकुराको संरक्षण गर्ने तरिकाहरू बताउन » स्थानीय स्तरमा उत्पादन हुने खानेकुराको परिचय दिने » स्थानीय खानेकुराबाट सन्तुलित खानाको छनोट र उपयोग गर्ने तरिका वर्णन गर्ने » अल्पपोषक खानेकुरा (स्थानीय नाममा) ले स्वास्थ्यमा पार्ने असरहरू बताउन र असहाट, ढाड्रा रहन
१५	साधारण स्थानिय बल खेलहरु ४	१५	साधारण र स्थानिय खेल				15	(26)AB	18			5	16, 17						6	» साधारण खेलको परिचय दिन » स्थानीय खेलको परिचय दिन » खुट्टे विशेषमा खेलिने साधारण खेलहरू नियम अनुसार प्रदर्शन गर्ने » स्थानीय खेलहरूको खोजी गर्ने र स्थानीय खेलहरूको सिप प्रदर्शन गर्ने	» साधारण खेलको महत्त्व चर्चा गर्ने » स्थानीय खेलको महत्त्व बताउन » साधारण खेलहरूको अभ्यासमार्फत मनोरन्जन गर्ने » य स्थानीय परिवेशमा खेलिने खेलहरू नियमानुसार अभ्यास गर्ने

क्र सं	विषयवस्तुको क्षेत्र	माइलस्टोन नं.	सिकाइ उपलब्धि (कक्षा ४)	सङ्ख्या	शब्दकोश	सामाजिक अध्ययन	स्वास्थ्य तथा शारीरिक शिक्षा	चित्रकला	हस्तकला	सङ्गीत	नृत्य	शारीरिक शिक्षा	गणित	जीवन तथा व्यावहारिक सीप	सिकाइ उपलब्धि (कक्षा ५)	सङ्ख्या	शब्दकोश	माइलस्टोन नं.	विषयवस्तुको क्षेत्र	क्र सं
			विषयवस्तु	C	C	C	I	C	C	C	C	I	C	C	विषयवस्तु					
१	१ देखि १० सम्मका वस्तुहरू गन्ने, लेख्ने र चिन्ने	१	१ देखि १० सम्मका वस्तुहरू गन्ने, लेख्ने र चिन्ने	५, ६											१ देखि १० सम्मका वस्तुहरू गन्ने, लेख्ने र चिन्ने	६				
२	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या बताउने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या बताउने	७, ८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या बताउने	१३				
३	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या लेख्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या लेख्ने	९, १०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या लेख्ने	१३				
४	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या चिन्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या चिन्ने	११, १२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या चिन्ने	२१				
५	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा लेख्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा लेख्ने	१३, १४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा लेख्ने	३३				
६	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा चिन्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा चिन्ने	१५, १६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा चिन्ने	२४				
७	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या तुलना गर्ने	१७, १८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या तुलना गर्ने	२५				
८	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१९, २०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२६				
९	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२१, २२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२७				
१०	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२३, २४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२८				
११	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२५, २६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२९				
१२	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२७, २८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३०				
१३	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	२९, ३०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३१				
१४	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३१, ३२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३२				
१५	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३३, ३४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३४				
१६	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३५, ३६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३५				
१७	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३७, ३८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३६				
१८	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३९, ४०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३७				
१९	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४१, ४२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३८				
२०	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४३, ४४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	३९				
२१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४५, ४६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४०				
२२	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४७, ४८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४१				
२३	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४९, ५०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४२				
२४	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५१, ५२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४३				
२५	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५३, ५४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४४				
२६	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५५, ५६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४५				
२७	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५७, ५८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४६				
२८	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५९, ६०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४७				
२९	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	६१, ६२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४८				
३०	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	६३, ६४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	४९				
३१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	६५, ६६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५०				
३२	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	६७, ६८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५१				
३३	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	६९, ७०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५२				
३४	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	७१, ७२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५३				
३५	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	७३, ७४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५४				
३६	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	७५, ७६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५५				
३७	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	७७, ७८											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५६				
३८	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	७९, ८०											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५७				
३९	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	८१, ८२											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५८				
४०	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	८३, ८४											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	५९				
४१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	१	१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	८५, ८६											१ देखि १० सम्मका वस्तुहरूको सङ्ख्या क्रमबद्ध रूपमा तुलना गर्ने	६०				
